# हुलाक

# The Post


वर्ष : ५९ पूर्णाङ्कः २०२
२०७८ जेठ

Year: 59 Total Issue: 202
June 2021

**आवरण डिजाइन/Cover design**
के.के.कर्माचार्य/K.K.Karmacharya

**कम्प्युटर ले-आउट/Layout**
सुधिर गौतम/S. Gautam

**प्रकाशन तथा वितरण**
**नेपाल हुलाक सेवाका लागि**
**हुलाक प्रशिक्षण केन्द्र**
**बबरमहल, काठमाडौं**
**फोन : ०१-४२६२५७९, ४२६२७७०**

**Publication & Distribution**
**Postal Training Centre**
Babarmahal, Kathmandu, Nepal
**Phone: 01- 4262579**
**Fax: 4262770**

**मुद्रण/Print**
**जिएस प्रिन्ट एण्ड मिडिया सभिर्स**
०१-४४६९४५५
ईमेलः- gopaldahal53@gmail.com



**संरक्षक**
**आभा श्रेष्ठ कर्ण**

**Patron**
**Aabha Shrestha Karna**
**Director General**

**प्रधान सम्पादक/Chief Editor**
**खेमराज उपाध्याय**/Khem Raj Upadhayay

**सम्पादकहरू/ Editors**
**कृष्ण प्रसाद हुमागाईं**/K.P. Humagain
**शरद कुमार दाहाल**/S.K. Dahal
**वासुदेव फुयाल**/B.D. Phuyal

# सम्पादकीय

हुलाक सेवा सूचना तथा सञ्चार जगतको अग्रणी सेवा हो । विगतमा यसले विश्व जगतमा नै सूचना आदान प्रदानका क्षेत्रमा अतुलनिय योगदान पुर्‍याएको पाइन्छ । सञ्चार तथा सूचना प्रविधिको अपेक्षाकृत विकास एवं पहुँचको अभावका वीच समाचार तथा सूचना आदान-प्रदानको प्रमुख कार्य हुलाकबाट नै हुने गर्दथ्यो । उक्त कालखण्डमा हुलाक आम नागरिकको सुख दुःखको साक्षी मात्र नभई जनजनको विश्वास र भरोसा आर्जन गर्न समेत सफल बनेको पाईन्छ । सायद आम मानिसका सुख दुःखका समाचारहरूको आदान प्रदानलाई पूर्विय दर्शनमा पुण्यकर्म मानिने हुँदा नेपालको हुलाकले 'सेवा हि परमो धर्म' लाई मूलमन्त्र बनाएको छ ।

पछिल्लो समय सञ्चार क्षेत्रमा आएका नविन पद्धतिले एकातर्फ हुलाकको काममा उल्लेख्य ह्रास आएको र अर्को तर्फ हुलाक सेवाको विकल्पमा निजी क्षेत्रका कुरियर सेवाले सेवाग्राहिको मन जित्दै गएको बर्तमान परिप्रेक्षमा हुलाकलाई आफ्नो अस्तित्व जोगाउन चुनौति थपिएको छ । यद्यपि विश्वका अधिकाँस विकसित र उदयीमान राष्ट्रका हुलाकहरू सञ्चारको माध्ययमबाट व्यापक रूपान्तरण भई व्यापार व्यावसायको माध्ययम बन्न साफल भएका छन । उक्त हुलाकहरू समयको माग अनुसार आफुलाई आधुनिक प्रविधि मैत्री र नवीनतम व्यावसायिक कामतर्फ सफलता पूर्वक लम्किरहेका छन ।

विश्वका विभिन्न देशका व्यावसायिक र सफतम हुलाकका अनुभवबाट प्रभावित भई नेपाल सरकारले पनि पछिल्लो समय सेवा केन्द्रीत हाम्रो हुलाकलाई पनि व्यावसायिक हुलाकमा रूपान्तरण गर्ने नीति लिएको छ । हुलाक सेवाको सबलीकरणको आवश्यकतालाई ध्यान दिई जरूरी सुझाव लिन नेपाल सरकारबाट 'हुलाक सेवा सुधार कार्यदल' गठन भई सो कार्य दलले आफ्नो तर्फबाट प्रतिवेदन समेत दिई सकेको छ । सो कार्यदलले पेश गरेका सुझावहरू मध्ये सेवाको विविधिकरणको दायरालाई अझै फराकिलो बनाई सो प्रतिवेदनले औंल्याए बमोजिम सुधार एवं पुनःसंरचनाको कार्यलाई अविलम्ब अगाडि बढाउनु अपरिहार्य छ ।

हुलाक सेवाको समयानुकुल सुधारका लागि सञ्चार तथा सूचाना प्रविधि मन्त्रालय र हुलाक सेवा विभागको अग्रणी भूमिका छ तर चौतर्फी तयारी र प्रारम्भमा ठूलो लगानी आवश्यक पर्ने हुलाक सेवाको व्यापक र अविलम्ब सुधार एवं पुनःसंरचनाका लागि सञ्चार तथा सूचाना प्रविधि मन्त्रालय एक्लैको प्रयास पर्याप्त हुदैन, उक्त प्रयास पुनः टाल्टुले सुधारमा सिमित हुन पुग्ने र मूलभूत समस्या यथावत रहने खतरा रहन्छ । तसर्थ, यस कार्यका लागि नीति निर्माणको उच्च कार्यकारी तहबाटै स्पष्ट निर्देशन र अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा सरोकारवाला मन्त्रालयको संयुक्त पहलबाट आवश्यक कानूनसँगै स्पष्ट तत्कालिन एवं दिर्घकालीन कार्ययोजना समेत तय भई कार्यान्वयनमा लैजानु अपरिहार्य भईसकेको छ ।

## लेख रचनाको लागि अनुरोध

- हुलाक प्रशिक्षण केन्द्र हुलाक सेवाको प्रवर्द्धनमा टेवा पुग्ने स्तरीय, मौलिक र खोजमूलक लेख रचनाहरूको स्वागत गर्दछ ।
- लेख/रचना पठाउँदा क्यात (Digital) Copy र Hard Copy सहित वा इ-मेल गरिएको हुनुपर्दछ । फोटोकपि गरिएका लेख रचना स्वीकार्य हुने छैनन् ।
- लेख पठाउँदा नेपाली भए प्रीति फन्ट (साइज १४) मा र अंग्रेजीमा भए Times New Roman (साइज १२) मा १२०० देखि १,५०० शब्दमा पठाउनुहोला ।
- प्रकाशनार्थ पठाइने लेख रचनाको सुरूमा "सारांश" र अन्त्यमा "सन्दर्भ सामग्री" अनिवार्य रूपमा संलग्न हुनुपर्नेछ ।
- लेख रचना पठाउँदा लेखकको पुरा नाम, पद, ठेगाना र सम्पर्क नं. उल्लेख गर्नुपर्नेछ ।
- प्राप्त लेख रचनाहरू प्राथमिकताका आधारमा प्रकाशन गरिने छन् । प्रकाशित लेख रचनाहरू "हुलाक" लाई जानकारी नदिई अन्य पत्र-पत्रिकामा प्रकाशन गर्न पाइने छैन ।
- रचना स्वीकृत/अस्वीकृत गर्ने, काँटछाँट गर्ने सम्पूर्ण अधिकार सम्पादक मण्डलमा हुनेछ । अस्वीकृत लेख रचना फिर्ता हुने छैनन् ।
- लेख रचनामा व्यक्त विचार लेखकका स्वतन्त्र एवम् निजी विचारहरू भएकोले सो प्रति लेखक स्वयम् जिम्मेवार हुनु हुनेछ । सम्पादक मण्डल र प्रकाशक जवाफदेही हुने छैन् ।
- लेख रचना पठाउन र प्रकाशित लेख रचनाको पारिश्रमिकका लागि हुलाक प्रशिक्षण केन्द्र, बबरमहल, काठमाडौमा सम्पर्क गर्नु होला ।

**इमेल ठेगाना:**
hulakprashikshan@gmail.com

# विषय सूची


| क्र. सं. | शीर्षक | लेखको नाम | पेज नं. |
|---|---|---|---|
| १ | गोपनीयताको हक सम्बन्धी संवैधानिक एवं कानूनी व्यवस्था र अभ्यास | यज्ञ प्रसाद भट्टराई | १ |
| २ | सार्वजनिक खरिद प्रणालीमा आकस्मिक खरिद | सुधा रेग्मी पन्त | १० |
| ३ | हुलाक नेटवर्क र इकमर्शः एक समिक्षा | रमेश कुमार कटुवाल | १४ |
| ४ | हुलाक सेवामा तालिमको प्रभावकारिता र अवको आवश्यकता | कृष्णप्रसाद हुमागाईं | २२ |
| ५ | जापानको आधुनिक हुलाक सेवाः नेपालले केही सिक्ने कि ? | नविन गङतान लामा | २९ |
| ६ | नेपालमा स्थानीय तह, बह, बहक र बहस | सुरज अर्याल | ३४ |
| ७ | Disaster Risk Reduction in Local Levels: Prospects and Challenges | Dipesh Kattel | ४० |
| ८ | नेपालमा राजनीति र प्रशासनको अन्तर सम्बन्धको चिरफार | कृष्ण प्रसाद गौतम | ४७ |
| ९ | कर्मचारी प्रशासनमा तलब तथा सुविधाको व्यवस्थापन | अशोक प्रसाद दाहाल | ५१ |
| १० | तीनतहका सरकारहरूमा राज्य शक्तिको बाँडफाँड, शक्ति पृथकीकरण, सन्तुलन र नियन्त्रण | मदन कुमार बजगाँई | ५५ |
| ११ | वैज्ञानिक वन व्यवस्थापन | हरिचन्द्र तिमिल्सिना | ६१ |
| १२ | संविधानवादका कसीमा नेपालको वर्तमान संविधान | कवीन्द्र प्रसाद लम्साल | ६६ |
| १३ | नेपालको सरकारी लेखा प्रणाली | विमला गौतम | ७३ |
| १४ | सामाजिक-सांस्कृतिक रूपान्तरण र नेपाल | पदम बहादुर डि.सी. | ७९ |
| १५ | सार्वजनिक प्रशासन, यसको कार्यक्षेत्र, सिद्धान्त, विशेषता र उद्देश्य | सुमन खड्का | ८५ |
| १६ | सुशासन मैत्री सार्वजनिक प्रशासन | गिता पराजुली | ९० |
| १७ | नेपालमा बाल अधिकार र न्याय | ईश्वरी प्रसाद भुसाल | ९४ |
| १८ | निजामती सेवामा ट्रेड युनियन अधिकार | केदारप्रसाद खतिवडा | ९८ |
| १९ | निजी क्षेत्र र आर्थिक विकास | टिकाराम आचार्य | १०१ |
| २० | हुलाक गतिविधि | | १०५ |

# गोपनीयताको हक सम्बन्धी संवैधानिक एवं कानूनी व्यवस्था र अभ्यास :

यज्ञप्रसाद भट्टराई
सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय ।

## १. विषय प्रवेश :

सामान्य अर्थमा नागरिकलाई राज्य विरूद्ध संविधानद्वारा व्यवस्थित, प्रत्याभूत र संरक्षित गरिएका हक अधिकारलाई मौलिक हक भनिन्छ । मौलिक अधिकार मानिसलाई मानिसको रूपमा बाँच्न आवश्यक पर्ने मानव अधिकारबाट विकसित भएको पाईन्छ । यी हकहरु जनताका आधारभूत अधिकार भएकोले यस्ता अधिकारको उच्चस्तरीय संरक्षण र प्रचलनका लागि जोड दिएको पाइन्छ । मौलिक अधिकार सम्बन्धित देशको संविधानमा संरक्षित, व्यवस्थित र सुरक्षित गरिएका नागरिकका अधिकार हुन् । मौलिक हकको उपचार राज्यका काम कारवाहीका विरूद्ध प्राप्त हुन्छ । गोपनीयताको हकलाई  मौलिक हकको रूपमा नेपालको संविधानले व्यवस्था गरेको छ ।

सामान्य अर्थमा गोपनीय भनेको खास व्यक्ति, वर्ग वा समूहदेखि बाहिर नजाओस भनी लुकाएर राख्न आवश्यक एवं प्रकट गर्न नहुने वस्तु, कामकुरा वा रहस्य भन्ने वुझिन्छ। गोपनीयता भनेको गोपनीय रहनाको भाव वा अवस्था हो । गोपनीयताको विषय प्राकृतिक कानूनबाट आएको हो । गोपनीयताको विषय मानवको इज्जत, प्रतिष्ठा तथा स्वायत्ततासंग जोडिएको छ । गोपनीयता मानिसको नैसर्गिक प्रवृति भएकोले आफ्ना जीवनका सवै पक्षलाई मानिसले उदाङ्गो पार्न चाँहदैन । गोपनीयताको हक व्यक्तिको नितान्त गोप्य र नैसर्गिक अधिकार हो । गोपनीयताको अधिकार व्यक्तिले आफूसँग सम्बन्धित निजी विषयहरु सार्वजनिक गर्न नपर्ने वा व्यक्तिका निजी विषयहरु सार्वजनिकीकरण विरूद्ध व्यक्तिलाई प्राप्त अधिकार हो । व्यक्तिको नीजी स्वायत्ततालाई बढाउनको लागि कतिपय नीजी कुराहरूलाई संरक्षण गर्नुपर्छ । व्यक्तिको निजी काम कारवाही र गतिविधिहरुमा अनावश्यक रुपमा सरकार तथा तेस्रो पक्षबाट हस्तक्षेप नहुने प्रत्याभूति गोपनीयताको हकको मुख्य उद्देश्य र विषय हो । गोपनीयता कुनै पनि व्यक्तिको एक्लै रहन पाउने अधिकार हो अर्थात् Right to be let alone भन्ने सँग सम्बन्धित छ । गोपनीयताको अधिकारले कुनैपनि व्यक्तिको जीवनमा सरकार तथा अन्य पक्षबाट हुने हस्तक्षेपलाई यसले पूर्णतः नकार्छ ।

गोपनीयताको अधिकारलाई Black's Law Dictionary ले व्यक्तिगत स्वायत्तताको अधिकार र व्यक्ति वा व्यक्तिको सम्पत्ति अनावश्यक सार्वजनिक चासो वा सार्वजनिकीकरणबाट अलग रहने पाउने अधिकार भनी परिभाषित गरेको छ । व्यक्तिको जीउ, आवास, पत्राचार, चरित्रजस्ता विषयहरु व्यक्तिका निजी विषयहरु हुन् । निजी विषयको संरक्षण गर्ने र यिनीहरूलाई सार्वजनिक चासो र छलफल, चर्चा, परिचर्चा हुनबाट बचाएर निजित्वको रक्षा गर्न पाउने विषय प्रत्येक व्यक्तिका अधिकार हुन् । निजी विषयहरुमा गोपनीयता कायम गर्ने विषय व्यक्तिको प्रतिष्ठा र मर्यादासँग सम्बन्धित अधिकार हो । गोपनियताको हक व्यक्तिको आत्मसम्मान, मान–ख्याति, स्वास्थ्य, सम्पत्तिजस्ता कुराको सुरक्षा प्रदान गर्ने हक हो । गोपनीयताको हकको संरक्षण गर्नु मानव सभ्यताको परिचायक पनि हो । यस हकलाई मानव जीवनको सम्पूर्ण अस्तित्वसंग जोडेर

हेर्ने गरिएको पाईन्छ । गोपनीयताको हकलाई मानिसको सम्मानपूर्वक बाँच्न पाउने अधिकारसंग जोडेर व्याख्या गरिएको पाईन्छ । यो अधिकार व्यक्तिको जीवनको अधिकारसंग समेत सम्बन्धित छ ।

राज्यलाई कर तिर्नु प्रत्येक व्यक्तिको प्रमुख कर्तव्यसमेत भएको सन्दर्भमा कुनै पनि व्यक्तिको सम्पत्ति राज्यका लागि गोप्य हुन नसक्ने मान्यता स्थापित भएको पाईन्छ । समाज र राज्यलाई हानि नगर्ने प्रकारका विषयहरूमा समाज र राज्यले चासो गरिरहनु पनि आवश्यक ठानिँदैन । कतिपय व्यक्तिका निजी विषयहरूको उल्लङ्घनलाई फौजदारी कसूरको रूपमा राखी सजायको व्यवस्थासमेत गरिएको हुन्छ । लोकतन्त्रमा व्यक्तिको इज्जत, प्रतिष्ठा र सम्मानको संरक्षण गर्न राज्यले गोपनीयताको अधिकारको संरक्षण गर्नु जरूरी मानिन्छ । गोपनीयताको अधिकार संरक्षणको विषयलाई प्रत्येक मुलुकले आ–आफ्नो भूराजनीतिक परिस्थिति एवं विशेषता अनुकूल व्यवस्थित र संरक्षित गर्ने गरेको देखिन्छ । तथापी व्यक्तिको निजी र पारिवारिक जीवन, आवास र पत्राचारका विषयहरूलाई प्राय सबै मुलुकहरूले संरक्षण गर्ने गरेको पाइन्छ । यस लेखमा गोपीयताको अधिकार सम्बन्धमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनी व्यवस्था, अदालतको अभ्यास र यस हकका सीमाको वारेमा जानकारी दिने प्रयास गरिएको छ ।

## २. अन्तर्राष्ट्रिय कानूनी व्यवस्था :

गोपनीयताको अधिकारलाई अन्तर्राष्ट्रिय कानूनले समेत संवोधन गरेको छ । गोपनीयता आफैंमा एक परम्परागत अवधारणा भए तापनि सार्वजनिक नीतिमा यो विषय तुलनात्मक रूपमा नयाँ मानिन्छ। गोपनीयताको संरक्षण मानव अधिकारको विश्वव्यापी घोषणा जारी भए पश्चात नै प्रमुख चासोको विषय बनेको पाइन्छ । यस अवधारणालाई नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, बाल अधिकार महासन्धि, आप्रबासी श्रमिक सम्बन्धी संयुक्त राष्ट्र संघीय अभिसन्धि, मानव अधिकार तथा आधारभूत स्वतन्त्रता सम्बन्धी यूरोपेली महासन्धि, तथा मानव अधिकार सम्बन्धी अमेरिकन अभिसन्धि समेतले समेटेको पाइन्छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १२ ले कुनै पनि व्यक्तिको गोपनीयता, परिवार, घर वा पत्राचारमा स्वेच्छाचारी वा गैरकानूनी हस्तक्षेप नगरिने, निजको प्रतिष्ठा र ख्यातिमा गैर कानूनी अतिक्रमण नगरिने र यस्तो हस्तक्षेप र अतिक्रमण विरूद्ध कानूनी संरक्षण पाउने अधिकार सुनिश्चित गरेको छ । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १७ ले कुनै पनि व्यक्तिको गोपनीयता, परिवार, घर वा पत्राचारमा र निजको प्रतिष्ठा तथा ख्यातीमा गैरकानूनी अतिक्रमण नगरिने र गरिए कानूनको संरक्षण पाउने अधिकार प्रदान गरेको छ । बाल अधिकार सम्बन्धी महासन्धिको धारा १६ (१) ले बालबालिकाको गोपनीयता, परिवार, घर वा पत्राचार उपर स्वेच्छाचारी वा गैरकानूनी हस्तक्षेप नगरिने र उनीहरूको प्रतिष्ठा वा ख्यातिमा गैर कानूनी अतिक्रमण नगरिने व्यवस्था गरेको छ । उपधारा (२) ले बालबालिकालाई यस्तो हस्तक्षेप वा अतिक्रमण विरूद्ध कानूनी संरक्षण पाउने अधिकार हुने व्यवस्था गरेको छ ।

नेपालको अनुमोदन गरेका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले गोपनीयताको हकलाई प्राथमिक अधिकारको रूपमा उल्लेख गरेका छन । मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र आधारभूत दस्तावेज हो । यस घोषणापत्रको धारा १२ ले व्यक्तिको गोपनीयताको हकलाई प्रत्याभूत गरेको छ । जसमा कसैको पनि गोप्यता, परिवार, घर वा पत्राचारमा जथाभावी हस्तक्षेप गरिने छैन र उसको सम्मान र ख्यातीमा पनि आक्रमण गरिने छैन । हरेक मानिसलाई यस्तो हस्तक्षेप वा आक्रमण विरूद्ध कानूनको संरक्षण पाउने अधिकार छ भनिएको छ । त्यसैगरी यसलाई अझ बढी स्पष्ट पार्न नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा १७ ले कुनै पनि व्यक्तिलाई निजको गोपनीयता, परिवार, निजी आवास वा पत्राचारमा स्वेच्छाचारी एवं गैरकानूनी हस्तक्षेप गरिने छैन तथा निजको प्रतिष्ठा र ख्यातीमा गैरकानूनी आक्रमण गरिने छैन । यस्ता हस्तक्षेप वा आक्रमणका विरूद्ध प्रत्येक व्यक्तिलाई कानूनी संरक्षणको अधिकार हुनेछ भनी व्यक्तिको गोपनीयताको हकलाई प्रत्याभूत गर्दै यसलाई सामान्य टिप्पणी समेतले पुष्टि गरेको छ ।

## ३. विश्वका केही देशको संविधानहरूमा भएका व्यवस्था :

विश्वका कतिपय देशका संविधानहरूले गोपनीयताको अधिकारलाई संवैधानिक रूपमा छुट्टै हकको रूपमा व्यवस्था गरेको पाइन्छ भने कतिपयले यस हकलाई वैयक्तिक स्वतन्त्रताको हकको रूपमा संरक्षित गरेको पाइन्छ । भारतको संविधानले गोपनीयताको हकको छुट्टै व्यवस्था गरेको छैन । यो हकलाई धारा १९ (१) (ए) अन्तर्गतको विचार र अभिव्यक्तिको स्वतन्त्रता र धारा २१ अन्तर्गतको जीवन र वैयक्तिक स्वतन्त्रताको हक अन्तर्गत राखेको पाइन्छ । भारतीय सर्वोच्च अदालतले न्यायिक व्याख्याद्वारा संविधानले प्रत्याभूत गरेको जीवनको हक र वैयक्तिक स्वतन्त्रताको हक अन्तर्गत नै गोपनीयताको हक समेत पर्ने भनी व्याख्या गरेको पाइन्छ । संयुक्त राज्य अमेरिकामा गोपनीयताको अधिकारलाई व्यक्तिगत स्वतन्त्रता भित्रै रहेको मानिन्छ र यसलाई आश्रित अधिकारका रूपमा लिइन्छ । दक्षिण अफ्रिकाको संविधानको धारा १४ ले प्रत्येक व्यक्तिलाई गोपनीयताको अधिकार हुने तथा जीउ, आवास, सम्पत्ति तथा सञ्चारका विषयमा गोपनीयताको अधिकार प्राप्त हुने व्यवस्था गरेको छ । चीनको संविधानको धारा ४० ले जनताको पत्राचारको स्वतन्त्रता र गोपनीयतालाई कानून बमोजिम सुनिश्चित गरेको छ । साथै राष्ट्रिय सुरक्षा, अपराधको अनुसन्धान, सार्वजनिक सुरक्षा जस्ता विषयमा तथा सरकारी वकीलले कानून बमोजिम पत्राचारलाई पूर्व प्रतिबन्ध लगाउन सक्ने व्यवस्था गरेको छ । फिलिपिन्सको संविधानको धारा ३ ले अदालतको आदेश बमोजिम वा कानून बमोजिम सार्वजनिक सुरक्षा र व्यवस्था कायम गर्नका लागि बाहेक सञ्चार र पत्राचारको गोपनीयता उलंघनीय हुने व्यवस्था गर्दै यसको बर्खिलाप गरी प्राप्त गरिएका कुनै प्रमाण वा सो का आधारमा भएका कारवाहीहरु कुनै पनि प्रयोजनका लागि अस्वीकार्य हुने व्यवस्था गरेको छ । त्यसैगरी फिनल्याण्डको संविधानको धारा १० ले प्रत्येक व्यक्तिको जीवन, मर्यादा र आवासको अनतिक्रम्यतालाई प्रत्याभूत गरिएको छ र पत्राचार, टेलिफोन तथा अन्य गोप्य सञ्चारलाई अनतिक्रम्य मानिएको छ ।

## ४. नेपालको संवैधानिक व्यवस्था :

नेपालमा गोपनियताको हकको संवैधानिक प्रत्याभूतिको इतिहास लामो छैन । नेपाल अधिराज्यको

संविधान, २०४७ ले मौलिक हकको रूपमा सूचनाको अधिकारलाई प्रत्याभूत गरे पछि गोपनीयताको हकलाई पनि नेपालको इतिहासमा पहिलो पटक मौलिक हकको रूपमा व्यवस्था गरेको थियो । उक्त संविधानको धारा १६ ले कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको गोपनीयता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुने व्यवस्था गरेको थियो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा २८ ले कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार, चरित्र सम्बन्धी कुराहरूको गोपनीयता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुने व्यवस्था गरेको थियो ।

**नेपालको संविधानमा भएको व्यवस्था** : नेपालको संविधानको धारा २८ मा गोपनीयताको हकको व्यवस्था गरिएको छ जस अर्न्तरगत कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ भन्ने व्यवस्था छ ।

वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ मा प्रत्येक व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार तथा चरित्र सम्बन्धी विषयको गोपनीयताको हकलाई सुनिश्चित गर्ने, सार्वजनिक निकाय वा संस्थामा रहेका वैयक्तिक सूचनाको संरक्षण र सुरक्षित उपयोगको व्यवस्था गर्ने तथा व्यक्तिको गोपनीयता अतिक्रमण हुन नदिने व्यवस्था गरी मर्यादित जीवनस्तर प्रवर्दन गर्ने उद्देश्य रहेको छ ।

**"वैयक्तिक सूचना" भन्नाले कुनै पनि व्यक्तिसँग सम्बन्धित देहायको सूचना सम्झनु पर्दछः** भनिएकोछ जसमा (१) निजको जात, जाति, जन्म, उत्पत्ति, धर्म, वर्ण वा वैवाहिक स्थिति, (२) निजको शिक्षा वा शैक्षिक उपाधि, (३) निजको ठेगाना, टेलिफोन वा विद्युतीयपत्र (इमेल) को ठेगाना, (४) निजको राहदानी, नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र नम्बर, सवारी चालक अनुममति पत्र, मतदाता परिचय पत्र वा सार्वजनिक निकायबाट जारी भएका परिचय पत्रको विवरण, (५) वैयक्तिक सूचना उल्लेख गरी निजले कसैलाई पठाएको वा निजले प्राप्त गरेको पत्र, (६) निजको औलाको छाप, हस्तरेखा, आखाको रेटिना, रगत समूह वा निजको अन्य वायोमेट्रिक सूचना, (७) निजको आपराधिक पृष्ठभूमि वा निजले फौजदारी कसूरमा सजाय पाएको वा कसूर भुक्तान गरेको विवरण, (८) कुनै निर्णय प्रक्रियामा पेशागत वा विशेषज्ञ राय दिने व्यक्तिले त्यस्तो प्रकृयामा के, कस्तो राय वा धारणा व्यक्त गरेको थियो भन्ने विषय लाई वैयक्तिक सूचनाको परिभाषा भित्र राखिएको छ ।

प्रत्येक व्यक्तिको शारीरिक र मानसिक अवस्था सम्बन्धी विषयको गोपनीयता अनतिक्रम्य हुने व्यवस्था रहेको छ । प्रत्येक व्यक्तिलाई पारिवारिक जीवन कायम राख्न वा पारिवारिक अखण्डता कायम राख्नको लागि पारिवारिक गोपनीयता कायम राख्न पाउने अधिकार हुन, कुनै पनि व्यक्तिको मञ्जुरी नलिई निजको जीऊ वा साथमा रहेको वा निजले प्रयोग गर्ने कुनै वस्तुको तलासी लिन नहुने, प्रत्येक महिलाको प्रजनन स्वास्थ्य र गर्भावस्था सम्बन्धी विषय अनतिक्रम्य हुने र निजको मञ्जुरीविना त्यस्तो विषयको जानकारी अरू कसैलाई दिन वा सार्वजनिक गर्न नहुने, प्रत्येक व्यक्तिलाई निजको आवासको गोपनीयताको अधिकार हुने, आवासमा प्रवेश गर्दा सूचना दिनुपर्ने साथै सम्पत्तिको गोपनीयता हुने, प्रत्येक व्यक्तिलाई निजको सम्पति तथा त्यस्तो सम्पति सम्बन्धी विवरण गोप्य राख्न पाउने अधिकार हुने, प्रत्येक व्यक्तिलाई निजसँग सम्बन्धित

वैयक्तिक लिखतको गोपनीयताको अधिकार हुने, प्रत्येक व्यक्तिलाई निजसँग सम्बन्धित वैयक्तिक तथ्याङ्क वा विवरण गोप्य राख्न पाउने अधिकार हुने, पत्राचारको गोपनीयता रहने साथै चिठ्ठीपत्र खोल्न नहुने, प्रत्येक व्यक्तिलाई निजको चरित्र, वैयक्तिक आचरण र व्यवहारको गोपनीयता राख्न पाउने अधिकार हुने, कसैको मन्जुरी विना सामाजिक प्रतिष्ठामा हानी पुग्ने गरी तस्वीर खिच्न वा बिक्री गर्न नहुने, अनुसन्धानको सिलसिलामा रहेको व्यक्तिलाई सार्वजनिक गर्न नहुने व्यवस्था छ । गोप्य कुरा प्रकट गर्न नहुने, साथै विद्युतीय माध्यमको गोपनीयता हुने, निगरानी वा जासुसी गर्न नहुने, साथै ड्रोन प्रयोग गर्न नहुने, कानून बमोजिम बाहेक वैयक्तिक सूचना सङ्कलन गर्न नहुने, सहमति विना वैयक्तिक सूचनाको उपयोग गर्न नहुने प्रावधान रहेको छ । यसरी उक्त काननू विपरितको कार्यलाई कसूर मानी सजायको व्यवस्था गरिएको र पीडितलाई क्षतिपूर्तिको समेत व्यवस्था गरिएको देखिन्छ ।

मुलुकी अपराध संहिता २०७४ को भाग ३ को दफा २९३ देखि ३०४ सम्म गोपनियता विरूद्धको कसुरको व्यवस्था छ । जसमा अर्काको कुरा सुन्न वा ध्वनी अंकन गर्न नहुने, गोप्य कुरा प्रकट गर्न नहुने, अनुमति विना कुनै व्यक्तिको तस्बीर खिच्न वा तस्बीरको स्वरूप विगार्न नहुने, अनुमति बिना एकको तस्बीर अरूलाई दिन वा बिक्री गर्न नहुने, चिट्ठी खोल्न वा टेलिफोनमा गरेको कुरा सुन्न नहुने विद्युतीय माध्यमद्धारा गोपनियता भङ्ग गर्न नहुने, छलकपट पूर्ण टेलिफोन वा सन्देश प्रवाह गर्न नहुने, हैरान पार्ने वदनियतले चिट्ठीपत्र लेख्न नहुने,कानून वमोजिक बाहेक अरूको शरीर खानतलासी गर्न नहुने, अरूको आवाशमा अनधिकृत प्रवेश गर्न नहुने विषयलाई कसूर कायम गरिएको छ । सो बाट कसैलाई हानी पुगेमा क्षतिपूर्तिको व्यवस्था समेत गरिएको पाईन्छ ।

**५. अदालती अभ्यासहरु :**

विदेशी तथा स्वदेशी अदालतहरूबाट गोपनीयताको अधिकार सम्बन्धमा प्रतिपादन भएका सिद्धान्तहरू देहाय बमोजिम रहेका छन । अमेरिकामा त्यहाँको संविधानमा व्यक्तिको गोपनीयताको हकलाई स्पस्ट रूपमा उल्लेख नगरिए तापनि त्यहाँको संविधानको चौथो संशोधनमा थपिएको अनुचित खानतलासी र वरामदी विरूद्दको अधिकारको व्यवस्थाको सम्वन्धमा अमेरिकी अदालतले गरेको व्याख्याबाट नै गोपनीयताको अधिकारले मूर्तरूप पाएको हो । Sackler vs Sackler को मुद्दामा न्यायिक पृथकीकरणमा वसेकी श्रीमतीको घरमा निजको अनुमति वेगर लुकी प्रवेश गरी अन्य व्यक्तिसंग श्रीमतीको यौनाचारको खिचेको तस्वीर गोपनीयताको अतिक्रमण भएको हुँदा जारी मुद्दामा प्रमाणको रूपमा ग्रहण गर्न नसकिने निर्णय गरी शुरू गरेको पाईन्छ । Roe vs Wade (१९७३)को मुद्दामा गर्भपतन सम्बन्धित महिलाको व्यक्तिगत निर्णयको अधिकार हो भनी गर्भपतनलाई गोपनीयताको हक अन्तरगत राखेको पाईन्छ । Griswold vs Connecticut (१९६५) को मुद्दामा महिला गर्भवती हुनबाट रोक्ने साधनको प्रयोग त्यस्तो साधन विवाहित महिला समेतलाई प्रयोग गर्न सल्लाह दिने कार्यलाई राज्यको कानूनले अपराध घोषित गरेकोमा सर्वोच्च अदालतले त्यस्तो कानूनले विबाहित महिलाको गोपनीयताको हक उल्लंघन गरेको भनी असंवैधानिक ठहर गरेको । Eisenstadt vs Baird (१९७२) को मुद्दामा विवाहित महिलालाई गर्भवती हुनबाट रोक्ने साधनको बिक्री वितरण गर्न रोक लगाउने कानूनले समान संरक्षणको प्रावधानको उल्लंघन गरेको भन्ने व्याख्या गरेको पाईन्छ ।

भारतीय अदालतले Kharak Singh vs State of Union को मुद्दामा गोपनीयता व्यक्तिको सम्मानपूर्ण जीवनयापन गर्ने कुरासंग सम्बन्धित रहेको भन्ने उल्लेख गरेको पाईन्छ । Govind vs State of MP को मुद्दामा जीवन र वैयक्तिक स्वतन्त्रताको हक अन्तरगत गोपनीयताको हक पनि अन्तरनीहित हुन्छ भन्ने व्याख्या भएको पाईन्छ । R Rajagopal vs State of Tamilnadu को मुद्दामा गोपनीयताको हक संविधानको धारा २१ को जीवन र वैयक्तिक स्वतन्त्रताको हकसंग अव्यक्तरूपमा समाहित रहेको उल्लेख गर्दै प्रत्येक नागरिकको आफ्नो घरपरिवार, विवाह, मातृत्व लगायतका निजी कुरामा उसको अनुमति वेगर प्रकाशन गर्नु गोपनीयताको हकको उल्लंघन हो भन्ने व्याख्या भएको पाईन्छ ।

अधिवक्ता सपना प्रधान मल्ल विरूद्ध विपक्षीः नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत (ने.का.प. २०६४ अङ्क ९ निर्णय नं. ७८८०) भएको मुद्धामा व्यक्ति वा नागरिकका अत्यन्त निजी सूचनाहरु कुनै खास कानूनी प्रयोजनको लागि खुला गर्नुपर्ने भएमा बाहेक खुला गर्न लगाइयो भने अनावश्यक रूपमा ब्यक्ति वा नागरिक प्रतिरक्षा पंक्तिमा पुग्दछ र पूर्ण आत्मविश्वासका साथमा आफूले चाहेको काम गर्न नसक्ने अवस्थामा पुग्न सक्ने । गोपनीयताको अधिकारको व्यवस्था अन्तर्गत व्यक्तिको गोपनीयता र निजको गोप्य सूचनाहरु समेत संरक्षित हुने । व्यक्तिका तथ्याङ्क र चरित्र जस्ता व्यक्तिगत परिचयात्मक विवरण र निज सम्वद्ध अन्य सूचनाहरूको गोप्यताको संरक्षण नहुने हो भने गोपनीयताको हक अत्यन्त संकुचित भै आफ्नो उद्देश्य हासिल गर्न नसक्ने । पीडित तथा बालबालिका जस्तो संवेदनशील बर्गको परिचय तथा अन्य सूचनाहरु अपराध अनुसन्धान थाले देखिने व्यवस्थित रूपले संरक्षित रहने गरी गोपनीयताको प्रत्याभूति दिन जरूरी छ । सूचनाको हकले गोपनीयताका सम्बन्धमा प्रत्याभूति गरिएको व्यवस्थाको उपयोगलाई कुण्ठित गर्न सक्ने देखिन्न । यथार्थमा अभिव्यक्ति स्वतन्त्रता अन्तर्गत आफूलाई अभिव्यक्त नगर्ने व्यक्तिको अधिकार पनि सामेल भएको हुन्छ भन्ने कुरा मननीय छ । खास गरेर जोखीममा परेका पीडित महिला, बालबालिका र एच.आई.भी.र एड्स संक्रमितहरूले निजहरूका व्यक्तिगत परिचयात्मक वा अन्य सूचनाहरूको गोपनीयताको प्रत्याभूति दिइएमा मात्रै आफूलाई अभिव्यक्त गर्न र आफ्नो न्यायिक आवश्यकताको लागि उपचार प्रशस्त गर्न सक्छन् भने त्यस्तो कुराको प्रत्याभूति गर्नु राज्य र समाजको पनि कर्तव्य हुने । सूचनाको हकसँग जोडिएको अर्को हक प्रकाशन, प्रशारण तथा छापाखाना सम्बन्धी हक हो । प्रकाशन, प्रसारण र छापाखाना सम्बन्धी हकलाई वाक तथा प्रकाशन स्वतन्त्रताकै विस्तारित रूप मानिन्छ । उक्त हक र सूचनाको हक दुवैले व्यक्तिको वाक तथा प्रकाशन स्वतन्त्रतालाई मुखरित गर्न सहयोग गर्दछन् । उक्त हकहरूले पनि बृहत्तर सार्वजनिक हितको प्रवर्द्धनमा मद्दत गर्छन् तथापि हकहरूको तहगत प्राथमिकताक्रम (Hierarchy) मा यी हकले अरु हक माथि प्रधानता पाउँछ भन्ने होइन भनी वोलिएको छ ।

विकास लकाई खड्कासमेत विरूद्ध विपक्षी सम्माननीय अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत नेकाप २०७० अङ्क १० नि.नं. ९०६९ को मुद्धामा राजनीतिक दलले उठाएका उम्मेद्वारलाई छनौट गर्न पाउने अधिकार (Right to Select) नागरिकमा हुन्छ भने तिनलाई अस्वीकार गर्न पाउने अधिकार (Right to Reject) पनि त्यसमा नीहित हुने । मतदान गर्न नगएको विषयका सम्बन्धमा नागरिकको गोपनीयताको अधिकार (Right to secrecy) को रक्षार्थ उम्मेद्वारलाई मन नपराएको कारण

मतदान गर्न नजाने अवस्था नै सिर्जना हुन नदिनका लागि पनि मतपत्रमा 'माथिका कुनै पनि उम्मेद्वारलाई मत दिन्न' भन्ने व्यवस्था गर्नु आवश्यक हुने भनिएको छ ।

अन्नपुर्ण राणा विरूद्ध विपक्षीः ऐ.ऐ. बस्ने गोरख सम्शेर ज.व.रा. समेत (ने.का.प. २०५५ अङ्क ८ निर्णय नं. ६५८८) को मुद्धामा कुमारित्व कायम राख्ने वा स्वछन्द भएर आफूले मन पराएको मानिससँग यौन सम्पर्क राख्दै जाने भन्ने कुरा सम्बध्ति व्यक्तिको आफ्नो निजी आचरण (Private affair) को कुरा हो । कसैले खुलस्त भएर त्यस्तो आचरण गरि हिड्छन् भने कसैले लुकिछिपी अर्थात् गोप्य रूपमा त्यस्तो आचरण गर्दै जाने पनि हुन सक्छ । गोपनियताको हकको व्यवस्थाबाट व्यक्तिको निजी जीउ अङ्गको गोपनियतामा अतिक्रमण गर्न नपाइने गरी गोपनियताको हकको (Right to privacy) स्पष्ट व्यवस्था भएबाट अदालतकै आदेश भए पनि यदि शरीरको त्यस्तो गोप्य अङ्ग निजको मन्जुरी बेगर जाँच गर्न लगाइन्छ भने त्यसबाट व्यक्तिको सो गोपनियताको हकबाट निजलाई बञ्चित गर्नु सरह नै हुने स्पष्ट देखिन आउछ । सो व्यक्तिका लागि अदालतले जाँच गराउनु र अरू कसैबाट अतिक्रमण गर्नुमा सहि मानेमा कुनै कुनै खास अन्तर हुन पनि सक्दैन । यसर्थ, निवेदिका अन्नपूर्ण राणाको योनी तथा पाठेघरको गाइनोक्लोजिष्टबाट परीक्षण गराउने भनी भएको आदेश संविधानद्वारा प्रदत्त गोपनीयताको अनतिक्रम्यको हकको उपेक्षा गरे सरह भई सो को विपरित हुन जाने भनी वोलिएको छ ।

अधिवक्ता बाबुराम अर्यालसमेत विरूद्ध विपक्षीः नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत (भागः ५९ सालः २०७४ महिनाः बैशाख अंकः १) भएको मुद्धामा कुनैपनि व्यक्तिको जीवनमा सरकार तथा अन्य पक्षबाट हुने हस्तक्षेपलाई यसले पूर्णतः नकार्ने । संकटकालीन अवस्था परी वा राष्ट्रिय सुरक्षाको कारणले खबर आदान प्रदानमा रोक लगाउनुपर्ने भएमा वा त्यस्तो खबर आदानप्रदान गर्ने निकायमा वा प्रणालीमा नियन्त्रण गर्नुपर्ने भएमा मात्र त्यस्तो निश्चित प्रक्रियाको अधीनमा रही अधिकार प्रयोग गर्न सकिन्छ, कल डिटेल रिपोर्ट र एस.एम.एस लिने र हेर्न मिल्ने गर्न सकिँदैन । अपराध अनुसन्धानको नाममा संकित व्यक्तिको गतिविधि हेर्ने नाममा सबैको गतिविधि र गोपनीयता उदाङ्गो बनाउनु पनि हुँदैन । त्यसकारण अनाधिकृतरूपमा लिइएको उक्त कलफोन तथा एस.एम.एस. डिटेल सदैव सुरक्षा निकायले राखिरहनु अनुपयुक्त र गैरकानूनी देखिन आउने । स्थापित अन्तर्राष्ट्रिय मान्यता अनुरूप दूरसञ्चार सेवा प्रदायक कम्पनीहरूले कुनै पनि व्यक्तिलाई दूरसञ्चार सेवा उपलब्ध गराउँदा सो व्यक्तिको गोपनीयताको संरक्षण तथा त्यस व्यक्तिसँग सम्बन्धित तथ्याङ्कको संरक्षणको प्रत्याभूति गर्नुपर्ने हुन्छ । कुनै निश्चित कानूनी आदेश वा अग्रिम अधिकार सहितको औपचारिक लिखतको अभावमा अरूको दबाब प्रभाव वा प्रलोभनको भरमा अर्काको सूचना दिन नमिल्ने । वास्तवमा अपराध अनुसन्धान कार्यपालिकाको विशेषाधिकारको र विशेष दायित्वको प्रश्न हो र सो सिलसिलामा कानूनका अधीनमा रही आवश्यक स्रोत वा क्षेत्रमा पहुँचलाई इन्कार गर्न मिल्दैन । अपराध अनुसन्धान छुट्टै विधा भएकाले राज्यले त्यसलाई हरहालतमा चुस्त दुरूस्त राख्नुपर्दछ । तर त्यसको लागि वैज्ञानिक तवरले भौतिक सबुद प्रमाण सङ्कलनमा जोड दिनुको सट्टा व्यक्तिको स्वेच्छा विरूद्धको साबिती हासिल गर्ने वा व्यक्तिको निजी गोप्य सूचनामा हस्तक्षेप गर्नेमा केन्द्रित हुने हो भने अनुसन्धान क्षमतामै जोड दिने कुरा गौण हुन पुग्दछ । कार्यपालिका स्वयम् पनि

कानून अधीन मात्रै कार्य गर्न सक्ने हुनाले सूचनामा अनियन्त्रित पहुँच कार्यपालिकाको विशेषाधिकार हुन नसक्ने । सूचना सेवा प्रदायक संस्थाहरूसँग संग्रहित Data bank मा व्यक्ति, संस्था र स्वयम् सरकारी निकायहरूको सूचना रहने हुनाले त्यस्तो सूचनाको संरक्षण व्यक्तिको हक हितको सुरक्षाको प्रश्न नभई राज्यकै हित र सुरक्षाको हकमा समेत लागू हुने कुरा हो । राज्यको अंग निकाय वा त्यहाँ कार्य गर्ने पदाधिकारी एवं कर्मचारीहरु सम्बन्धी सूचनालाई राज्यकै अन्य अंग वा निकायले समेत सम्मान र संरक्षण गर्नुपर्ने हुन्छ र त्यसको उल्लङ्घन गर्ने गलत वा आपराधिक चेष्टा गर्नु नहुने भनी फैसला भएको पाईन्छ ।

## ६. सार्वजनिक पदाधिकारी र गोपनीयताको हक :

सार्वजनिक पद धारण गरेका व्यक्तिलाई सार्वजनिक पदाधिकारी भनिन्छ । सार्वजनिक पद धारण गरेका व्यक्तिको हकमा गोपनीयताको हकको प्रयोग एवं उपभोगमा केही फरक हुन सक्छ । सार्वजनिक पदवाहक व्यक्तिको गोपनीयता कायम गर्नुपर्ने सूची अन्य व्यक्तिको भन्दा सांघुरो हुन्छ । सार्वजनिक पदाधिकारीले आफ्नो सम्पति सार्वजनिक गर्नुपर्ने हुन्छ र पारदर्शी हुनुपर्छ । त्यसैगरी निजहरूको चरित्र पनि सार्वजनिक हुने गर्दछ किनकी निजहरू चरित्रवान, नैतिकवान र ईमान्दार तथा रोलमोडल हुनुपर्छ भन्ने मान्यता रहेको हुन्छ । सार्वजनिक पदाधिकारीहरूको आम्दानीको स्रोत के हो र उनीहरूको आम्दानीको तुलनामा खर्चको अवस्था कस्तो छ, जीवन शैली कस्तो छ भन्ने कुरामा समाजले सरोकार राख्छ। त्यसैगरी संस्थाको कोड अफ कन्डक्ट तथा आचरण सम्बन्धी कानूनहरूले गर्दा गोपनीयताको हकमा संकुचन गरेको हुन्छ ।

## ७. गोपनीयताको हकका सीमा :

कुनै पनि मौलिक हक निरपेक्ष हुँदैन । राज्यलाई कर तिर्नु प्रत्येक व्यक्तिको प्रमुख कर्तव्य समेत भएको सन्दर्भमा कुनै पनि व्यक्तिको सम्पत्ति राज्यका लागि गोप्य हुन नसक्ने मान्यता स्थापित भएको पाईन्छ । गोपनीयताको आवरणभित्र समाज वा अरू कसैलाई हानी नोक्सानी पुर्‍याउने कार्य पनि हुनु हुदैन । राष्ट्रको स्वार्थ व्यक्तिगत स्वार्थ भन्दा उच्च हुने हुँदा अपराध अनुसन्धानमा कानूनको उचित प्रक्रिया पूरा गरेर उक्त हक संकुचन हुन सक्छ । सार्वजनिक स्थलमा गोपनीयताको कल्पना गर्नु व्यर्थ हुन जान्छ । गोपनीयताको अधिकार जीवनको अधिकार भन्दा उच्च हुन सक्दैन । गोपनीयताको अधिकारलाई अहिलेको खुला समाज, प्रजातान्त्रिक मूल्यमान्यता र आधुनिक प्रविधिले संकुचन ल्याउन सक्छ । सूचनाको हकले गोपनीयताका सम्बन्धमा प्रत्याभूति गरिएको व्यवस्थाको उपयोगलाई कुण्ठित गर्न मिल्दैन । कानून वमोजिम कानून वनाएर गोपनीयताको हकको सीमा निर्धारण गर्न राज्यले सक्दछ । सूचनाको हक र गोपनियताको हक दुवै मौलिक अधिकार हुन् र यी हक एक अर्काका परिपूरक पनि छन र यिनको कार्यान्वयनमा सन्तुलन आवश्यक छ । व्यक्तिको गोपनियताको हक सम्बन्धी कानुनले सूचनाको हक सम्बन्धी कानूनलाई संकुचित पार्न हुँदैन र सूचनाको हकको प्रयोग गर्दा व्यक्तिगत तथा निजी विषयलाई सार्वजनिक चासो तथा सार्वजनिक महत्वको रूपमा लगिनु पनि हुदैन । राष्ट्रिय हित तथा सार्वजनिक हितको संरक्षणको सन्दर्भमा व्यक्तिका अधिकार गौण हुने भएकोले राज्यले राष्ट्रिय आवश्यकताको आधारमा कानून बमोजिम व्यक्तिका गोपनीयताका क्षेत्रमा पनि प्रवेश गर्न सक्छ । यस्तै कर तिर्नु प्रत्येक व्यक्तिको आधारभूत कर्तव्य भएकोले सम्पत्तिको विषय सदैव

गोप्य रहन नसक्ने स्पष्ट भएकोले कानून बमोजिम सम्पत्तिको विषय व्यक्तिको निरपेक्ष गोपनीयताको विषय बन्न नसक्ने हुन्छ । संकटकालिन अवस्थाको घोषणा वा आदेश जारी गर्दा गोपनीयताको हक निलम्वन गर्न सकिन्छ ।

## ८. निष्कर्षः

गोपनीयताको हकले व्यक्तिको वैयक्तिक स्वायत्तता एवं व्यक्तिको जीवनको गोप्य क्षेत्र संरक्षण हुन्छ । यस हकले व्यक्तिको निजत्व र निजी कुरा उसको अनुमति वेगर सूचना मूलक हुन नसक्ने प्रत्याभूति गर्छ । विज्ञान र प्रविधिको विकासले मानिसको गोपनीयताको कुरालाई भङग गर्न सक्ने भएकोले मानिसको गोपनीयताको हकको संरक्षणको जरूरी भएको हो । यदी कुनै पनि व्यक्तिको गोपनीयताको हकको हनन राज्यले गर्छ भने संवैधानिक उपचार प्राप्त हुन्छ भने व्यक्तिले गरेमा कानूनी कारवाही हुन्छ । गोपनीयताको अधिकार व्यक्तिको निजीत्वको रक्षा गर्ने अधिकारको रूपमा रहेको पाइन्छ । व्यक्तिको जीउ, आवास, पत्राचार, लिखत, तथ्यांक, चरित्र जस्ता विषयहरु व्यक्तिका निजीत्व रक्षा गर्ने आधारभूत विषयहरु हुन्। गोपनीयता व्यक्तिको स्वायत्तता, सम्मान र मर्यादासँग जोडिएको विषय भएको र यस्ता विषयहरूलाई व्यक्तिले गोप्य नै राख्न खोज्दछ । राज्यलाई हानि नोक्सानी नपुर्याए सम्म त्यस्ता विषयमा राज्यले चासो राख्नु जरूरी पनि मानिदैन । बढदो सूचना प्रबिधकिो प्रयोग एवं सामाजिक संजालहरूले व्यक्तिको गोपनीयताको हकको उल्लंघन समेत गरेको पाईन्छ र यसलाई नियमन गर्नु जरूरी छ ।

## सन्दर्भ सामाग्रीहरु :


- नेपालको संविधान, कानून किताव व्यवस्था समिति ,काठमाण्डौ ।
- मुलुकी अपराध संहिता २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४, कानून किताव व्यवस्था समिति ।
- वैयक्तिक गोपनीयता सम्बन्धी ऐन २०७५, कानून किताव व्यवस्था समिति ।
- नेपालको संविधानमा समावेश भएका मौलिक हक कार्यान्वयन गर्न जारी भएका ऐनहरू (२०७५) कानून किताव व्यवस्था समिति ।
- न्यायप्रणाली सम्वन्धी अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा सम्वन्धी प्रतिवेदन, २०६६, संविधान सभा न्यायप्रणाली सम्वन्धी समिति, सिंहदरबार ,काठमान्डौ ।
- Singh, Mahendraprasad ,V.N ShuklaÚs constitution of India -11ed_, 2011, Estan Book Company , Lucknow.
- www.supremecourt.gov.np
- httpM//nkp.gov.np/browse
- तीन तहका सरकारहरूमा राज्य शक्तिको बाँडफाँड,

# सार्वजनिक खरिद प्रणालीमा आकस्मिक खरिद

सुधा रेग्मी पन्त
शाखा अधिकृत, नेपाल सरकार

रोजगारी सिर्जना मार्फत गरिबी निवारण, उद्दम ब्यबसायलाई प्रतिस्पर्धी बनाउदै अर्थतन्त्रलाई चलायमान बनाउने र देशको आर्थिक समृद्धिमा प्रत्यक्ष प्रभाब पार्ने सार्वजनिक खरिदको बहस जनस्तर सम्म अझै हुन सकेको छैन । जीडीपीको तुलनामा ३०% हिस्सा सार्वजनिक खरिदले ओगटेको भएपनि यसलाई अध्ययन अनुसन्धानको पाटोमा प्राज्ञिक निकायले समेत समेट्न सकेका छैनन । अर्थतन्त्रलाई चलायमान बनाउने यो अवयबलाई सार्वजनिक निकायको बिशुद्ध आन्तरिक कार्यको रूपमा मात्र लिईदा यसको प्रतिफल तल्लो तहसम्म तथा सरकार भित्र र बाहिर समेत प्रभावकारी रूपमा पुग्न सकेको छैन ।

## सार्वजनिक खरिद प्रणालीको विकास र नेपालको अवस्थाः

सार्वजनिक खरिद प्रणालीको हालसम्मको अध्ययनबाट विश्वमा खरिद प्रणालीको इतिहास निकै पुरानो रहेको पाइन्छ । सिरियामा फेला परेको Red Clay tablets मा लेखिएको इ. पु. २४००-२८०० बीचको खरिद सम्बन्धि अभिलेखलाई नै हालसम्मको सबैभन्दा पुरानो खरिद आदेश अभिलेख मानिन्छ । सो अभिलेख ५० जार बास्नायुक्त तेल खरिद सम्बन्धि रहेको पाइन्छ । यस्तै गरि खरिद सम्बन्धि अन्य अभिलेख मध्ये पुरानो प्राचिन रेशम मार्ग बिकास सम्बन्धमा चीन र ग्रीक कोलोनी बीच इ. पु. ८०० को रहेको अभिलेख समेत देख्न पाइन्छ । आधुनिक नेपालको अध्ययन गर्दा सरकारी रूपैया खर्च सम्बन्धि कार्यविधि २०१६ लाई नै सार्वजनिक खर्च सम्बन्धि पहिलो आधिकारिक कानूनको रूपमा मानिएको छ । त्यस्तै आर्थिक प्रशासन सम्बन्धि नियमहरू, २०२६ र आर्थिक प्रशासन सम्बन्धि नियमहरू, २०४२ समेत कार्यन्वयनमा रहेका थिए । लामो समयसम्म सामान्य कार्यविधि र प्रक्रियामुखी भएर रहेको सार्वजनिक खरिद प्रणालीले सुशासनको अवधारणालाई आत्मसात गरे पश्चात खरिदका मुल मर्मलाई अझ सशक्त रूपमा लागु गरेको देखिन्छ । आर्थिक उदारीकरण पश्चात राज्य संयन्त्रमा बहुपात्रको क्रियाशीलताले सिर्जना गरेका जटिलता चिर्न, बैदेशिक सहायता तथा बैदेशिक लगानीलाई उपलब्धि मुलक बनाउन, नागरिकको श्रम पसिनाबाट भरिएको सार्वजनिक कोषको value for money कायम गर्न सार्वजनिक खर्चलाई ब्यबस्थित बनाउने प्रयास स्वरूप बिभिन्न दातृ निकायको सल्लाह सुझाब अनुरूप नेपालमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ ल्याइएको हो । मितव्ययिता, पारदर्शिता, जवाफदेहिता र प्रतिस्पर्धाको सिद्धान्तले निर्देशित भएको खरिद कानुनले नेपालको सार्वजनिक खरिद प्रक्रियालाई ब्यबस्थित, नियमित, अनुशासित बनाउन ऐनको प्राबधान अनुरूप स्थापित सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत बिशेष योगदान दिंदै आएको छ । छिमेकी मुलुक भारतमा सार्वजनिक खरिद कानून अझै सम्म बन्न नसकेको, सन् २०१२ देखि खरिद कानून बनाउन संसद लगायतलाई दबाब परिरहेको सन्दर्भमा नेपालमा बिगत १५ बर्ष देखि खरिद कानून बनेर यसको अभ्यास हुनु पक्कै पनि सुखद र गर्व गर्न लायक बिषय समेत हो ।

## खरिद कानूनमा आकस्मिक/विशेष परिस्थितिको खरिदः

सार्वजनिक खरिद ऐनमा १० प्रकारले मालसामान, सेवा, निर्माण खरिद गर्न सकिने प्राबधान राखिएको

छ । नियमित तबरबाट खरिद गर्दा बिधि, प्रक्रिया, पद्दतिको पुर्ण पालनामा ध्यान दिनु पर्ने प्राबधान राखिएको छ भने राज्य संचालनका क्रममा आइपर्ने आकस्मिक घटनालाई सम्बोधन गर्न आकस्मिक खरिदको प्राबधान समेत राखिएको छ । अन्य देश, संस्थाको खरिद प्रक्रिया नियाल्दा मानबीय संकट,विपद र जोखिमलाई सम्बोधन गर्न आकस्मिक खरिद हुने गरेको पाइएको छ । बिशेष गरि औषधि र सेनाले तत्काल सुरक्षाको लागि प्रयोग गर्ने हातहतियारहरू आकस्मिक खरिद गरिएको पाइन्छ ।

मानवीय तथा प्राकृतिक रूपमा सिर्जित विपदको अवस्थामा राज्य संयन्त्र लगायत सम्पुर्ण प्रणाली छिन्न भिन्न भएको हुन्छ । यस्तो अवस्थामा अस्थिरताका अनेक तत्वले परिस्थितिलाई झन् जटिल बनाउन सक्ने हुँदा ति अस्थिरतालाई समयमै सम्बोधन गर्न र जनधनको क्षति न्यूनीकरण, पुनस्थापना,पुनर्निर्माण, गर्दै सामान्य अवस्थामा सहज रूपमा अवतरण गर्न पनि आकस्मिक खरिद आवश्यक हुन्छ । राज्यको वास्तविक अनुहार देखिने, महशुस गरिने खरिद प्रक्रियाको रूपमा आकस्मिक खरिदलाई लिइने हुँदा अन्य नियमित खरिद भन्दा आकस्मिक खरिदको उच्च महत्व छ ।

## आकस्मिक खरिद सम्बन्धि व्यवस्था

- बिशेष परिस्थितिको खरिदको रूपमा ऐनको दफा ६६ र नियम १४५ मा व्यवस्था गरिएको ।
- सार्वजनिक निकायले खरिद आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि समेत खुलाई लिखित दरभाउ पत्र वा प्रस्ताव लिई वार्ता मार्फत खरिद गर्न सक्ने व्यवस्था तर आकस्मिक अवस्थामा खरिद प्रक्रिया शुरू गर्नु अगाडी बिशेष परिस्थिति स्पस्ट पार्ने आधार र नियमित तरिकाले खरिद प्रक्रिया गर्दा थप हानि र क्षति व्यहोर्नु पर्ने कारण खुलाउन पर्ने प्राबधान राखिएको छ ।
- बिशेष परिस्थितिको खरिद सम्बन्धि जानकारी माथिल्लो तहको पदाधिकारीलाई जानकारी गराउनु पर्ने प्राबधान ।
- खरिदकार्य पश्चात खरिद भएको विवरण सार्वजनिक सूचना मार्फत प्रबाह गर्नुपर्ने व्यवस्था ।
- त्यस्तै गरि मुख्य सचिवको नेतृत्वमा रहेको समितिले समेत खरिद गर्न सक्ने प्राबधान रहेको ।

## कानूनी व्यवस्थाको विश्लेषण

सिधै खरिद प्रक्रिय को रूपमा बिशेष अवस्थाको खरिदलाई लिइएको छ । खरिद कानुनका प्रत्येक चक्र र त्योसंग सम्बन्धित समयावधि पालनामा जोड नदिइए पनि सार्वजनिक खरिदका सिद्वान्तको पूर्ण पालना र सोही बमोजिम नतिजाको अपेक्षा पक्कै गरिएको हुन्छ । मितव्ययिता, पारदर्शिता, जवाफदेहिता र प्रतिस्पर्धाको सिद्धान्तले निर्देशित भएको सार्वजनिक खरिद प्रक्रियाको पूर्ण पालनाको अपेक्षा आकस्मिक खरिदका क्रियाकलापमा पनि गरिन्छ । महामारी, प्राकृतिक विपद, राष्ट्रिय सुरक्षाको सम्बोधन गर्नुपर्ने अवस्थामा राज्यले प्रक्रिया, पद्धति पुर्याउने काम मात्र ठुलो ठानेर बस्न नमिल्ने हुँदा खरिद कार्यलाई चुस्त दुरूस्त बनाउन छोटो/छिटो प्रक्रियाबाट खरिद गर्न मिल्ने गरी आकस्मिक खरिदको प्राबधान राखिएको हो । विश्वका अन्य देश र संघ संस्थाले पनि यहि सिद्धान्तलाई मनन गरि छोटो र छिटो तरिकाबाट

आकस्मिक खरिद गर्ने गरेका छन् ।

नेपालको आकस्मिक/ बिशेष परिस्थितिको खरिद पनि अन्य खरिद प्रक्रिया जस्तो आलोचनामुक्त हुन सकेको छैन । SAARC summit बेलाको निर्माण कार्य होस् कि महाभूकम्प अवस्थाको त्रिपाल खरिद वा कोभिड महामारीको औषधि खरिद सबैजसो आकस्मिक/ बिशेष खरिद बिबादित बनेको देखिन्छ । यी खरिद बिबादित हुनुको कारण सार्वजनिक खरिदका सिद्धान्तलाई पूर्ण रूपमा मनन र इमान्दारिता साथ सम्बन्धित सरोकार निकायले आत्मसात नगर्नु नै हो भनेर केहि हदसम्म भन्न सकिन्छ । देश भित्र सक्षम, उत्तरदायी निजी क्षेत्रको विकास हुन नसक्नु पनि अर्को विडम्बना हो । तसर्थ, आकस्मिक खरिद प्रक्रियासंग मात्र होइन नतिजासंग पनि आबद्ध गरिनु पर्दछ । आकस्मिक अवस्थाको गाम्भीर्यता सरकारी पक्षले मात्र होइन कि निजि क्षेत्रले पनि बुझ्नु जरूरी छ ।

## मुख्य समस्या

- सार्वजनिक क्षेत्र भविष्य द्रष्टा नहुनु, पूर्व तयारी साथ् नबस्नु र अन्तिम अवस्थामा आएर काम थाल्ने पद्धति हुनु ,
- खरिद प्रक्रियाको पूर्व तयारीमा आकस्मिकता प्रतिबिम्बित नहुनु,
- खरिद प्रक्रियाका चरणहरूमा पारदर्शीता कायम नहुनु,
- खरिद पश्चातक उपलब्धि गुणस्तरीय नहुनु ,
- सार्वजनिक क्षेत्रमा (सरकारी, निजी) उत्तरदायीत्व, जवाफदेहिता र नैतिकताको कमि रहनु,
- नागरिकको सकारात्मक सोच र सिर्जनशील दवावको कमि रहनु,
- राजनीतिज्ञ र प्रशासन बीच सुमधुर सम्बन्ध नहुनु,
- विपद व्यवस्थापन नीति र विशेष खरिद सम्बन्धि प्राबधानमा तालमेल नहुनु।

## सुधारका उपाय

अधिकार प्राप्त अधिकारीको पहलमा वार्ता मार्फत छिटो छरितो खरिद प्रक्रिया टुंग्याउन सकिने र समयमा नै नतिजा दिने हुँदा बिश्वका सबै देशले यहि पद्दति मार्फत नै आकस्मिक खरिद गर्ने प्रचलन रहेको छ । खरिद प्रक्रियाका बिभिन्न चरणलाई पारदर्शी रूपले छिटो छरितो रूपमा पुरा गर्ने गरको र खरिद प्रक्रियालाई विवाद रहित बनाउन स्वतन्त्र समुह गठन गरि अनुगमन समेत गर्ने गरेको पनि पाइन्छ । नेपालमा आकस्मिक खरिद समेत बिबादित बनेको र प्रभावकारी हुन नसकेको सन्दर्भमा देखिएका समस्यालाई सम्बोधन गर्न देहायको पक्षमा सुधार कार्य गर्नु अपरिहार्य देखिन्छ ।

- सार्वजनिक निकायले विपद/जोखिमको पुर्बानुमान गरि योजना तयारी अवस्थामा राख्ने ,
- साझेदार निकायको सुची तयारी गरि राख्ने ,
- खरिद प्रक्रियामा Integrity Pact को प्राबधान राखिनुपर्ने
- खरिद प्रक्रियामा संलग्न हुने बीच नैतिकता र निष्ठा पालनाको प्राबधान राखिनु पर्ने,
- निजि क्षेत्रलाई सरकारी क्षेत्र जत्तिकै जिम्मेबार, उत्तरदायी बनाउने,
- खरिद प्रक्रियामा हुने अनियमितता, ढिलासुस्ती दुवै पक्षबाट हटाउने,

- खरिद प्रक्रियाका हरेक चरणमा दुवै पक्षबाट पारदर्शिता कायम गर्ने,
- स्वतन्त्र अनुगमन संयन्त्र गठन गरि अनुगमनको व्यवस्था गर्ने,
- E–Procurement को माध्यमलाई खरिद प्रक्रियामा बढी भन्दा बढी समावेश गर्ने,
- विपद ब्यबस्थापन सम्बन्धित नीतिगत पक्ष र सार्वजनिक खरिद पक्ष बीच तालमेल, अन्तर सम्बन्ध कायम गर्ने,
- सार्वजनिक प्रशासनको सुदृढीकरण मार्फत नकारात्मक प्रवृतिमा सुधार गरि नतिजामूलक ब्यबस्थापनमा जोड गर्ने,
- आकस्मिक खरिदमा अनियमितता गर्नेलाई सामान्य अवस्थामा भन्दा दोब्बर सजायको ब्यबस्था गर्ने,
- शासकीय प्रणालीका  बिभिन्न आयाममा सुधार गरी जनतामा सरकार प्रति सकारात्मक सोचको बिकाश गर्ने।
- अन्तर्राष्ट्रिय प्रचलनमा रहेका विभिन्न toolkit तथा checklist तयार पारेर खरिद पद्वतीको नियमितता पुष्टि गर्ने,
- आकस्मिक अवस्थालाई अबसरको रूपमा लिएर हात चाट्न खोज्ने मनोविज्ञानलाई नियमन गर्ने ।

**अन्त्यमा :**

विपदबाट पार पाउन होस् या राष्ट्रिय सुरक्षा, स्वाभिमान, इज्जत कायम गर्न गरिएको आकस्मिक खरिद नै किन नहोस् यसले उच्च स्तरको नैतिकताको माग गर्दछ । निसहाय अवस्थामा रहेका विपद पिडित नागरिकको आस्थाको केन्द्र बन्नुपर्ने सरकार र सरकारी निकाय लगायतले बिषय बस्तुको संवेदना नबुझ्दा कात्रोमा पनि कमिसन खाने भनेर आलोचना खेपिरहेको पाइन्छ । कतिपय अवस्थामा मनसाय नै गलत नभए पनि साझेदार निजी क्षेत्रको गैर जिम्मेवारीपनाले र सो प्रवृतिलाई नियन्त्रण गर्न नसक्नाले बेथिति देखिएको छ भने कतिपय अवस्थामा निकायहरू दिनभरि सुत्ने र रात परेपछि तात्ने बानीले पनि समस्या सिर्जना भएको छ । तसर्थ, आकस्मिक खरिदलाई ब्यबस्थित गर्दै राज्यको मुहार सुकिलो राख्न नीतिगत सुधारका साथै व्यवहारमा समेत परिवर्तन गर्नु जरूरी छ ।

## सन्दर्भ सामग्री

सार्वजानिक खरिद ऐन २०६३ तथा नियमावली -२०६४

# हुलाक नेटवर्क र इकमर्श: एक समिक्षा

रमेशकुमार कट्वाल
हुलाक सेवा विभाग

विश्व हुलाक संघको २६ औं कंग्रेसले Istanbul World Postal Strategy (IWPS) अन्तर्गत विश्वभरका हुलाकहरूलाई गुणस्तरिय सेवा, दक्ष र सुरक्षित आपुर्ति प्रणाली, मापदण्डहरूको विकास, सुचना तथा सञ्चार प्रविधिको विकास, चुस्त कार्य सञ्चालन प्रकृया तथा कार्यविधिहरूद्धारा नेटवर्क पूर्वाधारहरूको अन्तरआवद्धता र क्रियाशीलतामा सुधार गर्ने उद्धेश्य राखेको छ । यसै उद्धेश्यलाई आत्मसाथ गरि UPU को International Bureau ले सन् २०१५ मा क्षेत्रीय रणनीतिक प्राथमिकता निर्धारण गर्ने सम्मेलनद्धारा एशिया प्रशान्त क्षेत्रका लागि क्षेत्रीय सहयोग परियोजनाको रूपमा सन् २०१६ देखि २०२० सम्मको लागि Operational Readiness for E–commerce (ORE) नामक परियोजना सञ्चालन गरेको र नेपाल समेत सहभागि भएको छ ।

**ORE Roadmap and action plan :**

विश्व हुलाक संघको International Bureau ले तयार गरेको यो Roadmap हुलाकलाई e–commerce सञ्चालन योग्य बनाउनको लागि मुख्य तीन वटा चरणवद्ध कार्यहरू Operational readiness, Digital readiness र Payment readiness को कार्यक्रम अन्तर्गतको पहिलो कार्यक्रम हो । ORE roadmap ले मुलत पाँचवटा क्षेत्रमा हुलाकले तयारी गर्नुपर्ने विषयलाई जोड दिएको छ । विद्युत्तीय व्यापारको सञ्चालन आधारको लागि न्यूनतम पूर्वाधारहरू Minimum Operational Requirements, हुलाक वस्तुहरूको Visibility, हुलाक वस्तुको scanning को Data quality, Supply chain integration र समग्र हुलाक प्रशासनको reliability का मुख्य विषय क्षेत्रहरू यसमा रहेका छन् । उक्त विषयक्षेत्रहरूमा नेपालले गरेका कामलाई यस आलेखमा संक्षेपमा देहाय वमोजिम प्रकाश पारिएको छ ।

**A) Minimum Operational Requirement :**

विश्वभरिका हुलाक प्रशासनहरूको सञ्चालन प्रणालीमा एकरूपता कायम गर्न र लक्षित उपलब्धी हाँसिल गर्न न्यूनतम सञ्चालन क्रियाकलापहरू तोकिएको छ । जसमा निम्न कामहरू रहेका छन :

**i) Migration to IPS xxx or IPS.Post :**

IPS वा IPS.Post हुलाक वस्तुहरूको अन्तर्राष्ट्रिय आदानप्रदानलाई व्यवस्थित गर्न विश्व हुलाक संघले तयार गरेको सफ्टवेयरको नाम हो । नेपालले साविकमा UPU को IPS light version को सफ्टवेयर प्रयोग भएकोमा सन् २०२० को जनवरी १५ बाट UPU को IPS.Post को Version मा स्तरोन्नति गरेर हुलाक वस्तु आदानप्रदानको सफ्टवेयरमा अन्तर्राष्ट्रिय समकक्षता कायम गरेको छ ।

**ii) End to End Process Mapping:**

विश्वव्यापी रूपमा प्रेषकबाट प्रापक सम्म हुलाक वस्तुहरू पुग्न विभिन्न सरोकारवाला निकायहरू समेतले लगाएको समयको तथ्याङ्कीय गणना र त्यसको व्याख्या process mapping हो । हुलाक वस्तु

आदान प्रदान गर्दा प्रेषक र प्रापक देश तथा व्यक्ति, ढुवानी गर्ने साधान तथा तरिका र दर्ता तथा वितरण प्रकृयामा भन्सार र सुरक्षा जाँच पास गर्ने निकायहरूको सञ्जाल संलग्न रहेको देखि विभिन्न प्रकारका हुलाक वस्तुहरू जस्तै साधारण, रजिष्ट्री चिठ्ठीपत्रहरू, साना प्याकेटहरू लगायतको Inbound र Outbound को 3 Leg analysis (Export, Transportation / Import) को आधारमा E2E Process Mapping गरिन्छ। यो एक निरन्तर प्रकृया हो, जसका आधारमा हुलाक वस्तुले कहाँ, कति समय गुजारेर मात्र गन्तव्यमा वितरण भयो र अव कहाँ सुधार गर्न के गर्नुपर्छ भन्ने लेखाजोखा गर्न सम्भव हुन्छ । अन्तर्राष्ट्रिय डाँकरेखा पुनरावलोकनमा समेत यो आवश्यक हुन्छ ।

**iii) Delivery Options:**

ग्राहकको स्पष्ट ठेगाना नभए सम्म हुलाक वस्तु वितरणको सुनिश्चितता हुँदैन । यसका लागि Postal code (Zip code), सडक र घर नम्बर, ठेगाना प्रणाली व्यवस्थित गर्नुपर्ने हुन्छ । नेपालले संघीय व्यवस्था अघिको Postal code प्रयोग गरिरहेको छ । हल्काराद्वारा home delivery, काउन्टर डेलीभरी र Post box delivery देशभरका हुलाक कार्यालयबाट भइरहेको छ । काठमाण्डौं उपत्यकामा Same day delivery सेवा उपलब्ध छ । बढ्दो शहरीकरणसँगै निर्मित आधुनिक अपार्टमेन्टको हकमा हुलाकले Parcel locker को सेवा व्यवस्थित गर्नुपर्ने तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट जारी "विद्युतीय व्यापारसम्बन्धी राष्ट्रिय रणनीति, २०७६" ले तय गरेको घर नम्बर तथा सडक नम्बरीङ्ग समेत गर्ने कार्य संघीय ढाँचा अनुसार गर्नुपर्ने हुन्छ ।

**iv) Integrated Product Plan Implementation Step I.**

व्यक्तिगत चिठीपत्रहरूको विश्वव्यापी घट्दो क्रमका विचमा हुलाक सेवा अन्तर्गत विद्युतीय व्यापारका लागि अन्य सरोकार वालाहरूसँग कारोवार गर्ने आधार तयार गर्न सेवा तथा वस्तु विकासका व्यापक कार्यहरू यस अन्तर्गत गरिन्छ । पहिलो चरणमा मालवस्तु खामिएका सवै हुलाक वस्तुहरू खास गरी साधारण साना प्याकेटहरूमा समेत 13 digit alpha numerical (S10) Barcode लागू गर्ने प्रयास भइरहेको छ ।

**A) Visibility:**

हुलाक वस्तुहरू कुनै देशको हुलाक कार्यालयमा दर्ता तथा वितरणको प्रकृयामा रहँदा, हवाइ जहाज लगायतबाट ढुवानी गर्दा र खास गरी दर्ता वितरण गर्दा भन्सार प्रकृयामा भए गरेका कामहरू सम्बन्धीत अर्को देश, ग्राहकले वा नियामक लगायत सरोकारवाला निकायहरूले सूचना पाउने सुनिश्चित्ता नै Visibility हो । यस अन्तर्गत Electronic Data Interchange (EDI) देहायका कामहरू गरिन्छन :

**i) Use of PREDES 2.1 and RESDES 1.1:**

साविकको IPS light version ले PREDES 1.1 र RESDES 0.1 message version आदानप्रदान गर्ने गरेकोमा नेपालले IPS.Post मा migration भएसँगै हुलाक वस्तुको व्याग बन्दगर्दा अर्थात 'C' event

गर्दा PREDES 2.1 र हुलाक वस्तु विदेशबाट प्राप्त गर्दा अर्थात् व्याग खोलेपछिको 'D' scan गर्दाको RESDES 1.1 messaging आदान प्रदान गरिरहेको अवस्था छ । यसबाट अर्को देशको हुलाक, एयरलाइन्स र स्वदेशी भन्सार संग EDI message आदान प्रदान गर्न नेपाल तयार भएको छ ।

**ii) Use of EMSEVT V3 events and elements:**

हुलाक वस्तु दर्तादेखि वितरणसम्मका सम्पूर्ण गतिविधिहरू अर्थात दर्ता गर्दाको 'A' Event देखि वितरण गर्दाको 'I' event सम्मका गतिविधिहरू नेपालले गरिरहेको छ । उक्त कार्यको लागि IPS.Post मा User credentials को आवश्यक संख्यामा वृद्धि गरी ठीकठीक ढँगले हुलाक वस्तु दर्ता देखि वितरण सम्मको प्रत्येक गतिविधिको scanning गरेमा हुलाक वस्तुका सवै गतिविधिहरू Track ७ trace सम्भव हुन जाने र UPU मा स्वतः तयार हुने प्रतिवेदनहरूबाट हाम्रो कार्यसम्पदनको सहि मापन हुने देखिन्छ ।

**iii) Address data Capture from the Origin (EMA&EMC):**

मालवस्तु खामिएका हुलाक वस्तु दर्ता गर्ने ग्राहकले आफ्नो मोबाइल एपबाट वा हुलाक कार्यालयमा भएको kiosk machine मार्फत् वा UPU ले तयार गरेको API मार्फत् हुलाक वस्तुको दर्ताको प्रकृया पूरा गर्ने सम्पूर्ण व्यवस्था गरिएको हुन्छ । नेपालले CDS.Post मार्फत् यस्तो ठेगाना entry गर्ने कार्यको तयारी गरिरहेको छ ।

**iv) Customs data Capture:**

भन्सार लाग्ने हुलाक वस्तुहरू दर्ता गर्दाको अवस्था नै गन्तव्य देशको हुलाक प्रशासनले जानकारी पाउने ITMATT message र गन्तव्य देशको हुलाकले भन्सार लाग्ने सामानको पूर्वसूचना गन्तव्य देशको भन्सार प्रशासनलाई दिने CUSITM/CUSRSP messaging आदान प्रदान IPS.Post, CDS.Post र Asycuda World को संयुक्त प्रयासबाट सम्भव हुन्छ । सन् 2021 को जनवरी 1 बाट मालवस्तु खामिएका हुलाक वस्तुहरूलाई CDS.Post मा entry गरी चिठ्ठीपत्रको हकमा CN22 र पार्सल तथा EMS को हकमा CN23 को custom declaration form तथा सो बाट ITMATT message generate गर्ने कार्य UPU ले अनिवार्य गरेको छ ।

**v) Participation in the Global Monitoring System (GMS) (E2E) :**

हुलाकको गुणस्तर सुधारको लागि कार्यसम्पादनको मापन गर्ने प्रणाली GMS हो । हुलाक वस्तुहरू खास गरी चिठ्ठीपत्रहरूको End to End Process mapping मा संलग्न हरेक सरोकारवालाहरूको क्रियाकलापको मापनलाई UPU ले तोकेका External Panelist हरूले गरेको मूल्याङ्कनलाई चिठ्ठीपत्रको terminal dues गणना र performance bonus प्रणालीमा प्रयोग गरिन्छ । विनिमय हुलाक कार्यालयमा हुलाकवस्तु बोकेको सवारीसाधन भित्रिने र बाहिरिने गेटमा RFID antenna जडान गर्ने, आवश्यकता अनुसार चिठ्ठीपत्रहरूमा RFID tags राख्ने जस्ता पूर्वाधार तयार गर्न UPU लाई अनुरोध गरी Quality Service Fund को Global project बाट वा देशको आफ्नै खर्चबाट यो परियोजना सञ्चालन गर्न

सकिन्छ । यसको रिपोर्ट GMS.STAR बाट हेर्न सकिन्छ । Quality Service Improvement Project कोलागि सन् 2015 मा नेपाल सहभागी भएपनि यो परियोजनामा नेपाल सहभागी हुन बाँकी रहेको छ ।

**A) Data Quality:**

ORE कार्यायोजनाको तेस्रो महत्वपूर्ण कार्यक्रम गुणस्तरीय तथ्याङ्क रहेको छ । हुलाक वस्तु दर्ता गर्दा प्रेषक र प्रापकको नाम ठेगाना तथा हुलाक वस्तुको यथार्थ र समग्र जानकारी प्रदान गर्न सम्पूर्ण तथ्याङ्कीय विवरणका गुणस्तरीयता अनिवार्य गरिएको छ । Data quality को लागि मूलतः देहायका कामहरू गर्नुपर्छः-

**i) Implement Customs Declaration System (CDS):**

मालवस्तु खामिएका सवै हुलाक वस्तुहरू भन्सारको प्रकृया पूरा गरेर मात्र वितरण हुन्छन् । त्यस्ता हुलाक वस्तुहरू दर्ता गर्दा, प्रेषक र प्रापकको विस्तृत विवरण र मालवस्तुको विवरण विगतमा कागजी प्रकृयाबाट चिट्ठीका लागि CN22 र पार्सल र इएमएसको लागि CN 23 custom declaration form/sticker टाँसी पठाइने प्रकृयालाई EDI message द्वारा पनि पठाइनु पर्ने अनिवार्य व्यवस्था गरिएको छ । CDS.Post मा माथि उल्लेखित विवरणहरू प्रविष्टी गरी अर्को देशको हुलाक प्रशासनलाई र सो हुलाकले आफ्नो भन्सारसँग हुलाक वस्तुको सूचना EDI messaging द्वारा आदान प्रदान गर्ने प्रणाली UPU ले तयार गरेको हो । नेपालले यो प्रणालीबाट अन्य हुलाक प्रशासनसंग ITMATT message आदान प्रदान गर्ने तयारी गरिरहेको अवस्था छ । कतिपय देशहरूमा यो प्रणालीबाट EDI message गर्न Bilateral Data Sharing Agreement समेत गर्नुपर्ने प्रावधान रहेकोमा नेपालले Multilateral agreement को लागि पहल गरीरहेको छ । भन्सार सँग CUSITM/CUSRSP message प्रदान गर्न IPS.Post, CDS.Post को प्रणाली तयार भएपनि भन्सारले ASYCUDA world को नयाँ system प्रयोग गर्नुपर्ने हुन्छ ।

**ii) Full exchange of EMSEVT V3 tracking events and data elements:**

हुलाक वस्तु दर्ता/संकलन, ढुवानी र वितरणका क्रममा भन्सार तथा एयर लाइन्सहरू समेतका 'A' देखि 'I' सम्मका सवै विवरणहरू ठीक ढँगले tracking गर्नुपर्ने हुन्छ । उपलव्ध User Credentials बाट नेपालले यो काम गरिरहेको छ ।

**iii) Data Element compliance with UPU standardsM**

विश्व हुलाक संघले हुलाकको लागि technical तथा EDI messaging Standards हरू तय गरेको हुन्छ । 29 character को Receptacle ID S9– Postal Receptacle Identifier, S10– Identification of Postal Item–13 Characters Identifier, S42, Addressing System, S58– Security Standard of Postal office, S59–Security of office of exchange and Air Mail Unit मुख्य रहेका छन् । त्यसैगरी EDI Massaging Standards मा M33M ITMATT V1, M40M EMSEVT v3.0, M41M PREDES V2.1, M42M eVN– Electronic Verification Notes, M43M CUSITM V1, M44M CUSRSPV1, M47M CARDIT V1.2 M49MRESDIT V1.1, लगायतका Standards हरू रहेका र भन्सार तथा एयरलाइन्स बाहेकका technical र EDI standards नेपालले पनि पालना गरेको छ ।

**iv) Timelines to Return tracking information:**

EMS सेवाको लागि I–care प्रणाली, पार्सल सेवाको लागि GCSS बाट तथा समग्र हुलाक वस्तुहरूको लागि IPS.Post बाट हुलाक वस्तुको अवस्थिति, सोधनीको जवाफ तथा final delivery को जानकारी समयमा दिइने व्यवस्था गरिएको छ । देशभरबाट वितरण हुने अन्तर्राष्ट्रिय हुलाक वस्तुको Tracking जानकारी व्यवस्थापन गर्ने कार्य मुख्य चुनौतीको रूपमा रहेको छ ।

**A) Supply Chain Integration:**

हुलाकले प्रदान गर्ने सेवामा विश्वका हुलाक प्रशासनहरू मात्र संलग्न नभइ भन्सार र एयरलाइन्सहरू समेत संलग्न रहेका हुन्छन् । हुलाकले ग्राहकबाट जिम्मा लिएको हुलाक वस्तु ओसारपसारमा एयरलाइन्सहरूको Intra–line transport, interline transshipment सेवा र भन्सारले जाँचपास र मूल्याङ्कन गरी भन्सार महशुल संकलनद्वारा हुलाक वस्तु वितरणको प्रकृया पूरा हुन्छ । यस कार्यक्षेत्रमा मूख्य रूपमा देहायका कार्यहरू गरिन्छः-

**i) Exchange of CARDIT/RESDIT 2.1 with airlines:**

Warsaw and Montreal Convention of ICAO अनुसार एयरलाइन्सले Airway Bill का आधारमा बोक्ने cargo र UPU Convention अनुसार एयरलाइन्सले CN38 Delivery Bill का आधारमा बोक्ने mail को विवरण EDI message गर्ने कार्य नै CARDIT/RESDIT हो । IPS.Post को प्रणालीले यो message सृजना गर्न सक्षम रहेको भएपनि एयरलाइन्सहरूले यस सम्बन्धी प्रणाली विकास गरेपछि CARDIT/RESDIT message आदानप्रदान गर्न सम्भव हुन्छ ।

**ii) Receive ITMATT from other Designated Operator:**

मालवस्तु खामिएका हुलाक वस्तुहरूको लागि भन्सार मूल्याङ्कन प्रकृयामा सहजता, जोखिम मूल्याङ्कन र गैरकानूनी व्यापार तथा सामान ओसारपसारलाई नियन्त्रण गर्न पूर्वसूचना प्रदान गर्न CDS.Post ले सृजना गर्ने EDI message नै ITMATT message हो । IPS.Post को हालको प्रणालीले उक्त message प्राप्त गर्न नेपाल सक्षम रहेको र प्राप्त गरीरहेको छ । हाम्रो भन्सार मूल्याङ्कनको मापदण्डहरूलाई समेटेर विदेशबाट नेपालमा मालवस्तु खामिएका हुलाक वस्तु पठाउँदा Sender, Recipients, Product details लगायत कुन कुन विषयको सूचना/तथ्याङ्क अनिवार्य हो भन्ने विवरण भन्सार प्रशासनसँगको समन्वयमा तय गरी UPU बाट विश्वभरी समय समयमा circular गर्नुपर्ने हुन्छ ।

**iii) Sending ITMATT to other designated operators:**

CDS.Post को कार्यान्वयनबाट सृजना हुने ITMATT message हुलाक वस्तु पठाइने गन्तव्य देशको ITMATT requirements अन्तर्गतको messaging version यकिन गरी CDS.Post मा Configure गर्नुपर्ने हुन्छ । यसका लागि केही नीतिगत र प्राविधिक विषयहरू समाधान गर्नुपर्ने देखिन्छ । यो EDI

messaging version मा हुलाक र हुलाक बीचमा तथा हुलाक र भन्सार बीचमा CUSITM/CUSRSP messaging हरू आदान प्रदान गरिन्छ ।

**iv) Exchange of CUSITM/CUSRSP with Customs:**

उत्पत्ति हुलाकले गन्तव्य हुलाकमा CDS.Post बाट पठाएको ITMATT message लाई गन्तव्य हुलाकले गन्तव्य भन्सारसँग message आदानप्रदान गर्ने कार्य नै CUSITM/CUSRSP हो । यसका लागि हुलाकको IPS.Post वा IPS software तयार भएपनि सम्बन्धीत देशको भन्सारले आफ्नो Software लाई सो message लिन/दिन मिल्ने गरी तयारी हालतमा राख्नुपर्ने हुन्छ । नेपाल भन्सारले प्रयोग गर्ने ASYCUDA world Software को वर्तमान version लाई स्तरोन्नति गरि 4.3.2 वा सो भन्दा बढी version को Software ले उक्त message आदानप्रदान गर्न सक्ने UPU को प्राविधिक टोलीको टिप्पणी रहेको छ ।

**v) Security Certificate against S58 and S59 standards:**

हुलाकको सुरक्षा Office of Exchange (GPO) को S58 र अन्य कार्यालयहरूले S59 को Security Audit UPU बाट गराउनुपर्छ । यसका लागि Office या Exchange र अन्तर्गत् एयरपोर्टको हुलाक कार्यालय अर्थात् Airmail Unit को सुरक्षा, CC Camera बाट सबै गतिविधिको निगरानी तथा हुलाक वस्तु भण्डारण र ओसारपसारमा समेत Vehicle tracking System लगायतका प्रणालीको व्यवस्थाद्वारा सुरक्षा व्यवस्थाको प्रत्याभूति गरिनुपर्ने हुन्छ ।

**B) Reliability:**

ORE कार्यायोजनाको पाँचौ महत्वपूर्ण कार्यक्षेत्र Reliability अर्थात् भरपर्दोपन हो । यस कार्यक्षेत्र अन्तर्गत् विश्व हुलाक संघका हुलाकले सेवा गुणस्तरको प्रमाणपत्र, ठेगाना प्रणाली व्यवस्थाको प्रमाणपत्र, भन्सार तथा एयरलाइन्स सँग सम्पर्क संजालको संस्थागत व्यवस्था तथा सेवा प्रवाहको कार्य सम्पादनको गुणस्तरका आधारमा Terminal Dues को गणना जस्ता विषयहरू रहेका छन् । जो देहाय बमोजिम रहेका छन्ः-

**i) UPU Quality of Service Certification:**

**सिद्धान्ततः** हुलाकलाई नियमन गर्ने निकाय मन्त्रालय हुलाक सेवाको गुणस्तर मापन गर्ने स्थायी संयत्र हुनुपर्ने हो । हुलाक सेवा विभाग Designated Operator को रूपमा रहेको हुँदा विभागको हालको आन्तरिक डाँक शाखाको कार्यक्षेत्र पूनरावलोकन गरी आन्तरिक डाँक तथा गुणस्तर नियन्त्रण शाखाको रूपमा जिम्मेवारी हस्तान्त्रण यसको पूर्वशर्त हो । गो.हु.का., हुलाक निर्देशनालय र जि.हु.का. प्रमुखहरू समेत सम्मिलित रहने गुणस्तर नियन्त्रण गर्ने संस्थागत व्यवस्था गर्नुपर्ने हुन्छ, जो परोक्ष रूपमा यद्यपि क्रियाशील छ । हुलाक सेवा विभागको quality control संयत्रले Global Monitoring System (GMS) वा अन्य रिपोर्टहरूबाट हुलाक वस्तु दर्ता वितरणको तोकिएको मापदण्ड संग वास्तविक कार्यसम्पादनको मूल्याङ्कन

गर्ने कार्य गरि माथि उल्लेखित सबै गतिविधिहरू UPU को निर्धारित मापदण्ड अनुरूप भएको सुनिश्चित गर्नुपर्छ । त्यसका आधारमा UPU लाई Quality Audit लागि अनुरोध गरेपछि UPU बाट संथागत अवलोकन र कार्यसम्पादनको प्रमाणका आधारमा न्यूनतम २५६० अंक भन्दा बढी भए Gold (Level A), न्यूनतम १९२० अंक भन्दा माथि २५५९ सम्म भए Silver (Level B) र न्यूनतम १६०० अंक भन्दा माथि १९१९ सम्म अंक हाँसिल गरे Bronze (Level C) को प्रमाणपत्र UPU बाट हरेक देशले प्राप्त गर्ने गर्छन् । सन् २०१५ मा Quality Service Project मा नेपालले 'B' Level को Certificate पाएको थियो । यो मूल्याङ्कन प्रणाली हरेक तीन वर्षमा हुने गर्दछ ।

**i) Addressing Certificate against S42 Standard:**

हुलाक वस्तु वितरणको लागि ग्राहकको ठेगाना प्रणाली व्यवस्थापन गर्न UPU ले तयार गरेको template S42 standard हो । यसमा देशको सहभागीता भएपछि UPU को template मा हाम्रो ठेगाना प्रणालीलाई राखेर तीनवर्षलाई मान्य हुने एउटा आदर्श ठेगाना प्रणाली विकास गरिन्छ । साधारणतय चिठ्ठीपत्रमा देहायको क्रमागत व्यवस्था रहने गरी ठेगाना लेख्नुपर्छः–

a) Given Name, b) Surname, c) Street no., d) Street name, e) Street type, f) Floor, g) Town, f) Region, g) Post code, h) Country.

**ii) Service Level agreement with AirlineÚs Customs:**

हुलाक वस्तुहरू एयरलाइन्सेन्सले Intra–line/Interline transshipment बाट गन्तव्य देशको एयरपोर्टमा रहेको Airmail Unit लाई हस्तान्त्रण गर्ने काममा Airlines का Ground Handler हरूको मुख्य भूमिका रहेको हुन्छ । नेपालमा थाइ, टर्किस र इन्डीयन एयरलाइन्स बाहेकको सबै एयरलाइन्सको ग्राउण्ड ह्याण्डलीङ्को जिम्मेवारी नेपाल एयरलाइन्सको रहेको छ । एयरलाइन्सले जिम्मा लगाउने सबै हुलाक वस्तु तथा अन्य व्यापारिक वस्तुहरू एयरपोर्टमा भन्सारको विभिन्न Red, Yellow, Green Channel बाट पास हुनुपर्ने हुन्छ । भन्सारले निकासी/पैठारीमा प्रतिवन्द गरेका सामानहरू यकिन गर्न, भन्सार जाँचपास प्रकृयामा कार्यसञ्चालनगत एकरूपता र छिटोछरितोका लागि Whitelist जारी गर्ने लगायत भन्सार इन्टेलिजेन्सको कार्यलाई सघाउ पुर्‍याउन भन्सार विभागसँग समेत हुलाक सेवा विभागले Service Level agreement गर्नुपर्ने हुन्छ ।

**iii) Internet Based inquiry system for all UPU Products:**

नेपालमा पार्सलको लागि GCSS (Global Customer Service System), इएमएसको लागि I–care system प्रयोग भइरहेको छ । चिठ्ठीपत्रको लागि Registered Items Inquiry System (RIMS) मा नेपाल सहभागी हुन वाँकी रहेको छ ।

**iv) Link quality to remuneration (Supplementary remuneration system services terminal dues) :**

UPU को 3rd Extra Ordinary Congress (Geneva Congress– 2019) ले terminal dues गणना गर्न दुई किसिमका Default methodology for P/G and E format Letter, Post items / self–declared rates methodology for 'E' format letter Post items पद्धति तय गरेको छ । सन् २०२२ बाट terminal dues गणना गर्न quality link to terminal dues मा सहभागी नभए पनि नेपालले प्राप्त गर्ने Basic terminal dues भने प्राप्त गर्न सक्छ । तर अन्य Creditors देशले तय गरेको terminal dues हिसाव गर्दा नेपालले त्यस्ता देशहरूलाई Quality adjusted terminal dues rate अनुसार तिरीरहनुपर्ने हुन सक्छ । यसका लागि Letter Post को format separation, self–declared rate को घोषणा र GMS प्रणालीमा आवद्ध हुन अति आवश्यक रहेको छ ।

## निष्कर्ष

UPU को ORE Project को roadmap र action Plan का विषयहरू हुलाकले नियमीत गर्नुपर्ने र गर्दागर्दै पनि विर्सिएको कामहरू समेतको सिलसिलेवार अन्तरसम्बन्धित खाका हो । हुलाकको अबको लक्ष्य र प्राथमिकता तथा चुनौती र अवसर इकमर्श हो । इकमर्शका गतिविधिहरूमा विश्वव्यापीरूपमा हुलाक प्रत्यक्ष वा परोक्षरूपमा संलग्न हुने हुँदा नेपालको हुलाकले पनि अन्तर्राष्ट्रिय स्तरको न्युनतम कार्यसञ्चालन प्रणाली स्थापित गर्न समेत उक्त कार्यक्रमका रोडम्याप र एक्सन प्लानका कामहरू गर्नुपर्ने हुन्छ । UPU ले सन् २०२१ सम्मको लागि एक वर्ष समय थप गरेको यस छोटो अवधिमा पनि वाँकी कामहरू सम्पन्न गर्न सरोकारवाला निकायहरूको समन्वयात्मक भूमिका अपरिहार्य रहेको छ ।

## सन्दर्भ सामग्री

१ www.upu.int
२ ORE Project Templates from UPU
३ www.moics.gov.np/np/category/strategy
४ Decisions of Third Extraordinary Geneva Congress 2019

# हुलाक सेवामा तालिमको प्रभावकारिता र अबको आवश्यकता

कृष्णप्रसाद हुमागाई
प्रशिक्षक, हुलाक प्रशिक्षण केन्द्र

## पृष्ठभूमि

सूचना तथा संचारको सर्व प्राचनि माध्यम हो हुलाक सेवा मानव सभ्यताको विकाससँगै जरूरी खबर आदान प्रदनका लागि चिठ्ठीपत्र तथा लेखोट आदिको प्रयोग भएको पाईन्छ । यस्ता चिठ्ठीपत्र तथा लेखोटको वााहकको रूपमा परेवा, बाज, घोडा जस्ता पशु पंक्षिहरूको उपयोग हुने गरेका किंवदन्ती रहेका छन । तत्कालिन शासक हरूले सूचना आदना प्रदानका लागि दुतहरू खटाउने गर्दथे । नेपालको कटुवाल प्रथा जस्तै जनसमक्ष सूचना तथा सन्देश पुर्‍याउन सरकारले प्रचारकहरूको पनि व्यवस्था गरिएको पाईन्छ । आधिकारिक तवरले विश्वमा सन् १६६० मा बेलायतका राजा चार्लस द्वितीयले १६६० मा General post office स्थापना गरेको इतिहास पाईन्छ । नेपालको सन्दर्भमा चिठ्ठीपत्र आदान-प्रदान गर्ने उद्देश्यले तत्कालीन राणा प्रधानमन्त्री रणोदिप सिंहको शासनकालमा विक्रम संवत् १९३५ मा 'नेपाल हुलाक घर' को स्थापना भएको पाइन्छ । त्यस्तै राजश्व तिर्ने माध्ययमको रूपमा नेपालको आफ्नै हुलाक टिकट वि.सं.१९३८ बाट प्रकाशन भएको र शुरूवातमा १,२ र ४ आना दरका टिकट प्रकाशन गरिएको तथ्यहरू भेटिन्छ । आफ्नै सरहद भित्र सिमित नेपालको हुलाक सेवाको क्षेत्र वि. सं. १९९३ मा भारतसँग द्विदेशीय सम्झौता भई नेपाली टिकट टाँसेर चिठ्ठीपत्र पठाँउन थाले पश्चात विस्तार भएको हो । विश्व रंगमञ्चमा भने नेपाल वि.सं. २०१३ मा विश्व हुलाक संघको सदस्यता प्रप्त गरि आवश्यक तयारी पश्चात वि. सं. २०१६ बाट औपचारिक तवरले प्रवेश पाएको देखिन्छ । लामो ईतिहाँस बोकेको हुलाक सेवालाई थप व्यवस्थित, प्रभावकारी र जनमूखि बनाउन वि. सं. २०१९ मा हुलाक सेवा ऐन आए पछि हुलाक सेवा विभागले हुलाक सेवाको व्यवस्थापन गर्दै आएको छ ।

हाल नेपालमा हुलाक सेवा सञ्चालन र व्यवस्थापनका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, हुलाक सेवा विभाग, हुलाक सेवा विभाग अर्न्तगत रहने गरि ४ वटा केन्द्रीय कार्यालयहरू, ४ वटा निर्देशनालय, ७० वटा जिल्ला हुलाक कार्यालयहरू, ८४२ वटा इलाका हुलाक कार्यालयहरू र ३०७४ अतिरिक्त हुलाक कार्यालयहरू सञ्चालनमा रहेका छन् । ती कार्यालयहरूमा करिब १७ हजार जनशक्ति कार्यरत रहि सेवा प्रवाह भई रहेको छ । हुलाक सेवामा रहेका जनशक्तिलाई आवश्यक ज्ञान, सीप, दक्षता र क्षमता अभिवृद्धिको लागि समयानुकुल तालिम प्रदान गर्ने कार्य हुलाक प्रशिक्षण केन्द्रले गर्दै आएको छ ।

## हुलाक सेवामा प्रशिक्षण

संगठनको उद्देश्य प्राप्तीको लागि सीपयुक्त, दक्ष र उत्प्रेरित कर्मचारी अपरिहार्य हुन्छ । त्यसमा पनि हुलाक सेवाको कार्य प्रकृति विशिष्ट किसिमको भएकोले सेवाको क्षेत्रसँग तादाम्य हुने किसिमको प्रशिक्षणको जरूरत हुने हुँदा हुलाक सेवामा आबद्ध जनशक्तिलाई आवश्यक ज्ञान, सीप, दक्षता र क्षमता अभिवृद्धिको हेतुले २०१९ मा हुलाक प्रशिक्षण केन्द्रको स्थापना भएको हो । केन्द्रले स्थापनाकाल देखि नै सहायक स्तरका कर्मचारीको वृत्ति विकासमा केन्द्रीत महत्वपूर्ण सेवाकालीन तालिम तथा छोटो अवधिका उत्प्रेरणत्मक तालिम तथा

नवप्रवेशी हुलाककर्मी हरूका लागि लक्षित अभिमुखिकरण तालिमहरू समेत प्रदान गर्दै आएको छ ।

राजपत्र अनंकित कर्मचारीहरूका लागि वि.सं. २०३० साल देखि नै प्रशिक्षण दिंदै आएको दस्तावेजहरू भेटिएका छन् भने स्थापनासँगै सेवा केन्द्रित र उत्प्रेरणत्मक तालिमहरू निरन्तरत रूपमा संचालन हुँदै आएको छ । हुलाक प्रशिक्षण केन्द स्थापनाको करिव ६ दशक पुरा हुनै लाग्दा आफ्नो उद्देश्य प्राप्तीमा खरो उत्रन नसकेको कुरा कसैबाट छिपेको छैन । हुलाक प्रशिक्षणमा विद्यमान समस्या देहाय बमोजिम रहेका छनः-

- हुलाक प्रशिक्षणको ठोस नीति तर्जुमा हुन नसक्नु ।
- तालुक निकायबाट समुचित दिशानिर्देश हुन नसक्नु ।
- उपयुक्त प्रशिक्षक प्रशिक्षण (TOT) को प्रवन्ध हुन नसक्नु ।
- हुलाक सेवाका निकाएहरूका वीचमा समन्वय हुन नसक्नु र प्रशिक्षण सम्बन्धी गतिविधिमा एक द्वार प्रणालीलाई आत्मसात गर्न नसक्नु ।
- न्यून बजेटका कारण राष्ट्रिय तालिम नीति बमोजिम हुलाक सेवा अन्तर्गतका सबै सेवा, श्रेणी र पदका सम्पूर्ण कर्मचारीलाई तालिम (Training for all) प्रदान गर्न तालिम कार्यक्रमलाई व्यापक, विकेन्द्रित र निरन्तर कार्यको रूपमा संचालन गर्न असमर्थ हुनु ।
- संगठनको लक्ष्य प्राप्तीको लागि तालिमलाई कार्य विवरण, कार्य सम्पादन, नेतृत्व विकास सँग आवद्ध गर्न नसक्नु ।
- तालिम पाठ्यक्रम तर्जुमामा कार्यसम्पादनको प्रकृति र आवश्यकतालाई ध्यान दिई सरोकारवाहरू बीच पर्याप्त सहकार्य हुन नसक्नु ।
- नियमति र व्यवस्थित रूपमा कर्मचारीहरूको तालिम आवश्यकताको लेखाजोखा (Training Need Assessement) भई सो को आधारमा तालिम प्रदान गर्न नसक्नु ।
- हुलाक सेवामा विश्व जगतमा विकसित नवीन अवधारणा र व्यवस्थाकीय क्षेत्रमा आएका परिवर्तनलाई तालिमका विषयवस्तुको रूपमा अंगिकार गर्न असमर्थ हुनु ।
- आधुनिक प्रविधि एवं सूचना तथा संचार क्षेत्रमा आएका परिवर्तनलाई तालिमका क्रममा उपयोग गर्न नसक्नु।
- सकारात्मक सोचयुक्त सेवाग्राही मैत्री व्यवहार गर्न सक्ने र अग्रसरता लिन उत्सुक हुने कर्मचारी तयार गर्न गर्न नसक्नु ।
- मुलुकको राज्य पुनसंरचनाको ढाँचा अनुरूप तालिम कार्यक्रमलाई विस्तार र व्यवस्थित गर्न नसक्नु ।
- आधुनिक एवं व्यावसायिक हुलाक सञ्चालनरत मुलुकका तालिम प्रदायकहरूसँग सहकार्य र साझेदारी गरी विशिष्टिकृत तालिमको आदानप्रदान (Exchange Programme) को व्यवस्था गर्न नसकिएको ।
- आधुनिक हुलाकको उच्च व्यवस्थापकीय सीप, पेशागत विशिष्टता र प्रविधि हस्तान्तरणमा सहयोग पुऱ्याउन वैदेशिक तालिमको समुचित अवसर दिन नसकिएको र आक्कल झुक्कल वैदेशिक तालिममा सहभागि हुने कर्मचारीले तालिमको क्रममा सिकेका विषय वस्तुहरू दस्तावेजिकरण र हस्तान्तरण हुन नसकेको ।
- तालिम प्रदायक संस्था र संलग्न जनशक्तिको विद्यमान क्षमताको पूर्ण उपयोग, विस्तार, सुदृढीकरण

एवं प्रोत्साहन गर्नका लागि क्षमता अभिवृद्धि, सञ्जालीकरण, समन्वय, सहकार्य र साझेदारीमा जोड दिन नसकिएको ।

- तालिमको लागि स्रोत अभाव हटाउन वार्षिक बजेटमा पर्याप्त विनियोजनको व्यवस्था हुन नसक्नु ।
- नतिजामुखी तालिम सञ्चालनका लागि आवश्यक पर्ने दक्ष प्रशिक्षक विकास गर्न ध्यान दिन नसकिनु ।
- विभिन्न तालिम निकायहरूविचको पर्याप्त सहयोग समन्वय, अनुभव आदानप्रदान हुन नसकेको । परिणामतः तालिममा दोहरोपना आउने गरेको ।
- तालिम केन्द्रहरूको अपर्याप्त भौतिक संरचना, स्रोत साधनको अभाव आधुनिक प्रविधि एवम नयाँ तालिम विधिहरूको अधिकतम प्रयोग हुन नसकेको ।
- अधिकांश तालिम कार्यक्रमहरू व्यावहारिक भन्दा सैद्धन्तिक ज्ञान प्रदानमा सिमित रहेका ।
- तालिम आवश्यकता पहिचान व्यवस्थित र प्रभावकारी हुन नसकेको ।
- निजामति कर्मचारीलाई दिने सेवाकालीन तालिमहरू कार्यसम्पादनसँग तादाम्य नभई मुलत बढुवामुखि र तदर्थ हुने गरेको ।
- अधिकांस कर्मचारीहरूले तालिमलाई दक्षता अभिवृद्धि भन्दा आर्थिक लाभहानीको आँखाले हेर्ने गरेको ।
- कामको प्रकृतिको आधरमा भन्दा सबै खाले कर्मचारीलाई सधै एउटै किसीमको तालिम दिने गरेको ।
- तालिम केन्द्रहरू सिप सिक्ने भन्दा कर्मचारीहरूको तिक्तता पोख्ने थलो बन्न पुगेको ।
- पर्याप्त बजेटको अभावमा हुलाक सेवाको आकर्षणको रूपमा रहेको प्रशिक्षणबाट अझै पनि धेरै कर्मचारीहरू बञ्चित हुँदै आएका छन भने अर्कोतिर जिल्ला हुलाक कार्यालयहरूले एउटै कर्मचारीलाई पटक पटक मनोनयन गरी पठाउने प्रवृत्तीलाई समेत निरूत्साहित गर्न सकेको अवस्था छैन ।

**हुलाक सेवामा तालिमको आवश्यकता**

सेवा प्रवाहलाई चुस्ता र प्रभावकारी बनाउन ज्ञान सीप युक्त र उत्प्रेरीत कर्मचारीको आवश्यकता पर्दछ । हुलाक सेवामा हुलाक प्रशिक्षण केन्द्रले प्रदान गर्ने तालिमको माग पक्ष प्रवल रहदै आएको छ । हुलाक सेवामा मुलतः देहाय बमोजिम तालिमको आवश्यकता बोध हुन्छः

- कर्मचारीको ज्ञान, सीप, दक्षता र क्षमता अभिवृद्धि गरी संगठनको लक्ष्य प्राप्तिमा सघाउ पुऱ्याउन ।
- नागरिक सेवा प्रति समर्पित र उत्तरदायी हुलाक सेवाको विकासका लागि तालिमको माध्यामबाट कर्मचारीको कार्यशैली तथा मनोबृत्तिमा सकारात्मक परिवर्तन ल्याउन ।
- राज्यले लिएको समावेशीकरणको नीतिलाई समेत सहयोग पुर्याउने गरी तालिम कार्यक्रम संचालन गर्न
- उपयुक्त संगठनिक वातावरण र उपलब्ध साधन स्रोतको अधिकतम उपयोग गर्न ।
- कर्मचारीको मनोबल उच्च हुने मनोवृत्तिमा सकारात्मक परिवर्तन आउने ज्ञान र सिपको प्रयोग गर्ने तत्परता विकास हुने, सिक्ने र सिकाउने उत्सुकता पैदा गर्न
- कर्मचारीहरूको क्षमता बढाउने, कामको लागत घटाउने, कार्य प्रेरणा बढाउने, कर्मचारीलाई गतिशिल, लचकदार र परिवर्तनशिल बनाउने र प्रणालिभित्र सबै कर्मचारीलाई समान रूपमा तालिमको अवसर वितरण गर्न ।

- कर्मचारीको कार्य संस्कृतिमा परिवर्तन ल्याउने र वृत्ति विकासमा टेवा पुर्याउन ।
- कर्मचारीहरूको पेशागत विशिष्टता र व्यावसायिकता ल्याउन र नेतृत्व विकास गर्न ।
- प्रतिस्पर्धात्मक क्षमता विकास गर्न र कर्मचारीलाई परिवर्तनको सम्वाहक बनाउन ।

## प्रभाकारी प्रशिक्षणका लागि प्रशिक्षक प्रशिक्षणको आवश्यकता

तालिमलाई संगठनमा आवद्ध जनशक्तिको ज्ञान र सीप विकासको प्रभावकारी औजारको रूपमा लिईन्छ । तालिमले कर्मचारीको ज्ञान र सीप विकास गर्दै उनिहरूको व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन हस्तक्षेपकारी भूमिका खेल्दछ । तालिमले कर्मचारीको साथै सिंगै संगठनको कार्य सम्पादन अभिबृद्धिमा सघाउ पुर्याउने गर्दछ। तालिममा सहभागिलाई उपयुक्त सिकाईको वातावरण सृजना गर्न र तालिमको उद्देश्य अनुरूपको प्रभावकारी सिकाईका लागि प्रशिक्षकको महत्वपूर्ण भूमिका रहन्छ। तालिमको सफलताका लागि प्रशिक्षकमा विषय वस्तुको स्पषट बुझाई, प्रशिक्षणका सिद्धान्तहरू, प्रशिक्षण विधि, सहजीकरण र प्रस्तुतीकरण सीप अपरिहार्य छ । प्रभावकारी प्रशिक्षणका लागि प्रशिक्षक निपुण हुनु जरूरी छ । संगठनको उद्देश्य प्राप्तिका लागि सञ्चालन हुने प्रशिक्षणको सफलताका लागि प्रशिक्षकको समेत क्षमता विकास आवश्यक हुन्छ । तसर्थ, तालिमको प्रभावकारीताका लागि प्रशिक्षणमा संलग्न हुने जनशक्तिलाई प्रशिक्षक प्रशिक्षण (ToT) दिनु जरूरी देखिन्छ । त्यसै गरी हुलाक सेवाको प्रशिक्षणमा आबद्ध जनशक्तिलाई पनि प्रशिक्षक प्रशिक्षण दिई सक्षम प्रशिक्षक विकासमा ध्यान दिनु जरूरी छ । हामी हाम्रा सेवा वा काम प्रभावकारी भएन भनेर सहजै टिका टिप्पणी गर्छौ तर के कारणले प्रभावकारी नभएको हो त्यसको मूल कारणको खोजी गरी त्यसको निदानमा लाग्दैनौ । हुलाक सेवा अन्तरगतका सेवाको प्रभावकारीतामा पनि यहि नियतीले घर गरेको छ। विश्व हुलाक संघ (UPU) तथा अन्य सफल हुलाक सञ्चालन गरिरहेका मुलुकसँगको सहकार्यमा आधुनिक एवं अन्तराष्ट्रिय हुलाक सञ्चालन सम्बन्धी प्रशिक्षक प्रशिक्षण (ToT) को समेत समुचित अवसर प्रदान गर्नु पर्ने देखिन्छ । तसर्थ, हुलाक प्रशिक्षणलाई प्रभावकारी बनाउन निस्चित समयको अन्तरालमा प्रशिक्षणमा संलग्न कर्मचारीहरूका लागि  देहाय बमोजिम प्रशिक्षक प्रशिक्षण (ToT) तालिमको आवश्यकता देखिन्छः

- प्रशिक्षकहरूमा आत्मविश्वास जगाई कक्षा सत्रलाई फलदायी बनाउन
- प्रशिक्षकको बुझाईलाई स्पषट र फराकिलो बनाउदै उसमा सहजीकरण एवं प्रस्तुतीकरण क्षमता विकास गर्न ।
- सिकाईको व्यवस्थीत पद्दती स्थापित गर्न ।
- तालिमको उपयुक्त विधि र प्रभावकारी कक्षा सत्र सञ्चालन गर्न ।
- सहभागिहरूको सहभागिता मूलक सिकाई पद्दती विकास गर्न ।
- प्रशिक्षणलाई चाखलाग्दो बनाउन प्रशिक्षकलाई अन्तरक्रिया, मष्तिस्क मन्थन, समूह छलफल, भूमिका अभिनय, मामिला अध्ययन, अवलोकन, समस्या समाधान जस्ता रचनात्मक प्रशिक्षण विधिको उपयोगमा सक्षम तुल्याउन ।

## प्रभावकारी प्रशिक्षणका लागि चाल्नुपर्ने कदमहरु

सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा भएको तिब्र विकासले हुलाकको परम्परागत कार्यबोझ स्वभाविक रूपमा घटेको छ । परिणमस्वरूप विश्वका सफल हुलाक हरूले आफ्ना सेवामा विविधीकरण मार्फत हुलाक सेवालाई आधुनिकीकरण तथा व्यावसायिकरण गर्न सफल भएका छन, सूचना प्रविधिको विकासले हुलाकको कार्य व्यापारमा कमि आएको यथार्थलाई आत्मसाथ गर्दै UPU ले यो वर्ष अर्थात २०२० को विश्व हुलाक दिवसको नारा 'More than Mail' तय गर्दै अब हुलाक चिठ्ठीपत्रमा सिमित हुन नसक्ने स्पष्ट सन्देश दिएको छ । हुलाक सेवा सूचना प्रविधिमा आधारित आधुनीक हुलाक निर्विकल्प भै सकेको छ । यस्तो आधुनिक र प्रतिश्पर्धि हुलाक संचालनका लागि दक्ष जनशक्तिको जरूरत पर्दछ । दक्ष जनशक्ति उत्पादनका लागि सक्षम र प्रभावकारी प्रशिक्षणको जरूरी हुन्छ । तसर्थ, आधुनिक हुलाक संचालन गर्न आवश्यक दक्षता, सीप विकासमा प्रभावकारी प्रशिक्षण सम्वन्धी देहायबमोजिमका सुझावहरूमा ध्यान दिनु जरूरी छः

- हुलाक सेवामा कर्मचारी प्रशिक्षण सम्बन्धी ठोस नीति तथा योजना र कार्यक्रम तर्जुमा गरी लागू गर्नु पर्दछ।
- संगठनको लक्ष्य प्राप्ति र कर्मचारीको वृत्तिविकासका लागि राष्ट्रिय तालिम नीति बमोजिम "सबैका लागि तालिम" अभियानलाई कार्य योजना बनाई लागू गर्नु पर्दछ । यस क्रममा राज्य पुनःसंरचना सापेक्ष हुने गरी हुलाक सेवामा तालिम कार्यक्रमको व्यवस्था र विस्तार गरिनु पर्दछ ।
- नियमीत र प्रभावकारी तालिम आवश्यकता पहिचान (Training Need Assessement) गरी सोको आधारमा पाठ्यक्रमलाई आवश्यकता अनुसार समयानुकूल परिमार्जन गरी सबैलाई तालिम प्रदान गरिनु पर्दछ ।
- हुलाक सेवामा प्रवेश गर्ने प्रत्येक कर्मचारीलाई अभिमुखिकरण तालिम दिने व्यवस्था गरिनु पर्दछ । अस्थायी र करार कर्मचारीलाई समेत छोटो अवधिको तालिम दिनु पर्दछ ।
- प्रशिक्षणको प्रभावकारीताका लागि दक्ष प्रशिक्षक विकास गर्न समय समयमा उपयुक्त प्रशिक्षक प्रशिक्षण (TOT) को व्यवस्था गर्नु पर्दछ ।
- सहायक स्तरका कर्मचारी केन्द्रित हुलाक प्रशिक्षणको दायरालाई फराकिलो बनाई विशेषतः हुलाक अधिकृतहरूलाई पनि प्रशिक्षणमा समेट्नु अपरिहार्य छ ।
- हुलाक प्रशिक्षण केन्द्रलाई हुलाक सूचना केन्द्रको रूपमा विकास गर्दै हुलाक सम्बद्ध सबैखाले प्रशिक्षणको जिम्मेवारी दिनु पर्दछ ।
- तलिमका पाठ्यक्रम तथा तालिम सामग्री विकासमा हुलाक सेवा विभागले सक्रिय एवं निर्देशनात्मक र अन्य केन्द्रियहरूको सक्रिय एवं समन्वयात्म भूमिका खेल्नु पर्दछ ।
- तालिमलाई नतिजामूलक बनाउन संगठन विकास र कर्मचारीको कार्य उपलब्धि एवं कार्यजिम्मेवारीसँग सम्बन्धित तुल्याइनु पर्दछ ।
- तालिमलाई प्रविधिमैत्री बनाउन सूचना प्रविधिलगायत नवीनतम् प्रविधिको प्रयोगमा जोड दिइनेछ । यस क्रममा दूर शिक्षा (Distance Learning), इन्टरनेटमा आधारित तालिम (Internet based Training), भर्च्यूयल कक्षा (Virtual Classroom), इट्रेनिङ्ग (Etraining), कम्प्युटरमा आधारित

कार्यक्रमिक प्रशिक्षण (Computer based Programmed Instruction (CPI), टेलि ट्रेनिङ्ग (Tele training) एवं घुम्ती तालिम, स्वाध्ययन सामग्री विकास र प्रकाशन जस्ता पद्धति अपनाइनु पर्दछ ।

- आधुनिक हुलाक सञ्चालनका लागि आवश्यक ज्ञान, सीप र व्यवहारगत पक्षमा प्रचलित, समसामयिक र आगामी दिनहरूमा आउन सक्ने विषय क्षेत्रहरूमा अद्यावधिक हुने खालका तालिम सञ्चालनमा विशेष प्राथमिकता दिईनु पर्दछ ।
- कर्मचारीको मनोबृत्तिमा सकारात्मक परिवर्तनका लागि योग, ध्यान, मनोसामाजिक परामर्श जस्ता विषयलाई तालिमको विषयवस्तुका रूपमा समावेश गरिनु पर्दछ ।
- हुलाक प्रशिक्षण केन्द्रको संस्थागत क्षमता विकास र सुदृढीकरणको लागि भौतिक पूर्वाधारमा सुधार, स्रोतसाधनको व्यवस्था र गुणस्तरीय जनशक्तिको उपलब्धता सुनिश्चित गरिनु पर्दछ ।
- वाह्य स्रोत व्यक्तिहरूको विषयगत क्षेत्र अनुसारको सूची (Roster) तयार गरि सोको आधारमा प्रशिक्षकको व्यवस्था मिलाइनु पर्दछ । अवकाश प्राप्त कर्मचारीहरूलाई विशेषज्ञताका आधारमा प्राथमिकता दिइनु पर्दछ ।
- प्रशिक्षकहरूलाई आधुनिक हुलाकको उच्च व्यवस्थापकीय सीप, पेशागत विशिष्टता र प्रविधि हस्तान्तरणमा सहयोग पुऱ्याउने वैदेशिक तालिमको समेत समुचित अवसर दिई वैदेशिक तालिममा सहभागि हुने कर्मचारीले तालिमको क्रममा सिकेका विषय वस्तुहरू दस्तावेजिकरण गर्ने प्रवन्ध गनु पर्दछ ।
- तालिमलाई प्रभावकारी तथा व्यवहारोपयोगी बनाउन सरोकारवाला उपल्लो निकायले तालिम कार्यक्रमको अनुगमन र प्रभाव मूल्यांकन (Impact evaluation) गर्ने, गराउने र पृष्ठपोषण दिने परिपाटी संस्थागत गरिनुपर्दछ ।
- हरेक कर्मचारीले तालिम लिएको विवरणलाई निजामती कितावखाना (PIS) को अभिलेखमा आवद्ध गरिनेछ ।
- कर्मचारीको कार्यविवरण र जिम्मेवारी अनुरूपका कार्यसम्पादन सघाउ पुग्ने खालका व्यावहारिक तालिम प्रदान गर्नु पर्दछ ।
- विश्व स्तरमा आएका नवीन अवधारणा, सिद्धान्त, प्रविधि र पद्यतिअनुरूप तालिम प्रणाली र पाठयक्रममा सुधार ल्याउन ।
- कर्मचारीहरूको साकारात्मक सोच, सेवाग्राही मैत्री व्यवहार कार्यप्रतिको उत्सुकता र मनोबल वृदि गर्ने एवम मानवीय र सामाजिक ज्ञान प्रवर्द्धन हुने खालका तालिम प्रदान गर्ने,
- हुलाक सेवामा विश्व जगतमा विकसित नवीन अवधारणा र व्यवस्थाकीय क्षेत्रमा आएका परिवर्तनलाई तालिमका विषयवस्तुको रूपमा अंगिकार गर्नु पर्दछ ।
- आधुनिक एवं व्यावसायिक हुलाक सञ्चालनरत मुलुकका तालिम प्रदायकहरूसँग सहकार्य र साझेदारी गरी विशिष्टिकृत तालिमको आदानप्रदान (Exchange Programme) को व्यवस्था गर्नु पर्दछ ।
- हुलाक प्रशिक्षण केन्द्रको भौतिक संरचना तथा साधन स्रोतको पक्षमा सुधार गरी आधुनिक प्रविधिमा पहुँच स्थापित गर्नु पर्दछ,
- हुलाक प्रशिक्षण केन्द्रलाई आधुनिक प्रविधि मैत्री बनाउन अपरिहार्य छ, सो का लागि कम्तिमा एक वटा अधिकृत स्तरको प्राविधिक दरवन्दी कायम गरिनु पर्दछ ।

- हुलाक कार्यालयहरूले एउटै कर्मचारीलाई समान प्रकृतिका तालिममा पटक पटक मनोनयन गरी पठाउने प्रवृत्तीलाई निरूत्साहित गर्न जरूरी छ ।
- तालिम पाठ्यक्रम तर्जुमामा कार्यसम्पादनको प्रकृति र आवश्यकतालाई ध्यान दिई सरोकारवाहरू बीच पर्याप्त सहकार्य हुन पर्दछ ।
- हुलाक सेवामा विश्व जगतमा विकसित नवीन अवधारणा र व्यवस्थाकीय क्षेत्रमा आएका परिवर्तनलाई तालिमका विषयवस्तुको रूपमा अंगिकार गर्ने अवश्था सृजना गर्नु पर्दछ ।
- मुलुकको राज्य पुनसंरचनाको ढाँचा अनुरूप तालिम कार्यक्रमलाई विस्तार र व्यवस्थित गर्न आवश्यक छ ।
- आधुनिक एवं व्यावसायिक हुलाक सञ्चालनरत मुलुकका तालिम प्रदायकहरूसँग सहकार्य र साझेदारी गरी विशिष्टिकृत तालिमको आदानप्रदान (Exchange Programme) को व्यवस्था गर्नु जरूरी छ ।
- तालिम कार्यक्रमहरू सैद्धन्तिक भन्दा व्यावहारिक ज्ञान प्रदानमा जोड दिनु पर्छ ।

## उपसंहार

वर्तमान हुलाक सेवाको व्यापक सुधरसँगै आधुनकि हुलाक सञ्चालनका लागि आवश्यक जनशक्तिको विकास अत्यावश्यक हुन्छ । यसका लागि कर्मचारीहरूलाई समुचित रूपले प्रशिक्षित गर्नु जरूरी हुन्छ । तालिमलाई प्रभावकारी तथा संगठनको उद्देश्य प्राप्तिमा केन्द्रित गर्न प्रशिक्षण केन्द्रको संस्थागत क्षमता विकासका साथै संलग्न जनशक्तिको क्षमता विकासमा समेत समुचित ध्यान दिनु जरूरी छ । आधुनिक हुलाकको मार्गचित्र र गन्तव्य स्पष्ट गरी सो का लागि आवश्यक ज्ञान, सीप, र दक्षताको मानक तयार गरी विषय विज्ञहरू मार्फत प्रशिक्षक प्रशिक्षण (TOT) सञ्चालन गर्ने र आवश्यकता र उपलब्धताको आधारमा वैदेसिक तालिमको अवसर समेत प्रदान गरी प्रशिक्षकहरूको ज्ञान र सीपलाई फराकिलो बनाउनु जरूरी छ । त्यसैगरी प्रशिक्षण सञ्चालनका लागि भौतिक तथा आर्थिक स्रोत साधनको समेत समुचित व्यवस्था गर्नु जरूरी देखिन्छ । तसर्थ, हुलाक सेवा संबद्ध निकायहरूका वीच समुचित सहकार्यका साथै प्रशिक्षण प्रभावकारी र संगठनको जीवनमा व्यवहारोपयोगी भए–नभएको विषयमा सरोकारवाला उपल्लो निकायले तालिम कार्यक्रमहरूको छड्के अनुगमन तथा प्रभाव मूल्यांकन (Impact evaluation) गर्ने, गराउने र पृष्ठपोषण दिने परिपाटी संस्थागत गरिनु अपरिहार्य छ ।

## सन्दर्भ सामग्री


- हुलाक सेवा ऐन, २०१९
- हुलाक सेवा नीयमावली, २०२०
- हुलाक सेवा कार्यविधि निर्देशिका,२०६३
- हुलाक सेवा सुधार कार्यदलको प्रतिवेदन
- हुलाक पत्रीकाका विभिन्न अंकहरू

# जापानको आधुनिक हुलाक सेवाः नेपालले केही सिक्ने कि?

नविन गङ्तान लामा
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

जापान नेपाल भन्दा क्षेत्रफलको आधारमा करिव २.५ गुणा र जनसंख्याको आधारमा ४ गुणा ठुलो राजतन्त्रात्मक, संसदीय, एकात्मक शासन व्यवस्था भएको मुलुक हो । अर्थतन्त्रका हिसाबमा जापान विश्वको चौथो स्थानमा रहेको छ । जापानमा विशेष गरी इलेक्ट्रोनिक्स र अटोमोबाइलका सामानहरूको उत्पादन भई आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन भैइरहेता पनि देश भित्र अनेकन साना तथा घरेलु उद्योग मार्फत आर्थिक गतिविधिहरू भई प्रशस्त रोजगारीको सिर्जना भैरहेको छ । पूँजीबादी अर्थ व्यवस्थालाई अंगाल्दै आएको जापनमा विश्वव्यापिकरणको प्रभाव पश्चात धेरै जसो सार्वजनिक संस्थानलाई निजिकरण गर्दै अगाडि बढिरहेको छन ।

हाल सूचना प्रविधिको विकास र प्रयोगसँगै संसार भरि नै हुलाक सेवाको भूमिका खुम्चिदै गई रहेको छ । केही बर्ष अघि सम्म मानिसहरूको सुचना संसारको प्रमुख साधन हुलाक सेवा थियो भने हाल इमेल, इन्टरनेट, फेसवुक, इन्टाग्राम, टिकटक लगायत दर्जनौ सामाजिक सञ्जालहरूको विकास भैसकेका छन । त्यस्तै गरी निजी कुरियर कम्पनीहरूको सुरूवातले हुलाक सेवाको प्रभावकारीता पनि खुम्च्याइरहेको छ। तथापी, जापानमा भने हुलाक सेवाको प्रयोग अत्याधिक नै रहेको पाइन्छ। जापानिजहरू सूचना प्रविधिको प्रयोग कम गर्ने भन्ने पनि होइनन् । हुलाक सेवाको भूमिकालाई जापानमा फराकिलो बनाईएको छ । जापानमा औपचारिक रूपमा हुलाक सेवाको गठन सन १८७१ बाट भई सुरूवाती चरणमा टोकियो, क्योटो र औसाकालाई हुलाक सञ्जालमा पत्रचारको लागि मात्र जोडियो । समय व्यतित हुदै जादा नविनतम अवधारणा र विकाससँगै हुलाकले पनि आफ्नो सेवालाई आधुनिकिकरण, विविधिकरण र व्यवसायिकरण गर्दै अगाडि बढेको देखिन्छ । सन २००७ मा आइपुग्दा जापानको हुलाक सेवालाई ६० प्रतिशत सरकारी र ४० प्रतिशत निजी सेयर हुने गरी Japan Post Holdings Co. Ltd. कम्पनी को स्थापना भयो । जस अन्तर्गत चार वटा Japan Post Service Co. Ltd., Japan Post Network Co. Ltd., Japan Post Bank Co. Ltd. र Japan Post Insurance Co. Ltd. कम्पनीको स्थापना गरी हुलाक सेवालाई आधुनिक र व्यवस्थित गर्ने काम गरियो । सन २०१५ मा जापान पोष्ट सर्भिस कम्पनिलाई Tokyo Stock Exchange मा दर्ता गरी आम नागरिकहरू समेतलाई शेयर सदस्य बन्ने सुनौलो अवसर प्रदान भयो । जापानमा हुलाक कार्यालयबाट एकिकृत सेवाहरू प्रदान गर्ने परिपार्टीले एकातर्फ सेवाको लागत घटाउदै आएको छ भने अर्को तर्फ कर्मचारीहरूको व्यवसायिकता अभिबृद्धि तथा सेवाग्राहीलाई एकद्वार प्रणाली मार्फत छिटो र सहज पहूँचको सुनिश्चितता भएको छ ।

मुख्यतया हुलाक कार्यालयबाट प्रदान गरिने प्रारम्भिक सेवा भनेको पत्राचार गर्नु नै हो । हुलाक कार्यालयले साधारण चिठी पत्रको पत्राचार मात्र नभई हरेक प्रकारको साना ठुला पार्सल देखि सवारी साधन सम्म स्वदेश तथा विदेशमा पनि पठाउने गर्दछ । जापानमा सूचना प्रविधिको प्रयोग अधिकतम भएता पनि सरकारी कार्यालय, विद्यालय, विद्युत कार्यालय, खानेपानी कार्यालय, ग्यास कार्यालय लगायत सबै प्रकारको निकायबाट नागरिकहरूलाई सेवा प्रवाहको क्रममा दिन पर्ने सूचना, जानकारी, निर्णयहरू हुलाक मार्फत नै आउने गर्दछ । जस्तैः वडा कार्यालयले कुनै पनि नयाँ व्यवस्था वा सूचनाहरूको वारेमा आफ्ना वडाका

नागरिकहरूलाई जानकारी गराउन चाहेमा हुलाक मार्फत नै सबैलाई पत्राचार गर्ने गर्दछ । विद्यालयबाट विद्यार्थीको अभिभावकलाई कुनै विशेष जानकारी गराउनु पर्ने भए पनि हुलाक मार्फत नै पत्राचार गरिन्छ । विद्युत, खानेपानी, ग्यास कम्पनीबाट ग्राहकहरूलाई हुलाक मार्फत नै विलहरू पठाउने गरिन्छ । सरकारी कार्यालयको अतिरिक्त निजी कम्पनीहरूबाट पनि ग्राहकलाई दिनु पर्ने सेवाहरू सम्पुर्ण हुलाक मार्फत नै आउने गर्दछ । जस्तैः इन्टरनेट, टेलिफोन, मोबाइल, हस्पिटलको विल तथा अमेजन वा अन्य कुनै पनि कम्पनीबाट अनलाईन खरिद गरिए पनि हुलाक सेवाबाट नै विल तथा सामान प्राप्त हुन्छ ।

हुलाक कार्यालयले प्रवाह गर्ने अर्को महत्वपुर्ण सेवा भनेको वैंकिङ सेवा रहेको छ । देशको सबै स्थानमा हुलाक बैंकको अत्याधुनिक सेवाहरू एकिकृत कार्यालय मार्फत प्रदान गरिदै आएको छ । वैंकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत रकम ट्रान्सफर सेवा प्रदान गर्दै आएको छ भने २४ सै घण्टा एटिएम मार्फत रकम झिक्न र जम्मा गर्न सकिने व्यवस्था गरेको छ । त्यसो त जापानको सबै वैंकमा भएको एटिएम मेसिनमा रकम जम्मा गर्न र झिक्न सकिने भएकोले वैंक काउण्टरमा रकम जम्मा गर्नेको भिड देखिदैन । अन्य निजी कम्पनिले जस्तै हुलाक बाट जीबन विमा सम्बन्धी सम्पुर्ण काम हरू पनि हुने गरेको छ ।

**जापानको हुलाक सेवाको केही विशेषताहरु यस प्रकार रहेका छनः–**

- सर्वप्रथमः जापानमा बसोबास गर्ने स्वदेशी तथा विदेशी जुनसुकै व्यक्तिले वडा कार्यालयमा गएर आफ्नो घर तथा कोठाको ठेगाना अध्यावधिक गर्नु पर्दछ । कुनै कारणले एक ठाउँबाट अर्को ठाउँमा बसाइ सर्ने वा ठेगाना परिवर्तन गर्नु पर्ने भए ठेगाना परिवर्तन भएको १५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा गई आफ्ना रेसिडेन्ट कार्डमा नयाँ ठेगाना अध्यावधिक गर्नु पर्दछ। नयाँ ठेगाना प्राप्त भए पश्चात हुलाक कार्यालयमा पनि सोही ठेगाना अध्यावधिक गर्नु पर्दछ । हुलाक कार्यालयमा अध्यावधिक नभएमा आफुले प्राप्त गर्ने कुनै पनि चिठीपत्र, बिल, सूचना पठाउने निकायमा नै फिर्ता गरिन्छ ।
- जापानको हरेक घरमा कोठाको आधारमा घरको भुइ तलामा मेल बक्सको व्यवस्था राखिएको हुन्छ । पत्राचारको सुविधालाई मध्यनजर गर्दै साधरण प्रकृतिको पत्रहरू जम्मा गर्नका लागि शहरको विभिन्न स्थानमा हुलाक बक्सको व्यवस्था गरिएको हुन्छ । सो स्थानमा सेवाग्राहीले पत्रहरू खसाली आफुले तोकिएको स्थानमा पठाउन सक्दछन । हुलाकले हरेक दिन सो हुलाक बक्सहरूमा भएको पत्रहरूलाई जम्मा गरी तोकिएको ठेगानामा पठाउने गर्दछ ।
- हुलाक कार्यालयको वाहिर एटिएम मेशिन र भित्रपट्टि आ–आफ्ना डेस्कमा कर्मचारीहरू बसि कुनै पनि ग्राहक भित्र पस्नसाथ (इरास्याइमासे) स्वागतम भनी स्वागत गर्ने गर्दछन् । जापानको जुनसुकै पसल, सुपरमार्केट, वैंक तथा कार्यालयमा सेवाग्राही प्रवेश गर्दा स्वागतम (इरास्याइमासे) र निस्कदा धन्यबाद (आरिगातोउ गोजाइमास) भन्ने संस्कृति नै रहेको छ । हुलाक कार्यालय भित्र सेवाग्राहीलाई प्रतिक्षा गर्नको लागि प्रतिक्षालय, टेलिभिजन अध्ययन गर्नका लागि विभिन्न पुस्तक तथा आखा कम्जोर हुने सेवाग्राहीका लागि चश्माको समेत व्यवस्था गरिएको हुन्छ । गर्मियाममा चिसो बनाउन एयरकन्डिनर तथा जाडोयाममा तताउनका लागि हिटरको व्यवस्था गरिएको हुन्छ ।
- हुलाकीले भेटेर नै दिनु पर्ने महत्वपुर्ण काजगपत्रहरू बाहेकको सबै पत्रहरू मेलबक्समा नै छाडिन्छ । तर महत्वपुर्ण पत्रको हकमा सम्बन्धित पत्र प्रापक नभेटिएमा एउटा चिट छोडिन्छ । सो चिटमा

बारकोड राखिएको हुन्छ । वारकोडलाई स्क्यान गरी हुलाक कार्यालयको लिंकमा जान सकिन्छ र सो पत्रलाई आफ्नो पायक पर्ने समयमा पत्र प्राप्त गर्नका लागि अनुरोध पठाउन सकिन्छ । आफुले तोकेको समयमा नै हुलाकीले पुन पत्र ल्याउने गर्दछन ।

- साधरणतया हुलाकीहरू मोटरसाईकलको प्रयोग गर्दछन। हुलाकीहरूले प्रयोग गर्ने मोटरसाईकल रातो रङ्गो रहेको हुन्छ । त्यस्तै हुलाकीहरूको कार्यालय पोसाक पनि रातो नै हुन्छ ।
- जापानमा रजिष्टर गरेको पत्र तथा पार्सलहरू कुन स्थानमा पुग्यो भनेर इन्टरनेटबाट जिपिएस ट्र्याकिङ गर्न सकिने व्यवस्था रहेको छ । साधरण पत्रमा भने यस्तो सुविधा उपलब्ध छैन ।
- हुलाक कार्यालयले छोटो दुरीको पत्र तथा पार्सलहरूको लागि आफ्नो सवारी साधन प्रयोग गर्दछ भने लामो दुरीको लागि अन्य कम्पनीको बस तथा रेलसँग सम्झौता गरि सेवा प्रवाह गर्दै आइरहेको छ ।

सूचना प्रविधि र इमेल इन्टरनेटको उच्चतम प्रयोग भएको वर्तमान समयमा पनि हुलाक सेवाको अत्याधिक प्रयोग भैइरहेको जापानको राम्रा अभ्यासलाई नेपालमा पनि अनुसरण गरी नेपाली हुलाक सेवालाई जनमुखी, प्रविधिमुखी, आधुनिक तथा व्यवसायिक बनाउन सकिन्छ। एकातर्फ पूर्ण रूपमा सडक सञ्जाल सँग नजोडिएको ग्रामिण भूमाग तथा अर्को तर्फ ग्रामिण भूमागहरू क्रमशः अव्यवस्थित शहरीकरण तर्फ उन्मुख हुदै गएको नेपालमा हुलाक सेवालाई समय सापेक्ष रूपमा परिवर्तन गर्नु आजको चुनौती रहेको देखिन्छ। हुलाकबाट उपलब्ध गराउने सेवालाई आम जनताको दैनिक आवश्यकतासँग जोडिन सक्ने बनाउनको निम्ति नीतिगत रूपमा नै छलफल हुनु जरूरी छ । शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी सेवा जस्तै हुलाक सेवा पनि राज्यले अनिवार्य रूपमा आफ्ना नागरिकहरूलाई प्रदान गर्नु पर्दछ । हुलाक सेवा प्रदान गरेबापत राज्यलाई आर्थिक रूपमा लाभ नभए तापनि राज्यले आफ्नो दायित्वबाट पन्छिन मिल्दैन । अतः हुलाक सेवालाई आधुनिक र व्यवसायिक बनाउन निम्न उपायहरू उपनाउन सकिन्छ ।

## कार्यालयको संरचना र मानव स्रोत व्यवस्थापनः

- पत्राचार गर्न, वैंकिङ सेवा तथा अन्य सेवाहरू प्रवाह गर्नको लागि उपयूक्त कार्य वातावरण तयार गर्नका लागि हुलाक विभाग तथा कार्यालयहरूमा कार्यालयको संरचना परिवर्तन गर्नु पर्दछ ।
- सेवालाई अझ सुचना प्रविधि मैत्री बनाउन विभाग तथा कार्यालयमा सूचना प्रविधि अधिकृतको दरबन्दी सृजना गरी सम्पुर्ण सेवा एवं गतिविधिमा सूचना प्रविधिमा आधारित भएर गर्नु पर्दछ ।
- हुलाक विभाग अन्तर्गत भएका कर्मचारीहरूको दक्षता र क्षमता अभिबृद्धिको लागि तालिम अध्ययन अवलोकनको व्यवस्था मिलाउनु पर्दछ ।
- शहरी तथा ग्रामिण क्षेत्रमा हुलाकी एवं हल्काराहरूलाई मोटरसाईकलको व्यवस्था गर्न सके थोरै समयमा पत्राचार गर्न सकिन्छ ।

## एकिकृत एवं आधुनिक सेवाको विस्तारः

- हुलाकबाट प्रदान गरिने सेवालाई सेवा मात्र नभई व्यवसायको रूपमा हेरिनु पर्दछ । व्यवसायलाई नाफामुलक बनाउन लागत घटाउने तथा अन्य सेवाहरूलाई पनि हुलाक सेवामा एकिकृत गर्न

जरूरी छ । त्यसको निम्ति हुलाकको सेवालाई एकिकृत गर्नु पर्छ। पत्राचारको अलावा साना ठुला पार्सलको ट्रान्सपोर्ट, वैंकिङ, विमा प्रिमियम, भुक्तानी मनि ट्रान्सफर लगायतका सेवाहरूलाई हुलाक कार्यालयबाट प्रदान गर्न सकिन्छ ।

- हुलाक कार्यालयको बैंकिङ सेवालाई साना किसान, लघु उद्यमी तथा साना व्यवसायहरूलाई लक्षित गरी सञ्चालन गर्न सक्नु पर्दछ ।
- हुलाक बचत वैंकमा जम्मा भएको रकमलाई अर्थमन्त्रालय तथा राष्ट्र वैंक मार्फत सुरक्षित लगानीको सुनिश्चितता गर्दै आम किसान मजदुरहरूलाई प्रतिफल दिने व्यवस्था गर्नु पर्दछ ।
- नेपाल सरकारबाट तलब भत्ता लिने सम्पुर्ण कर्मचारी, शिक्षक एवम जनप्रतिनिधहरूको हुलाक बैंकमा खाता खोलि सोही खातामा तलब भत्ता जाने व्यवस्थाको सुनिश्चित गर्नु पर्दछ ।
- हुलाक कार्यालयबाट पत्राचार तथा पार्सल गर्दा जिपिएस ट्रयाकिङ प्रणालीको जडान गरी छिटो छरितो र विश्वासनिय सेवा दिन सके हुलाक कार्यालय प्रति आम उपभोक्ता एवं सेवाग्राहीको धारणा परिवर्तन गर्न सकिन्छ। त्यसको लागि छोटो दुरीको निम्ती आफ्नै सवारी साधन तथा लामो दुरीको लागि निजी यातायात कम्पनीसँग सम्झौता गर्न सकिन्छ ।
- हुलाक कार्यालयबाट साधारण पत्रहरू गन्तब्यमा छिटो भन्दा छिटो पुऱ्याउन सकिने माध्यमहरूको विकास गराउन आवश्यक छ ।
- वडा कार्यालय, विद्युत, खानेपानी, विद्यालत लगायत जुन सुकै कार्यालयबाट पत्राचार गर्दा हुलाक कार्यालयको प्रयोगमा जोड दिनु पर्दछ ।

**सेवाग्राहीलाई थप जिम्मवार तथा सुसुचित गराउने:**

- हरेक नागरिकले हुलाक कार्यालयमा गएर आफ्ना घर नम्बर एवं ठेगाना अध्यावधिक गर्नु पर्ने व्यवस्था गर्नु पर्दछ ।
- हरेक घरमा पत्राचार गर्नको निम्ति मेलबक्सको व्यवस्था गर्नु पर्दछ । मेलबक्सको व्यवस्था हुँदा हुलाकीले जुनसुकै बखतमा पनि पत्र मेलबक्समा खसाल्न सक्नेछ ।

**अन्त्यमा**

आम नागरिकको आवश्यतासँग सरोकार राख्ने सेवालाई पहिचान गरी सेवाग्राहीलाई ग्राहक तथा अतिथिको रूपमा लिइ छिटो छरितो र पारदर्शी सेवा प्रवाह गर्न सके नेपालमा हुलाक सेवाको खस्कदो साखलाई बचाउन सकिन्छ। साथै हुलाक सेवालाई आधुनिक एवं व्यवसायिक बनाउन दक्ष कर्मचारीहरूको व्यवस्था एवं सूचना प्रविधिको नयाँ नयाँ प्रविधिको प्रयोगमा जोड दिनु पर्दछ। पत्रचार सेवालाई छिटो छरितो बनाउन सप्लाई चेनको उचित व्यवस्थापन, बैंकिङ सेवालाई भरपर्दो र विश्वासिलो बनाउन नविनतम बैंकिङ प्रणालीको प्रयोग एवं जीबन विमा कार्यक्रमलाई सफल बनाउन आम किसान मजदुर तहमा सरकारी अनुदानमा विमा कार्यक्रम लैजान सके पक्कै पनि नेपालको हुलाक सेवालाई प्रभावकारी बनाउन सकिन्छ ।

**सन्दर्भ सामाग्रीः**

Patricia L. MACLACHLAN, Storming the Castle: The Battle for Postal Reform in Japan, Social Science Japan Journal, Volume 9, Issue 1, April 2006, Pages 1–18

Goydke, T. (2009). The transformation of Japan Post into a global player. Asia Pacific Business Review, 15(3), 347-368.

Goydke, T. (2009). The transformation of Japan Post into a global player. Asia Pacific Business Review, 15(3), 347-368.

# नेपालमा स्थानीय तह, बह, बहक र बहस

सुरज अर्याल
शाखा अधिकृत, नेपाल सरकार

२०७२ सालको आश्विन महिनाको प्रथम हप्तामा नै संविधान मार्फत  स्थानीय तह र अधिकार लिपिवद्ध भयो । मूर्त रूप भने सम्वत २०७३ को अन्तिम सप्ताहको कार्यकारी निर्णयबाट नेपालमा सङ्घीयताको ठोस अभ्यास प्रादुर्भाव भएको सर्वविदितै छ । यससँगै करीव दुई दशकपछि मात्र स्थानीय निकाय बाट नव अधिकार सहित रूपान्तरित देशैभर ७५३ स्थानीय तहमा करीव ३७ हजार पदाधिकारी बहाल भए । स्थानीय जनतामा नवीन सपना बुनेर निर्वाचित जनप्रतिनिधिमा एक किसिमको भावसञ्चार हुनु अस्वाभाविक पनि भएन । पदासीन भएपछि मात्र थाहा भयो कार्यालय व्यवस्थापन जटिल छ, पर्याप्त कर्मचारी छैनन्, जनाकांक्षा घनिभूत छ, आन्तरिक स्रोत न्यून छ । यस्ता जटिलताका बीच सरोकारवालाहरूको आ-आफ्नै बह सुरू भयो ।

मनको बह कसैलाई नकह भने झैं स्थानीय तहको बह व्यक्त गर्ने ठाउँ कहीँ कतै छैन । स्थानीय तहको अभिभावकत्वको लागि रहेका प्रदेश सरकार र संघीय सरकार आफैंमा अलमल्लिएका देखिन्छन् । निर्वाचित भएको तेस्रो वर्षमा समेत स्थानीय तहको लागि आवश्यक कानून उपलब्ध गराउन सक्षम नदेखिएका अलमल माथिल्ला तहका सरकारबाट स्पष्ट उत्तर आउने कुरै भएन । सरकारकै जराधार तह भएकाले स्थानीय सरकारले आफ्नो बह कसैलाई अभिव्यक्त गर्ने आयातनको सुविधा साँघुरो हुनु पनि आश्चर्यजनक भने होईन ।

स्थानीय तहमा मूलतः तीन पक्ष देखिन्छ, जनता, पदाधिकारी र कर्मचारी । त्यसपछि दोस्रो घेरामा आउँछन् क्रियाशील राजनीतिक दल, दलका कार्यकर्ता, पत्रकार, व्यापारी आदि । । यद्यपि स्थानीय तह धेरै पात्रहरूको संयोजन हो । मुख्य पात्रहरू जनता, अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडा अध्यक्ष, वडा सदस्य, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत, योजना अधिकृत, ईन्जिनियर, विषयगत शाखा प्रमुख, वडा सचिव, स्थानीय पत्रकार, स्थानीय समूहहरू, राजनीतिक दल । सबैका आ-आफ्नै कथा र व्यथा छन् । यस्ता कथा, व्यथा र गुनासोहरूलाई अनुभवको आधारमा फरक फरक परिदृष्यको रूपमा उजागर गर्ने प्रयास गरिएको छ । त्यस्ता कथा र व्यथालाई गौण नतुल्याए सम्म विकास र समृद्धिको यात्रा वीरबलको खिचडी तुल्य हुने कुरामा अत्युक्ति नहोला ।

## बह १

भनेको बेलामा मल समेत आईपुग्दैन  । धान रोप्ने बेला मकैको बीउ बाँड्छ पालिका । यति १ किलो धानको बीउले न त पूरै खेतलाई पुग्छ न त राहतै हुन्छ । अष्ट्रेलियन बोयर बोका भनेर स्वदेशी बोका बाँड्ने ? ढाँट्न पनि कति सकेका ? प्लाष्टिक टनेल बाँडेदेखि भैसीको माँच छाउन काम लाग्थ्यो । बालीमा सलह लागिसक्यो के औषधि हाल्ने भनेर प्राविधिकलाई सोध्दा भोलि भन्छु भन्ने उत्तर आउँछ । कोभिडको समयमा एक बोरा चामल र एक किलो दालले बन्दा बन्दी भरी यत्रो परिवारलाई खान पुग्छ ? मास्क र स्यानिटाईजर दिन छोडेर साबुन पानीले हात धुन भनेर चोक चोकमा जान पो भन्छ त । घर घरै धारा जडान गरेको  भए हात धुन पनि चोकमा जानु पर्ने त थिएन । घरघरमा सिंहदरबार आएपछि

काम नगरीकनै सुती सुती खान पाईन्छ भनेको पाइएन । विद्यालयमा शिक्षकले राम्रो पढाएकै छैन त्यस्तो सामुदायिक विद्यालय किन पठाउने छोरा छोरीलाई ? बोर्डिङ स्कूल पठाउन पैसा छैन । एक क्वाईल पाईपको जोहो नगरिदिनेलाई अर्को पटक के जिताउनु । मेरो घरैसम्म बाटो पुगेन भने मेरो बारीको एउटा बुटो समेत छुन दिनेवाला छैन । मेरो घरमुनी ग्यावियन जाली हालिदिएन भने म कोदालोले खनेर यो बाटो भत्काई दिन्छु । मेरो घर मुनि बाटो खनिदिएर पहिरोको डर भयो । चाडपर्वको सिजन आईसक्यो पालिकाले बाटो सफा गर्ने सुरसार नै गर्दैन त । दैनिक भत्ता आउने तालिममा मात्र सहभागी हुन गइन्छ नत्र घरमै बसिन्छ । सरकारको दैनिक ज्याला कम छ सडक खन्न गईंदैन । पालिकाले बजेट व्यवस्था गरिदिए तीजको दरखाने कार्यक्रम गर्न पाईन्थ्यो । समयमा सामाजिक सुरक्षा भत्ता पाईएन । स्वास्थ्य चौकी जाँदा आवश्यक औषिध नै पाईंदैन । स्थानीय सरकारले घर अगाडि सडकको थुनिएको नाली खोलिदेला भनेको खोलिदिएन । जनता गरीवीको पीडा र महामारीमा पिल्सिएका छन्, उनीहरू (राजनीतिज्ञ, कर्मचारी) गाडी चढेर हिँड्छन् । मेयर, उपमेयर काम नै गर्दैनन्, खाली हुन्छ मात्र भन्छन् । वर्षै पिच्छे कर बढाएको छ, जनतालाई सेवा सुविधा बढाएको खोई ? उपभोक्ता समितिमा बस्दा कति फाईदा हुन्छ ? मेरो एउटा छोरो / छोरीलाई जागिर लगाईदिन्छु भनेर भोट मागेका थिए, अहिले जागिर माग्न जाँदा हप्काएर पो पठाए । चुनाव कुरेर बसेको छु । स्थानीय तहले राम्रोसँग काम गर्न सकेकै छैन ।

**बह २**

जनता कुरै बुझ्दैनन् । जनता भनेकै मान्दैनन् । प्रमुख प्रशासकीय अधिकृतले भनेकै मान्दैन, कानूनको मात्र कुरा गर्छ । कुन पार्टीको समर्थक हो कुन्नी हाकिम ? मेरो पार्टीको परेनछ । हाकिम आफ्नै पार्टीको भए काम गर्न सहज हुने रहेछ ।यो हाकिमले काम नैं गर्न नदिने भयो सरूवा नगरी भएन । आफ्नो पार्टीको सरकार भए पो आफूले भने जस्तो हाकिम ल्याउन पाईन्थ्यो । प्रदेश सरकारमा आफ्नो पार्टीको सरकार नभएर अनुदान कम भयो । मैले भनेपछि सक्किगो नि किन कार्यपालिकाको निर्णय गर्नु पर्यो ? मैले तोक लगाएको योजनाको भुक्तानी नदिने ? मैले तोक लगाएको आर्थिक सहयोग दिनै मान्दैन त ? मैले सामान ल्याएर बाँडिसकें तर हाकिम भुक्तानी नै दिँदैन भन्या । मैले भन्या मान्छेलाई कार्यालय सहयोगीको जागिर ख्वाउन पर्ने हाकिमले मान्दै मान्दैन । त्यो रेष्टुरेण्टमा खाजा खाएको बिल मैले आफैं तिर्नु पर्छ रे । झन् अर्को गाडीमा समेत तेल हाल्दिन्छु भनेको कुपन काट्नै मान्दैन हाकिम त । ढुङ्गा गिट्टी त बगाएर बंगालको खाडी जाने हो हिउदमा नै त हो डोजरले उत्खनन गर्ने, वर्षा भरीमा पूरै भरिईहाल्छ नि खोलो । कानून किन बनाउन पर्यो तोक लगाउन म छँदैछु । उपाध्यक्ष/उपमेयरले सँधै अड्को मात्रै थाप्छ । योजना अनुगमन प्रमुखले पो गर्ने हो उपप्रमुखले किन गर्नु पर्यो ? यत्रो खर्च गरेर चुनाव जितियो, खाई न पाई होला जस्तो छ । विपक्षी सदस्यहरूले साह्रै गाह्रो पारे । यसो एक दुई वटा आयोजना दिएर बोली बन्द गर्नुपर्ला जस्तो छ । विपक्षी सदस्यहरू धेरै कुर्लिन थाले भने कार्यपालिकाको बैठक कदापि बोलाउँदिन । पालिकाको केन्द्र चाहिँ मेरै घर नजिकै बन्नु पर्छ ।

**बह ३**

जनताले ख्याउँ ख्याउँ गरेर मार्न लागे, अध्यक्ष/प्रमुख के हेरेर बसेका छन् ? मैले भनेको त अध्यक्ष

/प्रमुखले मान्दै मान्दैन् । आफैं सर्वेसर्वा हुँ भन्ठान्छन् । अध्यक्ष र उपाध्यक्ष भनेको उत्तिकै हो सेवा सुविधा अध्यक्ष/प्रमुख कै जति चाहिन्छ । मैले अनुगमन गरिसकेको छु, प्राविधिकले हेर्ने पर्दैन नि खुरूखुरू भुक्तानी दिए भैगयो नि । म पछि अनुगमन गरौंला, अहिले भुक्तानी दिनुस् । महिला सम्बन्धी कार्यक्रम त मैले हेर्ने हो नि (उपाध्यक्ष महिला भएको तहमा) । उपाध्यक्ष भन्छन् तर अधिकार जति सबै अध्यक्षलाई छ, आफैंले केही गर्न नसिकने ।

**बह ४**

दिनरात नभनी खटिएको खटियै छु तर पनि जनता गाली मात्र गर्छन् । आफ्नो कार्यकर्ता मात्र रहने गरी उपभोक्ता समिति गठन गरौं भनेको नसकिएला जस्तो छ । मेयर/अध्यक्षले धेरै बजेट पालिकामा राखेर हामीलाई पेल्दैछन् । झन् आफ्नै पार्टीको मेयर/अध्यक्ष हुँदा सहज होला भन्या झन् पो गाह्रो भयो । अर्कै पार्टीको मेयर/अध्यक्ष भएर काम गर्ने सकिएन । प्रदेश तिर सभासदलाई भनेर मेरो वडामा बजेट पार्न लगाउनु पर्यो । यो साल खर्च नभएको बजेट मेरै वडामा खर्च गर्ने गरी विनियोजन हुनुपर्छ । वडा समितिमा विपक्षी सदस्य कुर्लिँदैमा हुन्छ र ? मेरो कुरा कार्यपालिकामा कसैले सुन्दैन । बहुमत अर्केको छ । कार्यापालिकाको बैठकमा गएर के हुन्छ ?

**बह ५**

कानून विपरीत हुनेलाई कसरी भुक्तानी दिनु त्यो पनि तोकादेशको भरमा ? खर्च गर्ने अख्तियारी राजनीतिक गोलार्धलाई त होइन । जे पनि आफैंलाई सोध्न आउँछन्, आफैंलाई के गर्ने थाहा छैन । मन्त्रालयमा सोध्यो कानून बमोजिम गर्नुस भन्ने प्रतिउत्तर प्राप्त हुन्छ । आवश्यक कानून बनेकै छैन । कानून बनाउने अधिकार पो छ त । कानून बनाउन कानून अधिकृतको आवश्यकता त थियो । नमूना कानूनले मात्र सम्पूर्ण क्षेत्र समेट्न सम्भव छैन नि । कार्यकर्ताको मोटरमा समेत ईन्धन हाल्न दबाव नदिए हुने नि । स्वास्थ्य, कृषि, शिक्षा, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, भेटेरिनरी, हुँदा हुँदा उद्योग समेत होइन के के हेर्नु, के के जान्नु ? कार्यपालिका र सभाको बैठकमा म मात्र विकासको बाधक हो जस्तो गरेर पो प्रस्तुत हुन्छन् त नेताहरू । प्रतिनिधि कुरै बुझ्दैनन् खाली राजनीतिक फाईदा भए मात्र पुग्छ, विकास गर्नु नै छैन । कर्मचारी चलाउने प्रमुख प्रशासकीय अधिकृतले पो हो त, मेयर उपमेयर किन जान्नी भएका हुन् ? हुने नहुने मिल्ने नमिल्ने सबै किसिमका काम गर्नु पर्ने कस्तो ठाउँ हो यो ? मलेप कसरी गर्ने होला ? बेरूजु घट्नुको सट्टा गगनचुम्बी पो छ । बेक्कारमा यहाँ जागिर खान आएछु जस्तो लाग्छ । मन्त्रालय धाए पनि त्यहाँबाट हाम्रै ठेक्का जसरी जवाफ आउँछ । आवश्यक परेको बेलामा कहाँ सरूवा हुन्छ र ? अझै एक दुई वर्ष स्थानीय तहमा बसियो भने त प्रेशर र सुगरबाट पुरस्कृत हुनेमा शंकै छैन । मानसिक रोग त शुरूवात नै हुन थालि सक्यो । रातभरि निद्रा लाग्दैन ।

**बह ६**

हाकिम त सरूवा भईहाल्छन्, सँधै बसेर काम गर्नुपर्ने हामीले नै हो । राजनीतिक दलसँग किन

वैमनश्यता गर्नु ? जे भन्छन् त्यही गरिदिने हो । सरूवा बढुवा कानून त आकाशको फल आँखा तरी मर हुने भयो । हाम्रो वृत्ति विकासको अगाडि ठुलो कङ्क्रिटको पर्खाल खडा भएको छ । सेवामा प्रवेश भइहाल्यो । उमेर छँदै संघको सेवामा लड्ने हो । त्यता अलि बढी अनुमान योग्य वृत्ति प्रणाली छ पुरानै भए पनि । हामी पुरानालाई पो टोक्नु न बोक्नुको छ यो स्थानीयको जागिर पनि । जि.वि.स. भएको भए मेरो बढुवा भएकै ४ वर्ष हुन्थ्यो । जागिर छोड्न पनि सकिँदैन यो उमेरमा ।

**बह ७**

मैले भने जति विज्ञापनको विल तिरीदिएन भने अध्यक्ष / प्रमुख र प्रशासकीय अधिकृतलाई मैले के गर्नुपर्छ मलाई थाहा छ । मेरो पसलबाट मसलन्द किनिदिनु पर्यो हजुर । यसो डकुमेन्ट्री, रेडियो कार्यक्रम हामीलाई नदिए राम्रो हुन्न है । हाम्रो सहकारीलाई त बजेट नै हालि दिएनन् । पालिका अध्यक्ष /प्रमुख हाम्रैं हो । भनेजति उत्खननको सिफारिश मिलाई दिउँला । हाम्रै अध्यक्ष / प्रमुखको कार्यकालमा ठेक्का सबै हाम्रै साथीहरूलाई मिलाउने हो । हाम्रो पालिका प्रमुखले त विपक्षी राजनीतिक दलको मात्रै कुरा सुनेको आभाष भयो । दलको बैठकमा झाँको झार्नु पर्छ । दललाई फाइदा नपुग्ने तर विपक्षी दलले ल्याएको लोकप्रिय कार्यक्रमलाई अनुमोदन गर्नेलाई ठेगान लगाउनै पर्छ ।

माथि उल्लिखित परिदृष्यहरू स्थानीय तहमा बारम्बार जनता, पदाधिकारी र कर्मचारी र व्यापारी, पत्रकार, कार्यकर्तामा बारम्बार उद्वेलित भईरहेका प्रतिनिधि दृष्टान्तहरू हुन् । यस किसिमका बोलीहरूले वर्तमान परिस्थितिको बहावलाई चित्रित त पक्कै गरेको छ । यस किसिमको बहावको कारक तत्व पहिचान गर्ने जमर्को गर्न आवश्यक छ । कारणको डाइग्नोसिस नभई उपचार तिर जान सकिने अवस्था पनि त हुन्न ।

**बहक**

दुई दशक भन्दा बढी समय पछि मात्र स्थानीय तवरमा नेतृत्वले अवसर पाउँदा राजनीतिक संस्कार बस्न कठिन भएको छ । अपरिपक्क र शैशव राजनीतिक अभ्यासमा स्थानीय रहेका छन् । निजी स्वार्थ र अनियमितता तर्फ समेत पदाधिकारीहरू उद्दत भईरहेका छन् । निर्वाचनमा कानूनी भन्दा वास्तविक खर्च कैयौं गुणा बढी भएको छ । आगामी चुनावको समेत जोहो गर्नु पर्ने छ ।

जनता, पदाधिकारी र कर्मचारीले एक अर्का बीच सम्मान, सद्भाव, विश्वासको संकट रहेको छ । सकेसम्म जसले हान्यो, त्यसले जान्यो तर्फ सबैको ध्यान छ ।

संघ, प्रदेश र स्थानीय तहबीच समन्वयको अभाव छ । एकै प्रकृतिका आयोजना एकै आर्थिक वर्षमा संघ, प्रदेश र स्थानीय तहबाट कार्यान्वयन भईरहेका छन् तर माग र आवश्यकता भन्दा लहडको आधारमा । केही कानूनी जिज्ञासाको न त समाधानको सूत्र प्राप्त हुन्छ न त सान्त्वना नै । एउटै तयारी उत्तर छ कानून बमोजिम गर्ने । न त संघ र प्रदेशको ठाडो आदेश मान्न स्थानीय तह बाध्य नै छन् संविधानको धारा २३२ बमोजिम बाहेक ।

जनतामा शिक्षा र चेतनाको अभाव छँदैछ । भएकामा चाहिँ सार्वजनिक खर्चलाई उनीहरूको स्वार्थ पूर्ति गर्ने माध्यम भएको छ । लक्षित हुनुपर्ने वर्गलाई यस विषयमा न त चासो छ, न त ज्ञान नै ।

समुदायमा समेत टाठाबाठा कै बोलवाला छ ।

पदाधिकारी र कर्मचारीमा सेवा भावना भन्दा शासक भावना हावी, दायित्व र कर्तव्य बोधको चरम कमी देखिन्छ । आफ्नो स्वार्थ पूर्तिको लागि सेवाभावलाई तिलाञ्जलि दिने प्रवृत्ति मौलाउँदै गईरहेको छ ।

जनतामा अधिक महत्वाकांक्षा, अधिक अधिकारबोध तर कर्तव्यबोधको व्यारोमिटरमा धेरै न्यून अंक दृष्ठिगत भएको छ । रोम एकै दिनमा नबनेको तथ्यलाई समेत आत्मसात गर्दै उचित कर्तव्यपथमा जनता नदेखिनु दुःखद छ । नैतिकवान् जनताबाट नै नैतिकता भएको नेतृत्व जन्मने आशा गर्न सकिन्छ ।

भर्खरै परीक्षा पास गरी विना तालिम पठाइएका कोरा कर्मचारीको उपस्थितिले प्रशासनिक मूल्य, मान्यता स्थापित र कायम गर्न कठिन भएको छ । कर्मचारीको सेवा प्रवेश तालिम र प्रशिक्षणको ठोस कदम कुनै पनि तहको सरकारबाट शुरू भएको छैन ।

माग र आवश्यकता भन्दा जनप्रतिनिधि आधारित कर्मकाण्डी आयोजनाले बढी प्राथमिकता पाएको देखिन्छ । यसले जनभावना र आवश्यकतालाई कुठाराघात त गर्ने नै भयो ।

**बहस**

उल्लिखित किसिमको बहावलाई डाईभर्सन गरी सकारात्मक उर्जा गर्न तिर ध्यान जानु अत्यावश्यक देखिन्छ । अन्यथा राज्यको स्रोत, साधन, समय, उर्जाको सहि सदुपयोग हुनुको सट्टा विकास र समृध्दिको यात्रामा अधोप्रवेग हुने अवश्यम्भावी छ ।

निर्वाचनमा खर्च कम गर्न डिजिटल मतदान प्रविधि भित्र्याउन जरूरी देखिन्छ । निर्वाचन खर्चमा कमी नल्याई नीतिगत अनियमितता हटाउन खोज्नु एक प्रकारको दिवास्वप्न नै हुन जान्छ नेपाली परिप्रेक्षमा ।

सेवाग्राही र प्रदायक दुवैमा दायित्व तथा कर्तव्यबोध भई सचेतता अत्यावश्यक छ । अफ्ठेरो परूञ्जेल सार्वजनिक सम्पत्तिको दुरूपयोगमा उद्दत देखिने र अप्ठेरो परे नेतृत्व र कर्मचारीतन्त्रलाई दोषारोपण गर्ने जनतामा नैतिक जागरणको टङ्कारो आवश्यकता छ ।

राजनीतिक संस्कारमा सुधारका साथै दूरदर्शी, जनमुखी, सदाचारयुक्त, नैतिकवान नेतृत्व विकास गरी आगामी चुनाव भन्दा पनि जनसेवामा ध्यान भएको जनप्रतिनिधि यसै समाजबाट जन्माउनुको परिहार्यता र चुनौति दुवै छ ।

निर्वाचित भएर आउँदैमा सरकार सञ्चालन सम्बन्धी ज्ञान नहुने भएकोले प्रशासन र कानून बुझेको सक्षम पदाधिकारीहरू सभा र कार्यपालिकामा भित्र्याउन जन सचेतना अपरिहार्य देखिन्छ ।

स्थानीय सेवामा कर्मचारी टिकाउन आकर्षक सुविधा सहितको वृत्ति कानून बन्नुपर्छ । संघीय निजामती कानून नबनी स्थानीय कर्मचारी सम्बन्धी कानून बन्न गतिरोध उत्पन्न भएको ले सो कानून अविलम्ब बन्नुपर्छ । समसामयिक तालिम र प्रशिक्षण स्थानीय तहमा जनप्रतिनिधि र कर्मचारी दुवैलाई कुशाग्र दिईराख्नु पर्छ । यसको लागि दृढ राजनीतिक ईच्छाशक्ति देखिनु जरूरी छ ।

सेवा सरलीकरण, सबलीकरण र प्रविधिमैत्री तुल्याउन लागि पर्नु पर्छ । समय सापेक्ष जनाकांक्षा पूरा गर्ने कानून निर्माण गरी सेवा सुविधा सन्निकटताको सिध्दान्तलाई चरितार्थ गर्नेतर्फ सरोकारवाला र जिम्मेवार सबैको ध्यान जानुपर्छ । प्रगतिशील कर प्रणाली र तिरेको करको प्रतिफल महसूस हुने गरी योजना तयार पार्नु पर्छ ।

जनताको सन्निकटतामा रही उनीहरूको दैनन्दिन समस्या हल गरी विकाशको माग र आवश्यकतालाई पूरा गर्ने स्थानीय तहमा एकल प्रयास मात्रले लक्ष्य हासिल सम्भव छैन समन्वय, सहकारिता, आड, भरोसा, विश्वास, अटल आत्मविश्वास निर्माणले महत्वपूर्ण भूमिका खेल्ने हुँदा यस तर्फ सरोकारवाला सबैको ऐक्यवध्दताको मूल्य उच्च पार्नुपर्छ ।

यसरी शुरू गरिएका बहसहरूले सही दिशा प्रदान गरी सरोकारवालाहरूमा विकास र समृध्दिको अर्जुन दृष्टि राखी गरी अघि बढे मात्र यस बहबाट उन्मुक्ति पाउने आशा गर्न सकिन्छ ।

**सन्दर्भ सामाग्री:**

- स्थानिय सरकार सञ्चालन ऐन- २०७४

# Disaster Risk Reduction in Local Levels: Prospects and Challenges

**Dipesh Kattel**
**Ministry of Federal Affairs and**
**General Administration, Singhadurbar**

## Abstract

*The Constitution divided the State and Residual Power into three tiers of government, which has clearly stipulated that the Disaster Risk Reduction and its Management is a shared responsibility of at all levels of government. As Nepal is a hazard prone mountainous country; the disaster management requires joint efforts among the stakeholders. Local governments are the closest political units accountable publicly, facing the first trigger-are mandated to conduct emergency response measures, based solely on their installed capacity. The Paper Plan Syndrome or its Modern Digital Equivalent is one of a main challenge in Local Levels, managing disaster proactively with no one left behind by Build Back Better approach for the resilience and Sustainability is present need.*

## Key Words

State Power, DMC, DRR, Paper Plan Syndrome, BBB, Resilience, Sustainability

## Introduction

Nepal is predominantly a mountainous country in South Asia, the climate varies with its topography and altitude having great variety of topography reflected in the diversity of weather, vegetation and climate. A combination of rugged topography, high reef, active tectonic process and intense monsoon rain has made this fragile environment vulnerable to various types of disasters. The country ranked 20th in multi-hazard prone countries, 4th, 11th and 30th in terms of climate change, earthquake and flood risk respectivelyin the world. (National Position Paper 2018).

A disaster is a serious damage causing widespread human lives, economic or environmental loss. During the time of disaster normal system of functioning will not work, perturbation in equilibrium occurs exceeding the ability of the affected community to cope by its own resources. Disaster Management is the organization and management of resources and responsibilities for dealing with all humanitarian aspects of emergencies, particularly in preparedness, response and recovery in order to lessen the impact of disasters. The categorization of disasters, based on indicators and their thresholds, helps to delineate authority, responsibility and accountability to different levels of government. It helps in activating different emergency operations, establishing

the required level of effort and assigning the roles. Thus, categorization of hazards and disasters is an important strategy for effective disaster management.

## Natural and Human-Induced Hazards in Nepal:

| Types of Hazards | | | |
|---|---|---|---|
| Natural Hazards | | Human-Induced Hazards | |
| | Earthquake | | Epidemics |
| | Flood | | Fire (settlements) |
| | Landslide and landslide dam breaks | | Road Accidents |
| | Debris Flow | | Industrial/Technological Hazards |
| | Glacier Lakes Outburst Floods (GLOF) | | Soil erosion |
| | Avalanche | | Social Disruptions |
| | Fire (forest ) | | |
| | Drought | | |
| | Windstorms | | |
| | Hailstorm | | |
| | Lightening | | |

*Source: Nepal Country Report: ISDR Global Assessment Report on Poverty and Disaster Risk, 2009.*

## Initiatives for Disaster Management:

The need and importance of cooperation, coordination and collaboration is desirable in Disaster Risk Reduction (DRR) and management activities. Nepal has actively participated and contributed in various national and international DRR activities. The DRR instruments as well as major legislative and institutional initiatives taken in recent past to the present to reduce the disaster vulnerability are appreciable. Some of them are-

## International Initiatives

1. Yokohama Strategy, Japan (1994)
2. Hyogo Framework of Action (HFA) (2005-2015)
3. Sendai Framework for Disaster Risk Reduction (2015-2030)
4. The Sustainable Development Goals
5. The Global Platform, 2017
6. The Paris Agreement on Climate Change
7. Addis Ababa Action Agenda (AAAA)
8. The Asian Ministerial Conference on Disaster Risk Reduction (AMCDRR) 2016 and 2018

## National Initiatives

1. Disaster Management in Nepal's Constitution, 2015
2. Endorsement of National Policy for Disaster Risk Reduction, 2018
3. Disaster Risk Reduction National Strategic Action Plan (2018-2030)
4. Enactment of Disaster Risk Reduction and Management Act, 2017
5. Local Government Operation Act, 2017
6. Local Disaster Risk Management Planning (LDRMP) Guidelines, 2011
7. National Strategy for Disaster Risk Management in Nepal (NSDRM), 2009
8. National Building Code (NBC)
9. National Disaster Response Framework (NDRF)
10. National Adaptation Programme of Action (NAPA)
11. Framework for Local Adaptation Plan of Action (LAPA)
12. Disaster Preparedness and Response Plan (DPRP)
13. Nepal Risk Reduction Consortium (NRRC)
14. National Emergency Operation Centre (NEOC)
15. National Platform for DRR (NPDRR)
16. National Reconstruction Authority (NRA)
17. National Disaster Risk Reduction & Management Authority (NDRRMA)

## Based on the such initiatives Nepal Government has prioritized the following actions for DRR and its management-

1. Ensure that DRR is a national and local priority with a strong institutional basis for implementation
2. Identify, assess and monitor disaster risks and strengthen early warning system
3. Better knowledge management for building a culture of Safety and Resilience
4. Reducing the underlying risk factors
5. Enhance preparedness for effective response

The Constitution of Nepal promulgated in 2015 A.D., divided the existing unitary structure into three levels namely the Federation, the State (Province) and the Local Levels (The Constitution of Nepal, Article 56). The State Power and Residual Powers vested in the matters enumerated in different schedules were distributed into three tiers of government. The Constitution of Nepal has clearly stipulated that DRR and its Management is a shared responsibility of at all levels of government. Schedule 7, point 17 enumerates Concurrent Powers of Federation and State (Province) as Early preparedness for rescue, relief and rehabilitation from natural and man-made calamities. Schedule 8, point 20 enumerates Local Level Power as Disaster management. Thus, the management of natural as well as human-induced causalities and disasters is a prompt activity of Nepal Government. This study is focused on the prospects and challenges of disaster management and DRR under the constitutional jurisdiction of Local Levels.

## Prospects of DRR in Local Levels

Unbundling/Detailing of List of Exclusive and Concurrent Powers of the Federation, the State (Province) and the Local Level Provisioned in the Schedule 5,6,7,8,9 of the Constitution-approved by Nepal Government; elaborates the Exclusive Local Level Power (Schedule-8) as following-

1. Policy, law, standards, planning, implementation and regulation relating to disaster management
2. Disaster preparedness and response plan in local level
3. Disaster preparedness, search and rescue, pre-storage and relief materials, distribution and coordination in local level
4. Matters relating to mapping of disaster risk areas, identification of settlements and relocation
5. Support, coordination and cooperation with federal, state and local community organization and private sector in disaster management
6. Matters relating to establishment and mobilization of disaster management fund and mobilization of resources and means
7. Project formulation,implementation and regulation of local level disaster risk reduction
8. Post disaster rehabilitation and reconstruction of local level
9. Statistic management and study research relating to disaster of local level
10. Matters relating to local energy operation system

Similarly, Local Government Operation Act, 2017 emphasizes on the following for DRR and its management as- Mobilization of municipal police for (i) Protection of public land, buildings, heritages and resources; and (ii) Disaster management related search, rescue, relief, re-establishments, Baseline data collection and database management, Safe settlement development and implementation, Formulation and implementation of policy, laws and regulations related to disaster management.

Local governments are the closest political units accountable publicly. On the other hands, it takes some time for external parties to fully comprehend the emergency context before mobilizing resources on the ground. Thus, local governments are mandated to conduct emergency response measures, based solely on their installed capacity.

- Firstly, it is commonly accepted that the enhanced capacity of local governments can have a profound impact on saving lives and assets and building community-based disaster resilience. (Rose, A.D., 2014). Local governments have better access to indigenous knowledge, which when combined with expert judgement, synergizes for a better response (Dalisay, S.N.M., 2014).
- Secondly, locally managed committees have a distinct advantage over outsiders as they have better knowledge of the area, understand the local context and can identify risk populations quickly, can assemble rescue teams and reach incident sites

sooner (Jimee et.al., 2015).

- Thirdly, in generating local prosperity and preserving their citizens from disasters, there is the added incentive that resilience would drive inward economic investment (Oldham and Astbury, 2018).

Humanitarian concern and life-saving prospect considered by Hyogo Framework for Action (2005) is better shifted to Sendai Framework for Disaster Risk Reduction (2015) which considers following four priority actions- Understanding disaster risk, Strengthening disaster risk governance to manage it, investing in DRR for resilience, Enhancing disaster preparedness for effective response and to 'Build Back Better' (BBB) in recovery, rehabilitation and reconstruction.Emerging disaster risks increases the economic loss and damages, both causing hindrances in development. By considering humanitarian concern together- disaster and development should be taken parallely. Thus, reduction of damage is the most effective approach towards Sustainable Development.





*Figure 1: Ideal Curve for Sustainable Development: EM-DAT ©Satoru Mimura, JICA Ogata Sadako Research Institute for Peace and Development.*

## Challenges in Local Levels

The Preparedness, Emergency response, Recovery/Reconstruction and DRR are different dimensions of Disaster Management Cycle (DMC). Due to limited funds, less competent human resources, disorganized planning and common understanding the DMC in Local Levels are not efficiently completed.

- Training to Disaster Relief Teams (DRT), Disaster Risk Insurance, Preparation of Standard Operating Procedure (SOP), Examination of equipment and materials etc. are some steps to preparedness.
- Gathering info necessary for response, Dispatch DRT, Supply emergency goods, Emergency financial support etc. belong to Emergency Response.
- Analysis of disasters and damage, Recovery and Reconstruction plan formulation, Construction of resilient infrastructures and services, Livelihood recovery activities are Recovery/Reconstruction phase.
- Disaster Risk Analysis, Preparation of Hazard Maps, DRR plan formulation, DRR education, mobilizing Community DRR groups, Strengthening early warning systems are some DRR steps for BBB approach.

Among other dimensions of DMC; consensus building even in case of DRR is of much challenging in Local Levels.

There is nothing worse than the Paper Plan Syndrome or its Modern Digital Equivalent-where plan is formulated and dumped into a desk drawer or into a hard drive. Such plans can do more harm when they are eventually put to the test by a crisis (Alexander, DE; (2015). Local Levels are the government in the vicinity of people facing the first trigger with the utmost responsibility of DRR and Disaster Management. Thus, the emergency plan should be a living document, based on reality- describing the local interface lucidly and must include provisions for a process of constant updating, with checks at regular intervals of time.

## Conclusion

Mainstreaming DRR measures is essential for Sustainable Development for building future disaster resilient cities. Creation of a disaster-preventive self-governing city which is economically sustainable, where people can live without anxiety and having consensus on crosscutting issues for Socio-economic Resilience is present need. The most important factors on DRR are Precautions and Preparation before a disaster occurs, from a Relative Approach after the disaster to a Proactive Approach to mitigate it. No one should be left behind in reconstruction after disasters through inclusiveness by BBB approach for 'Never it Happens Again'and go together for the Future with a Single Purpose.

## References

Alexander, DE; (2015) Disaster and Emergency Planning for Preparedness, Response, and Recovery. In: Oxford Research Encyclopedia of Natural Hazard Science. (pp. 1-20). Oxford University Press: Oxford.

Dalisay, S. N. M. (2014). Engaging Local Knowledge for Disaster Risk Reduction. Kasarinlan: Philippine Journal of Third World Studies, 29(2), 75-102

Jimee, G.K., Dixit, A. M., Tandigan, M., Sharma, S. (2015). Strategy for Developing

Professional Emergency Responders in Nepal. Conference Paper. ResearchGate

National Position Paper, 2018, Disaster Risk Reduction and Management in Nepal

Oldham, K. and Asthabury, K. (2018). Evolution of Disaster Risk Governance in Greater Manchester: a case study from the UK. Procedia Engineering 212 (2018) 7–14. Elsevier

Rose, A. D. (2014). Local disaster resilience; administrative and political perspectives. Routledge. London.

Unbundling/Detailing of List of Exclusive and Concurrent Powers of the Federation, the State (Province) and the Local Level Provisioned in the Schedule 5,6,7,8,9 of the Constitution of Nepal, 2017.

# नेपालमा राजनीति र प्रशासनको अन्तर सम्बन्धको चिरफार

कृष्णप्रसाद गौतम
शाखा अधिकृत, नेपाल सरकार

विश्वमा १९८७ मा विल्ड्रो विल्सनको the study of public administration मा प्रतिपादित राजनीति र प्रशासन भिन्न हुन भन्ने धारणाको विकास हुनु भन्दा अगाडी सम्म प्रशासनलाई राजनीतिको सहयोगीको रूपमा लिने प्रचलन थियो । राजनीतिले राज्य इच्छाहरूको निर्माण गर्नुपर्ने र कर्मचारीले कार्यान्वयन गर्नुपर्ने दुइ सिद्धान्त नै राजनीति र प्रशासनको सम्बन्ध र सिमा निर्धारण गर्ने अवयवहरू हुन । जनमत प्राप्त निर्वाचित इलेक्टेड अधिकारीहरू र प्रतिश्पर्धामा खरो उत्रेर बौद्धिक परीक्षणमा सफल ठहरिएका कर्मचारीबीचको सम्बन्ध कस्तो हुनुपर्दछ भन्ने बहस विश्वका बिभिन्न स्थानहरूमा भइ नै रहेका छन । वेलायतमा ब्याप्त संरक्षणबाद र अमेरिकामा जरो गाडेको लुट प्रणालीका कमजोरी हटाइ राजनीतिक रूपमा तटस्थ ब्यबसायिक कर्मचारीतन्त्रको विकास गर्नु पर्ने आवश्यकता महशुश भएको हो । नेपालको सन्दर्भमा एक अर्कोले अर्कोको सिमा नाघेको वा अति सन्निकटता भयो भनेर आलोचना गरिन्छ । राजनीति र प्रशासनका पात्रहरू एक अर्कोलाई सहयोग गरेन वा त्यसैको कारणले व्यवसायिकतामा ह्रास आयो वा कार्यसम्पादन अपेक्षित भएन भनेर आलोचना गरिन्छ । यो लेखमा राजनीतिज्ञ र प्रशासकले विपरित भुमिका निर्वाह गरिरहेक छन, ति कमजोरी हटाइ कसरी उच्च ब्यबसायिक दक्षता हासिल गरी उत्कृष्ट कार्य सम्पादन गर्ने भन्ने बारेमा चर्चा गरिएको छ ।

## प्रशासकले राजनीती गर्ने कारण

जनअभिमत प्राप्त राजनीतिको व्यापक जनसमर्थन र सम्पर्क हुन्छ जसले नै एक हदसम्म राजनीतिज्ञलाइ शक्तिशाली बनाएको हुन्छ । राजनीतिको काम नीति निर्माण गर्ने र प्रशासनको काम नीति कार्यान्वयन गर्ने भएकोले यी दुइको बीच स्पष्ट सिमारेखा कोर्न सकिने हो । प्रशासन एक व्यवसायिक क्षेत्र र स्थायी प्रकृतिको भएकोले यो राजनैतिक दौडधुप र विवादबाट टाढा रहनुपर्ने हो । तर राज्यको कार्यकारी निकायमा राजनीतिज्ञहरू रहने र राजनीतिक ब्यक्तिहरूको सङ्गतले पनि कर्मचारीमा धेरथोर राजनीतिक चरित्र हासिल भएको हुन्छ । कर्मचारीले आफ्नो प्रतिष्ठा निरंकुशतामा बढी हुन्छ भनेर निरंकुशताको वकालत गर्छन भनेर पनि भनिन्छ । कर्मचारी पनि एक मानव भएकाले सामाजिक र प्राकृतिक रूपमा नै राजनीतिक प्राणी हुन भनेर भनिन्छ । साथै राजनीतिक रूपमा विभक्त नेपाली समाजकै उत्पादित यहाँको कर्मचारी भएकोले कर्मचारीमा केही न केही राजनीतिक प्रभाव वा झुकाव स्वाभाविक रूपमा आउछ । यी बाहेक निम्न पर्यावरणीय कारणले नेपालको कर्मचारीहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा राजनीति गरिरहेका छन् भनिन्छ ।

- राजनीति शक्तिको स्रोत भएकोले कर्मचारीमा शक्ति हासिल गर्ने महत्वकाङ्क्षा हुनु ।
- राजनीतिज्ञका प्रतिश्पर्धी नभएकाले राजनीतिज्ञले पनि कर्मचारीसँग सामिप्यता राख्नु ।
- राजनीतिज्ञले कर्मचारीको संरक्षण गर्नु राजनीतिज्ञको इशारामा सरूवा, पदस्थापना हुनु ।
- राजनीतिज्ञले आँफू पर्दा पछाडी बसेर कर्मचारी मार्फत काम गराउनु ।
- निर्वाचन लगायतका पार्टीका कार्यक्रमको लागि कर्मचारीसँग चन्दा असुल गर्नु ।

- सामुहिक सौदावाजीका लागि भनी दल समर्थित कर्मचारी सङ्गठनहरू अस्तित्वमा रहनु ।
- कर्मचारीका कतिपय निर्णय सदर गर्ने स्थानमा राजनीतिज्ञहरू रहनु ।
- अवकाश प्राप्त प्रशासकहरूले राजनैतिक प्रभावका आधारमा संबैधानिक र अन्य नियुक्तिहरू प्राप्त गर्नु ।
- राजनैतिक बाहुल्यता रहेका निकायहरूबाट न्यायिक नियुक्तिहरू गरिनु ।
- माथिल्ला प्रशासनिक पदहरूको सरूवामा राजनितिज्ञको प्रत्यक्ष सहभागिता र रूची हुनु ।
- नीति निर्माणमा तथ्य र तथ्याङ्क प्रस्तुत गर्ने नाममा नीति निर्माणमा निर्णायक भुमिका निर्वाह गर्ने अवसर प्राप्त गर्नु ।

## राजनीतिज्ञले प्रशासकको भुमिका निर्वाह गर्ने कारण ।

राजनीतिज्ञ पनि विभिन्न सङ्गठनको नेतृत्व सम्हालेर परिपक्व भइ समाजमा भिजेका हुन्छन । कतिपय राजनीतिज्ञहरू विभिन्न सङ्गठनमा कर्मचारी भइ काम गरी कर्मचारीतन्त्रिय पद्दतिसँग जानकार हुन्छन । अधिकांश राजनितिज्ञहरू समाजका सबै बर्गको अवस्थित ,प्रकृति ,सक्षमता कमजोरीसँग परिचित हुन्छन । यसका अतिरिक्त निम्न बमोजिमका स्थानिय र पर्यावरणीय कारणहरूका कारण राजनीतिज्ञले कर्मचारीको भुमिका निर्वाह गरिरहेका हुन्छन भनिन्छ ।

- कर्मचारीको कार्य प्रकियामुखी हुने हुँदा छिटो निर्णय गरी निर्णयको जश लिन ।
- कर्मचारीले गर्ने कार्यहरू जनताको सेवा प्रवाहसँग सम्बन्धित हुने भएकोले कर्मचारीले गर्ने कार्य गरी जनताको मन जित्न ।
- राजनीतिज्ञका निर्णयहरू नियामक निकायका क्षेत्राधिकार भित्र नपर्ने भएकोले कर्मचारी भन्दा अगाडी बढेर निर्णय गर्नु ।
- राजनितिज्ञसँग अतिरिक्त सामिप्यता देखाउन स्वयम् कर्मचारीहरूले राजनीतिज्ञलाई कर्मचारीले गर्ने कार्यमा पनि सहभागिता गराउनु ।
- राजनीतिज्ञ र प्रशासक नेतृत्व भएका स्थानहरूमा कार्यालय प्रमुख को हुने भन्ने सदैव दुविधा हुनु ।
- सचिवले मन्त्रिसँग कार्यसम्पादन सम्फौता गर्नु ।
- प्रशासकहरूसँगको सङ्गतले राजनीतिज्ञहरूमा कर्मचारीय गुण inherit हुनु ।
- नेपाल सरकारका निर्णय भनि विभागिय मन्त्रीले प्रशासनिक निर्णयहरू गर्नु ।
- आवधिक पदावधी भएका राजनीतिज्ञले तुरून्त लोकहितमा कार्य गर्न खोज्नु ।

## कर्मचारी कसरी आफ्नो सिमामा रहने ?

कर्मचारीतन्त्रका आफ्नै सामर्थय र सिमाहरू हुन्छन् । आदर्श कर्मचारीमा दलिय प्रभाव रहनु हुदैन । कर्मचारीको कार्यसम्पादनमा राजनैतिक परिवर्तनको प्रभाव र असर रहनु हुदैन । दलियकरण नेपालको कर्मचारीतन्त्रमा रहेको ठुलो कमजोरी हो । जापान, भारत जस्ता बारम्बार सरकार परिवर्तन भइरहने राष्ट्रमा कर्मचारीको उच्च ब्यबसायिकताले राजनीतिक पद्दतिको सहयोगी र पद्दतिको संरक्षकको रूपमा कर्मचारी तन्त्र रहेको छ । नेपालमा आर्थिक बिकास र समृद्दी हुन नसक्नुमा कर्मचारीतन्त्रलाई पनि आक्षेप लगाउने गरिएको छ । राजनीतिज्ञहरूले राजनैतिक लोकप्रियता वा फाइदाका लागि राष्ट्रलाई दिर्घकालिन अहित गर्ने

वा स्वयम् कर्मचारीको वृतिमा नकारात्मक असर गर्ने कार्यहरू गराउने सम्भावना सदैव रहन्छ । यसका लागि कर्मचारीमा उच्च व्यवसायिक, नैतिकता र राजनैतिक तटस्थता हुन जरूरी छ । जसका लागि कर्मचारीहरूले निम्न भुमिकाहरू निर्वाह गर्न जरूरी छ ।

- पुर्ण रूपमा कानुनमा आधारित भएर दवाव र प्रभावमा नपरी कार्य सम्पादन गर्नु ।
- प्रशासनिक गोप्यता राख्ने, । आफु समर्थित दललाई आन्तरिक सुचनाहरू सम्प्रेषण नगर्ने ।
- सचिवालयका निर्णय भन्दा सचिवका निर्णय कार्यान्वयन गर्ने ।
- सदैव जनता प्रति जवाफदेही भएर कार्य गर्ने । पारदर्शिता र स्वच्छता कायम राख्ने ।
- संबैधानिक सर्वोच्चता, कानुनको शासन, शक्ति पृथकीकरण, आवधिक निर्वाचन, राजनैतिक बैधता, प्राकृतिक न्यायको सिद्धान्तलाई शिरोपर गरी कार्य सम्पादन गर्ने ।
- कार्य सम्पादन गर्दा राष्ट्रको वृहत्तर हित, आर्थिक स्थायित्व, लोकतान्त्रिक मुल्य मान्यता, बिकेन्द्रिकरण, सुमधुर अन्तर्राष्ट्रिय सम्बन्धलाई आत्मबोध गरी कार्य सम्पादन गर्ने ।
- सेवा निवृत भइसके पछि पनि प्रशासनिक प्रणाली संरक्षण र योग्यता प्रणालीको वकालत गर्ने ।

## राजनीतिज्ञले कसरी कर्मचारी परिचालन गर्ने ?

भनिन्छ ब्यबसायिक कर्मचारी सबैका हुन्छन् । अवसरबादी कर्मचारी कसैका हुदैनन । कर्मचारी धारिलो हतियार हुन चलाउन जाने रूख काट्छन् नत्र आफ्नै खुट्टा । राजनैतिक कार्यसम्पादन प्रशासनिक दक्षतामा निर्भर रहन्छ । ब्यबसायिक दक्षता युक्त कर्मचारीको छनौट नै जनअभिमत प्राप्त आवधिक राजनीतिज्ञको सफलताको पहिलो शर्त हो । कर्मचारी मात्र नभएर समग्र राष्ट्रिय पद्धतिको संरक्षक र परिचालक नै राजनितिज्ञ भएकोले कर्मचारीतन्त्रमा रहेको योग्यता प्रणालीको पुर्ण संरक्षण गर्दै कर्मचारीलाई अनुशासनयुक्त र ब्यबसायिक बनाउनु राजनीतिज्ञको कर्तब्य हो । यसका लागि तपशिलका कार्यहरू गर्न आवश्यक छ ।

- राजनीतिज्ञले मात्र बनाउने नीतिमा सदैव दक्षताको अभाव हुने भइ राजनैतिक रूपमा तटस्थ ब्यबसायिक कर्मचारीको टिम द्धारा नीति निर्माण गर्ने ।
- सचिवालय भन्दा सचिवलाइ प्राथमिकता दिने, प्रशंशा भन्दा बौद्धिक र ब्यबसायिक सुभाव ग्रहण गर्ने ।
- कानुनको सिमामा आँफु पनि बस्ने र बस्न लगाउने ।
- कर्मचारीको अभिभावकत्व लिने, सही कार्य गर्दा प्रोत्साहन र गलत काम गर्दा चेतावनी दिने ।
- सरूवा, बढुवा, नियुक्ती र अन्य अवसर कार्य सम्पादनका आधारमा ब्यबसायिक रूपमा प्रदान गर्ने ।
- आधार र कारण सहित निर्णय गर्ने, लिइएका निर्णय, अपनाइएका आधार र प्रयोग गरेका साधन पुर्ण पारदर्शी रूपमा सार्वजनिक गर्ने ।
- आर्थिक निर्णयबाट पुर्ण रूपमा अलग बस्ने ।
- कर्मचारीलाई दवाब र प्रभावमा नराख्ने ।

## विकाश प्रशासनमा राजनीति र प्रशासनको सम्बन्ध

चाहे विकशित, विकासशील वा अल्पविकसित राज्य नै किन नहोस त्यो राज्यको प्राथमिकता भनेको नै भौतिक विकासको माध्यमबाट सामाजिक विकास वा समृद्धी हासिल गर्नु हो । राजनैतिक नेतृत्वले राजनैतिक

लाभ लिने भनेको माध्यम नै विकास प्रशासन हो । विकास प्रशासनमा राजनीति र प्रशासनलाई अलग गरेर राख्न सकिदैन । किनकी आयोजनाका प्रत्येक चरणहरू, विकासका चाहना र प्राथमिकता चयन, आयोजना छनोट, कार्यान्यवयन कार्ययोजना, जनपरिचालन लगायत आयोजनाका सम्पुर्ण चक्रहरूमा राजनीति र प्रशासन हातेमालो गरेर कार्य गर्नु पर्दछ । यस्तो अवस्थामा विशिष्ट लक्ष्मणरेखा कायम गरेर हातेमालो गर्दै सहयात्रा गरेर अगाडी बढ्न जरूरी छ । राजनीतिज्ञले काम गर्ने बाताबरण सिर्जना गरिदिने, निरन्तर निगरानी गर्ने, आवश्यक निर्माण सामग्रीको परिवहनमा सहजीकरण गरिदिने, स्थानीय कामदारको ब्यबस्था गरिदिने जस्ता कार्य गरेमा आयोजनाको सफलता दर पनि बढेर जान्छ । कर्मचारीले पनि आयोजनास्थल वरपरका राजनैतिक दलहरूबीच सहमति गराएर सबै सम्भावित विवादहरूको निराकरण गरी आयोजनाको प्राविधिक पक्षलाई पनि सरलीकरण गरिदिएर आयोजना कार्यान्वयनको वाताबरण निर्माण गरिदिनु पर्दछ ।

## राजनीति र प्रशासनको आदर्श सम्बन्ध

राजनीतिज्ञले जनमत र प्रशासनले दक्षताको दम्भले एक अर्कालाइ कम महत्व दिने प्रचलन यद्यपी छ । सार्वभौमसत्ता सम्पन्न नागरिकको जनमत प्राप्त राजनीतिले नै प्रशासनलाई भुमिका र प्रशासनको बैधता दिने भएकाले नै राजनीति नै सबैभन्दा श्रेष्ठ हो । प्रशासनले शासक हुने भ्रम र रहर राख्नु हुदैन । प्रशासनले एक पटक परिक्षा दिदा हुन्छ भने राजनीतिले प्रत्येक पटक राजनैतिक लोकप्रियता र बैधताको परिक्षा दिई रहनु पर्दछ । राजनिज्ञहरूका आन्तरिक बैठकहरूमा कर्मचारीलाइ हेयको दृष्टी राख्ने गरिन्छ भन्ने गरिन्छ । कर्मचारीलाई दवाव,प्रभाव र प्रलोभनमा कार्य गराउनु हुदैन । प्रशासन र राजनीतिको सम्बन्ध अन्योन्याश्रित, परिपुरक र परिपोषित हुनु पर्दछ । सार्वजनिक जवाफदेहितामा दुबै पक्ष खरो उत्रिनु पर्दछ । नागरिकलाई राजनीति र प्रशासनको सम्बन्धलाई लिएर शङ्काको गुञ्जायस राख्ने स्थान दिइनु हुदैन । प्रशासकले आप् न्नो जिम्मेवारी निर्वाह गर्दा राजनैतिक तटस्थाता भएको सेवाग्राहीले व्यवहारबाट अनुभुति गर्न पाउनु पर्दछ ।

## अन्त्यमा

सार्वजनिक पद धारणा गरेका राजनिज्ञ र प्रशासक दुबैले जनताको करबाट पारिश्रमिक र अन्य सुविधा लिने गर्दछन् । राष्ट्रको दुर्लभ साधन स्रोतबाट सुविधा लिने पदाधिकारीबाट नागरिकले अग्रगामी विकास र चमत्कार आशा गर्नु अन्यथा होइन । अब एक अर्कालाई दोषारोपण गर्ने नभइ आपसमा सुमधुर सम्बन्ध कायम बनाई भष्ट्राचार नियन्त्रण गरी तिब्र आर्थिक बिकास गर्नु जरूरी छ । हाम्रै जस्तै अबस्था भएको बङ्गालादेशले भारतलाई सहयोग गर्ने स्थितिमा पुग्यो भने पाकिस्तान कोभिडको खोप निर्माण गर्ने स्थितिमा पुगी सक्यो । यसर्थ राजनीति र प्रशासनबीचमा आदर्श सिमा रेखा निर्माण गरी एक अर्काको सम्मान गर्दै सीमित साधन स्रोतलाई अधिकतम राष्ट्रिय हितमा अधिपकतम परिचालन गर्नु आजको आवश्यकता हो ।

**स्रोतहरु**


१. मैनाली गोपीनाथ, राज्य सञ्चालनका आधारहरू सोपान ।
२. बिभिन्न दैनिक पत्रिकामा प्रकाशित लेखहरू ।

# कर्मचारी प्रशासनमा तलब तथा सुविधाको व्यवस्थापन

अशोकप्रसाद दाहाल
शाखा अधिकृत, नेपाल सरकार

**परिचयः**

कुनै पनि संगठनको उद्देश्य प्राप्तिका लागि उक्त संगठनमा आवद्ध रहेर कर्मचारीले प्राप्त गर्ने श्रमको मुल्य नै तलब वा ज्याला हो । तलब कर्मचारीको श्रमको महत्वपूर्ण क्षतिपूर्ति हो । तलब रोजगारदाता र कर्मचारी वीचको सम्झौताको आधारमा नियुक्ति पाए पछि दिइने पारिश्रमिक हो । धेरै शारीरिक श्रम वापत दिइने रकमलाई ज्याला भनिन्छ भने थोरै शारीरिक श्रम तथा धेरै ज्ञानको उपयोग वापत दिइने रकमलाई तलब भनिन्छ ।

एउटा कर्मचारीलाई कति तलब दिइनु पर्दछ भन्ने विषयमा निश्चित सिद्धान्त छैन तर पनि पद अनुरूपको सामाजिक प्रतिष्ठा कायम गर्न सक्ने जीवनस्तर हुने तथा अन्य संघसंस्थाहरूसँग मेल खाने किसिमको हुनुपर्दछ । तलब निर्धारण मुख्यतया संगठन तथा सरकारको क्षमता, बजार मुल्य र मुद्रास्फीति, श्रमको माग र आपूर्ति, चलन चल्तीको तलब, उत्पादकत्व, सरकारी निर्णय, दरवन्दी तथा आवश्यकता आदि विषयहरूद्वारा गरिन्छ ।

संगठनमा तलब बाहेक अन्य सुविधा (Fringe Benefits) ले पनि महत्वपूर्ण अर्थ राख्दछ । जस अन्तर्गत उपदान, निवृत्तिभरण, चाडवाड खर्च, पोशाक खर्च, स्थानीय भत्ता, विदा वापतको रकम, वीमा, औषधी उपचार खर्च जस्ता विषय समेटिन्छन् । तलबले वर्तमानको आवश्यकता पूर्ति गर्दछ भने अन्य सुविधाहरूले कर्मचारीलाई संगठनमा आवद्ध रहन र थप कार्य गर्न उत्प्रेरणा प्रदान गर्दछ । थप सुविधाले भविष्यको आवश्यकता पूर्ति समेत विचार गर्दछ । थप सुविधा कर्मचारीको कार्यदक्षता तथा कार्यालयका लागि व्यतित गरेको समय तथा परिश्रमको प्रतिफल हो । तलबले भौतिक पक्षसँग सरोकार राख्दछ भने थप सुविधाले मानवीय र भावनात्मक पक्षसँग सरोकार राख्दछ ।

सरकारी कर्मचारीको तलब कुनै पनि देशको अर्थतन्त्रको प्रतिक हो । कर्मचारीको तलबले उनीहरूमा आत्मसम्मान, कार्य प्रतिको उत्प्रेरणा, सम्बन्धित संस्था प्रतिको दायित्व तथा समग्रमा राष्ट्र प्रतिको सेवा भाव तथा समर्पण भाव स्थापित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । सरकारी सेवा प्रति मानिसहरूको आकर्षण संसार भरी नै पाइन्छ । नेपालमा पनि सरकारी सेवामा आकर्षण त पाइन्छ तथापि सेवामा आवद्ध भए पछि तुलनात्मक रूपमा थोरै तलब सुविधाका कारण कर्मचारीहरूमा नैराश्यता उत्पन्न हुन सक्ने अवस्था विद्यमान छ । सरकारी सेवामा आवद्ध कर्मचारीहरू नै वास्तवमा देशको प्रतिनिधि पात्र हुन् त्यसैले सवल र सक्षम प्रतिभाहरूलाई सरकारी सेवामा आवद्ध गराउन सरकारले प्रेरणादायी भूमिका निर्वाह गर्नुपर्दछ ।

**तलब निर्धारणका मान्यताहरुः**

तलब निर्धारणका लागि धेरै मान्यताहरू स्थापित छन् । यो देशको आर्थिक स्थिति, सामाजिक प्रचलन, जनताको जीवनस्तर, कर्मचारीका चाहना जस्ता कुरामा निर्भर हुन्छ । तलब निर्धारणका मान्यतालाई परम्परागत र आधुनिक गरी दुई प्रकारमा विभाजन गरिन्छ ।

### परम्परागत आधार

**तलब निर्धारणको परम्परागत मान्यता अन्तर्गत निम्न कुराहरु रहन्छ :**

- न्यायपूर्ण मान्यताः व्यक्तीको संगठनमा रहने योगदानको न्यायपूर्ण मूल्यांकन गरी तलब निर्धारण हुने ।
- तुलनात्मक आधारः अन्य संगठनमा तलबको अवस्था कस्तो छ, सो अनुसार निर्धारण गरिने ।
- ऋय शक्तिको आधारः देशको कूल GDP र बजार भाउको आधारमा निर्धारण गरिने ।
- उत्पादकत्वः संस्थाको उत्पादकत्वको आधारमा तलब निर्धारण गरिने ।
- संस्थाको तलब दिन सक्ने क्षमता ।
- समान कामका लागि समान पारिश्रमिक ।

### आधुनिक आधार

**परम्परागत आधारवाट तलब निर्धारण गर्दा वैज्ञानिक हुन नसक्ने दृष्टिकोणबाट आधुनिक आधार स्थापित भएको हो । जस अन्तर्गत निम्न मान्यताहरु रहन्छन् :**

- नतिजाका आधार : प्रति इकाई उत्पादन तथा नतिजाका आधारमा तलब निर्धारण गरिने
- नाफा सम्बद्ध आधार : संस्थाको मुनाफा वमोजिम तलब सुविधा निर्धारण गरिने
- कार्य सम्पादन : कामको गुणस्तर, लागत, परिमाण र समय तुलना गरी कार्यदक्षताको आधारमा तलब सुविधा तोकिने
- सीपमा आधारित तलब : प्राविधिक प्रकृतिको काममा थप सुविधा तोकिने
- समयको आधार : कार्य घण्टाको आधारमा तलब तोकिने

### तलब निर्धारणका सिद्धान्तहरुः

**अन्तर्राष्ट्रिय तलब व्यवस्थापनमा प्रचलित सिद्धान्तहरु निम्न बमोजिम पाइन्छ ।**

१. जीवन निर्वाहको सिद्धान्त : जीवन धान्ने गरी अर्थात न्युनतम आवश्यकता पुरा गर्ने तलब हुनुपर्दछ भन्ने सिद्धान्त ।

२. सीमान्त उत्पादकत्वको सिद्धान्त : सीमान्त उत्पादकत्वको अनुपातमा तलब निर्धारण हुने ।

३. सौदावाजीको सिद्धान्त : संगठनमा कार्यरत कामदार र व्यवस्थापक बीच गरिने सौदावाजीको आधारमा तलब निर्धारण ।

४. लागत फिर्ताको सिद्धान्त : प्रतिफलबाट लागत कटाई बचेको रकमवाट तलब निर्धारण ।

५. Wage fund Theory : धनीबाट उठाएको करवाट पारिश्रमिक निर्धारण गरिने ।

### तलब सुविधा सम्बन्धमा नेपालको वर्तमान व्यवस्था :

**सरकारी कर्मचारीहरुको तलब सुविधा सम्बन्धमा नेपालको वर्तमान व्यवस्थालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।**

- विशिष्ट श्रेणीको मुख्य सचिवको स्थिर तलब र अन्यको निश्चित सीमा सम्म वार्षिक ग्रेड वृद्धि हुने व्यवस्था रहेको छ ।

- मुख्य सचिवको संयोजकत्वमा गठन हुने स्थायी तलब भत्ता पुनरावलोकन समितिले प्रत्येक तीन वर्षमा तलब पुनरावलोकन गर्ने प्रावधान छ ।
- तलब खप्टने नीति अभ्यासमा देखिन्छ । हालको तलब संरचनामा तल्लो पदको माथिल्लो स्केल माथिल्लो पदको न्युनतम तलब भन्दा बढी रहेको छ ।
- सवैभन्दा तल्लो पद र माथिल्लो पद वीचको तलव अनुपात १:३ रहेको छ ।
- प्रहरी, सशस्त्र प्रहरी, सेना तथा वनका कर्मचारीलाई राशन भत्ताको व्यवस्था छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग लगायत कार्यालयमा प्रोत्साहन भत्ताको सुविधा रहेको छ ।
- अन्य सुविधा अन्तर्गत सवै कर्मचारीहरूका लागि एक महिनाको तलब बराबरको पर्व खर्च, सार्वजनिक विदामा समेत काममा खटिनुपर्ने कर्मचारीहरूका लागि एक महिनाको थप तलब, विशेष जिम्मेवारी भएकालाई विशेष सुविधा, सहसचिव वा सो भन्दा माथिका कर्मचारीलाई टेलिफोन बापत सुविधा जस्ता व्यवस्था छ ।
- सार्वजनिक संस्थानमा परिवहन, घरभाडा, समायोजन भत्ता जस्ता सुविधाको व्यवस्था छ ।
- सामाजिक सुरक्षा र व्यवसायिक क्षतिपूर्ति अन्तर्गत उपदान, पेन्सन, औषधी उपचार, बीमा, सन्तति वृत्ति, पारिवारिक वृत्ति आदि व्यवस्था छ ।
- निजामती कर्मचारीहरूको कार्यक्षमतामा अभिवृद्धि गर्न तथा काममा प्रोत्साहन स्वरूप विभिन्न निजामती पुरस्कारको व्यवस्था गरिएको छ ।
- कर्मचारीहरूको क्षमता विकासका लागि विभिन्न शिप अभिवृद्धि तालिम, अभिमुखीकरण कार्यक्रमहरू, वैदेशिक अध्ययन भ्रमण, वैदेशिक अध्ययन जस्ता कार्यक्रमहरूको व्यवस्था गरिएको छ । जसका लागि थप आर्थिक सुविधाहरू नेपाल सरकारले व्यवस्था गर्दै आएको छ ।

### विद्यमान तलब व्यवस्थापनमा देखिएका समस्याहरु :

**नेपालमा तलब व्यवस्थापनमा देखिएका समस्याहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।**

- हचुवा तलव पुनरावलोकन प्रकृया रहेको भान हुने,  कानुनमा र सिद्धान्तमा वजारमूल्य, मुद्रास्फीति, fair comparision भने पनि सो हेरिएको पाइदैन ।
- तलब भत्ता पुनरावलोकन समितिको सुझाव कार्यान्वयन हुन सकेको छैन ।
- आवास भत्ता, अन्य भत्ता, यातायात खर्च, शिक्षा जस्ता सुविधा केही सीमित सार्वजनिक संस्थान र निजी क्षेत्रको तुलनामा मनोवल उकास्ने खालको तलब सुविधा देखिदैन ।
- बेरोजगारीका कारण सेवा प्रवेश गरे पनि तत्पश्चात नैराश्यता दिने तलब प्रणाली छ भन्दा अत्यूक्ति हुदैन ।
- जीवन निर्वाह गर्न नसक्ने प्रणालीले गर्दा कर्मचारी प्रशासनमा भ्रष्टाचार मौलाएको देखिन्छ ।
- विश्वमान्य प्रणाली न्युनतम परिवार सदस्यका लागि शिक्षा, स्वास्थ्य धान्ने गरी तलब निर्धारण गर्ने व्यवस्था हुनुपर्ने देखिन्छ ।
- कर्मचारीको कर्म र राजनीतिको नीति प्रभाववीच रहने द्वन्दले स्पष्ट मार्गनिर्देश गर्न नसकेको देखिन्छ ।
- अन्य क्षेत्रको तलब सुविधासँग तुलना गर्दा सरकारी कर्मचारीको तलब सुविधा कमजोर छ ।
- विभिन्न नीतिहरूको दवावले तलव नीतिका बारेमा उपयुक्त निर्णय हुन नसकी अन्योलतामा फस्ने गरेको देखिन्छ ।

■ समग्रमा सरकारी सेवा तथा कर्मचारीहरू प्रति नागरिकका दृष्टिकोण सकारात्मक रहेको छैन, बजार मूल्य अनुरूप कर्मचारीको तलब सुविधामा बृद्धि हुँदा समेत नकारात्मक हल्ला फिँजाइने गरेको अवस्था विद्यमान छ ।

**तलब प्रणाली व्यवस्थित गर्नका लागि आगामी कदमहरु :**

नेपालको सरकारी तलब निर्वाहमुखी जीवन पद्धति धान्ने भन्दा धेरै तल छ । उत्पादकत्व र कार्य सम्पादनलाई सकारात्मक योगदान गर्ने अवस्थाको छैन । लक्ष्य, क्यालोरी, मूल्यवद्धि, मुद्रास्फीति, राजस्व स्थिति, सूचक, मापन, जीवन निर्वाह सोचेर तलब निर्धारण गर्नुपर्नेमा सो अनुसार हुन सकेको देखिदैन । यो शुद्ध प्राविधिक विषय मात्र नभएर सामाजिक आर्थिक राजनीतिक विषय पनि हो । तलब नीतिले समेट्ने कुरा Morale, Motivation, Corruption control efficiency पनि हुन । अतः तलब निर्धारण गर्नु अघि Basic Pay, Incentives Pay, Fringe benefit, Non economic incentives जस्ता पक्ष विचार गरेर निम्नानुसार व्यवस्था गर्नुपर्ने हुन्छ ।

■ मूल्य सूचकांक र तुलनात्मकताका आधारमा तलब तोक्ने ।
■ जीवन निर्वाह गर्न पुग्ने तलबको व्यवस्था गर्ने ।
■ तलबको वार्षिक वृद्धिदर बजार मूल्यसँग सामञ्जस्य गर्ने ।
■ बारम्बार तलब बढाउनुको सट्टा अन्य सुविधाको माध्यमबाट बजारसँग सामञ्जस्यता कायम गर्ने ।
■ तलब प्रणाली वैज्ञानिक बनाउन तलब भत्ता निर्धारण समितिले थप अध्ययन गर्ने । तलब निर्धारण गर्दा समेट्नु पर्ने विषयहरू वर्गीकरण गरेर विश्लेषण गर्ने ।
■ कार्यबोझ र उत्तरदायित्वका आधारमा तलब व्यवस्थापन गर्ने ।
■ कार्यसम्पादनमा आधारित तलब प्रणाली लागू गर्ने ।
■ योगदानमा आधारित उपादान तथा निवृत्तिभरण प्रणाली लागू गर्ने ।

**निष्कर्ष :**

नेपालमा सरकारी कर्मचारीतन्त्रमा हाल कायम रहेको तलब व्यवस्थालाई मध्यनजर गर्दा माथि उल्लेखित सिद्धान्तहरूको कार्यान्वयन हुन सकेको छैन र अन्तर्राष्ट्रिय स्तर बमोजिम तलबी व्यवस्थापन हुन सकेको देखिदैन । योगदानमा आधारित प्रोत्साहन प्रणालीको विकास, कार्यबोझ र उत्तरदायित्वका आधारमा तलब व्यवस्थापन जस्ता प्रणालीको प्रयोग गरी योग्य र सक्षम ब्यक्तीहरूलाई सरकारी सेवामा आकर्षण गर्ने तथा प्रतिभा पलायन हुन नदिई देश भित्रै कार्य वातावरणको स्थिति सिर्जना गर्नुपर्ने देखिन्छ । कर्मचारीहरूको मनोवल उच्च बनाई काममा समर्पित गराउन सकेमा भरोसायुक्त कर्मचारीतन्त्रको निर्माणले सार्थक रूप लिन्छ ।

**सर्न्दभ सामाग्री**

■ निजामती सेवा ऐन तथा नियमावली
■ राज्य कौशलका आधारभूत पक्षहरू ढुन्डीप्रसाद निरौला

# तीन तहका सरकारहरूमा राज्य शक्तिको बाँडफाँड, शक्ति पृथकीकरण, सन्तुलन र नियन्त्रण

मदन कुमार बजगाँई
शाखा अधिकृत, नेपाल सरकार

## अवधारणा

सरकारको शक्ति एकै व्यक्ति वा निकायमा निहित रहदाँ निरंकुशताको विकास हुने प्रबल संभावना भएकोले राज्य शक्तिलाई विभिन्न फरक फरक निकायहरूमा बाँडफाँड गरेर राज्यको संचालन गर्दा शासन प्रणाली लोकतान्त्रिक र जनमैत्री हुन्छ भन्ने मान्यताका साथ इतिहासको विभिन्न कालखण्डमा विविध प्रकृतिका विचारहरूको विकास भएको पाइन्छ । प्राचिन समयमा ग्रिक दार्शनिकहरू प्लेटो, अरस्तु, सिसेरो, पोलिथिएस लगायतले राज्यको कार्य विभाजनको रूपमा मात्रै लिएको राज्य शक्तिको पृथकीकरणको चर्चा गरेको पाइन्छ । बेलायतको शासन प्रणालीको अध्ययन तथा फ्रान्सेली तानाशाह लुई चौधौंको "म नै राज्य हूँ" भन्ने अभिव्यक्ति लगायतका समकालीन घटना क्रमहरूको समेत आधारमा फान्सेली विद्वान मन्टेस्क्युले सन् १७४८ मा प्रकाशित पुस्तक The Spirit Of Law मार्फत राज्यका तीन अंगहरू व्यवस्थापिका, कार्यपालिका र न्यापालिकाको संरचनागत तथा कार्यगत रूपमा समेत शक्ति पृथकीकरण गर्नुपर्ने विचार व्यक्त गरे । सोको प्रभाव सन् १७८९ मा निर्मित अमेरिकी संविधान तथा अन्य देशका संविधानहरूमा समेत क्रमशः देखा पर्दै गयो । शक्ति पृथकीकरणको कार्यान्वयनका क्रममा निरपेक्ष रूपमा गरिएको शक्ति पृथकीकरण कार्यान्वयन गर्न नसकिने हुँदा राज्यका संयन्त्रहरूबीच आपसी समन्वयको आवश्यकता देखिएकोले शक्ति पृथकीकरणलाई व्यवहारिक रूप दिन राज्यका अंगहरूले समन्वायत्मक रूपमा एक अर्काको काममा सहयोग गर्नुपर्ने तथा राज्यको एउटा अंगले आफ्नो दायरा उलंघन गर्दा अर्को अंगले रोक लगाउन सक्ने व्यवस्थाको रूपमा सन्तुलन र नियन्त्रण अवधारण अमेरिकी विद्वान जोड एडम्सबाट प्रस्तुत भयो । अमेरिकी संविधान शक्ति पृथकीकरणको मात्रै नभई संघीय शासन प्रणालीको समेत उद्गम विन्दु मान्न सकिन्छ । अनेकौं राज्यहरू मिलेर एउटा संघको रूपमा राज्यको निर्माण हुँदा एउटै भुगोल भित्र अनेक सरकारहरू रहने अवधारणा विकास भएको पाइन्छ ।

नेपालको सन्दर्भमा परम्परागत रूपमा राजतन्त्रात्मक शासन व्यवस्था रहेकोले राजसंस्था वा सो सरह अधिकार प्रयोग गर्ने विविध प्रकृतिका एकल वा समुहगत संरचनाबाट नै शासन व्यवस्था संचालन गरेको इतिहास छ । वि. स. १९९७ मा अलग्गै न्यायपालिकाको गठन र २००४ मा निर्मित नेपालको पहिलो संविधानः नेपाल सरकार वैधानिक कानून, २००४ बाट केन्द्रिय सभाको रूपमा राष्ट्र सभा र भारदारी सभा तथा स्थानीय रूपमा पञ्चायती सभाको विषय उल्लेख गरी शक्ति पृथकीकरणको औपचारिक सुरूवात गरेको पाइन्छ। तहाँ पश्चातका सबै संविधानले कार्यपालिका न्यायपालिका र व्यवस्थापिकाको कार्य गर्ने गरी विभिन्न संयन्त्रहरूको विकास गरेको भएपनि शुरू-शुरूमा ती अंगहरूको कार्यमूलक शक्ति पृथकीकरण हुन नसकेको र समयक्रम संगै भूमिका स्पष्ट हुँदै गएको पाइन्छ । वर्तमान संविधानको कार्यान्वयन पश्चात ५ विकास क्षेत्र, १४ अञ्चल, ७५ जिल्ला र ४००० भन्दा बढी स्थानिय निकायहरू मिलेर बनेको एकात्मक राज्य संरचनाबाट संघीय राज्यको रूपमा विभिन्न सातवटा प्रदेशहरू र ७५३ वटा स्थानीय तहहरू समेतको

निर्माण भई सबैको समष्टिगत राज्यको रूपमा संघीय नेपालको निर्माण भएको छ ।

## राज्य शक्तिको बाँडफाँड

एकात्मक राज्यलाई संघीय राज्यमा रूपान्तर गरे पश्चात राज्य संचालनको सहजता तथा प्रभावकारी सेवाप्रवाहको लागि वर्तमान संविधानको भाग ५ मा राज्य शक्तिको बाँडफाँडको व्यवस्था गरिएको छ । धारा ५६ (२) मा नेपालको राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान र कानून बमोजिम गर्नेछन् भन्ने उल्लेख भएकोले राज्यको शक्तिको विभिन्न निकायहरूमा पृथकीकरण भन्दा पहिला राज्यशक्तिलाई ३ तहमा विभाजन गरिएको बुझिन्छ । जसमा अवशिष्ट अधिकार संघीय सरकारमा रहने गरी राज्यका विभिन्न अधिकार क्षेत्रहरूलाई ५ वटा अनुसूचिहरूमा बाँडेर राखिएको छ । आर्थिक अधिकार तथा राजस्वको स्रोतको बाँडफाँड समेतका अधिकार तीन वटै तहमा प्रदान गरिएको छ । संघ र प्रदेशले क्रमश प्रदेश र स्थानीय तह तर्फ नियमानुसार सशर्त, समानिकरण र विशेष अनुदान उपलब्ध गराउनुपर्ने समेत व्यवस्था छ । अनुसूची- ५ मा सुरक्षा, अन्तराष्ट्रिय मामिला, मुद्रा, खानी, तथ्यांक, पुरातत्व, वायुमण्डल, अन्तरिक्ष, हवाइ उडान, नागरिकता, फौजदारी र देवानी कानून, बौद्दिक सम्पति, छापाखाना, राष्ट्रिय स्तरका निकायहरू, नापतौल, तथा विविध राष्ट्रिय निति र मापदण्डहरूको निर्माणका विषयहरू सहित ३५ वटासंघीय तहका एकल अधिकारका विषयहरू सूचिकृत गरिएको छ भने अनूसुची- ६ मा प्रदेश स्तरका संयन्त्रहरूको परिचालनका लागि निती निर्माण कृषी, बन, भूमि व्यवस्था, गुठी, स्वास्थ्य सेवा लगायतका विषयहरू सहित विभिन्न २१ वटा अधिकारहरू प्रदेशको एकल अधिकारको रूपमा सुचीकृत छन् । अनुसुची ८ मा शिक्षा, स्वास्थ्य, खानेपानी, विपद व्यवस्थापन, स्थानीय रोजगारी, बजार व्यवस्थापन,विकास निर्माणका आयोजना संचालन तथा स्थानीय नीति निर्माण समेत गरी विभिन्न २२ वटा अधिकार स्थानीय तहको एकल अधिकारको रूपमा सूचिकृत छन् । अनुसुची- ७ मा संघ र प्रदेशका साझा अधिकारका विभिन्न २५ विषयहरू र अनुसुची ९ मा तीनैवटा तहका साझा अधिकारको रूपमा १५ वटा विषयहरू सुचीकृत छन् । साथै संविधान प्रतिकूल संघीय कानून बनाउन नपाइने, संघीय कानून प्रतिकूल प्रदेश र स्थानीय कानून बनाउन नपाइने र प्रदेश कानून विपरित स्थानीय कानून बनाउन नपाइने व्यवस्थाबाट कानूनी रूपमा हुन सक्ने द्वैधतालाई समाधान गरिदिएको छ । तीन वटै तहले कानून बनाउने, बजेट बनाउने,तोकिए बमोजिमका शीर्षकमा राजस्व उठाउने र खर्च गर्ने अधिकार संविधानबाट नै पाएका छन् । यसरी वर्तमान संविधानले राज्यका तीनवटै तहको अधिकार स्पष्ट रूपमा बाँडफाँड गरिदिएको छ । तहगत अधिकार क्षेत्रको विषयमा कुनै द्विविधा भएमा धारा २३७ बमोजिम सर्वोच्च अदालतमा संवैधानिक इजलाश रही सो मार्फत निरूपण हुने व्यवस्था गरिएको छ ।

## शक्ति पृथकीकरण

वर्तमान संविधान अनुसार संघीय तह, प्रादेशिक तह र स्थानिय तहमा सरकारहरू रहने व्यवस्था छ.। संघीय तहको राज्य शक्तिको प्रयोग कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका, संविधान बमोजिम गठन भएका राष्ट्रपति, उपराष्ट्रपति, न्याय सेवा आयोग, महान्यायधिवक्ता तथा संविधानले व्यवस्था गरेका लोकसेवा आयोग, निर्वाचन आयोग,राष्ट्रिय मानवअधिकार आयोग लगायतका विभिन्न १३ वटा संवैधानिक

निकायहरूले गर्दछन् । संविधानको धारा ७६ बमोजिम संघीय संसदको प्रतिनिधि सभामा बहुमत प्राप्त दलको संसदीय दलको नेतालाई राष्ट्रपति चयन गर्ने र निजको अध्यक्षतामा मन्त्री परिषद गठन हुने तथा धारा ७५ (१) बमोजिम संविधान र कानून बमोजिम कार्यकारिणी अधिकार मन्त्रीपरिषदमा रहने व्यवस्था छ । संविधानको भाग ८ मा १७५ जना प्रत्यक्ष निर्वाचित र ११० जना समानुपातिक प्रणालीबाट निर्वाचित सदस्यहरू सहित कुल २७५ सदस्यीय प्रतिनिधि सभा र प्रत्येक प्रदेशबाट ७ का दरले निर्वाचित र ३ जना सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित गरी ५९ सदस्यीय राष्ट्रिय सभा गठन हुने र सो संसदले विधेयक पारित गरी कानून निर्माण (धारा १११) र संविधान समेत संसोधन गर्न सक्ने (धारा २७४) अधिकार व्यवस्था हुनु र धारा १२७ (१) (क) बमोजिम सर्वोच्च अदालतको गठन भई धारा १२६ अनुसार न्यायिक अधिकार अदालत वा न्यायिक निकायबाट मात्रै प्रयोग हुने व्यवस्था तथा केहि निकायहरूको संघीय कानून बमोजिम हुने भनी तोकिएको बाहेक अधिकांश निकायहरूको नियुक्ती, योग्यता ,काम, कर्तव्य र अधिकार संविधानमा नै तोकिएकोले संघीय तहमा संरचनागत रूपमा र कार्य जिम्मेवारीको हिसाबले समेत शक्ति पृथकीकरण गरिएको देखिन्छ ।

प्रदेशस्तरमा अलग्गै प्रदेश कार्यपालिका र प्रदेश व्यवस्थापिका र उच्च अदालतको रूपमा न्यायपालिका रहने व्यवस्था संविधानमा नै गरिएको छ । संविधानको भाग १३ मा राष्ट्रपतिले ५ वर्षका लागि नेपाल सरकारको प्रतिनिधिको रूपमा प्रदेश प्रमुख नियुक्त गर्ने र प्रदेश प्रमुखले प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई मुख्यमन्त्रीमा नियुक्त गर्ने र निजको अध्यक्षतामा प्रदेश मन्त्रिपरिषदको गठन हुने व्यवस्था धारा १६८ (१) मा छ । धारा १७५ र १७६ अनुसार सबै प्रदेशमा संघीय प्रतिनिधि सभाको भन्दा दोब्बर संख्यामा प्रदेश सभा सदस्य प्रत्यक्ष रूपमा निर्वाचित हुने र सो संख्यालाई ६० प्रतिशत मानि ४० प्रतिशत थप प्रतिशत समानुपातिक निर्वाचनबाट निर्वाचित हुने व्यवस्था छ । संविधानको धारा १२७ (१) (ख) र धारा ३०० (३) मा उच्च अदालतको गठन सम्बन्धमा उल्लेख गरिएको छ भने धारा १३९ मा प्रत्येक प्रदेशमा एउटा उच्च अदालत रहने व्यवस्था गरेको छ साथै न्याय प्रशासन ऐन, २०७३ को दफा ५ ले प्रत्येक प्रदेशको राजधानीमा उच्च अदालत रहने व्यवस्था गरेको छ ।संविधानले प्रदेश न्याय सेवा आयोग, मुख्य न्यायधिवक्ता, प्रदेश लोकसेवा आयोग, महिला आयोगको कार्यालय, दलित आयोगको कार्यालय, राष्ट्रिय समावेशी आयोगको कार्यालय र भाषा आयोगको शाखा कार्यालय स्थापनाका सम्बन्धमा समेत उल्लेख गरेको छ । सरकारका मुख्य अंगहरू कार्यपालिका व्यवस्थापिका र न्यायपालिकाका साथै केहि संवैधानिका निकाय तथा संविधान निर्मित निकायहरूको गठन, प्रदेश कार्यालय स्थापना वा शाखा कार्यालय स्थापना समेतको व्यवस्था गरिएकोले प्रदेश स्तरमा पनि शक्ति पृथकीकरण स्पष्ट रूपमा गरिएको देखिन्छ ।

संविधानको भाग १७ मा स्थानीय तहमा स्थानीय कार्यपालिका तथा संविधानको भाग १८ मा स्थानीय व्यवस्थापिकाको स्पष्ट व्यवस्था छ । स्थानीय तहगत रूपमा न्यायपालिकाको प्रत्यक्ष उपस्थिति नभएता पनि न्याय सम्पादनको आधारभूत पक्षको रूपमा रहेको मेलमिलाप कार्य तथा सामान्य विवादहरूको निरूपण गर्न संविधानको भाग १७ स्थानीय कार्यपालिका अन्तर्गत धारा २१७ मा न्यायिक समितिको रूपमा सिमित न्यायिक अधिकार स्थानीय तहमा समेत प्रदान गरिएको छ । हरेक जिल्लामा रहेका जिल्ला अदालतले

न्यायिक समितिको फैसला उपर पुनरावेदन लिने (संविधानको धारा १५२/२ र स्थानीय सरकार संचालन ऐन दफा ४९/४) तथा अन्य विविध विषयमा न्यायिक कार्य गर्ने हुँदा स्थानीय सरकारको संरचनामा न्यायिक निकायको स्पष्ट उपस्थिति नहुँदा पनि न्यायको पहुँच स्थानीय तह सम्म पुगेको देखिन्छ । स्थानीय तहका वडा तहसम्म मेलमिलापकर्ताहरू परिचालन गर्ने व्यवस्थाले झन्झटिलो न्यायिक प्रणालीमा साधारण प्रकृतिका विवादहरूलाई प्रवेश नगराई स्थानीय रूपमा नै समाधानको व्यवस्था गरिएको छ ।शक्ति पृथकीकरणको मान्यता अनुसार एउटा अंगमा रहेको व्यक्ति अर्को अंगमा रहन नहुने भन्ने मान्यता भएता पनि संघीय संसदको सदस्य मात्रै कार्यपालिकाका प्रमुख हुने , प्रदेश सभाको सदस्य मात्रै प्रदेश कार्यपालिकाको नेतृत्वमा रहने तथा स्थानीय तहमा त कार्यपालिकाको प्रमुख र व्यवस्थापिकाको प्रमुख एकै व्यक्ति हुने भएकोले शक्ति पृथकीकरणको संस्थागत व्यवस्था स्पष्ट भएता पनि कार्यगत रूपमा पूर्ण रूपमा पृथकीकरण भने हुन सकेको छैन ।

## सन्तुलन र नियन्त्रण

संघीय सरकार जस्तै प्रदेश र स्थानीय सरकारका निकायहरूबीच नियन्त्रण र सन्तुलनका समेत प्रावधानहरू संविधानमा भेटिन्छ। संघीय तहमा कार्यपालिका व्यवस्थापिका र न्यायपालिकाकाबीच एक आपसमा नियन्त्रणका लागि निम्न प्रावधानहरू रहेका छन् ।

**संघीय तहमा**ः कार्यपालिकाले न्यायपालिकाको न्यायधिशको नियुक्तिमा प्रभाव पार्ने न्यायपालिकाले तोकेका सजाय माफी दिन सक्ने र साधन स्रोत जनशक्ति खटाउने कार्यबाट न्यापालिका माथि नियन्त्रण र सन्तुलन गरिरहेको हुन्छ भने संसदको अधिवेशन आव्हान र अन्त गर्ने अर्थ र सुरक्षा सम्बन्धी विधेयकहरू पेश गर्ने एकाधिकार अध्यादेश मार्फत कानून निर्माण प्रत्यायोजित विधायनको अधिकारको प्रयोग गर्ने संसदलाई स्रोत साधन र जनशक्ति प्रदान गर्ने तथा स्विकृत विधेयकहरूलाई राष्ट्रपतिबाट अनुमोदन गराउने प्रकृयाबाट नियन्त्रण गरिरहेको हुन्छ ।

व्यवस्थापिकाले न्यायपालिकामाथि न्यायधिशको सिफारिस संसदिय सुनुवाइ पश्चात हुने व्यवस्था महाअभियोग लगाउने व्यवस्था कानूनमा परिवर्तन गरी न्यायपालिकाको कार्यक्षेत्रमा घटवढ गर्न सक्ने सर्वोच्च अदालतको बार्षिक प्रतिवेदनमा छलफल गर्ने संसदमा बहसमा रहेका विषयमा अदालतमा मुद्दा नलाग्ने जस्ता प्रावधानहरूबाट न्यानियपालिकामाथि सन्तुलन र नियन्त्रण गर्दछ भने राष्ट्रपति तथा उपराष्ट्रपतिकोको निर्वाचन प्रधानमन्त्रीको निर्वाचन विश्वासको मत अविश्वासको मत महाअभियोग बजेट तथा निति कार्यक्रम स्विकृत गर्ने र सन्धी सम्झौता अनुमोदन गर्ने लगायतका प्रावधानहरूबाट कार्यपालिकामाथि नियन्त्रण गर्दछ ।

न्यायपालिकाले कार्यपालिकाको आदेश विरूद्ध रिट र उपर आदेश जारी गर्न सक्ने र अदालतको आदेशलाई सबैले मान्नुपर्ने प्रावधान तथा न्याय सम्पादनमा सबैले सहयोग गर्नुपर्ने तथा निर्मित कानूनहरूको न्यायिक पुनरावलोकन समेत गर्न सक्ने प्रावधानहरूले कार्यपालिका उपर नियन्त्रण गर्दछ भने न्यायपालिकाले व्यवस्थापिका उपर कानूनको संवैधानिकता जाँच गरी अमान्य घोषणा गर्न सक्ने नजिर निर्माण गरी

कानूनको परिपुर्ति गर्ने र न्यायलयमा मुद्दामा परेको विषयमा संसदमा बहस गर्न नपाइने जस्ता प्रावधानबाट व्यवस्थापिकामाथि नियन्त्रण गर्दछ ।

**प्रदेश स्तरमा**ः प्रदेश कार्यपालिकाले प्रदेश सभाको विघटन गर्ने तथा कानून बमोजिम सभाको समयावधि थप गर्न सक्ने अध्यादेश जारी गर्ने सुरक्षा तथा अर्थ विधेयक सरकारी विधेयक मात्रै हुन सक्ने अधिवेशनको आव्हान र अन्त गर्ने तथा सभालाई जनशक्ति र साधन स्रोत उपलब्ध गराउने सभाको सदस्य नभएको व्यक्तिलाई मन्त्री नियुक्त गर्न सक्ने जस्त प्रावधानहरूका आधारमा नियन्त्रण तथा सन्तुलन गर्न सक्दछ भने प्रदेश सभाले मुख्य मन्त्री नियुक्तीको लागि विश्वासको मत तथा अविश्वासको मतको प्रकृया कानून निर्माण गरी तथा बजेट पारित गर्ने प्रकृयाबाट कार्यपालिकाका कार्यहरूमाथि नियन्त्रण गर्दछ । प्रदेश स्तरमा प्रदेश कार्यपालिकाले न्यापालिकामाथि कुनै नियन्त्रण गर्न सक्ने अवस्था प्रदेश स्तरमा रहदैन किनकी मुख्य न्यायधिश र अन्य न्यायधिशको नियुक्ती तथा पदमुक्तीको कार्यमा प्रदेश सभा वा कार्यपालिकाको कुन भुमिका नहुने प्राप्त तथा साधन स्रोत र जनशक्ति समेत संघीय तहबाट नै हुँदा प्रदेशस्तरमा कार्यपालिकाले न्यायपालिका माथि कुनै प्रभाव वा नियन्त्रण कायम गर्न सक्ने अवस्था संविधानले परिकल्पना गरेको छैन । प्रदेश सभाले न्यापालिकामाथि सन्तुलन गर्ने कुनै प्रावधान संविधानमा देखिदैन तर न्यायापालिकाले अदालतमा विचाराधिन मुद्दाहरू सभामा छलफल बहसमा बन्देज हुने, प्रदेश कार्यपालिकाका निर्णयहरू माथि परेका रिट उपर आदेश हरू जारी गरेर तथा सभाबाट पारित कानूनहरूको संवैधानिकता तथा संघीय कानून संगको अनुकूलता परिक्षण गरी बदर समेत गर्न सक्ने हुँदा कार्यपालिका र सभाका कार्यहरूमा न्यायिक नियन्त्रण भने कायम भएको हुन्छ ।

**स्थानीय तहमा**ः कार्यपालिका तथा व्यवस्थापिकाको गठन मुख्य रूपमा प्रत्यक्ष निर्वाचन र थोरै संख्यामा दलित तथा अल्पसंख्यक समुदायका सदस्यहरू अप्रत्यक्ष निर्वाचनबाट छानिएका हुन्छन्।तसर्थ कुनै अंगको वा पदाधिकारीको नियुक्तीमा एक आपसमा प्रभाव पार्ने अवस्था सम्भावना स्थानीय तहमा हुँदैन । स्थानीय व्यवस्थापिकाले बजेट तथा कानून स्वीकृत गरी कार्यपालिकाको कार्यलाई नियन्त्रण गरेको हुन्छ भने कार्यपालिकाले संघीय र प्रदेश सरकारले जस्तै संविधान र सभाबाट स्विकृत ऐनबाट प्राप्त जिम्मेवारीलाई अझै परिस्कृत रूपमा नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डहरूको रूपमा थप कानूनको निर्माण गर्ने प्रत्यायोजित विधायनको कार्य गर्न क्रममा सभाको भूमिकालाई नियन्त्रण समेत गरेको हुन्छ । कार्यपालिका र सभाको प्रमुख एकै व्यक्ति हुने र निजलाई निजको राजीनामा बाहेक कुनै तरिकाले हटाउन नसकिने हुनाले स्थानीय तहमा संस्थागत रूपमा कार्यपालिका र व्यवस्थापिका अलग भएता पनि कार्यगत रूपमा कार्यपालिकाको निर्णय नै सभाको निर्णयको रूपमा रहने र न्यायपालिकाको अलग अस्तित्व नरहुको हुँदा सन्तुलन र नियन्त्रणको स्पष्ट व्यवस्था संविधानमा उल्लेख भएको छैन ।

## निष्कर्ष

अन्तमा नेपालको संविधानले ३ वटा तहमा सरकारहरूको निर्माण गरी राज्य संचालन गर्ने व्यवस्था गरेकोमा ३ वटै तहमा अलग अलग कार्यपालिका र व्यवस्थापिकाको गठनको प्रावधानहरू राखेको छ ।

न्यायपालिका भने एकिकृत केन्द्रीय संरचनाको रूपमा रहदै संघीय तहमा संर्वोच्च अदालत तथा विभिन्न विशेष प्रकृतिका अदालतहरूको संरचना, प्रदेश तहमा उच्च अदालतमा र स्थानीयस्तरमा प्रत्येक जिल्लामा जिल्ला अदालत र स्थानीय सरकारको अंगको रूपमा न्यायिक समितिको व्यवस्था गरिएको छ । राज्य शक्तिको बाँडफाँड विभिन्न तहहरूबीचको कार्य विभाजनको रूपमा गरिएको छ तथापी कार्यान्वयको क्रममा एकल वा साझा जुनसुकै अधिकारको कार्यान्वयमा तीनवटै तहको कुनै न कुनै भूमिका रहने देखिन्छ । शक्ति पृथकीकरण सन्तुलन र नियन्त्रणका हिसाबले संघीय तहमा प्रधानमन्त्रीले संसद विघटन गर्न नसक्ने प्रावधान र २ वर्षसम्म अविश्वासको प्रस्ताव राख्न नपाइने व्यवस्था इत्यादि अपबाद बाहेक शक्ति पृथकीकरण नियन्त्रण र सन्तुलनको पर्याप्त व्यस्था गरिएको देखिन्छ । प्रदेश तहमा समेत कार्यपालिका र व्यवस्थापिका बिचमा शक्ति पृथकीकरण सन्तुलन र नियन्त्रणको राम्रो अवस्था देखिन्छ तथापी न्यायपालिकाको सन्दर्भमा कार्यपालिका र व्यवस्थापिकाको नियन्त्रण नरहेको पाइन्छ । विधिको शासनलाई प्रश्रय दिन प्रादेशिक र स्थानीय स्तरका कार्यपालिका तथा व्यवस्थापिकाले स्वतन्त्र न्यायपालिकालाई प्रभावित पार्न नसक्ना वर्तमान व्यवस्थाको निरन्तरता स्वभाविक भएता पनि स्थानीय तहमा भने केवल संस्थागत रूपमा कार्यपालिका र व्यवस्थापिकाको अस्तित्व रहेको र दुबै अधिकार अधिकार स्थानीय तहको प्रमुखमा केन्द्रित रहने आंशिक शक्ति पृथकीकरण गर्नेसंविधानको व्यवस्थालाई संविधान संसोधन वा संघीय प्रादेशिक वा स्थानीय कानूनबाट आन्तरिक सन्तुलन र नियन्त्रणको व्यवस्थाबाट सुधार गर्नुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्री


- नेपालको संविधान -२०७२
- न्याय प्रशासन ऐन -२०७३
- स्थानीय सरकार सञ्चालन ऐन -२०७४

# वैज्ञानिक वन व्यवस्थापन

हरिचन्द्र तिमिल्सिना

वन अधिकृत, जिल्ला वन कार्यालय काभ्रेपालञ्चोक

**सारंश**

हरियो वन नेपालको धन भन्ने भनाई कुनै नौलो होइन । रूख तथा बुट्यान क्षेत्रहरूले ओगटेको वा सो आसपासको सार्वजनिक/प्रति जग्गालाई वन क्षेत्र भनिन्छ । देशको कुल क्षेत्रफलको करिव ४४.७४ प्रतिशत हिस्सा ओगटेको वन क्षेत्र नविकरणीय प्राकृतिक स्रोत हो । मानव लगायत अन्य सजीव प्रणालीहरूको जीवन्तको आधार मात्र नभई प्राकृतिक सन्तुलन, सामान्य घरायसी औजार उपकरण प्राप्ति देखि उधोग कलकारखानालाई आवश्यक पर्ने कच्चा पदार्थको उपलब्धता, विकास निमार्णका लागि आवश्यक पर्ने औजार उपकरणको उपलब्धता, राजस्व प्राप्त, रोजगारीका अवसरहरूको सृजना, प्राकृतिक सन्तुलन र पर्यावरणीय सौदर्यता लगायत आर्थिक वृद्दिमा समेत उल्लेखनिय योगदान रहेको वन क्षेत्रको दिगो व्यवस्थापनको आधार स्तम्भको रूपमा वैज्ञानिक वन व्यवस्थापन रहेको देखिन्छ ।

## परिभाषा

रूख तथा बुट्यानहरूको हरियाली पनलाई वन क्षेत्र भनिन्छ । रूख तथा बुट्यान क्षेत्रहरूले ओगटेको वा सो आसपासको सार्वजनिक/प्रति जग्गालाई वन क्षेत्र मानिन्छ । सवै नेपाली नागरिकको ओठमा झुन्डिएको सरल शब्द "हरियो वन नेपालको धनभन्ने भनाई कुनै नैलो होइन् । नेपालको कुल क्षेत्रफलको करिव ४४.७४ प्रतिशत वन तथा बुट्यान क्षेत्रले ओगटेको छ । वन र मानव लगायत अन्य सजीव प्रणालीहरू एक अर्का विच सम्वन्ध सेतुको रूपमा रहेका हुन्छन । साथै देशको विकास निमार्ण, राज्यको आर्थिक आय र रोजगारीका अवसरहरूको सृजना, प्राकृतिक सौदर्यता, पर्यावरणीय सन्तलन, जैविक विविधता लगायतका पक्षहरूमा वन क्षेत्रको महत्व अतुलनिय रहन्छ । राज्यलाई मरूभूमिकरणवाट उन्मूक्ति पैदा गरी मानव लगायत अन्य सजीव प्रणालीहरूलाई जीवन्त जीउन सक्ने वातावरणको निमार्ण वन क्षेत्रले पैदा गरेको छ । साथै उद्योग कलकारखाना लगायतका क्षेत्रहरूमा आवश्यक पर्ने कच्चा पदार्थ समेत वन वा सो सँग सम्वन्धीत क्षेत्रवाट प्राप्त हुने हुँदा देशको आर्थिक समृद्धिको आधार क्षेत्र समेत वन क्षेत्र हो । वन क्षेत्रले कृर्षि, पशुपालन, पर्यटन, सिचाई, वन्यजन्तुहरूको लागि बाँसस्थान, मनोरञ्जन आदि लगायत वातावणीय सेवा समेत प्रदान गर्दछ । न रहयो वन न हुन्छ जन र धन विश्वका केही टापु राष्ट्रमा रहेको वस्तिवाट केही हद सम्म सिक्न सकिन्छ ।

## विषय प्रवेश

सामाजिक, आर्थिक तथा वातावरणीय हिसावले उपयुक्त र वन क्षेत्रले प्रदान गर्ने वस्तु तथा सेवाको निरन्तरतामा वृद्दि हुने गरी वन व्यवस्थापन नै दीगो वन व्यवस्थापन हो । दीगो वन व्यवस्थापन सुनिश्चित हुने गरी गरिने वन व्यवस्थापनलाई वैज्ञानिक वन व्यवस्थापन भनिन्छ । वन व्यवस्थापन गर्दा वातावरणीय पक्षका अतिरिक्त सामाजिक तथा आर्थिक पक्षहरूलाई समेत उचित ध्यान दिइनु पर्दछ । वन एक महत्वपूर्ण

नविकरणीय प्राकृतिक स्रोत हो । यसको उचित व्यवस्थापन तथा सदुपयोगवाट स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा समेत उल्लेखनीय रूपमा योगदान पुग्न सक्दछ । उचित व्यवस्थापन नभएमा वन स्रोत नै क्रमिक रूपमा नष्ट भई अनेकन प्रकारका वातावरणीय समस्याहरू उत्पन्न हुने मानव लगायत अन्य सजीव प्रणालीहरूको जीवन चक्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असर निम्तिन सक्ने हुँदा वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन गर्नु अपरिहार्य रहन्छ । ज्यामितिय आकारमा बढदै गएको जनसंख्या, विकास निमार्ण गर्दा वन तथा वातावरणीय पक्षको महत्वलाई ध्यान नपुऱ्याउदा वन क्षेत्रको आकार क्रमिक रूपमा साँघुरो हुदै जाने गर्दछ जसको असर मानव एवम् सजीव प्राणीहरू लगायत अन्य पर्यावरणीय पक्षमा समेत असर देखा पर्दछ । वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनामा कार्ययोजना अवधि सामान्यतया वालि चक्र वर्ष ८० वर्ष हुन्छ । उक्त वन क्षेत्रलाई ८ वटा प्लटमा विभाजन गरीन्छ र सो प्रत्येक प्लटलाई १० वटा ब्लगमा विभाजन गरी सो क्षेत्रको क्रमिक रूपमा कटान, छटान, तरवार लगायतका कार्य गरिन्छ । सो विभिन्न कार्यक्रम र त्यसको लागि आवश्यक वजेट अनुमान गरी वर्ष अनुसार राख्ने गरिन्छ । के के कार्यक्रमहरू राख्ने भन्ने कुराको छनौट गरीएको वन संवर्द्धन प्रणालीले अधिकाँश सफल वैज्ञानिक वन व्यवस्थापनको मार्गदशनले निर्धारण गर्दछ । सामाजिक, आर्थिक तथा वातावरणीय दृष्टिकोणले उपयुक्त र वनले प्रदान गर्ने वस्तु तथा सेवाको निरन्तरता वा बृद्धि हुने गरी वन व्यवस्थापन नै दीगो वन व्यवस्थापन हो भने वैज्ञानिक वन व्यवस्थापन वन क्षेत्रको दीगो तवरले व्यवस्थापन गर्ने पद्धति वा प्रणाली हो । वैज्ञानिक वन व्यवस्थापन कार्य वन संवर्द्वन प्रणाली (Silviculture system) को आधारमा यथार्थ नापजाँच गरेर वन विज्ञाानका सर्वमान्य सिद्धान्तहरू बमोजिम सामाजिक, आर्थिक तथा वातावरणीय पक्षको विश्लेषणको आधारमा गरिन्छ । यस पद्धतिमा वन संवर्द्धनका निश्चित उद्देश्य पूति गर्न वनको प्रकारको आधारमा निश्चित कटान चक्र तोकि उक्त कटान चक्र बराबर वनलाई विभिन्न वार्षिक कटान क्षेत्रहरूमा विभाजन गरी प्रत्येक वर्ष एउटा ब्लकमा मात्र कटान गरी अन्य ब्लगहरूमा वन संवर्द्धनका कार्यहरू मात्र सञ्चालन गरिन्छ । जसले गर्दा वनको दिगो व्यवस्थापन भई वनले प्रदान गर्ने वस्तु तथा सेवाको निरन्तता दिगो पन कायम रहन्छ । वैज्ञानिक वन व्यवस्थापन पद्वतिको सैद्वान्तिक आधार भनेको वनको स्वस्थ्य र क्षेत्रफलमा सुधार गर्दै वन पैदवारको उत्पादनमा उल्लेखनीय वृद्धि भई स्थानीय तथा राष्ट्रिय माग पूर्तिमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । वैज्ञानिक वन व्यवस्थापनको उद्देश्य वनको संरचनामा आफ्नो लक्ष्य, उद्देश्य अनुसार परिर्वतन ल्याई दिगो व्यवस्थापन र उत्पादन अभिवृद्धि गर्दै सिमित वन क्षेत्रवाट प्रत्यक्ष तथा अप्रत्यक्ष लाभहरूलाई वृद्धि गर्नु हो । साथै वैज्ञानिक वन व्यवस्थापनलाई दिगो उत्पादन र निरन्तर आपूर्ति, आर्थिक प्रभावकारीता, बजारीकरण, आय आर्जन र रोजगारी अभिवृद्धि, स्थानीय हावापानी, भू-बनोट र भौगोलिक अवस्था अनुरूप वैज्ञानिक वन व्यवस्थापनको सैद्धान्तिक महत्व देखिन्छ । वैज्ञानिक वन व्यवस्थापनले पुरानो वन क्षेत्रलाई ऋमिक रूपमा हटाउने र त्यसलाई नँया विरूवाको वनले प्रतिस्थापन गर्न अपनाइने विधिलाई जनाउछ । वनको वैज्ञानिक व्यवस्थापन गर्नको लागि वनको अवस्था, व्यवस्थापनकको उद्देश्य र अन्य कुराहरू जस्तै भू-बनावट, भू-क्षयको संवेदनशिलता अदि पक्षहरूले निर्धारण गर्दछ । यसले वन क्षेत्रमा गरिने कार्यहरूलाई निर्दिष्ट गरी बुढा रूखहरूलाई क्रमिक रूपमा निकाल्ने तथा त्यस स्थानमा नयाँ विरूवाको वनवाटले प्रतिस्थापन गर्ने कुरा सुनिश्चित गर्नुका साथै तरण उमेरका रूख भएको स्थानमा उच्च बृद्धि हासिल गर्ने कुरा सुनिश्ति गर्दछ । कुन वन, कस्तो वन संवर्द्धन प्रणाली मार्फत वनको व्यवस्थापन गर्ने कुराको निर्धारण वनको

कटानको तिब्रता, कटान स्वरूप, कटानको मात्रा र पूनरूत्पादन विधिले निर्धारण गर्दछ । वनको प्रभावकारी व्यवस्थापनको लागि उपयुक्त वन संर्वद्धन प्रणाली छनौट गर्नु पदर्छ । जसले के गर्ने, कसरी गर्ने, कहाँ गर्ने, कहिले गर्ने जस्ता पक्षहरूले वन व्यवस्थापनका सवालहरूको निमार्ण गर्दछ ।

**नेपालमा वैज्ञानिक वन व्यवस्थापनको अभ्यासहरु ।**

नेपालमा वैज्ञानिक वन व्यवस्थापनको आवश्यकताको पहिचान धेरै वर्ष अगाडी भएको पाइन्छ । वैज्ञानिक वन व्यवस्थापनको एक प्रमुख आधार तथा उपयुक्त औजार वन स्रोत गण्ना हो । सन् १९६० को दशकमा भएको राष्ट्रव्यापी वन स्रोत गणनालाई वनको वैज्ञानिक व्यवस्थापन तर्फ उन्मुख भएको पहिलो सोचको रूपमा लिन सकिन्छ । सोही वमोजिम तराईको सम्पूर्ण भू-भाग र तराईसँग जोडिएको मध्य पहाडी क्षेत्रसम्मको वन स्रोत आंकलन गरी तत्काल कायम रहेको विभिन्न वन एकल वा डिभिजनहरूको वन कार्ययोजना वनाईएको थियो । विगतमा फिनल्याड सरकारको सहयोगमा नेपाल सरकारले सञ्चालन गरेको Forest management and utilization development project ( FMUDP) ले सन् १९९० को दशकमा तराईका २१ जिल्लामा वैज्ञानिक वन व्यवस्थापनका लागि Operational forest management plan (OFMP1995) तयार गरी सञ्चालनमा ल्याउने प्रयास गरेको थियो तर विविध कारणले त्यो कार्यक्रम कार्यान्वयन हुन सकेन । त्यसै गरी वनको उत्पादकत्व कम भएको भनी वि.स. २०५८ र २०५९ तिर साविकको मध्य पश्चिमाञ्चल विकास क्षेत्रका विभिन्न जिल्लाहरूमा अमेरिकन सरकारको सहयोगमा सञ्चालित Environment and forest enterprise activities (EFEA)/CARE Nepal परियोजनाले सामूदायिक वनहरूमा सक्रिय वन व्यवस्थापनका नाममा केही पाइलटिंगका कामहरू सुरूवात गरेका थिए जुन कार्यक्रमले पनि निरन्तरता पाउन सकेन । वन क्षेत्रको परिमार्जित नीति २०५८ ले समेत नेपालमा चक्ला वन व्यवस्थापन गर्ने, वनको उत्पादनमूलक र वैज्ञानिक वन व्यवस्थापन गर्ने विषयलाई प्राथमिकताका साथ अगाडी उठाएको देखिन्छ । नेपालमा विगतमा वैज्ञानिक वन व्यवस्थापनका केही प्रयासहरू भएता पनि ति प्रयासहरूले सार्थकता पाउन नसके पनि स्थानीय समूदाय र अन्य सरोकारवालाहरूको सहकार्यमा वन व्यवस्थापन र संरक्षण हुदै आएको देदिन्छ ।

नेपालमा वनको वैज्ञानिक व्यवस्थापनको सफल सरूवात कपिलवस्तु जिल्लाको तिलौराकोट साझेदारी वनमा आ. व. २०६८/६९ देखि भएको हो । तिलौराकोट साझेदारी वनको वैज्ञानिक व्यवस्थापन गर्नको लागि Lrrgular shlterwood system वन संवर्द्धन प्रणाली अवलम्वन गरिएको थियो । यस वन संवर्द्धन प्रणालीमा ३० से.मी. सम्म व्यास भएका Advance growth लाई भविष्यकको बालिको रूपमा कायम राखिन्छ र पूनरूत्पादनको सुनिश्चितता हुने गरी उमेर पुगेका बुढा रूखहरू क्रमशः हटाउदै गईन्छ । यसको लागि वनलाई विभिन्न खण्ड कम्पार्टमेन्ट र उप-खण्ड (सव-कम्पार्टमेन्ट) मा विभाजन गरिएको हुन्छ । यसै माध्यमवाट वनको दिगोपना र वार्षिक रूपमा उत्पादन हुने काठ दाउराको परिमाण निर्धारण हुन्छ र वन व्यवस्थापनका अन्य कृयाकलापहरू समेत कुन ठाँउ (सव-कम्पार्टमेन्ट) मा गर्ने भन्ने विषयकको निर्धारण गरिन्छ । साविकको वन तथा भू-संरक्षण मन्त्रालय (हाल वन तथा वातावरण मन्त्रालय) सचिवस्तरीय निर्णयवाट मिति २०७१ कार्तिक २७ मा वैज्ञानिक वन व्यवस्थापन कार्यविधि २०७१ स्वीकृत भई लागु भए

पश्चात वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमले गति लिएको पाईन्छ । वैज्ञानिक वन व्यवस्थापन मार्फत वन व्यवस्थापन गर्न कार्ययोजना स्वीकृत भएका र कार्यन्वयन भईरहेका नेपालका सामुदायिक वन उपभोक्ता समुहको संख्या ७८३, क्षेत्रफल ( हेक्टरमा) १९१२७८ , वैज्ञानिक वन व्यवस्थापन लागु भएको साझेदारी वन व्यवस्थापन समुहको संख्या २४ क्षेत्रफल ( हेक्टरमा ) ५२००४.३१, वैज्ञानिक वन व्यवस्थापन लागु भएको सरकारद्धारा व्यवस्थित वनको संख्या ६ क्षेत्रफल (हेक्टरमा) १४५७२.१ (स्रोत वन तथा भू-संरक्ष विभाग, २०७७) रहेको छ । साथै उल्लेखित वैज्ञानिक वन व्यवस्थापनवाट वन पैदवारको संरक्षण, संर्वद्धन,फैलावट र उपभोगमा उल्लेखनिय समुदाय लाभाम्वित भएका छन ।

## वैज्ञानिक वन व्यवस्थापन सम्वन्धी केही नीति, नियम र कानूनी अभ्यासहरु

नेपालमा दिगो वन व्यवस्थापनको आवश्यकता महसुस वि.सं. २०३३ सालको राष्ट्रिय वन नीति र वि.सं. २०४५ सालको वनक्षेत्र गुरूयोजनामा सो सम्बन्धी केही कुराहरू उल्लेख भएको पाइन्छ । वन क्षेत्रको नीति, २०४५ ले तराई र भित्री मधेशको चक्ला वनको सहभागितामूलक तरिकाले दिगो वन व्यवस्थापन गर्नुपर्ने अवधारणा अगाडी ल्याएको हो । सामुदायिक वनले टाढाका उपभोक्ताहरूलाई नसमेटेको र टाढाका उपभोक्ताहरू वनपैदावर सदुपयोगबाट बञ्चित भएको महसुस गरी टाढाका उपभोक्ताहरूलाई समेट्न साझेदारी वनको अवधारणा ल्याए पश्चात २०६५ सालमा साझेदारी वनको कार्यक्रम निर्देशिका तयार भयो र २०६८ सालमा सो निर्देशिकाको पुनरावलोकन भएर साझेदारी वन व्यवस्थापन कार्यक्रम सोही निर्देशिका बमोजिम सञ्चालन भईरहेको छ । त्यसैगरी पाचौँ राष्ट्रिय सामुदायिक वन गोष्ठी (२४-२६ कार्तिक, २०६५ ) र जिल्ला वन अधिकृतहरूको चौँथो राष्ट्रिय गोष्ठी २०७६ को घोषणापत्रमा समेत वैज्ञानिक वन व्यवस्थापन तथा वैज्ञानिक वन व्यवस्थापन कार्यविधिको विषयमा उल्लेख भएको पाइन्छ । आ.व. २०६९/७० को बजेट बक्तव्यमा समेत एक लाख हेक्टर वनको वैज्ञानिक वन व्यवस्थापन गर्ने कुरा उल्लेख भएको थियो । वन ऐन, २०७६ मा पनि सरकारद्धारा व्यवस्थित वनको कार्ययोजना तयार गरी स्वीकृत कार्ययोजना बमोजिम माग वन व्यवस्थापनको कार्य सञ्चालन गर्न पाउने व्यवस्था उल्लेख गरेको छ ।

## वन व्यवस्थापन सम्वन्धी चालु योजनाले समेटेका पक्षहरु

दिगो वन व्यवस्थापन र सन्तुलित वातावरणबाट आर्थिक समृद्धि र नागरिकमा सुखको अनुभूति सिर्जना गर्न सहयोग पुग्नेछ । सो अवधिमा वनले ढाकेको क्षेत्रफल ४५ प्रतिशत कायम राखी अर्थतन्त्रमा यसको योगदान उल्लेख्य वृद्धि गरिनेछ । सवै संरक्षित क्षेत्रमा जैविक विविधताको संरक्षण गर्दै गुणत्मक पर्यटनको गन्तव्य स्थानका रूपमा विकास गरिने छ । विद्यमान संरक्षणमुखि सोचमा आधारित वन व्यवस्थापनलाई दिगो प्रयोग र सो वाट प्राप्त लाभको समन्यायिक बाँडफाडको व्यवस्था गरिनेछ । राष्ट्रिय वनको ७५ प्रतिशत क्षेत्रफल समुदायहरूवाट व्यवस्थापन गरी उच्चत्तम लाभ प्राप्त गर्ने व्यवस्था गरिनेछ ।

## नेपालमा वैज्ञानिक वन व्यवस्थापनको कार्यान्वयन चरणमा देखा परेका चुनौतिहरु

दिगो रूपमा वैज्ञानिक तवरवाट वन क्षेत्रको विकास र विस्तार, पैदवारको संरक्षण, उपभोग र प्रवद्धन गरि सामाजिक, आर्थिक तथा वातावरणीय संरक्षण र पर्यावरणी सन्तुलन कायम गर्ने हेतुले वैज्ञानिक वन वन व्यवस्थापन कार्य नीति तर्जुमा भई कार्यन्वयन भैरहेता पनि वैज्ञानिक वन व्यवस्थापनले दिगो गति

लिएको पाईदैन । जसमा देहायका चुनौतिहरू हावि छन ।

- साझेदारी तथा सामुदायिक वन उपभोक्ता समुहहरूमा आर्थिक सुशासनको कमि ।
- तथ्याङ्कहरूलाई लामो समयसम्म भण्डारणको लागि आवश्यक प्रावधिक क्षमताको कमि साथै सुचना प्रणालीको अभाव ।
- सामुदायिक वन क्षेत्रमा विभिन्न प्रकारको भू-सतह हुनु, आवश्यक जलवायु तथा स्थानीय प्रभावको अध्ययान अनुसन्धान विना नै कार्ययोजना निमार्ण तथा कार्यान्वयन गर्नु ।
- राजनैतिक हस्तक्षेपका कारण वन पैदावर वितरण प्रणालीमा चुनौति थपिनु ।
- सामुदायिक वन तथा अन्य वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना कार्यन्वयनमा पदाधिकारी चयनमा जटिलता तथा राजनैतिक भागवण्डा हुनु ।
- राज्यलाई पाप्त हुने राजस्वको वाँडफाँड गर्ने क्रममा संघ, प्रदेश र स्थानीय तहमा के कति अनुपातमा गर्ने निक्यौल हुन नसकेको । साथै भविष्यमा उत्पादित वन पैदावारको बजारीकरणको समस्या उत्पन्न हुनु ।
- वैज्ञानिक वन व्यवस्थापनको वारेमा पर्याप्त जानकारी नहुनाले सवै सरोकारवालाहरू वीचमा समान बुझाई र उचित समन्वयको अभाव हुनु ।
- वैज्ञानिक वन व्यवस्थापनमा आवस्यक दक्ष प्राविधिक जनक्तिहरूको अभाव ।
- साल वाहेक अन्य कमसल प्रजातिका काठहरूको बिक्रिवितरण गर्न कठिनाई ।
- मिचाहा प्रजातिहरूको व्यवस्थापन मूख्य चुनौतिका रूपमा रहेको ।
- वन अध्ययनको लागि वैज्ञानिक वन व्यवस्थापनको सम्वन्धमा अध्ययन तथा पाठ्य सामाग्रिको कमि हुनु ।
- निजामती सेवामा सरूवा बढुवा प्रणालीले एउटै प्राविधिकवाट नभई विभिन्न कर्मचारीवाट हुने हुदा नियमित अनुसन्धान तथा कार्यान्वयन प्रणालीमा जटिलता देखा पर्नु ।
- वैज्ञानिक वन व्यवस्थापनमा विचौलियाको अपादर्शी लगानी ।

**निष्कर्ष,**

वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमहरू नेपालका ५२ भन्दा वढी जिल्लाहरूमा विगत केही वर्षहरूवाट सञ्चालनमा आईरहेको छ । यसले वनको अवस्था सुधार, काठको उत्पादन वढाउन, स्थानीय एवम् राष्ट्रिय आवश्यक्ता पूरा गर्न, रोजगारीका अवसरहरूको सृजना गर्न, बाहिरी मुलुकवाट आयातित काठको प्रतिस्थापन गरी व्यपार घाटा कम गर्ने लगायतमा वैज्ञानिक वन व्यवस्थानको महत्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । वैज्ञानिक वन व्यवस्थापन प्रणाली सवै स्थानमा एकै तवरले लागु हुँदैन । वनको अवस्था, भौगोलिक स्थिति, हावापानी, वन व्यवस्थापनको उद्देश्य, सामाजिक आर्थिक अवस्थाको आधारमा वन संवर्द्धन प्रणाली छनौट ।

**सन्दर्भ सामग्री**


१) वैज्ञानिक वन व्यवःथापन कार्यविधि - २०७१

२) वन ऐन - २०७६

३) वार्षिक प्रगतिप्रतिवेदन (वन तथा वातावरण मन्त्रालय )

४) विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखह

# संविधानवादका कसीमा नेपालको वर्तमान संविधान

कवीन्द्रप्रसाद लम्साल
सङ्घीय संसद् सचिवालय, सिंहदरबार

**सारांश**

संविधानवाद संवैधानिक सर्वोच्चता, संविधानको सम्मान, संविधानप्रतिको निष्ठा तथा संवैधानिक दर्शन हो । यसले सीमित सरकार तथा नागरिकका लागि अधिक स्वतन्त्रताको पक्षपोषण गर्दछ । संविधानवादले शासन व्यवस्था संवैधानिक मर्मानुसार सञ्चालन गर्नुपर्ने र सरकारको सत्ताको उत्पत्तिसमेत संविधानबाट नै हुनुपर्ने माग गर्दछ । नेपालको वर्तमान संविधानले संविधानवादका आधारभूत तथ्य एवं गुणहरूका रूपमा संवैधानिक सर्वोच्चता, सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित, कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीच शक्ति पृथकीकरण तथा सन्तुलन र नियन्त्रण, मौलिक हक, सीमित सरकारजस्ता धेरै गुणहरूलाई अङ्गीकार गरेको छ । मौलिक हक कार्यान्वयनसम्बन्धी अधिकांश कानुन बनिसकेका सन्दर्भमा नेपालमा संविधानवादलाई आत्मसात् गर्दै लगिएको पाइन्छ तथापि व्यवहारमा कार्यान्वयन हुन समय लाग्नुलाई स्वाभाविक मान्न सकिन्छ । प्रस्तुत लेखमा संविधानवादको अवधारणा, मूलभूत अन्तरवस्तु, प्रकार साथै वर्तमान संविधानलाई संविधानवादका दृष्टिले समीक्षा गर्ने प्रयास गरिएको छ ।

## संविधानवादको परिचय

परम्परागत रूपमा राज्यको उत्पत्तिसँगै सरकारको उत्पत्ति हुन पुग्यो । राज्य सञ्चालनका लागि शासन व्यवस्था अङ्गीकार गरियो । शासनको सम्पूर्ण अभिभारा सरकारको काँधमा आइपुग्यो । सारभूत रूपमा कानुन निर्माण, कानुन कार्यान्वयन र कानुनको व्याख्या नै राज्यका परम्परागत कार्य हुन् । राज्यशक्ति र स्रोतको प्रयोग गरी शासन सञ्चालन गर्ने क्रममा राज्यका प्रमुख तीन कार्यहरु सरकारकै जिम्मेवारीका विषय बने । विधिको शासन, सीमित शासन तथा शक्ति पृथकीकरणको सिद्धान्त प्रतिपादन हुनुपूर्व राज्यका तीनै शक्ति शासकले प्रयोग गर्दथे । शासक एक्लैले विधायिकी अधिकार, कार्यकारिणी अधिकार र न्यायिक अधिकार प्रयोग गर्न थालेपछि शासकमा स्वेच्छाचारिता, निरङ्कुशता र तानाशाही प्रवृत्ति हावी हुन पुग्यो । यसबाट नागरिक स्वतन्त्रताको हनन हुनुका साथै नागरिक माथि शासकको अत्याचार बढ्न थाल्यो । शासकको असीमित अधिकार माथि अङ्कुश लगाई शासकलाई उत्तरदायी तुल्याउन अनेक उपायहरूको अन्वेषण गर्न थालियो । फलतः विधिको शासनको जन्म हुन पुग्यो । विधिको शासनले शासकका अधिकारमा सीमाङ्कन, राज्यशक्तिको राज्यका अङ्गहरूमा स्पष्ट विभाजन तथा नागरिक स्वतन्त्रताको पक्षपोषण गर्दछ । विधिको शासन कानुनको शासनको पर्याय हो । कानुनको विकासको उपजका रूपमा संविधानको प्रादुर्भाव भयो । संविधानलाई कानुनहरूको जननीका रूपमा संज्ञा दिंदै सर्वोच्च कानुनको हैसियत प्रदान गरियो । संविधानको विकाससँगै संविधानवादको अवधारणा विकसित भयो । परम्परागत रूपमा राज्यको उत्पत्तिकाल देखि नै संविधानवादको प्रयोग गर्न थालिएको हो । आधुनिक रूपमा संविधानवादको जग बसाल्ने श्रेय सन् १२१५ को बेलायतको म्याग्नाकार्टालाई जान्छ । म्याग्नाकार्टाले बेलायतमा कानुन सर्वोच्च हुन्छ भन्ने

अवधारणालाई बलियो स्तम्भका रूपमा स्थापना गर्न सफल भएको पाइन्छ । यही अवधारणाले प्रथमतः बेलायतमा संविधानवादलाई स्थापना गर्न सफल भयो । शासनमा उदारीकरण, सीमित शासन, लोकतान्त्रिक मूल्यमान्यताको विकास, जनसचेतीकरण, मानव अधिकार जागरण, विश्वव्यापीकरणजस्ता विषयहरूको विकाससँगै संविधानवादको लहर विश्वभरि फैलन सफल भएको देखिन्छ ।

सामान्य अर्थमा संविधानवादले संवैधानिक सर्वोच्चतालाई स्वीकार गर्दै राज्यव्यवस्था सञ्चालन गर्नुपर्नेमा जोड दिन्छ । संवैधानिक सर्वोच्चतालाई स्वीकार गरी संविधानको सम्मान, संवैधानिक मर्म र भावनाको पालना एवं लोकतान्त्रिक मूल्यमान्यतालाई आत्मसात् गरिएको विधिको शासनको उत्कृष्ट रूप नै संविधानवाद हो । संविधानवादले सीमित सरकार र नागरिक स्वतन्त्रतालाई महत्त्व दिन्छ । यसले शासक जतिसुकै शक्तिशाली भए तापनि उसलाई परिबन्धित गरी उसको शक्तिको सीमाङ्कन हुनुपर्ने तथा सरकारको सत्ताको उत्पत्ति संविधानबाट नै हुनुपर्ने माग गर्दछ । संविधानवाद निरङ्कुश, तानाशाही एवं अनुत्तरदायी शासनका विरूद्धमा प्रादुर्भाव भएको नवीन मान्यता हो । संविधानवादले शासकको शक्ति प्रयोगको आधार र सीमा निर्धारण गर्दछ भने नागरिक अधिकारको पक्षपोषण गर्दछ । संविधान र संवैधानिक सरकार संविधानवादका दुई महत्वपूर्ण आधारस्तम्भ हुन् । संविधानवादका सन्दर्भमा संविधान भन्नाले लोकतान्त्रिक संविधानलाई बुझिन्छ भने संवैधानिक सरकार भन्नाले सीमित सरकारलाई बुझिन्छ । सीमित सरकार विधिद्वारा सीमित, नियन्त्रित तथा प्रतिबन्धित सरकार हो ।

## संविधानवादका अन्तरवस्तु

संविधानवादले लोकतान्त्रिक संविधानको परिकल्पना गर्दछ । अतः संविधानवादका अन्तरवस्तु र लोकतान्त्रिक मूल्यमान्यता आपसमा समान छन् । मूलभूत रूपमा संविधानवादका तत्त्व वा विशेषतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- संविधान मूल कानुन वा संवैधानिक सर्वोच्चता,
- सीमित एवं जनउत्तरदायी सरकार,
- नागरिक अधिकार तथा सम्मानको सुनिश्चितता,
- शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन (संसद्, कार्यपालिका र न्यायपालिकाबीच)
- स्वतन्त्र न्यायपालिका र न्यायिक पुनरावलोकन,
- कानुनी राज्यको अवधारणालाई आत्मसात्,
- संवैधानिक निकाय एवं संविधान संशोधनको व्यवस्था,
- बालिग मताधिकारबाट प्रतिनिधि छान्न पाउने अधिकार,
- आवधिक तथा निष्पक्ष निर्वाचन प्रणाली,
- बहुमतको शासन र अल्पमतको सशक्त प्रतिपक्षी,
- शासन व्यवस्था र प्रणालीको लोकतान्त्रिकीकरण,
- राजनीतिक दलहरूको अस्तित्व,
- शक्ति सन्तुलनका प्रावधान ।

## संविधान र संविधानवाद

कतिपय सन्दर्भमा पर्यायका रूपमा बुझिए तापनि संविधान र संविधानवाद दुई भिन्न तर अन्तर सम्बन्धित विषय हुन् । संविधानवाद संवैधानिक दर्शन, दृष्टिकोण र आदर्श हो । यसले संविधानप्रतिको निष्ठालाई जनाउँछ । संविधानवादले संविधानको माग गर्दछ तर यसमा संविधानवादका मूलभूत तत्व अनिवार्य हुनुपर्दछ । संविधान निर्माण गर्दैमा संविधानवाद हुन्छ नै भन्ने सुनिश्चित गर्न सकिँदैन । विश्व इतिहासमा हिट्लर र मुसोलिनाले समेत संविधान निर्माण गरेका थिए तर ती संविधानमा संविधानवादको सुवास थिएन, तिनमा स्वेच्छाचारिता र मनोमानीको गन्ध थियो । संविधानवादले जनता र शासक दुवैमा विधिसम्मत परिबन्ध खोज्छ तर ती संविधान जनताका लागि अक्षरशः लागू हुन्थे किन्तु शासक (हिट्लर र मुसोलिनो) संविधानका परिबन्धमा थिएनन्, उनीहरूले आफूलाई संविधान भन्दा माथि राखेका थिए । जुन देशको संविधानले संविधानवादका आधारभूत तत्वहरूलाई समावेश गरेको हुँदैन, उक्त संविधान आत्मा विनाको शरीर समान सिद्ध हुन्छ ।

## संविधानवादका प्रकार

संविधानवादका प्रकार सम्बन्धमा मतैक्य पाइँदैन । व्यवहारतः राजनीतिक संविधानवाद, कानुनी संविधानवाद, आर्थिक संविधानवाद र सामाजिक संविधानवादमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ ।

## राजनीतिक संविधानवाद

राजनीतिक संविधानवादले सरकारको सत्ताको उत्पत्ति संविधानबाट हुनुपर्ने साथै सरकारको अधिकारको सीमाङ्कन संविधानले नै गर्ने पद्धतिलाई समेट्दछ । राजनीतिक संविधानवाद कायम गर्न मूलतः निम्न विषयहरूको उपस्थिति आवश्यक पर्दछ :

- नागरिक सर्वोच्चता वा सार्वभौमसत्ता जनतामा निहित,
- संसद्प्रति उत्तरदायी सरकार,
- मन्त्रिपरिषद्का सदस्यहरूमा सामूहिक उत्तरदायित्वको भावना,
- बालिग मताधिकार तथा आवधिक निर्वाचन प्रणाली,
- समानुपातिक समावेशी सिद्धान्त अवलम्बन,
- प्रेस स्वतन्त्रता,
- राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूको अवलम्बन,
- उत्तरदायी र सशक्त प्रतिपक्ष,
- विश्वास तथा अविश्वासको प्रस्तावद्वारा सरकारको वैधता परीक्षण,
- महाभियोगको व्यवस्था,
- संसदीय समितिहरूको क्रियाशीलता,
- अधिकारको विकेन्द्रीकरण,
- समावेशी शासन प्रणाली अवलम्बन,

- संसदीय सुनुवाइसम्बन्धी व्यवस्था,
- संवैधानिक निकायहरूको क्रियाशीलता,

## कानुनी संविधानवाद

कानुनी संविधानवादले न्यायपालिकाको प्रभावकारी भूमिकालाई इङ्गित गर्दछ । यसले मूलभूत रूपमा संवैधानिक सर्वोच्चता (लिखित वा अलिखित रूपमा), मौलिक अधिकार तथा मानव अधिकार संरक्षण, न्यायिक पुनरवलोकन सहितको स्वतन्त्र न्यायपालिका, न्यायिक सक्रियता र न्यायिक आत्मसंयम, संविधानको आधारभूत संरचनाको सिद्धान्त अवलम्बन जस्ता विषयलाई इङ्गित गर्दछ ।

## आर्थिक संविधानवाद

आर्थिक संविधानवादले मूलतः कानुनबमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने विषय, उदारवादी अर्थतन्त्र वा आर्थिक नीति, पारदर्शी सार्वजनिक आर्थिक क्रियाकलाप, आर्थिक शोषणको अन्त्य सहितको समतामूलक समाज, आर्थिक उपलब्धिहरूको न्यायोचित विवरण, आर्थिक गतिविधिमा सरोकारवालाको समतामूलक पहुँच, सम्मान जनक पहिचान र कमजोर पक्षको मूलप्रवाहीकरण जस्ता विषयलाई प्रतिविम्बित गर्दछ ।

## सामाजिक तथा सांस्कृतिक संविधानवाद

सामाजिक संविधानवादले मूलतः सामाजिक शोषण एवं अन्यायको अन्त्य, सामाजिक तथा सांस्कृतिक विभेदको अन्त्य, सामाजिक तथा सांस्कृतिक पहिचान र सम्मान, धार्मिक एवं सांस्कृतिक स्वायत्तता र सहिष्णुता, सामाजिक क्रियाकलापमा सहभागी हुने अवसर, सभ्य र समतामूलक समाज निर्माणजस्ता विषयलाई समेट्दछ ।

## नेपालको संवैधानिक विकास र संविधानवाद

नेपालको संवैधानिक विकासक्रमको इतिहासले केवल सात दशकमात्र पूरा गरेको छ । वि. सं. २००४ को नेपाल सरकार वैधानिक कानुनसँगै नेपालमा संवैधानिक विकास प्रारम्भ भएको पाइन्छ । वि. सं. २००४ देखि वर्तमान संविधानसम्म आइपुग्दा नेपालमा सातवटा संविधान बनिसकेका छन् । छोटो-छोटो समयमा संविधान परिवर्तन भइरहनुका मूलभूत कारणहरूमा दिगो सोचमा आधारित भई संविधान निर्माण नगरिनु, संविधानमा जनभावना समेट्न नसक्नु, शासकका स्वेच्छामा संविधान संशोधन हुनु, शासक संविधान भन्दा माथि रहनु, संविधान संशोधनका प्रशस्त प्रावधान नरहनु, लोकतान्त्रिक मूल्यमान्यता अवलम्बन नगरिनु रहेका छन् । सङ्क्षेपमा संविधानवादका अन्तरवस्तुलाई संविधानमा आन्तरिकीकरण नगरिनु वा आन्तरिकीकरण गरिए पनि व्यवहारमा कार्यान्वयन नगरिनु नै संविधान परिवर्तन भइरहने मूल कारण हो ।

नेपालको संवैधानिक इतिहासमा २०४७ साल पूर्वका संविधानमा संविधानवादका मूलभूत अन्तरवस्तु समाहित थिएनन् तथापि संविधानवादको जग बसाल्न तत् संविधानले गौण भूमिका भने खेलेको पाइन्छ ।

२०४७ को संविधानले सर्वप्रथम सार्वभौमसत्ता नेपाली जनतामा हस्तान्तरण गर्दै संविधानवादका गुणहरूलाई अङ्गीकार गरेको पाइन्छ ।

## संविधानवादका कसीमा नेपालको वर्तमान संविधान

नेपाली जनताका नाममा संविधान सभाबाट जारी नेपालको वर्तमान संविधानको आदर्शतालाई संविधानवादका रूपमा लिन सकिन्छ । सैद्धान्तिक दृष्टिले नेपालको संविधानलाई उत्कृष्ट संविधानको संज्ञा दिइएको छ । संविधानवादका मूलभूत तत्त्वहरु संवैधानिक सर्वोच्चता, सीमित सरकार, नागरिक स्वतन्त्रता, संविधानको स्वीकार्यजस्ता प्रावधानलाई आधार मानी नेपालको संविधानलाई संविधानवादका दृष्टिले समीक्षा गर्ने प्रयास गरिएको छ ।

## संविधानवादसँग अनुकूलन विषय

**संवैधानिक सर्वोच्चताका दृष्टिले :** संविधानलाई मूल कानुन मानी संवैधानिक सर्वोच्चतालाई स्वीकार गरिएको, संविधानसँग बाझिने कानुन बाझिएको हदसम्म अमान्य हुने तथा राष्ट्रपति र उपराष्ट्रपति समेतले संविधानको पालना गर्नुपर्ने प्रावधान संविधानवाद अनुकूल देखिन्छन् ।

**सीमित सरकारका दृष्टिले :** सीमित सरकारको अवधारणालाई मूर्तता दिन नेपालको संविधानले राज्यशक्तिलाई खण्ड-खण्डमा विभक्त गरेको छ । संसद्, कार्यपालिका तथा न्यायपालिकबीच शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन साथै सङ्घ, प्रदेश र स्थानीय तहसहितको राज्य संरचना र राज्यशक्तिको प्रयोग तीनै तहबाट हुने व्यवस्था छ । स्थानीय तहको वडा समितिसम्म अधिकार विकेन्द्रीकरण, आवधिक निर्वाचन, शासनमा बहुस्तरीयता अवलम्बन, अर्थतन्त्रमा सार्वजनिक, निजी र सहकारी क्षेत्रबीचको सहकार्यलाई महत्त्वपूर्ण स्थान, सरकारको शक्तिमा अङ्कुश लगाई जनताप्रति उत्तरदायी बनाउन निजका विरूद्ध अविश्वासको प्रस्ताव ल्याउन सकिने, राज्यका तीन तहबीच समन्वय, सहअस्तित्व, सहकारिता र पारस्परिक सहयोगको सिद्धान्तमा आधारित अन्तरसम्बन्ध हुने व्यवस्था, सरकारको गठन र विघटनमा संसद्को भूमिका, स्वतन्त्र संवैधानिक निकायहरूको व्यवस्था र मन्त्रिपरिषद्का सदस्यहरु संसद्प्रति उत्तरदायित्व हुनुपर्ने जस्ता प्रावधान संविधानवाद अन्तर्गत सीमित सरकारसँग तादात्म्य देखिन्छन् ।

## नागरिक स्वतन्त्रता तथा सम्मानका दृष्टिले :

संविधानवादले नागरिक स्वतन्त्रता र सम्मानको पक्षपोषण गर्दछ । नेपालको संविधानमा सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा रहने, सम्मान पूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, संवैधानिक उपचारको हक लगायत ३१ वटा मौलिक हक, नागरिक अधिकार रक्षार्थ स्वतन्त्रता न्यायपालिका, बालिग मताधिकार तथा राष्ट्रिय महत्त्वका विषयमा जनमत सङ्ग्रह गर्न सकिने प्रावधान संविधानवादका अन्तरवस्तुसँग सम्बन्धित छन् ।

**अन्य व्यवस्था :** नेपालको संविधानमा न्यायिक पुनरवलोकनको व्यवस्था र उच्च अदालतलाई समेत मौलिक हक प्रचलन गर्ने, गराउने अधिकारसम्बन्धी व्यवस्थालाई पनि संविधानवादका विशेषताका रूपमा लिन सकिन्छ ।

## संविधानवादका दृष्टिले नेपालको संविधानमा सीमाङ्कन

विश्वको कुनै पनि मुलुकको संविधान पूर्णतः सर्वगुण सम्पन्न हुन सक्दैन । संविधान गतिशील दस्तावेज भएकाले जनताका परिवर्तित माग र राष्ट्रको आवश्यकतालाई सम्बोधन गर्न, समस्याको समाधान गर्न, परिवर्तनलाई संस्थागत गर्न र नवीन मूल्य र मान्यतालाई आत्मसात् गर्न संविधानमा आवश्यकता अनुसार संशोधन गर्न सकिने प्रावधान राखिनु आवश्यक हुन्छ । संविधानवादका अन्तरवस्तुलाई मूलभूत रूपमा अङ्गीकार गरेको भए तापनि नेपालको संविधानमा संविधानवादका दृष्टिले केही सीमाङ्कन देखिन्छन्, जसलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ :

**संविधानको सर्वस्वीकार्य** : संविधानवादले सबैका लागि संविधान र सबैका लागि स्वीकार्य संविधानको परिकल्पना गर्दछ । सबैको अपनत्व ग्रहण गर्न नसक्नु संविधानवादका दृष्टिले यस संविधानको दुर्बल पक्ष मानिन्छ । गहन र सघन वार्ता एवं संवादका माध्यमबाट असन्तुष्ट पक्षका जायज माग सम्बोधन गरी संविधानमा समाहित गर्न सकेमा यस संविधानले सर्वस्वीकार्यको श्रीपेच पहिरिन पाउने देखिन्छ ।

**मौलिक हक प्रचलन सम्बन्धी विषय** : संविधानवादले मौलिक हक तात्कालिक हुनुपर्ने र कार्यान्वयनको विषय संविधानमा नै उल्लेख हुनुपर्ने माग गर्दछ तर नेपालको संविधानमा मौलिक हकको कार्यान्वयनलाई भविष्यपरक र सशर्त बनाइएको देखिन्छ । तीन वर्षभित्र कानुन बनाई मौलिक हक कार्यान्वयन गर्ने विषय संविधानवादको सिद्धान्त प्रतिकूल ठहर्दछ ।

**संविधान संशोधन सम्बन्धी विषय** : संविधानवादले लचिलो संविधानको परिकल्पना गर्दछ । यसले सामान्य प्रक्रियाबाट संविधान संशोधन गर्न सकिने प्रावधान हुनुपर्ने माग गर्दछ । नेपालको संविधानलाई संशोधन गर्न सङ्घीय संसद्को दुवै सदनको दुई तिहाइ बहुमत आवश्यक पर्ने तथा प्रदेशका क्षेत्राधिकारमा पर्ने विषयमा संविधान संशोधन गर्नुपर्ने भएमा प्रदेशको समेत सहमति लिनुपर्नेजस्ता प्रावधानले संविधान संशोधनको विषयलाई जटिल बनाएको देखिन्छ ।

## निष्कर्ष

संविधानवादले असल राजनीतिक संस्कार, कुशल र स्वच्छ प्रशासन तथा सक्षम, निष्पक्ष एवं स्वतन्त्र न्यायपालिकाको पक्षपोषण गर्दछ । यसले सरकारको स्वेच्छाचारी र निरङ्कुश शक्तिको प्रयोगमा अङ्कुश लगाउँदै नागरिक अधिकार, स्वतन्त्रता र सम्मानको सुनिश्चितता प्रदान गर्दछ । राजनीतिक, कानुनी, आर्थिक तथा सामाजिक-सांस्कृतिक संविधानवादका स्वरूपमा मिश्रित संविधानवादको संयोजनद्वारा वास्तविक संविधानवादको प्रत्याभूति गर्न सकिन्छ । नेपालको संविधानले संविधानवादका अधिकतर अन्तरवस्तु आत्मसात् गरेको छ । संविधानवादसँग सम्बन्धित प्रश्न वा सीमाङ्कनहरूको सम्बोधन गरी यसका अन्तरवस्तुहरूको व्यावहारिक कार्यान्वयन, जनमतको सम्मान, कार्यकारिणी शक्तिको न्यायपूर्ण उपयोग, न्यायिक अधिकारको विवेकशील प्रयोग, संवैधानिक निकायहरूको क्रियाशीलता, तहगत सरकारहरूको प्रभावकारी कार्यसम्पादन एवं अधिकारप्रति सचेत र कर्तव्यप्रति निष्ठावान् चेतनशील नागरिकहरूको संयुक्त प्रयासबाट मात्र संविधानवादले सार्थकता प्राप्त गर्न सक्नेमा दुईमत रहँदैन ।

**सन्दर्भ सामग्री**


- हालसम्म जारी नेपालका संविधानहरु, कानुन किताब व्यवस्था समिति
- सङ्घ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध र समन्वय) ऐन, २०७७
- शासकीय स्वरुप, संविधान र सुशासन : श्यामप्रसाद मैनाली
- शाखा अधिकृत, द्वितीय र तृतीय पत्र : सुरेश अधिकारी
- विभिन्न वेबसाइटहरु ।

# नेपालको सरकारी लेखा प्रणाली

विमला गौतम
हुलाक प्रशिक्षण केन्द्र

लेखा प्रणालीले सम्पुर्ण आर्थिक कारोवारहरूलाई मौद्रीक मुल्यमा अभिलेख राख्ने, वर्गीकरण गर्ने, सारांश खिच्ने, विश्लेषण गरी प्रतिवेदन गर्ने कलालाई जनाउद्छ। सरकारी आर्थिक कारोवारहरूलाई निश्चित सिद्दान्त, निति र अवधारणाका आधारमा अभिलेख राख्ने र अभिलेखको आधारमा विभिन्न प्रकारका विवरणहरू र प्रतिवेदन तयार गर्ने वा कारोवारलाई संक्षेपीकरण गर्ने मुल्याङकन, विश्लेषण, व्याख्या र संचार गर्ने कार्यहरूको कलालाई समुच्चमा सरकारी लेखाप्रणाली भनिन्छ ।

सरकारी लेखा प्रणाली अन्तर्गत राजस्व संकलन गर्ने र स्विकृत बजेट अनुसार खर्च गरी सोको निर्धारीत ढाँचामा अभिलेख राख्ने खाताहरू तयार गर्ने र त्यसको आधारमा फाँटवारीहरू विवरणहरू वा प्रतिवेदनहरू गर्ने कार्यहरू पर्दछन ।

## सरकारी लेखा प्रणाली

सार्वजानिक निकायहरूले निश्चित अवधिको आर्थिक कारोवारको स्विकृत लेखा ढाँचामा अभिलेख राख्ने, खाताहरू तयार गर्ने र त्यसको आधारमा विभिन्न विवरण एवं प्रतिवेदन गर्ने प्रणालीलाई सरकारी लेखा प्रणाली भनिन्छ। सरकारी लेखा प्रणालीमा विशेषत सरकारी निकायको आय, व्यय, लगानी, उत्पादन, दायित्व, सम्पति, बचत, ऋण, पेश्कि, भुक्तानी, जमानत आदि आर्थिक कारोवारहरूको चुस्तदुरुस्त अभिलेखिकरण गर्ने कार्यहरू पर्दछन । सरकारी लेखा प्रणाली सम्बन्धित राष्ट्रले आत्मसात गरेको आर्थिक कार्यप्रणाली तथा प्रचलित कानुनमा आधारीत हुन्छ ।

## नेपालमा सरकारी लेखा प्रणालीको अवधारणा

- लेखा प्रणालीको विकासको सन्दर्भमा सन् १९९४ मा इटालियन लेखाविद लुका डे. प्यासीओलीले Accounts Keeping नामक पुस्तकमा उल्लेख गरी विकास गरेको दोहोरो लेखा प्रणालीको अवधारणालाई महत्वपुर्ण कोशेढुंगा मानिन्छ ।
- नेपालमा वि. सं. १८२६ मा कुमारी चोक अड्डाको स्थापना वि. सं. १८७१ मा लाल ढुगां स्रेस्ता प्रणाली र वि. सं. १८७८ मा जग्गा जमिनको स्रेस्ता राख्ने मोठ ढड्डा स्रेस्ता प्रणाली लागु भएको प्रमाण पाईन्छ। त्यसैगरी वि. सं. १९३६ मा खरिदार गुणवन्तले स्याहा स्रेस्ता प्रणालीको विकास गरेका थिए भने वि. सं. १९६८ बाट फारम श्रेस्ता प्रणालीको प्रयोग भएको तथ्य रहेको छ ।
- वि सं २००४ सालको संविधानले प्रधान जाँचँकी अड्डाको परिकल्पना गरेको थियो। यधपि वि. सं. २००७ सालमा प्रजातन्त्रको स्थापना पश्चताप सरकारी लेखा प्रणाली र लेखा परीक्षण प्रणालीको औपचारिक अभ्यासमा जोड दिएको पाईन्छ ।
- २००७ सालको संविधानले नियन्त्रक महालेखा परिक्षक भन्दै र तत्पश्चताप विभिन्न कालखण्डमा बनेका

संविधान लगायत वर्तमान संविधानले सरकारी लेखा र लेखापरीक्षणको लागि संवैधानिक अगंको रूपमा महालेखा परीक्षक कार्यालयको व्यवस्था गरेको छ।

- राज्यको शासकीय ढाँचामा आएको परिवर्तन सुचना प्रविधिको बढ्दो प्रयोग र नेपालको सार्वजानीक क्षेत्रमा लेखामान लागू भएपश्चताप नेपालको सरकारी कारोवारको लेखाङ्कन अभिलेख र प्रतिवेदन गर्ने फारमहरूमा समयानुकुल संशोधन र गर्दै हाल १४१ वटा स्विकृत सरकारी लेखा फारमहरू रहेका छन ।
- नेपालको सरकारी लेखाप्रणालीलाई अन्तराष्ट्रिय अभ्यास अनुकुल अधावधिक गर्ने क्रममा आ. व. २०७७/७८ देखि कृयाकलापमा आधारित विधुतीय भुक्तानी प्रणाली सहितको सरकारी लेखा प्रणाली अर्थात Computerized Government Accounting System CGAS कार्यान्वयन गरिदै छ ।

## सरकारी लेखा प्रणालीका सिद्दान्तहरु

लेखा प्रणालीलाई वैज्ञानिक, भरपर्दो, मर्यादित, पारदर्शी बनाउने कार्यमा मार्गदर्शनको रूपमा रहेका स्थापित मान्यता परम्परा र धारणालाई सरकारी लेखा प्रणालीका सिद्दान्त भनिन्छ । International Accounting Standard Board Finanacial Accounting Standard Board लगायतका विश्वका लेखा सम्बद्द अन्तर्राष्ट्रिय संघ संस्थाहरू द्दारा तर्जुमा गरिएका Generally Accepted Principles नै सरकारी लेखा प्रणालीका सिद्दान्त हुन जुन निम्नानुसार रहेका छन ।

- मौद्रीक मापनको सिद्धान्त
- आर्थिक वर्षको सिद्धान्त
- दोहोरो लेखाको सिद्धान्त
- छुट्टै व्यवसायिक अस्तित्वको सिद्धान्त
- बजेट नियन्त्रणको सिद्धान्त
- सार्वजानिको कोषको सिद्धान्त
- प्रोदभावी सिद्धान्त
- निरन्तरताको सिद्धान्त
- निश्चित कानुन परिपालनको सिद्धान्त
- वित्तिय उत्तरदायित्वको सिद्धान्त
- सरलता एवं एकरूपताको सिद्धान्त

## लेखा प्रणालीको वर्गीकरण

### १.लेखाको ढाँचा र पद्दतिको आधारमा

### नगदमा आधारित लेखा प्रणाली

जुनसुकै समयमा आर्थिक कारोवार भए पनि नगद प्राप्ति वा भुक्तानी हुदाँका बखत लेखाकंन गर्ने प्रणालीलाई नै नगदमा आधारित लेखा प्रणाली भनिन्छ । यो लेखा प्रणाली नेपालको सरकारी लेखामा बढी प्रयोग भईरहको र नगदमा नियन्त्रणमा प्रभावकारी भुमिका रहन्छ।

**प्रोदभावी लेखा प्रणाली**

नगद प्राप्त वा भुक्तानीको आधारमा नभई दायित्व सिर्जना भएको अवस्थामा लेखांकन गर्ने प्रणाली नै प्रोदभावी लेखा प्रणाली हो । यसले नगद र उधारो सम्पुर्ण कारोवारको लेखाकंन गरी कारोवारको यथार्त चित्रण गर्ने भएकाले यसलाई पुर्ण लेखांकन प्रणालीको रूपमा लिईन्छ ।

**एकोहोरो लेखा प्रणाली**

आर्थिक कारोवारहरूलाई दोहोरो पक्षमा असर नदेखिने गरि अर्थात डेविट र क्रेडिटको सिद्दान्तको प्रयोग नगरी लेखांकन गरिने प्रणालीलाई एकोहोरो लेखा प्रणाली भनिन्छ । यस प्रणालीले लेखा सम्बन्धि सिद्धान्तको प्रयोग नगर्ने हुदाँ यसलाई अपुर्ण अवैज्ञानिक एवं अव्यवहारीक लेखा प्रणाली भनिन्छ ।

**दोहोरो लेखा प्रणाली**

आर्थिक कारोबारहरूलाई दोहोरो असर पर्ने गरी अर्थात डेविट र क्रेडिटको सिद्धान्त प्रयोग गरी लेखांकन गरिने प्रणालीलाई दोहोरो लेखा प्रणाली भनिन्छ । नेपालको सरकारी निकायमा यसै किसिमको लेखा प्रणाली अवलम्बन गरिएको छ ।

२. **लेखाको विषयवस्तुको आधारमा**

**लागत लेखा**

संगठनले वस्तु वा सेवा प्राप्त वा खरिद गर्दा कति खर्च गर्यो त्यसको समग्र लागत कति थियो भनि खरिद वा प्राप्ति गरेको मुल्यका आधारमा राखिने लेखा पद्दति हो ।

**वितीय लेखा**

यसले कुनैपनि संगठनको कारोवारको अवस्था, लगानीको अवस्था, दायित्व र समग्र वितिय अवस्थाको जानकारी प्रदान गर्दछ । वस्तु वा सेवाको हालको मुल्य नाफा नोक्सानको अवस्था सावाँ ब्याज जस्ता विषयको समेत सुचना दिन सहयोग गर्दछ ।

**व्यवस्थापन लेखा**

वित्तीय अवस्था लाभलागत, भविष्यको खर्च लगायतका विषयमा व्यवस्थापनलाई सुचना दिने प्रणाली नै व्यवस्थापन लेखा प्रणाली हो। यसमा वस्तु वा सेवाको खरिद कुन प्रकृयाबाट गर्दा भविष्यमा संगठनलाई फाईदा हुन्छ हालको मुल्य र भविष्यमा पर्ने लागतको समेत विश्लेषण गरिन्छ ।

**कर लेखा**

राष्ट्रको आम्दानीको प्रमुख स्रोतको रूपमा रहने राज्यको करसँग सम्बन्धित भई राखिने लेखा प्रणाली नै कर लेखा प्रणाली हो ।

**सामाजिक लेखा**

राष्ट्रको सर्वागिण विकासमा सामाजिक योगदानको कदर गर्दै राखिने लेखा सामाजिक लेखा हो । यो औपचारिक अनौपचारिक रूपमा समाजमा गरिएको योगदान श्रमदान सहभागिता र संलग्नताको Accounting Value राख्ने कार्य हो ।

## नेपालको सरकारी लेखा प्रणालीका विशेषताहरु

- नगद कारोवारमा आधारित,
- दोहोरो श्रेष्ता प्रणालीमा आधारित,
- म. ले. प बाट स्विकृत फारमहरूको प्रयोग,
- आर्थिक कार्यविधि कानुनबाट निर्देशित,
- केन्द्रिय स्तर र कार्यसंचालन स्तरको लेखा प्रणाली,
- बजेट शिर्षक उपशिर्षकको आधारमा लेखा राखिने,
- बैकिङ कारोबारमा जोड दिईएको,
- पेश्किलाई समेत खर्च मान्ने चलन,
- लेखाको सर्वमान्य सिद्धान्तको प्रयोगमा जोड,
- समायानुकुल परिमार्जन,

## सरकारी लेखा प्रणालीको उद्देश्य,

- सार्वजानिक स्रोतको कुशल प्रयोगको सुनिश्चितता गर्नु,
- आर्थिक कारोबारको अभिलेख कानुन बमोजिम राख्नु,
- सरकारी  नगदी जिन्सी र सम्पतिको संरक्षण गर्नु,
- सम्पुर्ण आर्थिक कृयाकलापलाई लेखाको दायरमा ल्याउनु,
- वितीय अनुशासन र पारदर्शिता सुनिश्चित गर्नु ,
- आन्तारीक लेखापरीक्षण एवं अन्तिम लेखापरीक्षणको लागि आधार तयार पार्नु,
- विभिन्न कोषको स्थिति र कार्यसंचालनको परिमाण उपलब्ध गराउनु,
- बजेट तर्जुमा कार्यको लागि आवश्यक सुचना एवं तथ्यांक उपलब्ध गराउनु,
- बजेट कायम गरिएको सीमा उल्लंघन हुन नदिनु,

## नेपाल सरकारको लेखा नीति

- दोहोरो लेखांकन प्रणालीमा आधारित,
- संघ प्रदेश र स्थानीय तिनै तहमा कार्यसंचालन स्तर केन्द्रीयस्तर र संचितकोषको हिसाब तयार गरिने,
- कारोवारको मापन नेपाली मुद्रामा हुने,
- वैदेशिक ऋणलाई वर्षान्तमा नेपाली मुद्रामा रूपान्तरण गरिने,

- पेश्किलाई खर्च मानिने र बेग्लै खुलासा गरिने,
- वैदेशिक मुद्रामा भएका कारोवारहरूलाई कारोवार भएको दिनको विनिमयदर प्रयोग गरी परीवर्तन गरिने,
- ऋण र दायित्व नगद आधारमा देखाईने,
- लगानीको लेखांकन लागत मुल्यमा गरिने लाभांश र व्याज राजस्वमा जम्मा गरिने,
- सम्पति र जिन्सीको परल मुल्यका आधारमा मुल्याङकन् गरिने ।

## नेपालको वितिय व्यवस्थापनमा सरकारी लेखा प्रणालीबाट पुगेको योगदान

- सरकारको समग्र आम्दानी खर्चको विवरण प्राप्त भई सरकारी वित्तिय अवस्था सजिलै थाहा पाउन सकिने,
- सरकारले लिने ऋण र दिने जमानत बारे जानकारी भई सरकारी दायित्वको जानकारी हुने,
- वैदेशिक अनुदान, ऋण र आन्तारिक ऋणको अवस्थाबारे जानकारी भई सरकारको समग्र वितिय, अवस्थाको विश्लेषण गर्न सकिएको,
- वार्षिक आर्थिक प्रतिवेदन यथासमयमै तयार गर्न सम्भव रहेको,
- लेखापरीक्षण कार्यलाई सजिलो र कम खर्चिलो बनाउन सम्भव रहेको,
- आउँदो वर्षको बजेट तयार गर्न चाहिने विवरण प्राप्त गर्न सकिएको,
- समग्रमा देशको आर्थिक अवस्थाको यथार्त चित्रण गर्न सकिएको,

### सरकारी लेखाप्रणालीमा रहेका विद्यमान कमीकमजोरीहरु

- नगदमा आधारित भएकाले पुर्ण लेखांकनको अभाव,
- जिन्सी स्रेस्ता प्रणाली एकोहोरो लेखाप्रणालीमा आधारित हुनु,
- पेश्किलाई खर्च मान्ने प्रवृति,
- हास्र कट्टीको व्यवस्था नरहेको,
- आयोजना लेखाले आवश्यकता बमोजिमका सुचना उपलब्ध गराउन नसकेको,
- हालै लागु गरिएको PAMS को न्युन प्रभावकारीता,
- सबै वैदेशिक सहायतालाई लेखा प्रणालीले समेट्न नसकेको,
- आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको,
- समयमा केन्द्रीय लेखा तयार नहुने,
- लेखा मानदण्डहरूको कमजोर परिपालना हुनु,
- पुजिँगत र चालु खर्च मानिएतापनि यथार्तमा चालु अनुदान बाट पुजीँगत खर्च र पुजीँगत अनुदानबाट चालु खर्च हुने गरेको,

### सुधारका लागि सुझावहरु

- लेखा प्रणाली सरकारी आम्दानी खर्च सम्पती दायित्यको पुर्ण कारोवारको पुर्ण लेखाकंन गर्ने सक्षम बनाउने,

- पेश्किलाई समेत खर्च मान्ने हालको प्रवृतिलाई पुनरावलोकन गरिनुपर्ने,
- अन्तर्राष्ट्रिय अभ्यास अनुकुल लेखाका सर्वमान्य सिद्धान्त र मानदण्डको परिपालनामा जोड दिनुपर्ने,
- आन्तारिक नियन्त्रण प्रणाली र आन्तारिक लेखापरीक्षण प्रणालीलाई प्रभावकारी बनाउने,
- लेखा फारमलाई समसमायिक पुनरावलोकन र सरलीकरण गर्नुपर्ने ,
- TSA, CGAS / LMBIS Link गउ गरी प्रभावकारी कार्यान्वयन गर्ने,
- स्पष्ट र दिगो किसिमका लेखाका निति तर्जुमा गरी लागु गर्ने ।

## निष्कर्ष

सरकारी आर्थिक कारोवारहरू निश्चित सिद्धान्त, नीति र अवधारणका आधारमा अभिलेख राख्ने र ति अभिलेखको आधारमा विभिन्न प्रकारका विवरणहरू र प्रतिवेदन तयार गर्ने वा कारोवारहरूलाई संक्षेपीकरण गर्ने मुल्याङ्कन ,विश्लेषण गर्ने, व्याख्या र संचार गर्ने कार्यहरूको कलालाई समुच्चमा सरकारी लेखाप्रणाली भनिन्छ । विभिन्न कोषको स्थिति र कार्य संचालनको परिमाण उपलब्ध गराएर जिन्सी सामान हराउन वा दोहोरिन नदिई वार्षिक प्रतिवेदनको नीमित्त आवश्यक विवरण उपलब्ध गराएर लेखापरीक्षण सरल र कम खर्चिलो बनाउन लेखा प्रणाली अत्यन्तै महत्वपुर्ण मानिन्छ । नेपालको वर्तमान लेखा प्रणालीमा देखिएका समस्यालाई सुधार गर्दै हालै कार्यान्वयनमा आएका CGAS, RMIS जस्ता लेखाका नविनतम प्रविधिलाई प्रभावकारी कार्यान्वयन गर्न सकेको खण्डमा नेपालको सरकारी लेखा प्रणाली वित्तिय व्यवस्थापनमा महत्वपुर्ण योगदान पुग्न गई समग्र मुलकमा सुशासन कायम गर्न सहयोग पुग्ने देखिन्छ ।

## सन्दर्भ सामाग्री


- नेपालको संविधान
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व एन २०७६ र नियमावली
- शासकीय स्वरूप संविधान र सुशासन -श्याम प्रसाद मैनाली
- शाखा अधिकृत, द्बितिय र तृतिय पत्र -सुरेश अधिकारी
- विभिन्न वेवसाईटहरू।


## संक्षिप्तवली

- TSA– Treasury Single Account
- RMIS– Revenue Management Information System
- CGAS– Computerized Government Account System
- म.ले.प- महालेखा परीक्षक
- PAMS- Public Assets Management System

# सामाजिक-सांस्कृतिक रूपान्तरण र नेपाल

पदम बहादुर डि.सी.
संघीय संसद सचिवालय

**सारांश**

सामाजिक परिवेश, मूल्य मान्यता, क्रियाकलाप एवं सम्बन्धहरूमा सकारात्मक परिवर्तन आई मौजुदा अवस्थाबाट परिवर्तित अवस्थामा पुग्ने प्रक्रिया वा प्रवृत्तिलाई सामाजिक रूपान्तरण भनिन्छ । सांस्कृतिक पक्षहरूका रूपमा रहेका चाडपर्व, रीतिरिवाज, धार्मिक क्रियाकलाप, मान्यता र विश्वासमा हुने सकारात्मक परिवर्तनलाई सांस्कृतिक रूपान्तरण भनिन्छ । समाज र संस्कृति एक अर्कामा अन्तरसम्बन्धित विषय हुन । संस्कृति समाजको मुटु हो । समाज परिवर्तन हुनु भनेको संस्कृतिको परिवर्तन हुनु हो । संस्कृतिको परिवर्तनविना समाज परिवर्तन सम्भव हुँदैन । यसरी यी दुवैलाई एउटै अर्थमा पनि बुझ्न सकिन्छ । सामाजिक एवं सांस्कृतिक रूपान्तरण समयक्रमसँगै चलिरहने एक निरन्तर प्रक्रिया हो । यो निरपेक्ष विषय नभई सापेक्षिक विषय हो । आजको विश्वव्यापीकरणका युगमा नेपाली समाज तथा संस्कृति पनि परिवर्तित, परिमार्जित तथा रूपान्तरित हुँदै आएको छ । प्रस्तुत लेखमा सामाजिक एवं सांस्कृतिक रूपान्तरणको अवधारणा, नेपालको ऐतिहासिक अवस्था, वर्तमान संविधानले सम्बोधन गरेका विषयवस्तु तथा वर्तमान नेपाली सामाजिक एवं सांस्कृतिक अवस्थाको चित्रण गर्ने प्रयास गरिएको छ ।

## सामाजिक र सांस्कृतिक रूपान्तरणको अवधारणा

समाज मानवीय सचेतनाको उपज हो । समाज भित्र हुने क्रियाकलाप, चालचलन, मूल्यमान्यता, भेषभूषा, प्रथा तथा परम्परालाई संस्कृति भनिन्छ । समाजको उत्पत्ति मानव सभ्यतासँगै भएको हो भने संस्कृतिको विकास समाजसँगै भएको हो । समयको मागसँगै समाज तथा संस्कृतिको रूपान्तरण पनि हुँदै आएको पाइन्छ ।

सामाजिक तथा संस्कृतिक रूपान्तरण सामाजिक विकास र राष्ट्रिय समृद्धिको आधार हो । समाज तथा संस्कृतिको संरचना,पद्धति, व्यवहार तथा अवस्थामा रूपान्तरण नभई सामाजिक विकास सम्भव नहुने तथ्यबाट पनि सामाजिक सांस्कृतिक रूपान्तरण समुन्नत समाज तथा सबल राष्ट्रनिर्माणको आधार हो भन्न सकिन्छ । मानव सभ्यतासँगै विकास भएको सामाज तथा सांस्कृतिको अवधारणा जनचेतना वृद्धि, सचेतना वृद्धि, प्रविधिको विकास, उदारीकरण, साझेदारी विकास, लोकतान्त्रिकीकरण, बहुस्तरीय शासन तथा विश्वव्यापीकरण जस्ता लहरहरूले परिमाणात्मक तथा गुणात्मक रूपमा विकास एवं रूपान्तरण गर्दै हालको अवस्थासम्म ल्याएको छ ।

विद्यमान सामाजिक एवं सांस्कृतिक अवस्थाबाट समाजले सकारात्मक तथा गुणात्मक उपलब्धि, अग्रगमन तथा उन्नयन प्राप्त गरेको अवस्था नै सामाजिक एवं सांस्कृतिक रूपान्तरण हो । यसबाट परम्परागत सामाजिक-सांस्कृतिक मूल्य-मान्यता र सोच आधुनिकतामा परिवर्तन हुन्छ । शिक्षा, स्वास्थ्य, सचेतना, सामाजिक आयाममा विकास सम्भव हुन्छ । यसबाट मानिसको धारणा, जीवनशैली, चेतना र

बुझाइस्तर सकारात्मक रूपमा रूपान्तरण हुन्छ । यसबाट राष्ट्रिय एकता र अखण्डतामा समेत योगदान पुग्दछ ।

संस्कृति समाजको अभिन्न अङ्ग हो । यसको अर्थ संस्कृतिविनाको समाज परिकल्पना गर्न सकिँदैन । त्यसैले सांस्कृतिक रूपान्तरण भन्नु नै सामाजिक रूपान्तरण हो । सामाजिक-सांस्कृतिक रूपान्तरणले देहायका विषयहरूको समग्रतालाई उजागर गर्दछ :

**पुराना समाजिक-सांस्कृतिक मूल्यमा रूपान्तरण वा सकारात्मक परिवर्तन,**

- नयाँ सामजिक-सांस्कृतिक मूल्यहरूको विकास वा स्थापना,
- पुराना र नयाँ सामाजिक-सांस्कृतिक मूल्यहरु बीच सामाञ्जस्य एवं तालमेल,
- कुप्रथाहरूको अन्त्य,
- असल प्रथाहरूको जगेर्ना ।

**सामाजिक एवं सांस्कृतिक रूपान्तरणमा विभिन्न तत्वहरूले भूमिका खेलिरहेका हुन्छन् :**

- विचार, वाद तथा दर्शनः विचार, वाद तथा दर्शन समाज परिवर्तनमा जिम्मेवार रहन्छन् । केही मुख्य विचारहरु जस्तै : स्वतन्त्रता, समानता, समता, भातृत्व तथा फानसेली राज्य क्रान्ति (१७८९) ले ल्याएको हो । विश्वमा अन्य धेरै क्रान्तिहरु भए, जसले समाजमा ठूला परिवर्तन ल्याएको पाइन्छ । केही वादहरु जस्तै नाजिवाद, प्रजातन्त्र, कम्युनिजम, समाजवाद, मानवतावाद आदिले समाज रूपान्तरणमा ठूलै शक्ति तथा सामार्थ्य राखेका छन् ।
- आर्थिक तत्व : समाजको प्रगति मुख्य गरेर आर्थिक अवस्थामा निर्भर गर्दछ । समाजको आर्थिक अवस्था उत्पादनका साधनमा निर्भर गर्दछ । जस्तै : कृषि, उद्योग, पर्यटन, प्राकृतिक स्रोत साधन, ग्रामीण तथा शहर । जब आर्थिक अवस्थामा सुधार आउँछ, समाजको रहनसहन, चालचलन, मूल्यमान्यता लगायतमा रूपान्तरण आउने गर्दछ ।
- सांस्कृतिक अन्तर घुलन : कुनै पनि समाज अलग्गै एवं तटस्थ रहन सक्दैन । यसको अर्थ एक संस्कृतिले अर्को संस्कृतिलाई प्रभाव पारेकै हुन्छ । विभिन्न संस्कृतिहरूको अन्तर घुलनले (जस्तै : हिन्दु, मुस्लिम, इसाई, बौद्ध लगायत) ले समाजमा ठूलै परिवर्तन ल्याएको छ ।
- वैज्ञानिक तथा प्राविधिक तत्व : विज्ञान र प्रविधिमा भएको विकासले हरेक जसो समाजमा क्रान्तिकारी परिवर्तन ल्याएको छ । बाफ इन्जिन, पेट्रोल, विद्युत, तारविहिन प्रविधि, सूचना प्रविधि, सिनेमा, टेलिभिजन जस्ता प्रविधिको विकास गरिनु तथा पत्ता लगाइनुले समाजको राजनीतिक, आर्थिक, औद्योगिक, धार्मिक, शैक्षिक, सूचना सञ्चार लगायतमा ठुलै परिवर्तन ल्याएको छ ।
- राजनीतिक तत्व : राजनीतिले पनि समाज परिवर्तनमा ठूलै भूमिका खेल्दछ । सरकारले गर्ने नीति, ऐन, नियममा परिवर्तनस्वरूप समाजको स्वरूपनै परिवर्तन हुने गर्दछ । विभिन्न राजनीतिक दलहरूको दर्शन, सिद्धान्तले समाजमा ठूलै परिवर्तन ल्याउँछ । नेपालमा भएको दश वर्षे जनयुद्धले ल्याएको समाज परिवर्तनलाई उदाहरणको रूपमा लिन सकिन्छ ।
- शिक्षा : शिक्षाविद्हरूले आफ्नो शैक्षिक विचार तथा दर्शनका माध्यमबाट समाज बदल्न सक्छन् । शिक्षा नै समाज परिवर्तनको मुख्य तत्व मानिन्छ । शैक्षिक संस्था, पुस्तक, म्यागाजिन, पत्रपत्रिका, अन्य

सञ्चार माध्यमले मानिसको जीवनशैली नै परिवर्तन गरिदिन्छ ।

## नेपालमा सामाजिक सांस्कृतिक रूपान्तरणको इतिहास

- लिच्छविकाल : लिच्छिविकाललाई कला संस्कृतिको विकासका दृष्टिले उर्वर काल मानिन्छ । लिच्छविकालमा कला, संस्कृति, संस्कार एवं विभिन्न खाले जात्राको विकास भएको पाइन्छ । लिच्छविकालमा समाज वर्णाश्रम व्यवस्थामा चलेको थियो । न्याय छिटो सम्पन्न होस् भन्ने ध्येयले न्यायिक अधिकार राजादेखि स्थानीय पाञ्चालीसम्म विकेन्द्रित थियो । यस कालमा चोरी, जारी, हत्या, राजद्रोह र यसमा मिलेमतोजस्ता अपराधलाई पञ्चापराध मानिन्थ्यो । मानाङ्क, गुणाङ्क, अंशुवर्मा, पशुपति, जिष्णुगुप्ता जस्ता मुद्राहरूको निष्काशन भई प्रचलनमा थियो ।
- मध्यकाल : यस काललाई मल्लकाल पनि भनिन्छ । यस समयमा जयस्थिति मल्ल, रामशाह, प्रताप मल्ल लगायतले समाज सुधारका थुप्रै कार्यहरु गरेका थिए । यस कालमा विभिन्न कला र संस्कृतिको चरम विकास भएको पाइन्छ । यस कालमा ब्राह्मणको स्थान सर्वोपरि थियो भने क्षेत्री, वैश्य र शुद्रको स्थान क्रमशः दोस्रो, तेस्रो र चौथो स्थानमा थियो ।
- आधुनिककाल : यस काललाई पृथ्वीनारायण शाहको एकीकरणकाल, शाहाकाल तथा राणाकालको समग्रताका रूपमा बुझिन्छ । राजा सुरेन्द्रका पालामा पहिलो मुलुकी ऐनको घोषणा भएको थियो । राणाहरूले थुप्रै विद्यालयहरु तथा पाठशाला स्थापना गरेका थिए । चन्द्रशमशेरले सती र दास प्रथाको अन्त्य गर्नुले समाजमा ठूलै परिवर्तनतर्फ अगाडि बढेको पाइन्छ । त्यसैगरी मकै पर्व, लाइब्रेरी पर्व, प्रचण्ड पर्व, जयतु संस्कृतम् जस्ता विभिन्न क्रान्तिकारी घटनाले जनतामा चेतना बढाउन सहयोग गरेको पाइन्छ ।
- वि. स. २००७ पछि : वि. स. २००७ सालमा प्रजातन्त्रको आगमन भएपछि नेपाली राजनीतिक तथा सामाजिक अवस्थामा परिवर्तन आएको हो । प्रजातन्त्रको आगमन पश्चात् पहिलो संविधानका रूपमा नेपालको अन्तरिम शासन विधान, २००७ आयो । वि. स. २०१६ मा विर्ता उन्मूलन, वि. स. २०२० मा नयाँ मुलुकी ऐनको घोषणा,भूमिसुधार ऐन २०२१, कमैया मुक्तिको घोषणा २०५७ साउन २, हलिया मुक्तिको घोषणा २०६५ भदौ २१ तथा विभिन्न समयमा बनेका ७ वटा संविधानले नेपाली समाजलाई समावेशी, धर्मनिरपेक्ष, विभेदरहितको बाटामा डोर्याएको छ ।
- नेपालको संविधानमा सामाजिक-सांस्कृतिक रूपान्तरण सम्बद्ध सवाल

**प्रस्तावना** : बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक-सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भातवलाई संरक्षण एवं प्रवर्द्धन गर्ने, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने समानुपातिक समावेशी र सहभागिता मूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गर्ने प्रावधान सामाजिक-सांस्कृतिक रूपान्तरणका लागि महान् संवैधानिक सङ्कल्पकारूपमा रहेको छ ।

**संविधानको भाग-३ को धारा ३२ भाषा तथा संस्कृतिको हक** : प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुने, प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति,

सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने व्यवस्था छ ।

**संविधानको भाग ४ को धारा ५१ (ग) मा सामाजिक र सांस्कृतिक रूपान्तरण सम्बन्धी नीति**

- स्वस्थ्य र सभ्य संस्कृतिकको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने,
- ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्धन र विकासका लागि अध्ययन, अनुसन्धान, उत्खनन तथा प्रचार प्रसार गर्ने,
- सामाजिक, सांस्कृतिक तथा सेवामूलक कार्यमा स्थानीय समुदायको सिर्जनशीलताको प्रवर्धन र परिचालन गरी स्थानिय जनसहभागिता अभिवृद्धि गर्दै सामुदायिक विकास गर्ने,
- राष्ट्रिय सम्पदाको रूपमा रहेका कला, साहित्य र सङ्गीतको विकासमा जोड दिने,
- समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त गर्ने,
- देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने ।

## नेपाली समाज :

**नेपाली समाज सामाजिक-सांस्कृति रूपान्तरणको प्रक्रियामा छ ?**

नेपाली समाज लामोसमयको राजनीतिक, आर्थिक र सामाजिक सांस्कृतिक संक्रमणको परिस्थितिबाट गुज्रँदै क्रमशः राजनीतिक र आर्थिक परिवर्तनको गतिसँगै सामाजिक-सांस्कृतिक परिवर्तनका गतिमा अगाडि बढ्दै गएको समाज हो । नेपाल सांस्कृतिक रूपान्तरणमा अगाडि बढेको कुरालाई देहायका चरित्र मार्फत पुष्टि गर्न सकिन्छ :

- चेतनास्तर वृद्धिसँगै सामाजिक कुरीती तथा अन्धविश्वासा कम हुँदै गएको छ ।
- नागरिकमा साक्षरताको दर क्रमशः वृद्धि हुँदै लैङ्गिक, जातीय  तथा धार्मिक विभेद क्रमश कम हुदै आएको छ ।
- सामाजिक-सांस्कृतिक दबदबा अन्त्य भएर सामाजिक सहिष्णुता हार्दिकता क्रमशः वृद्धि हुदै गएको छ ।
- समाजका प्रविधिको प्रभावले जीवनस्तरमा सहजता, सूचना माथिको पहुँचले समग्र सामाजिक सचेतना अभिवृद्धि भएको छ ।
- एकीकृत सामाजिक-सांस्कृतिक सकारात्मक रूपान्तरणले समग्र सामाजिक विभेद न्यूनीकरण,  एकता सशक्त हुँदै गएको तथा राष्ट्र निर्माणमा योगदानका साथै साझा पहिचानको निर्माण र सहिष्णुता वृद्धि हुँदै गएको छ ।

**वर्तमान नेपाली समाज**

| क्षेत्र | अवस्था |
|---|---|
| संरचना | पहिले वर्णव्यवस्थामा रहेको नेपाली समाज हाल समानतामा अर्थात् वर्णविहीन समाजतर्फ रूपान्तरण हुदैँ गएको छ । Vertical बाट Horizontal, Joint family बाट Nuclear family तथा Star relation बाट Satellite relations तर्फ रूपान्तरित हुँदैगएको छ । |
| व्यवहार | छोराछोरी बीचको विभेद, जातीय विभेद, छुवाछूत तथा कुप्रथा जस्ता संस्कारबाट बिस्तारै मुक्त हुँदै गएको छ । |
| प्राथमिकता | निर्वाहमुखी व्यवसायबाट उत्पादनमूखी र मुनाफामुखी प्रणालीतर्फ जोड दिन थालिएको छ । |
| रहनसहन | विश्वव्यापीकरणको प्रभावले हाल Cross Cultural society मा रूपान्तरित हुँदैछ । उहादरणका लागि विवाह संस्कारमा पञ्चेबाजा, नौमति बाजाका सट्टा आधुनिक बाजा, पार्टि-प्यालेसमा समारोह गर्ने चलनमा वृद्धि हुँदै छ । |
| सम्बन्ध | हाल विभिन्न जातजातिहरु बीच सम्बन्ध रहने गर्छ, आधुनिक प्रविधिको विकासका कारण पारिवारिक सम्बन्ध भन्दा पनि मोबाइल रिलेसनले स्थान लिएको छ । |
| सामाजिक व्यवसाय | व्यवसायीकरण, आधुनिकीकरण, बजारीकरण, विविधीकरणतर्फ उन्मुख रहेको छ । |

उल्लिखित विशेषता नियाल्दा नेपाली समाज सामाजिक-सांस्कृतिक रूपान्तरणमा अगाडि बढेको देखिन्छ ।

**निष्कर्ष**

सामाजिक एवं सांस्कृतिक रूपान्तरण एक गतिशील र निरन्तर प्रक्रिया हो । यो समाजलाई समय सापेक्ष, गतिशील र जीवन्त तुल्याउने कार्य हो । नेपालको सामाजिक-सांस्कृतिक रूपान्तरणको अवस्थालाई दृष्टिगत गर्दा धेरै हदसम्म सकारात्मक अवस्था पाइन्छ तर अझै पनि नेपालको सामाजिक सचेतना कमजोर रहनु, नागरिक शिक्षाको स्तर न्यून हुनु, सामाजिक विकृतिको विद्यमानता, सामाजिक अन्धविश्वास र कुप्रथा कायमै रहनु, आधुनिकीकरणको सुस्त गति, चरम गरिबी, राज्यको सक्षम नीति र कानुनको कमी लगायतका समस्या तथा कमजोरीका कारणले नेपालको सामाजिक एवं सास्कृतिक रूपान्तरणले अपेक्षाकृत रूपमा गति लिन नसकेको तीतो यथार्थतालाई नकार्न सकिँदैन । आगामी मार्गवर्तमान संविधानको अक्षरशः पालना, नीतिगत एवं कानुनी सुधार तथा परिमार्जन र सोको परिपालना, राजनीतिक प्रतिबद्धता, जनसचेतना अभिवृद्धि, नागरिक समाज लगायतका सङ्घ-सङ्गठनको क्रियाशीलता, मानव विकासमा जोड, प्राविधिक रूपमा सक्षमता अभिवृद्धि र विश्वव्यापीकरण एवं उदारीकरणलाई आत्मसात् गरी विश्व समुदायसँग हातेमालो गर्न सक्नुपर्ने देखिन्छ ।

**सन्दर्भ सामग्री**


- नेपालको संविधान(२०७२),कानुन किताब व्यवस्था समिति
- अधिकारी सुरेश, शाखा अभिकृत, तृतीय पत्र
- भट्टराई ज्ञानेश्वर, बृहत ज्ञानकोष
- विभिन्न वेबसाइटहरु ।

# सार्वजनिक प्रशासन, यसको कार्यक्षेत्र, सिद्धान्त, विशेषता र उद्देश्य

सुमन खड्का

**सारांश**

कुनै पनि देशको सार्वजनिक प्रशासन त्यो देशको स्थायी सरकार वा मेरूदण्ड हो । सरकारद्धारा प्रवाह गरिने सेवाहरू सर्वसाधारण सम्म पुऱ्याउने कार्य सार्वजनिक प्रशासनमार्फत सञ्चालित भएका हुन्छन् । यसैकारणले पनि सार्वजनिक प्रशासन सरकारको स्थायी प्रतिनिधि पनि हो । समग्रमा देशका सम्पूर्ण नागरिकहरूको सर्वाङ्गीण हितका लागि सरकारी नीति, ऐन, कानुन तथा योजनाहरूको सफल कार्यन्वयन गर्नु सार्वजनिक प्रशासनको कार्य हो । यो सरकारको मुटु हो । सरकारको सफलता तथा असफलता पनि सार्वजनिक प्रशासनको प्रभावकारितामा नै निर्भर रहने गर्दछ । सार्वजनिक प्रशासन जनताको सेवा गर्ने र मुलुकको शासन व्यवस्था संचालन गर्ने संयन्त्र हो । हालको नेपालको सार्वजनिक प्रशासन विश्वको परिवेश तथा राष्ट्रिय आकंक्षा सँग प्रत्यक्ष मेल खानेगरी प्रतिस्पर्धी बन्नु आजको प्रमुख आवश्यकता रहेको छ । मुलुकलाई सक्षम, सबल, आत्मनिर्भर बनाउन र आर्थिक वृद्धिदर लगायतका कार्यका लागि प्रतिस्पर्धी प्रशासन र सरकारको स्पष्ट दृष्टिकोण आवश्यक रहेको छ । अस्थिर र हस्तक्षेपकारी प्रशासनले समाजलाई स्पष्ट र सही दिशा निर्देश गर्न सक्दैन तसर्थ मुलुकको समग्र विकासका लागि सबैले आ–आफ्नो क्षेत्रबाट समान सहयोग र समन्वयात्मक भूमिका निर्वह गर्न जरूरी हुनुका साथै तटस्थ र सक्षम प्रशासनको आवश्यकता रहेको छ ।

## विषय प्रवेश

सामान्य अर्थमा सरकारद्धारा आम जनताको हितका लागि संचालित प्रशासन नै सार्वजनिक प्रशासन हो । यो राज्य वा शासन संचालन गर्ने स्थायी संयन्त्र हो । सार्वजनिक प्रशासन भन्नाले मुलुकको शान्ति, सुरक्षा र व्यवस्था, कल्याणकारी कार्यहरू, सार्वजनिक नीतिहरूको तर्जुमा तथा कार्यन्वयन, मानवीय तथा गैर मानवीय विविध स्रोत साधनको व्यवस्थापन, विकास कार्यहरूको सञ्चालन आदि क्रियाकलापसँग सम्वन्धित मुलुकी प्रशासनलाई जनाउदछ ।

राष्ट्रिय उद्देश्य प्राप्तिका लागि मानवीय तथा भौतिक साधनको परिचालन गर्नु सार्वजनिक प्रशासन हो । राज्यले आमजनताका गर्भदेखि चिहान सम्मका सम्पूर्ण आवश्यकता परिपूर्ति गर्नुपर्ने हुँदा सरकार एक्लैले उक्त कार्यहरू गर्न असम्भव जस्तो हुन्छ । तर सरकारमात्र सार्वजनिक निकाय नभएकाले सरकार वा राज्यबाट निर्धारित नीति, नियम र विनियोजित साधन स्रोतको आधारमा सर्वसाधारणको हकहित र चिन्ता चासोको विषयमा सञ्चालन गरिने क्रियाकलापको समष्टि पनि सार्वजनिक प्रशासन हो ।

सार्वजनिक प्रशासन विशेष गरी सार्वजनिक नीतिहरूको तर्जुमा, त्यसको विश्लेषण र कार्यन्वयन एवम् सार्वजनिक क्रियाकलापसँग सम्वन्धित रहेको छ । यसको माध्यमबाट सार्वजनिक नीति कार्यन्वयन र सार्वजनिक समस्याहरूको सम्वोधन गर्नुका साथै सार्वजनिक हितको प्रवर्द्धन र प्रत्याभूति गरिन्छ । सार्वजनिक जीवनका विविध गतिविधीहरूलाई आत्मसात गरी जनताको अपेक्षा र आवश्यकतालाई सम्वोधन गर्ने राज्यको स्थायी निकाय हो सार्वजनिक प्रशासन ।

कुनै पनि देशको सरकारद्धारा देशको चौतर्फी विकास र नागरिकको कल्याण/हितका लागि गरिने नियमित, आकस्मिक र विकासात्मक गतिविधीहरूको समग्रतालाई सार्वजनिक प्रशासन भनिन्छ ।

**सार्वजनिक प्रशासनले निम्न कुराहरुलाई समेट्दछ :**

- सरकारको आधारको रूपमा काम गर्ने संयन्त्र,
- राज्यद्धारा निर्धारित कानुन अनुसार चल्ने र नीति कार्यन्वयन गर्ने संयन्त्र,
- यसले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका र तिनको अन्तरसम्वन्धलाई समेट्दछ,
- सरकार र जनताबिचको सेतु,
- स्थायी सरकार,
- लोककल्याणकारी व्यवस्था कायम गर्दछ,
- जनतालाई सेवा पुऱ्याउने संयन्त्र,
- साझा उद्देश्य प्राप्तिका लागि समूहले गर्ने समन्वयात्मक कार्य,
- राज्य संचालन प्रणालीको एक अनिवार्य संयन्त्र तथा अवयव इत्यादि,

राज्यको उत्पति सँगै सार्वजनिक प्रशासनको जन्म भएको मानिन्छ तथापि समाजशास्त्रको सिद्धान्तले सन् १८८७ मा अमेरिकी पूर्व राष्ट्रपति तथा प्रशासनविद् Woodrow Wilson को पुस्तक The study of Public Administration को प्रकाशन पश्चात सार्वजनिक प्रशासनले छुट्टै विधाको रूपमा स्थान पाएको हो । सार्वजनिक प्रशासनलाई अलग विधाको रूपमा स्थापित गर्ने क्रममा विभिन्न विद्धानहरू, लेखकहरू तथा अध्ययनकर्ताहरूको योगदान रहेको र त्यसैबाट सार्वजनिक प्रशासनको अवधारणाको विकास हुँदै आएको देखिन्छ । जसका आधारमा पनि सार्वजनिक प्रशासनको कार्यक्षेत्र पनि व्यापक भएको छ ।

**सार्वजनिक प्रशासनको कार्यक्षेत्र :**

सरकारले लोक कल्याणकारी राज्यको स्थापना गर्न आर्थिक, सामाजिक, राजनैतिक क्षेत्रमा सम्पन्न गर्नुपर्ने सम्पूर्ण क्रियाकलापहरू सार्वजनिक प्रशासनको माध्यमबाट मात्र सम्पन्न हुने हुँदा सार्वजनिक प्रशासनको क्षेत्र व्यापक छ ।

प्रशासनविद् लुथर गुलिकले सार्वजनिक प्रशासनको क्षेत्रलाई POSDCoRB भनी बताएका छन् । जुन निम्न छ :

| | |
|---|---|
| P - Planning | योजना |
| O - Organizing | संगठन |
| S - Staffing | कर्मचारीहरूको समूह |
| D - Direction | निर्देशन |
| Co - Co-ordination | समन्वय |
| R - Reporting | प्रतिवेदन |
| B - Budjeting | आय व्ययको विवरण |

**यसका अलावा सार्वजनिक प्रशासनको क्षेत्रलाई निम्नानुसार उल्लेख गरिएको छ :**

- सार्वजनिक नीति तर्जुमा, कार्यन्वयन तथा मूल्याकंन,
- विकास व्यवस्थापन,
- शान्ति सुरक्षा र व्यवस्था तथा नियमन सम्वन्धी कार्यहरू,
- सांगठनिक व्यवस्था,
- आर्थिक तथा वित्तीय व्यवस्थापन,
- न्याय व्यवस्थापन,
- कूटनीतिक व्यवस्थापन तथा अन्तर्राष्ट्रिय सम्वन्ध,
- कर्मचारी तथा जनशक्ति व्यवस्थापन,
- सूचना प्रविधिको प्रयोग,
- अनुगमन तथा मूल्याकंन,

## सार्वजनिक प्रशासनको सिद्धान्त :

सार्वजनिक प्रशासन र व्यवस्थापनका विषयमा प्रतिपादन गरिएका सिद्धान्त एकअर्काले अनुशरण गर्दै आएको तथ्य छ । यस दृष्टिकोणबाट अध्ययन गर्दा कतिपय लेखकले हेनरी फयोलद्धारा प्रतिपादित व्यवस्थापनका १४ वटा सिद्धान्तलाई सार्वजनिक प्रशासनको सिद्धान्तको रूपमा अंगीकार गरेका छन् । जुन निम्न छन् :

- कार्य विभाजन,
- अधिकार र जिम्मेवारी,
- अनुशासन,
- आदेशको एकात्मकता,
- निर्देशनको एकात्मकता,
- सामुहिक चाहनाको प्रत्याभूति,
- कर्मचारीको पारिश्रमिक,
- केन्द्रीयकरण,
- अधिकारको क्षेत्र,
- आदेश,
- समता,
- कर्मचारीको स्थायित्व,
- नयाँ कार्यको थालनी,
- भावनाको एकात्मकता ।

अर्का प्रशासनविद् एलडी ह्वाइटका अनुसार संगठनको सिद्धान्त, कानूनको सिद्धान्त, जनसम्पर्कको सिद्धान्त, राजनीतिक निर्देशनको सिद्धान्त, अनुसन्धानको सिद्धान्त, प्रजातन्त्रको सिद्धान्त, परिवर्तन र कार्यकुशलताको सिद्धान्त, विकेन्द्रीकरण र अधिकार प्रत्यायोजनको सिद्धान्त, समन्वयको सिद्धान्त र

प्रतिष्ठाको सिद्धान्त जस्ता सिद्धान्तहरू सार्वजनिक सार्वजनिक प्रशासनको सिद्धान्तका रूपमा रहेका छन् ।

## सार्वजनिक प्रशासनका विशेषताहरु

मुलुकको शासन संचालन प्रक्रियामा सरकारद्धारा जनताको इच्छा, चाहना र भावनाको सम्वोधन गर्ने मूल संयन्त्रको रूपमा रहेको सार्वजनिक प्रशासनका देहाय बमोजिमका विशेषता रहेका हुन्छन् :

- सार्वजनिक प्रशासन वृहत र वैधानिक संरचना हो ।
- बहुउद्देश्यीय : गति i-purpose तथा बहुपक्षीय लक्ष्य भएको एक गतिशील संयन्त्र हो ।
- कार्यक्षेत्र व्यापक र विस्तृत हुन्छ ।
- सार्वजनिक प्रशासनको असरको त्याग गर्न नसकिने खालको हुन्छ ।
- राजनीतिबाट निर्देशित हुन्छ ।
- कानुनवाट बाध्यकारी हुन्छ ।
- राजनैतिक नेतृत्वप्रति जिम्मेवार र जवाफदेही हुन्छ ।
- यसमा सर्वसाधारणले असीमित अपेक्षा गरेका हुन्छन् ।
- कानुनद्धारा स्थापित र संचालित हुन्छन् ।
- मुलुकको शासन व्यवस्था सञ्चालन सम्वन्धमा सरकारको सोच तथा दृष्टिकोण, आचरण एवम् नीति, व्यवहार र संस्कारको संयोजन हो ।
- यसले सरकारका तीनवटा अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई समेट्दछ ।
- यो संचालनको मूलभूत आधार सार्वजनिक कानुन, नीति तथा जन भावना हुन् ।
- यस अन्तर्गत राजनीतिक र प्रशासनिक आयाम अन्तर्गत प्रशासनिक संगठनका संरचना, प्रशासनिक प्रक्रिया तथा कर्मचारीतन्त्र र तिनका क्रियाकलाप सबै पर्दछन् ।
- यो पर्यावरणबाट निर्देशित तथा नियन्त्रित हुन्छन् इत्यादि ।

## सार्वजनिक प्रशासनको उद्देश्य :

सार्वजनिक प्रशासनले जनताको भावना, इच्छा, चाहना र आकांक्षालाई सम्वोधन गरेको हुन्छ । जनताको आधारभूत मानव अधिकारको संरक्षण, देशमा उपलब्ध साधन र स्रोतको समुचित प्रयोग तथा उपयोग, उपलब्धीको न्यायोचित वितरण, राष्ट्रिय एकताको सुदृढिकरण, स्वच्छ, सभ्य एवम् अनुशासित समाजको निर्माण, लोक कल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्ने उद्धेश्य सार्वजनिक प्रशासनले लिएको हुन्छ । सार्वजनिक प्रशासनको उद्धेश्यलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- देशको सार्वभौमसत्ता, स्वतन्त्रता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरी राख्ने तथा संरक्षण गर्ने ।
- जनताको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गर्ने ।
- मुलुकको लोकतान्त्रिक व्यवस्थालाई संस्थागत गर्ने वा लोककल्याणकारी व्यवस्थालाई अभिवृद्धि गर्ने ।
- मुलुकको अर्थतन्त्रलाई समुन्नत, दिगो एवम् समृद्ध तुल्याउने ।
- सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धिको न्यायोचित वितरण गर्ने ।

- सबै किसिमका आर्थिक, सामाजिक असमानता हटाउने, सामाजिक सांस्कृतिक विकास गर्ने ।
- वातावरणको दिगो संरक्षण तथा विकास गर्ने ।
- कानुनी राज्यको स्थापना गर्ने तथा कानूनको कार्यन्वयन गर्ने ।
- जनताको शिक्षा, स्वास्थ्य, आवास, रोजगारी जस्ता आधारभूत आवश्यकता परिपूर्ति गर्ने ।
- दिगो, फराकिलो तथा उच्च आर्थिक वृद्धि गर्ने ।
- कुटनीतिक तथा अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढिकरण गर्ने ।
- विकास र परिवर्तनको संवाहकको रूपमा कार्य गर्ने इत्यादि ।

**तसर्थ,**

सार्वजनिक प्रशासन शासन संचालनको आधारस्तम्भ हो । जनता र सरकार बिचको पुलको भूमिका निर्वाह गर्ने स्थायी सरकार वा संयन्त्रको रूपमा सार्वजनिक प्रशासनलाई लिइन्छ, यसमा समय सापेक्ष निरन्तर सुधार आवश्यक छ । सार्वजनिक प्रशासनको सक्षमताले नै सरकारको प्रभावकारिता पुष्टि गर्ने र शासन संचालनमा सहजता ल्याउने भएकोले सार्वजनिक प्रशासन सम्बन्धी नवीनतम् अवधारणा एवम् नवीन शासकीय प्रवृत्तिहरूलाई आत्मसात गरी सबल, सक्षम, सुदृढ र जनचाहना अनुकूलको सार्वजनिक प्रशासन निर्माण गर्नु आजको प्रमुख आवश्यकता हो ।

**सन्दर्भ सामाग्रीहरु :**


१. सार्वजनिक प्रशासनको आधारभूत सिद्धान्त, प्रा.डा. भीमदेव भट्ट
२. सार्वजनिक व्यवस्थापनका अन्तर्वस्तुहरू
३. नवीनतम् प्रशासनिक दृष्टिकोण
४. लोकतान्त्रिक शासन र सार्वजनिक व्यवस्थापन, सुरेन्द्र अर्याल

# सुशासन मैत्री सार्वजनिक प्रशासन

गिता पराजुली
डिभिजन बन कार्यालय ललितपुर

**सारशंः**

सार्वजनिक प्रशासन भित्र मैलाएको विकृतिको विपरीतार्थ अवधारणा नै सुशासनमैत्री सार्वजनिक प्रशासन हो । यसको उद्देश्य सर्वजनिक प्रशासन भित्र रहेका सबै खालका खराब पक्षलाई कम गर्नु र असल प्रणालीको विकास गर्नु हो । सन् १९७० को दशकमा संयुक्त राष्ट्रसंघको महासभाले विकासको मुख्य केन्द्रविन्दुका रूपमा मानवलाई मानी जनसहभागिता मूलक शासन पद्वतिमा जोड दिन थालेपछि सुशसनको जग बस्न पुगेको हो । तसर्थ सबैभन्दा असल, उत्तम, राम्रो, जनउत्तरदायी, जनमुखी, सेवामा सबैको समान पहुँच र सेवाको विकेन्द्रिकरण र विविधिकरण आदि गुणयुक्त प्रशासनयंन्त्र स्थापना गर्नु नै सुशासनमैत्री सार्वजनिक प्रशासन हो । विकासको मुख्य केन्द्रविन्दुको रूपमा मानवलाई मानी जनसहभागिता मुलक शासन पद्धतिमा जोड दिन थालेपछि सुशासनको जग बस्न पुगेको हो । यो वर्तमानमा राजनीतिशास्त्र र प्रशासनमा यो शब्दको व्यापक प्रयोग गर्ने गरिन्छ । सबै भन्दा असल, राम्रो र वेश शासन नै सुशासन हो । जनउत्तरदायी शासन व्यवस्था एवं स्वच्छ र जनमुखी सरकार स्थापना गर्नु सुशासन हो । राज्यका व्यवस्थापिका, न्यायपालिका र कार्यपालिका अन्तर्गत स्थापित विभिन्न सघं संस्थाहरू द्वारा पारदर्शी ढङ्गबाट अधिकारको समुचित प्रयोग गरी जनहीत, जनकल्याण, सामाजिक न्याय र मानव अधिकारको प्रवर्द्धन हुने गरी स्वच्छ, जनउत्तरदायी, जनमुखी र जवाफदेही राज्य व्यवस्थाको स्थापना गर्न संचालित समग्र क्रियाकलापहरूको समष्टिगत रूपलाई नै व्यापक अर्थमा सुशासन भनिन्छ । तसर्थ वर्तमान विश्व व्यापिकरण, आर्थिक उदारिकारणको लहर सगँसगै सुशासनले सार्वजनिक प्रशासनमा पनि स्थान लिएको छ । व्यवहारत सार्वजनिक प्रशासनमा सुशासन परम्परागत कर्मचारीतन्त्रको ढर्रावाट मुक्त हुन सकेन । सुशासनका अवधारणगत चुनौती भन्दा व्यवहारीक चुनौती धेरै हुन पुग्यो राजनीतिक प्रतिवद्धताको कमि, प्रशासनिक इमान्दारिताको अभाव, केन्द्रिकृत प्रशासन प्रणली, पारदर्शितको अभाव, कमजोर कार्यसम्पादनस्तर आदि नेपालको सार्वजनिक प्रशासन सयन्त्रमा सुशासनको चुनौती हुन । यी र यस्ता कमिकमजोरीहरूलाई सुधार गदै सुशासनको अवधारणाले स्वीकार गरेका पक्षहरूलाई सही र अक्षराङ्क रूपमा व्यवहारमा ल्याउन सकिएमा नेपाल जस्तो कम विकसित राष्ट्रको सार्वजनिक प्रशासन चुस्त, दुरूस्त हुनेमा महत्वपूर्ण सहयोग हुन सक्नेछ ।

## विषय प्रवेश :

सरकारी वा सामूहिक हित प्रबर्द्धनका लागि स्थापित, निर्देशित, सार्वजनिक उद्देश्य प्राप्तिका लागि मानवीय स्रोत र साधनको समूचित परिचालन, निर्देशन, समन्वय, संचालन एंवम् व्यवस्थापन गर्ने सरकारद्धारा संचालित संयन्त्र नै सार्वजनिक प्रशासन हो । सार्वजनिक प्रशासनको शुरूवात सन् १८८७ मा अमेरिकी पूर्व राष्ट्रपति उड्रो विल्सनवाट भएको हो । उनले सार्वजनिक प्रशासनलाई सार्वजनिक कानुनको विस्तृत एवम् व्यवस्थित कार्यान्वयन हो र प्रत्येक कानुनको कार्यान्वयन गर्नु प्रशासनको अपरिहार्य कार्य

हो भनि परिभाषित गरेका छन् । त्यस पछि विभिन्न विद्वानहरूले आ–आफ्नो तर्क प्रस्तुत गदै सार्वजनिक प्रशासनलाई विभिन्न तवरवाट परिभाषित गरेका छन । समग्रमा भन्नु पर्दा सार्वजनिक हित र कल्याणका निमित्त सार्वजनिक कानुनको प्रयोग गरि सरकार र अन्य शासकीय साझेदार पात्रहरू मार्फत संचालन, नियमन र प्रवर्द्धन गरिने विधि सम्मत प्रशासनलाई सार्वजनिक प्रशासन भनिन्छ । सार्वजनिक प्रशासनले एकातिर नागरिकका सामू सरकारको उपस्थितिको वोध गराउछ भने अर्कोतिर नागरिकका चाहना, आवश्यकता र गुनासाहरू सरकार समक्ष प्रस्तुत गरिदिन्छ । त्यसैले सार्वजनिक प्रशासनलाई सरकार र नागरिक विचको संम्वन्ध सेतुका रूपमा लिने गरिन्छ । सरकारको कार्यकारी अंगका साथै शासन संचालनमा सरकारको सहयोगि संयन्त्रको रूपमा रहेको सार्वजनिक प्रशासन मानिसको गर्भावस्था पूर्व देखि चिहान पश्चात सम्मका गतिविधिहरूसंग सम्वन्धित छ ।

बदलिदो परिवेश र परिस्थिति अनुरूप शासकिय र प्रशासनिक संयन्त्रलाई परिवर्तन गर्न सकिएन र परिवर्तनलाई आत्मसात गर्न सकिएन भने संगठनको अस्तित्व र औचित्यता माथि प्रश्न उठने गर्दछ जसको फलस्वरूप सार्वजनिक प्रशासनमा सुशानको दियो बोल्न सक्दैन । शासन, प्रशासन र विकासमा जनसहभागिता सुशासनको अपरिहार्य तत्व हो । सुशासन देखिने भन्दा अनुभुति गरिने विषय भएकाले जवसम्म शासन संचालनमा जनसहभागिता, पार्दशिता, जवाफदेहीता, कानुनी शासन आदि इत्यादी कायम हुँदैनन् तवसम्म जनताले सुशासनको गंध महशुस गर्न सक्दैनन् । लोकतान्त्रिक शासन व्यवस्था भएका मूलुकमा जनता सार्वभौमसत्ता सम्पन्न हुन्छन् त्यसैले राष्ट्र र जनताको बृहत्तर हित सुशासनको माध्यमवाट मात्र सम्भव हुन्छ । जुन मूलुकमा जनताको सर्वोत्तम हित गरिन्छ त्यहाँ नै असल शासन वा सुशासनको जन्म हुन्छ् । सामान्य अर्थमा सुशासन भन्नाले असल शासन, उत्तम शासन, सुधारिएको शासन भन्ने वुझिन्छ । विस्तृत रूपमा सुशासन भनेको राजनीतिक रूपमा प्रजातान्त्रीकरण, आर्थिक रूपमा उदारीकरण, सामाजिक रूपमा समावेशीकरण, प्रशासनिक रूपमा सुदृढीकरण, शासकीय शक्तिको विकेन्द्रीकरण, भ्रष्टाचारजन्य कार्यको न्यूनिकरण, औद्योगिक क्षेत्रको विश्वव्यापीकरण, जनसहभागिता, पारदर्शिता, जवाफदेहिता, वैधानिकता आदि पक्षहरू झल्किएको शासन व्यवस्थालाई सुशासन भनिन्छ । शासन व्यवस्थाका सम्पूर्ण आयामहरूलाई सुधारका एजेन्डामा समावेश गरी राज्य प्रणालीलाई बढी कानुन सम्मत, विकेन्द्रित तथा सहभागितामूलक, पारदर्शी र जवाफदेही बनाउने प्रयास गरिन्छ त्यो नै सुशासन हो । तयसर्थ सुशासनलाई लोकतन्त्रको आधारशिलाको रूपमा लिने गरेको पाइन्छ ।

सुशासन एक सापेक्ष बिषय मात्र नभई सार्वजनिक प्रशासनको परम्परागत सोचमा आएको सकारात्मक परिर्वतनको तार्किक निष्कर्ष पनि हो । सार्वजनिक प्रशासनको आदर्शता तथा सिद्दान्तलाई सुशासनको अवधारणाले सर्मथन गरेको पाईन्छ । त्यसैले यसलाई सार्वजनिक प्रशासनको माझिएको स्वरूप मानिन्छ् । सार्वजनिक प्रशासन संयन्त्रको व्यवस्थापनमा सुधारको एउटा अचुक अश्त्र नै हो सुशासन । जसले प्रशासनको क्रियाशीलता, जनसन्तुष्टिको अनुभूतिका लागि निर्दिष्ट गर्दछ । सुशासन शब्दको विजारोपण सन् १९८९ अर्थात (उनाइशौ नब्बेको दशक) मा विश्व वैंकले प्रतिपादन गरेको सव साहारा अफ्रिकी मुलुकहरूमा प्रदान गरिएको अनुदान अनुसार किन विकास हुन सकेन भनी अध्ययन गर्ने सिलसिलामा त्यहाँ सुशासन

नभएको भनी औंल्याएबाट सुशासनको जन्म भएको पाइन्छ । आधुनिक समयमा यसलाई विश्वका सबै देशहरूले अनुशरण गर्दै आ–आफ्ना तवरले अर्थ र परिभाषा गर्ने गरेको पाइन्छ । मुलुकको सार्वजनिक प्रशासनलाई जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउने उद्देश्यले नेपाालममा सुशासन (व्यवस्थाापन तथा संचालन) ऐन, २०६४ तथा नियमावली, २०६५ ले साार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा सहभागिततामूलक बनाउने त्यसको प्रतिफल अत्यन्त सरल र सहज तरिकाले छिटो–छरितो र प्रभावककारी ढङ्गबाट सर्वसाधाारण जनता समक्ष उपलब्ध गराउने जस्ता पक्षहरू समाविष्ट गरेको छ । यस ऐन, नियमावलीले कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन, सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन र परिचालन गर्ने अभिप्राय राखी सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतार्ने प्रतिवद्धता व्यक्त गऱ्यो । प्रशासन संयन्त्रलाई सेवा प्रदायक संयन्त्र तथा सहजकर्ताको रूपमा लिई मूलुकमा सुशासनको प्रत्याभूति दिन विभिन्न व्यवस्था गऱ्यो जस अनुसार कार्य संचालनका आधार, सरकारले अख्तियार गर्ने नीतिहरू, प्रशासनिक कार्यको संचालन र जिम्मेवारी, प्रशासनिक कार्य सम्पादन गर्दा अपनाउनु पर्ने कार्यविधि, पदीय उत्तरदायित्वको निर्वाह, नागरिक वडापत्र राख्नु पर्ने व्यवस्था, घुम्ति सेवाको संचालन, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन, अनुगमन तथा मूल्याकंन आदी विधिहरू व्यवस्था गरेको छ ।

राज्यको नीति नियम तथा कानुन कार्यान्वयन गर्ने राज्यको स्थायी संयन्त्र सार्वजनिक प्रशासन हो । उपलब्ध स्रोत, साधन र अवसरको समानुपातिक वितरण भई जनताको निरन्तर समृद्धि भएमा माात्र प्रशासनमा सुशासनको जन्म हुन्छ । यही उच्चतम अवस्था रहेमा मात्र सार्वजनिक प्रशासन संयन्त्रमा सुशासनको दियो झल्को देखिन्छ । सुशासनलाई प्रशासनिक, कानुनी, राजनीतिक, व्यवस्थापकिय, नैतिक आदि आयामहरूवाट विश्लेषण गरिन्छ । शुरूवातकालीन समयमा सुशासनलाई साध्यको रूपमा लिने गरिएकोमा हाल आएर यो साधनको रूपमा रूपान्तरणा हुन पुगेको छ । प्रशासनिक संयन्त्रमा सुशासनको अवधारणका दातृ समुदाय, बौद्धिक समुदाय, सरकार र गैरराज्य निकाय वा नागरिक समाज गरी मुख्य रूपमा चारवटा संवाहकहरू रहेको मानिएको छ । नेपालमा पनि सर्वसाधारण जनतालाई सुशासनको प्रत्याभूति दिलाउन यस सम्वन्धी मान्यतालाई नबौ योजना देखि अनुशरण गर्न थालिएको छ नेपालको वर्तमान संविधानले पनि दिगो शान्ति, समृद्धि र सुशासनमा जोड दिएको छ  तर दुई दशक भन्दा बढीको अवधिमा पनि सबै निकाय त तप्काहरूमा ओठे बोलिमा मात्र सिमित भएको देखिन्छ । साथै सार्वजनिक प्रशासन संयन्त्रमा पनि सुशासन सम्बन्धी विभिन्न दस्तावेजहरू नकोरिएका पनि होइनन् तापनि तदनुरूप कार्यान्वयन भएको पाइँदैन । हजारौं संख्यामा रहेका सेवा प्रवाह गर्ने संस्था र लाखौं जनशक्ति भए तापनि निकायगत कमजोरीको कारण सार्वजनिक प्रशासन माथि जनताले सुशासनको अनुभूतित गर्न सकिरहेको पाइँदैन ।

बदलिँदो चुनौति र अवसरका बीच सार्वजनिक प्रशासन अझ जिम्मेवार, उत्तरदायी, जवाफदेही र पारदर्शी भई कार्य गर्ने संस्कृतिको विकास गर्न सकेमा सार्वजनिक प्रशासनमा सुशासनको जरो फैलाउन सक्दछ् । सार्वजनिक प्रशासनले राज्यद्धारा जनता समक्ष प्रतिवद्धता गरिएका उद्देश्यहरूको परिपूर्तिको

लागि निरन्तर रूपमा दत्त चित्त भई तयारी अवस्थामा रहने तथा सक्रिय रहनु पर्ने अंग/निकाय भएकाले यसलाई सरकारको कार्यकारी अंगको रूपमा लिईन्छ । विकास क्रियाकलापको संचालकको रूपमा रहेको सार्वजनिक प्रशासन आफैमा एक स्थायी संयन्त्र हो । जसले विकास, समृद्धि र जनसन्तुष्टि अनुशरण गदै नियमित तथा आकस्मिक कार्यहरू गर्ने गर्दछ । सुशासन मैत्री सार्वजनिक प्रशासन भएमा मात्र सरकारले परिकल्पना गरेको दीर्धकालिन सोचलाई नीति नियम र प्रकृियामा आवद्ध गराएर जनताले अनुभूति गर्ने गरी कार्यान्वयन गर्ने गर्दछ । विभिन्न कालखण्डका गठन भएका प्रशासन सुधारका सम्वन्धी आयोगहरूले दिएका सुझावहरू कार्यान्वयन गर्दै अगाडी बढन् कतै सार्वजनिक प्रशासन संयन्त्र चुकेको त हैन् भन्ने प्रश्न पनि खडा हुदै आएको देखिन्छ उक्त आयोग दिएका सुझावहरूलाई समय सापेक्ष कार्यान्वयन अगाडि बढन खण्डमा सुशासनमैत्री सार्वजनिक प्रशासन संयन्त्र निर्माण हुने देखिन्छ ।

**अन्त्यमा :**

सार्वजनिक प्रशासन विज्ञ, व्यवसायिक, क्षमतावान व्यक्तिहरूको समूह तथा स्थायी संयन्त्र भएकाले सार्वजनिक नीति निर्माण र कार्यान्वयनमा सार्वजनिक प्रशासन संयन्त्रको अहम भूमिका रहन्छ । सार्वजनिक प्रशासन सरकार र नागरिक विचको पुलको रूपमा रहि नियमित तथा आकस्मिक सेवा प्रवाह गर्ने भएकोले यसले सरकार र जनतावीचको संम्वन्ध प्रगाढ बनाउदै सरकारको दिगोपनाको सुनिश्चिता निर्माणको आधार स्तम्भको रूपमा सार्वजनिक प्रशासन रहन्छ । राज्यको उत्पत्तिसँगै सार्वजनिक प्रशासनको विकास भएको हो । विश्वव्यापीकरणको बदलिदो परिवेश भित्र सार्वजनिक प्रशासनलाई सुदृढिकरण गर्दै विकासको प्रतिफल जनस्तरसम्म पुऱ्याउन सकेमा सार्वजनिक प्रशासन संयन्त्रमा सुशासनको मगमग बास्ना छर्दथ्यो । तर कमजोर विधिको शासन, प्रकृयामुखि कार्यढाँचा, अधिकारको केन्द्रिकृत, विकास प्रशासनको दीर्घकालीन नीतिको अभाव जस्ता पक्षहरूको कमिले गर्दा सार्वजनिक प्रशासनमा सुशासनको अवस्था कमजोर नै देखिन्छ जसले गर्दा दण्डहिनता, भष्ट्रचार, असमानता, समाजिक न्याय र समन्यायको कमि जस्ता नकरात्मक पक्षहरू मौलाउने गर्दछन् । त्यसर्थ, विश्वव्यापीकरणको बदलिदो परिवेशलाई आत्मसात गर्दै राजनीतिक स्थायीत्व कायम गरी दृिढ इच्छाशक्तिका साथ कर्मचारितन्त्रले कार्य गर्दै दीर्घकालीन सोचमा आधारित नीति नियम तथा रणनिति तर्जुमा गरी सो को अक्षराङ्क कार्यान्वयन गर्न सकेको खण्डमा सार्वजनिक प्रशासनमा सुशासन बलियो नियो रूपमा स्थापित भई अन्तत सरकारले लिएको समृद्द राष्ट्र खुसी नेपाली भन्ने नाराले पुर्णता पाउनेमा कुनै दुई मत रहने छैन ।

**सन्दर्भ सामाग्री :**


- सार्वजनिक प्रशासनको आधारभूत सिद्दान्त, प्रा.डा. भीमदेव भट्ट
- नवीनतम प्रशासनीक दृष्टिकोण, श्यामकुमार भट्टराई
- सार्वजनिक प्रशासनका अन्तरवस्तुहरू
- प्रशासन सुधारका प्रतिवेदनहरू

# नेपालमा बाल अधिकार र न्याय :

ईश्वरी प्रसाद भुसाल
अधिबक्ता

**साराशं**

बलबालिका सुनौलो भविष्यका आशाका किरण हुन । समाजको भविष्यको कर्णधारको रूपमा रहेका बालबालिकालाई प्रदान गर्ने शिक्षा, संस्कार र संस्कृति लगायत अन्य समाजसंग संम्वधित विषयहरूले भविष्यमा समाजको रूपरेखा निर्धारण गर्दछ । बालबालिकाहरूको हक अधिकारलाई संस्थागत गर्न राष्ट्रिय, अन्तराष्ट्रिय ऐन कानुन नीति नियमहरू क्रियाशिल छन । साथै राष्ट्रिय देखि अन्तर्राष्ट्रिय सम्मेलन, गोष्ठि, समिक्षा आदिहरू हुने गर्दछन । मानवीय क्रियाकलापमा निर्भर रहने यो विषय भोलिका सामाजिक अभियान्ता बालबालिकाको हातमा रहेको छ । त्यसैले पछिल्लो राजनीतिक परिवर्तनपछि राज्यले बालबालिकाको संरक्षणका लागि विशेष व्यवस्था गर्नुका साथै राज्यका संयन्त्रहरूलाई समेत बालबालिका मैत्री बनाउदै अगाडि बढेको अवस्था छ ।

**विषय प्रवेश:**

प्रथम विश्व युद्धमा बम, बारूद, गोली र धुँवाको कारण धेरै बालबालिका अनाथ, अशक्त र पिडीत भए भने थुप्रै अपाङ्ग समेत हुन पुगे जसले भविष्यमा संकट पैदा हुने अवस्था सृजना भए पश्चात बालबालिकालाई कसरी जोगाउने र उनीहरूको विकास, संरक्षण र सम्वर्द्धन गर्ने उपायको खोजिमा सन् १९२४ को जेनेभा घोषणा पत्र पारित गरि बाल अधिकारको पक्षमा पहिलो औपचारिक कार्यको थालनि भयो । बालबालिका भनेको सामान्य अर्थमा १८ बर्ष उमेर नपुगेका व्यक्ति लाई जनाउँछ । कानुनद्वारा निर्दिष्ट उमेर पुरा नगरेका व्यक्ति बालबालिका हुन । यो उमेर समुहमा विद्यालय जाने समुहका व्यक्तिहरू पर्दछन् जसले आफनो भविष्यको वारेमा भन्दा आजलाई महत्व दिन्छन् । जुन सिक्ने समय हो र यस समयको सिकाईवाट भविष्य सफल बनाउन सक्छन् । कति बर्ष समूहकोलाई बालबालिका भन्ने सन्दर्भमा राष्ट्र अनुसार फरक फरक पाईन्छ । कति उमेरसम्मकोलाई बालबालिका भन्ने सो राष्ट्रको कानुनद्वारा निर्दिष्ट गरिदिएको हुन्छ । नेपालको सन्दर्भमा बालबालिका सम्बन्धी ऐन २०४८ को दफा २ (क) अनुसार बालक भन्नाले १६ वर्ष उमेर नपुगेका बालबालिका लाई सम्झनु पर्दछ भनि परिभाषित गरेको थियो भने हाल प्रचलित बालबालिका सम्वन्धि ऐन २०७५ को दफा २ (ञ) मा १८ वर्ष पुरा नगरेको व्यक्तिलाई बालबालिका भनेको छ । बालबालिकाको सर्वाङ्गिण बिकासका लागि कानुनले प्रदान गरेको हक अधिकारलाई बाल अधिकार भनिन्छ । अर्थात वालवालिकाको सर्वाङ्गिण विकासकोलागि आवश्यक पर्ने माया, स्नेह, पालनपोषण, खेलकुद, मनोरञ्जन, स्वास्थ्योपचार, शिक्षा, बालमैत्री वातावरण, शान्ती र बाल शोषण बिरूद्धका हक अधिकारहरू पर्दछन । यो बालबालिकाको नैसर्गिक अधिकार हो । बालबालिका राष्ट्रको जग हो जसको निर्माण कुशलता पुर्वक हुन नसकेको खण्डमा राष्ट्रको विकास सहि रूपमा हुन सक्दैन । त्यसैले जसरी घर निर्माण गर्दा जगलाई विशेष महत्व दिईन्छ त्यसै गरि बालबालिकालाई एक बयस्क व्यक्तिलाई प्राप्त हुने अधिकारहरूको अतिरिक्त बिशेष संरक्षण र थप अधिकार प्राप्त भएको हुन्छ । बालबालिकाले गरेको कुनै अपराध लाई अपराध नभनी बाल बिज्याँइ भनिन्छ जसमा वयस्कलाई हुने सजायको आधा सजाय गर्ने, पक्रन जाँदा

सादा पोशाकका प्रहरी कर्मचारी जानुपर्ने र बालबालिकालाई थुनामा नराखी बिशेष संरक्षणमा सुधार गृहमा राख्नुपर्ने जस्ता विशेष सुविधा बालबालिकालाई दिईएको छ ।

## अन्तर्राष्ट्रिय स्तरमा भएका पहल :

बालबालिकाको हित र संरक्षणका लागि बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरू निर्माण भएको तथा बिभिन्न सन्धि सम्झौताहरू भएका छन् जसमा बालअधिकार सम्वन्धि २६ सेप्तेम्बर १९२४ मा भएको जेनेभा घोषणपत्रले बालबालिकालाई युद्धमा प्रयोग गर्न नहुने, दुःख संकट को वेला बालबालिकालाइ भोकै राख्न नहुने र उद्धार गर्नुपर्ने जस्ता कुराहरू गरेको थियो । सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्र संघले बाल अधिकार महासन्धि पारित भयो जसमा कुनै पनि जात, धर्म, लिङ्ग, वर्ण, आस्था, राष्ट्रिय वा अन्य कुनै आधारमा भेदभाव गर्न नहुने, वालकल्याणकारी सस्था, अदालत, प्रशासन तथा विधायिकाले बालबालिकाको सर्वोत्तम हितलाई प्रथमिकतामा राख्नुपर्ने, समाज विकासमा बालबालिकाका विचारलाई लिनुपर्ने तथा यीनीहरूलाई सहभागी गराउनु पर्ने र बालबालिकाको ज्यान बचाउन तथा उनिहरूको दिर्घजीवनको लागि विशेष महत्व दिनुपर्ने कुरालाई समावेश गरिएको छ जुन नेपालले पनि १४ सेप्टेम्वर १९९० मा उक्त महासन्धिलाई अनुमोदन गऱ्यो । सन् १९९० मा सम्पन्न बालबालिका सम्बन्धी विश्व शिखर सम्मेलनले सम्वद्ध राष्ट्रहरूलाई राष्ट्रिय कार्यक्रम तर्जुमा गर्न जोड दियो यस सन्धि पश्चात ३२ वर्ष अवधिमा बाल मृत्युदर र कुपोषित बालबालिकाको दरमा उल्लेखनिय कमि आएको छ ।

## नेपालमा भएको कानुनी व्यवस्था :

नेपालले बाल अधिकार सम्वन्धि महासन्धि १९८९ लाई १४ सेप्टेम्वर १९९० मा अनुमोदन गरे पश्चात २०५० वैशाख ०१ गतेवाट लागु हुने गरि बालबालिका सम्वन्धि ऐन, २०४८ कार्यान्वयनमा आयो जसको कार्यान्वयनको लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको स्थापना भयो । बालबालिका सम्वन्धि नियमावली, २०५१, बालश्रम निशेध र नियमित गर्ने ऐन, २०५८, बालश्रम निशेध र नियमित गर्ने नियमावली, २०६३, नेपालको अन्तरिम संविधान २०६३ मा बालबालिका सम्वन्धि हक को व्यवस्था भएको छ । नेपालको संविधानको धारा ३९ मा मौलिक हकको रूपमा बालबालिकाको हक को व्यवस्था गरिएको छ जसले नेपालको संविधानको धारा ३९ मा प्रत्येक वालवालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको अधिकारका साथ परिवार र राज्यवाट शिक्षा, स्वास्थ्य, स्याहार, पालनपोषण, खेलकुद, मनोरञ्जन को अधिकारका दिएको छ भने बालविवाह, कलकारखाना तथा जोखिम स्थलमा काम लगाउने, गैरकानुनी ओसारपसार, बहु विवाह, शारीरिक तथा मानसिक यातना दिने जस्ता कार्य गराउन वन्देज लगाएको छ । धारा ५१ मा राज्यका नीतिको रूपमा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने व्यवस्था गरेको छ । बालबालिका सम्वन्धि ऐन, २०७५ ले बालबालिकामा सम्मानपुर्वक बाच्न पाउने, जवरजस्ती करणी हाडनाता करणी बाट जन्मिएका वा बाबु आमा तत्काल उपलब्ध हुन सक्ने सम्भावना नरहेमा त्यस्ता बालबालिकाले आफुलाई हेरचाह गर्ने परिवारका अन्य सदस्य वा संरक्षकले राखे बमोजिम नाम तथा बालबालिकाले चाहे बमोजिम बाबु वा आमा वा दुबैको थर प्रयोग गर्न पाउने, जातजाति, लिङ्ग, वर्ण, भाषा, धर्म, पेशा, स्वास्थ्य अवस्था, आर्थिक तथा सामाजिक स्थिती जस्ता आधारमा भेदभाव नगर्ने,

बाबु आमा सँग बस्ने र भेटघाट गर्ने, बालबालिकाहरू लाई पनि परिवार, समुदाय, विद्यालय वा सार्वजनिक निर्णयमा सहभागी हुन पाउने, अभिव्यक्ति स्वतन्त्रता र सार्वजनिक सरोकारका सुचना माग्न पाउने , बाल अदालतको व्यवस्था, प्रहरी कार्यालय, संरक्षकबाट कसुर जन्य आरोप लागेका बालबालिकाको नाम ठेगाना उमेर तथा पारिवारिक पृष्ठभुमी वा विवरण गोप्य राख्नु पर्ने, उचित पालनपोषण, खोप तथा स्वास्थ्य सुविधा पाउनु पर्ने, बालबालिकाले आफ्नो रूचि अनुसार खेलकुद तथा मनोरञ्जन गर्न पाउने, प्रत्येक बालबालिकालाई प्रचलित कानुन बमोजिम अनिवार्य आधारभुत तह सम्मको शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने, दलित बालबालिकालाई क्षात्रवृत्ति सहितको निःशुल्क शिक्षा र विशेष शारीरिक र मानसिक अवस्था अनुसार उपयुक्त अध्ययन सामाग्री तथा शिक्षण विधिवाट शिक्षा पाउने अधिकारको व्यवस्था गरेको छ । यस ऐनमा राज्यको, संरक्षक वा परिवारको दायित्व, सञ्चार क्षेत्रको दयित्व, तथा बालबालिकाको क्षेत्रमा कार्यगर्ने संघ संस्था वा व्यक्तिको दायित्व निर्धारण गर्नुका साथै राष्ट्रिय बाल अधिकार परिषद, प्रदेश बाल अधिकार समिती, स्थानिय बाल अधिकार समिती, बाल कोष, वाल गृह, समाजसेवी तथा बाल मनोविज्ञ र बालकल्याण अधिकारी जस्ता संस्थागत व्यवस्था गरेको छ । अधिकांश बालबालिकाहरू अनौपचारिक क्षेत्र खासगरी कृषिसँग सम्बन्धित क्षेत्रमा काम गर्दछन ।

**बालबालिकाको विद्यमान अवस्था र समाधान :**

विगतलाई हेर्ने हो भने हाम्रो समाजमा बालबालिकालाई ऋण तिर्न नसक्दा बन्धक वा कमारा कमारीको रूपमा राखी घरको काममा राखेको पाईन्छ जहाँ अत्याधिक मात्रामा श्रम शोषण गरेको पनि पाईन्छ । वर्तमान बदलिदो अवस्था सम्म आई पुग्दा थुप्रै कानुनहरू निर्माण भएता पनि त्यसको व्यवहारिक रूपमा लागु हुन सकेको देखिदैन । नेपाल गरिबी र अशिक्षाले व्याप्त कृषि पेशामा आधारित बिकासोन्मुख मुलुक हो । व्यापक गरिबी र आर्थिक असमानता तथा आर्थिक शोषण भएकै कारणले नेपालमा बालश्रम शोषण भईरहेको पाइन्छ । कमजोर आर्थिक स्थितिका कारण बालबालिकाहरूमा अभिभावकको माया ममताका साथै शिक्षा एवं स्वास्थ्यमा पनि बाधा पुर्याइ रहेको छ यस्ता बालबालिकाहरू बालश्रमबाट शोषण हुनुका साथै कुलतमा परिरहेको हुन्छन । बालबालिकाले यस्तो शोषण बिरूद्धको आवाज समेत उठाउन नसक्ने भएका कारणले पनि बालश्रम शोषण भईरहेको छ । अत्याधिक मात्रामा बालश्रम शोषण भईरहेका क्षेत्रहरू होटेल तथा रेष्टुरेन्ट, उद्योग तथा करकारखाना र निर्माण कार्य, कृषि, यातायात साधन र ग्यारेज , चिया बगान, अपराधिक कार्य, लागुपदार्थ ओसारपसार, सुराकी वा लुटपाट र चोरी आदि क्षेत्रमा भईरहेको छ । बालबालिकाहरूले काम लगाउने व्यक्तिबाट गाली, कुटपिट लगायत अमानवीय व्यवहार सहनु पर्ने, काममा शान्ति र सुरक्षाको कुनै प्रावधान नहुने, उचित संस्कारको अभावमा खराब व्यक्ति संगको संगत हुने ,अनैतिक कार्यमा संलग्न हुने तथा अपराधिक मनोवृति बढ्ने, सानै उमेरबाट शारीरिक तथा मानसिक बोझ भएका कारण शारीरिक एवं मानसिक विकासमा अवरोध भई भविष्य बिग्रन सक्ने बढी सम्भावना हुने गर्दछ । आर्थिक अभाव हुनु, परिवार वा समाजमा चेतनाको कमि हुनु बालबालिकालाई कम लागतमा काममा लगाउन पाउनु जस्ता कारणले गर्दा बाल श्रम शोषण भईरहेको छ ।

यसरी हेर्दा विगत ३०/३२ वर्षमा बाल अधिकार र न्यायको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रसस्त कानुनहरू निर्माण भएका छन् जसले बालबालिका र समाज परिवर्तनमा उल्लेखनिय योगदान

पुऱ्याएको छ । यसरी निर्माण भएका कानुनहरूको समुचित रूपमा व्यवहारमा लागू हुन नसकेको वर्तमान सन्दर्भमा कानुनको कार्यान्वयनमा सरोकारवाला निकायले विशेष ध्यान दिनु जरूरी देखिन्छ । केन्द्रिय, प्रदेश र स्थानिय तिनवटै तहका सरकारले बालबालिकाका आधारभुत आवश्यकता परिपुर्तिमा विशेष ध्यान दिन नसकेमा आर्थिक र सामाजिक रूपमा असमान अवस्थाको सिर्जना हुन पुग्दछ । स्थानीय स्तरका वजेट निर्माण र कार्यान्वयनमा बालबालिकाको अनिवार्य सहभागिता हुनुपर्ने कुरा नारामा मात्र सीमित देखिन्छ । बालबालिकालाई प्रचलित कानुन बमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने व्यवस्था भएपनि कतिपय जाति र समुदायका बालबालिकाले आर्थिक अभावका कारण पाठ्यपुस्तक, कापि, कलम र पोशाकको अभावमा विद्यालय जान समेत नसकेको अवस्था छ । जसको लागि उनिहरूलाई आवश्यक सामाग्री समेतको व्यवस्था गरिदिनु पर्दछ । बाल बिवाहलाई कानुनले निषेध गरे ता पनि परिवार र समाजको मिलेमतोमा अझैपनि बाल विवाह भईरहेको अवस्था छ । अतः हाल प्रचलित कानुनको व्यवहारिक प्रयोगमा ध्यान लिई आवश्यकतानुसार परिमार्जन गर्न सकेमा यसबाट उल्लेखनिय उपलब्धी हासिल गर्न सकिन्छ ।

**सन्दर्भ सामाग्रीहरु**


- नेपालको संविधान
- बालबालिका सम्बन्धी ऐन २०७५
- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

# निजामती सेवामा ट्रेड युनियन अधिकार

केदारप्रसाद खतिवडा
प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय

## ट्रेड युनियन

ट्रेड युनियन सामूहिक सौदावाजी मार्फत  आपसी हितहरूको संरक्षण र प्रवर्धन गर्न गठन हुने श्रमिक हरूको सङ्गठन हो । श्रमिकहरूको हक अधिकार को सुरक्षा गर्न कुनै पनि मुलुकमा विधमान कानुनको अधिनमा रही ट्रेड युनियन स्थापित हुन्छ । व्यवस्थापकसँग सामूहिक सौदावाजी गरी उपयुक्त कार्यवातावरण निर्माण गर्दै कामदारहरूको व्यवसायिक र प्रतिस्पर्धात्मक क्षमताको अभिवृद्धि गर्ने, न्यूनतम ज्याला, काम गर्ने समयको निर्धारण गर्ने सेवा शर्त र सुविधाको प्रबर्धन गर्ने, सामाजिक सुरक्षणको प्रवर्दन गर्ने, रोजगारदाताबाट हुन सक्ने अनुचित काम कारवाहीमा आवाज उठाउने लगायतका कार्य मार्फत कामदारहरूको मनोवल उच्च बनाई उत्पादन र सेवा प्रवाहमा गुणात्मक र परिमाणात्मक वृद्धि गर्ने पवित्र जिम्मेवारी निर्वाह गर्ने उद्देश्यले ट्रेड युनियन आन्दोलनको जन्म भएको हो ।

खासगरी औद्योगिक क्रान्ति पछि पुँजीवादी प्रणाली अन्तर्गत व्यवस्थापनले गरेको श्रमिकको शोषणको बिरूद्ध शुरु भएको हो । ट्रेड युनियन आन्दोलन, पेशागत कर्मचारीहरु सङ्गठित भई ट्रेड युनियन अभ्यासको थालनी भने सन् १९०६ मा फ्रान्सबाट भएको पाइन्छ । तत् पश्चात् १९०६ मा बेलायत, १९१२ मा अमेरिका हुँदै हाल जापान दक्षिण कोरिया लगायत विश्वका धेरै मुलुकमा यो अभ्यास प्रचलनमा रहेको छ । मजदुरको अधिकारका लागि अगाडि आएको अवधारणा भए पनि हाल शारिरिक श्रम गर्ने औद्योगिक क्षेत्रका अतिरिक्त सार्वजनिक क्षेत्र तथा निजि क्षेत्रका मानसिक श्रमको क्षेत्रमा पनि ट्रेड युनियन अधिकारको अभ्यास हुँदै आएको छ ।

## कानुनी आधार

मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८, आइ.एल.ओ कन्भेन्सन ८७ र ९२ लगायतका सङ्गठित हुने र सौदाबाजी गर्न पाउने आइ.एल.ओ.का अन्य कन्भेन्सनहरु, श्रम सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय र क्षेत्रीय महासन्धि र कानुनहरु तथा विभिन्न राष्ट्रका क्षेत्राधिकार भित्रका कामदारहरूको अधिकार र सङ्गठित हुने स्वतन्त्रता सम्बन्धी कानुनहरूले ट्रेड युनियन अभ्यासको लागि कानुनी आधार प्रदान गरेका छन ।

## नेपालको सार्वजनिक सेवामा ट्रेड युनियन

नेपालमा प्रजातन्त्र प्राप्तिको लागि सुरूवाती आन्दोलन नै श्रमिकहरूबाट भएको पाइन्छ । सन् १९४६ मा स्थापित ट्रेड युनियन कांग्रेसलाई नेपालमा श्रमिकहरूको पहिलो संगठन मानिन्छ । वि.सं. २००४ मा विराटनगर जुट मिलमा हडताल, वि. सं. २००५ मा जारि भएको संघ सम्बन्धी ऐन कारखाना तथा कारखानामा काम गर्ने मजदुर सम्बन्धी ऐन २०१६, राष्ट्रिय निर्देशन ऐन २०१८ ट्रेड युनियन आन्दोलनका आधार हुन । निजामती सेवामा भने वि.सं. २००७ मा गठित न्युन वैतानिक कर्मचारी संगठनलाई पहिलो संगठनको रूपमा लिइन्छ । वि. सं. २०३६ पछि शिक्षक र अन्य क्षेत्रमा संगठनहरू खुल्न सुरूवात भएपनि वि स २०४६ मा प्रजातन्त्रको पुनर्स्थापना नभएसम्म ट्रेड युनियन गतिविधि त्यति प्रभावकारी ढंगबाट अगाडि

बढेको पाइन्न । वि.सं. २०४६ को परिवर्तनले निजामती सेवामा ट्रेड युनियन गतिविधि संचालन गर्न पाउने व्यवस्था गरेपछि नेपाल निजामती कर्मचारी संगठन, नेपाल कर्मचारी संघलगायत राष्ट्रियस्तरका ट्रेड युनियनको स्थापनापश्चात ट्रेड युनियन गतिविधि संगठितरूपमा अगाडि बढेको पाइन्छ । श्रम ऐन २०४८ र ट्रेड युनियन ऐन २०४९ लागू भए पश्चात सार्वजनिक संस्थानहरूमा ट्रेड युनियन स्थापना गर्ने र ट्रेड युनियन अधिकार प्रयोग गर्ने कार्यले विधिवत मान्यता पायो ।

नेपालमा दोस्रो जनआन्दोलन पश्चात् वि.सं. २०६३ चैत २८ मा संसद्ले सङ्कल्प प्रस्ताव पारित गरी राजपत्राङ्कित द्वितीय श्रेणिसम्मका कर्मचारीले ट्रेड युनियन अधिकार उपभोग गर्न पाउने व्यवस्था गरेको भएता पनि पछि निजामती सेवा ऐन, २०४९ को दोस्रो संशोधन २०६४ ले निजामती कर्मचारीलाई ट्रेड युनियन अधिकार प्रदान गरेको छ, जहाँ कार्यालय प्रमुख बाहेकका राजपत्रांकित तृतीय श्रेणी वा सोभन्दा मुनिका कर्मचारीले पेसागत रूपमा संगठित हुन, राष्ट्रिय स्तरको ट्रेड युनियन गठन गर्न र त्यसको सदस्यता लिनसक्ने व्यवस्था छ । हाल नेपालको संविधान २०७२ को धारा ३४९३० निजामती सेवा ऐन २०४९ र नियमावली २०५० ले नेपालमा निजामती सेवामा ट्रेड युनियन अभ्यासलाई कानुनी आधार प्रदान गरेका छन् ।

## आलोचना

ट्रेड युनियन अधिकार मजदुरले मालिकसँग आफ्नो हक अधिकारको सम्बन्धमा सामूहिक सौदाबाजी गर्न प्राप्त गरेको अधिकार हो । अब निजामती कर्मचारीलाई मजदुर मान्ने हो भने मालिक कसलाई मान्ने भन्ने प्रश्न अहिले विभिन्न क्षेत्रबाट उठ्ने गरेको छ ।

संसदमा संघीय निजामती सेवा ऐनको विधेयक माथि छलफल हुँदै गर्दा अधिकांश माननीयहरूले सरकारी कर्मचारीको ट्रेड युनियन अधिकारको विरोध गरेको पाइयो । समर्थन गर्नेहरूले पनि एउटा मात्रै ट्रेड युनियन रहनुपर्ने कुरामा जोड दिएको कुरा समाचारहरूमा आए ।

कर्मचारी सङ्गठनहरूमा पछिल्लो समय ठुलो विचलन आएको आरोप कर्मचारी वृत्त बाटै लाग्ने गरेको छ । ट्रेड युनियन अधिकार कर्मचारीको सामूहिक हितमा केन्द्रित गर्नुपर्नेमा नितान्त व्यक्तिगत स्वार्थ केन्द्रित, राजनीतिक पार्टीको जनवर्गीय सङ्गठन जस्तै भएर हिँडेको, अनुशासन र मर्यादाका अधिकांश सीमाहरु उल्लंघन गरेको, कर्मचारीहरु समस्यामा परेका बखत मुन्टो लुकाएर हिँडेको, कर्मचारी समायोजन स्वैच्छिक अवकाश लगायत विषयमा प्रभावकारी भूमिका खेल्न नसकेको आरोप आज कर्मचारी सङ्गठनहरूलाई लाग्ने गरेको छ ।

ट्रेड युनियन अधिकार विकृति भित्र्याउन होइन, न त सुब्बाले सचिवलाई थर्काएर आफ्नो मनोमानी गराउन नै हो । नातेदार वा आफन्तलाई चाहेकै ठाउँमा सरूवा गराउन र ट्रेड युनियनका नेतालाई काम नगरी गफ गरेर बस्ने चौतारी बनाउन पनि ट्रेड युनियन अधिकार स्थापीत भएको होइन ।

ट्रेड युनियन अधिकार त निजामती कर्मचारीहरूलाई उपयुक्त किसिमको कार्यवातावरण प्रदान गरी उनीहरूमा उत्प्रेरणा बढाउँदै सृजनशील ढंगबाट गुणस्तरीय सेवा प्रवाहका लागि हो । जनताको हृदयमा बस्न सक्ने कर्मचारीतन्त्र र जनताले कहिल्यै नबिर्सने सरकार निर्माणका लागि हो ।

## अवको बाटो

सरकारी सेवामा ट्रेड युनियन रहने र नरहने भन्ने विषयले आम नागरिकमा तात्विक असर नपुर्याउला तर ट्रेड युनियन अभ्यासको निषेधले सेवा प्रवाहमा प्रभावकारिता हासिल गर्न सकिन्छ भन्ने तर्कमा पूर्ण रूपमा सहमत हुन सकिन्छ जस्तो लाग्दैन । बाइसाइकल पोलिसिबाट पूर्णरूपमा ग्रसित हाम्रो कर्मचारी नेतृत्व तहलाई ट्रेड युनियन अभ्यासले थोरै भए पनि लचक बनाएको र कर्मचारीप्रति जिम्मेवार बनाएको तर्क गर्ने पनि धेरै छन् ।

कुनै पनि संस्था र सङ्गठन आफैमा खराब हुँदैन त्यसलाई सुन्दर वा कुरूप के बनाउने ? भन्ने कुरा त्यसका सदस्यहरूमा निर्भर गर्दछ । ट्रेड युनियनकर्मीको रिसले ट्रेड युनियन नै खारेज गरिदिए हुन्छ भन्नु भन्दा यिनीहरूलाई अनुशासित र मर्यादित बनाउनेतर्फ केन्द्रित हुनु उपयुक्त होला । राजनीतिले ट्रेड युनियनलाई भातृ सङ्गठनको जस्तो व्यवहार नगर्ने, भनसुन प्रथालाई पूर्ण रूपमा निषेध गर्ने, सरूवा बढुवाको स्पष्ट र वैज्ञानिक मापदण्ड निर्माण गर्ने, वृत्ति प्रणालीलाई पूर्वानुमानयोग्य बनाउने, पक्षपातरहित सेवा सुविधा र व्यवहार गर्ने, कार्यसम्पादनमा आधारित प्रोत्साहन र दण्ड प्रणालीको व्यवस्था गर्ने र प्रशासनिक सम्बन्धलाई हार्दिकतापूर्ण बनाउने हो भने ट्रेड युनियनहरु आफै आफ्नो भूमिकामा मात्र सीमित रहने अवस्था आउँछ ।

ट्रेड युनियन अधिकार कसैको दादागिरी गर्ने लाइसेन्स हैन । यो निजामती कर्मचारीहरूलाई उपयुक्त कार्य वातावरण प्रदान गरी उत्प्रेरित र सृजनशील ढङ्गबाट सेवा प्रवाहमा लाग्न प्रोत्साहन गर्ने सुनौलो बरदान हो ।

निजामती सेवालाई आजको स्थानसम्म ल्याउन कर्मचारी सङ्गठनहरूको केहि हदसम्म भने पनि योगदान रहेको छ । राष्ट्रियस्तरका ट्रेड युनियनहरूले कर्मचारी हकहित संरक्षण र सामूहिक सौदाबाजिमा धेरै कामहरु गरेका छन । पछिल्लो समय ट्रेड युनियनहरूको भूमिकाप्रति केही असन्तुष्टिहरु पक्कै देखिएका छन् । यसका पछाडि कर्मचारी सङ्गठनहरूलाई मात्र दोषी देख्नु गल्ती हुन सक्छ । यद्यपि ट्रेड युनियनहरूबाट कमजोरी हुँदै नभएका होइनन तिनलाई सच्याउँदै सबै निजामती कर्मचारीहरूको भावनालाई सम्बोधन गरेर ट्रेड युनियनहरु अगाडी बढ्नुपर्छ । कर्मचारी वृत्तमा देखिएको अनिश्चितताको बादललाई चिर्दै उत्प्रेरित र सेवाप्रति समर्पित कर्मचारीतन्त्र निर्माण गरी समृद्ध नेपालको सपना पूरा गर्न ट्रेड युनियनहरु सारथिको रूपमा रहन सक्नुपर्छ ।

## सन्दर्भ सामाग्री


- नेपालको संविधान -२०७२
- ट्रड युनियन ऐन -२०४९
- निजामती सेवा ऐन -२०४९
- मानवधिकारको विश्वव्यापी घोष्णापत्र -१९४८
- आइएलो कन्भेन्सन ८७, ९२

# निजी क्षेत्र र आर्थिक विकास

टिकाराम आचार्य
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**सारांश**

निजी क्षेत्रसँगको आर्थिक शक्ति, सार्वजनिक निकायले तर्जुमा गर्ने निर्दिष्ट ऐन, कानून, नीति नियम र उपयुक्त मापदण्डको संयोजनवाट व्यक्ति वा समूहमा रहेको पुँजी, प्रविधीको कुशलतापूर्वक परिचालन मार्फत मुलुकमा आर्थिक विकासले गति प्राप्त गर्न सक्र्दछ । वस्तु तथा सेवाको उत्पादन, वितरण, पूर्वाधार निर्माण, रोजगारीका अवसरहरूको सृजना, राजस्व मार्फत सरकारलाई आर्थिक सहायत प्रदान गर्ने हुदा निजी क्षेत्रलाई आर्थिक विकासको सशक्त संवाहक मानिन्छ । आर्थिक उदारीकरणको नीति र विश्वव्यापीकरणको लहर संगै विकास निर्माण र सेवा प्रवाहमा सरकारको सहयात्रीको रूपमा रहेको निजी क्षेत्रलाई आवधिक योजना र संविधानले मार्गदर्शन गरेको छ । आर्थिक वृद्धिमा उल्लेखनीय योगदान पुऱ्याउदै आएको निजी क्षेत्रलाई लगानीमैत्री वातावरण निर्माण गरी विकासात्मक क्रियाकलापमा आकर्षण गर्दै जान सकेको खण्डमा दिगो आर्थिक विकासको लक्ष्य प्राप्ति गर्न सकिन्छ ।

## विषय प्रवेश

निश्चित व्यक्ति वा समूहको लाभ, उद्देश्य तथा हितको लागि सञ्चालित पात्रहरूको समूह नै निजी क्षेत्र हो । आफ्नो दक्षताको क्षेत्रमा नाफा कमाउने ध्येयले वस्तु तथा सेवाको उत्पादन र वितरण गर्ने सरकार बाहिरको सशक्त संवाहकलाई निजी क्षेत्र भनिन्छ । निजी क्षेत्रलाई बजार क्षेत्र पनि भनिन्छ । तसर्थ व्यक्ति विशेषको हितसँग जोडिएको क्षेत्र नै निजी क्षेत्र हो । जसमा व्यक्ति, निजी संघसंस्थाहरू, प्राइभेट कम्पनीहरू आदि समेटिन्छन् । निजी क्षेत्रलाई सशक्त आर्थिक शक्तिको रूपमा लिने गरिन्छ । आर्थिक क्षेत्रलाई गतिशील बनाई नियमित/आकस्मिक सेवा प्रवाह गर्ने तथा विकासात्मक कार्यमा निजी क्षेत्रको सार्थक उपस्थिति रहेको हुदा आर्थिक विकासा कायम गर्ने तर्फ निजी क्षेत्र क्रियाशील हुदै आएको छ । नाफा र प्रतिस्पर्धा निजी क्षेत्रका लागि अति आवश्यक तत्वहरू हुन । निजी हित नै प्रमुख लक्ष्य भएतापनि गुणस्तरीय वस्तु तथा सेवाको उत्पादन, सोको सहज वितरण, रोजगारीका क्षेत्रहरूको सृजना, राजस्व वापत सरकारलाई आर्थिक सहयोग प्रदान गर्ने, पूर्वाधारका क्षेत्रहरूमा लगानी गर्ने आदि कार्यमा निजी क्षेत्रको संलनता रहने हुदा निजी क्षेत्रलाई आर्थिक विकासको एक सशक्त संवाहकको रूपमा लिन सकिन्छ । निजी क्षेत्र आर्थिक विकासको संवाहक हो, भन्ने मान्यताको विकास सन् १९८० को दशकमा भएको आर्थिक उदारीकरण नीति र विश्वव्यापीकरणको अवधारणासँगसँगै भएको हो नेपालमा भने वि. स. २०४६ सालको राजनीतिक आन्दोलन पछिको परिर्वतनको  ल्याएको पाईन्छ ।

आर्थिक क्षेत्रलाई गतिशील एवम् प्रतिस्पर्धी बनाई स्वस्थ तवरवाट विकासको दर र दायरालाई गति दिने कार्यमा निजी क्षेत्र क्रियाशील रहन्छ । नेपालको संविधानले अङगीकार गरेका नीति तथा कानूनी व्यवस्थाले निर्दिष्ट गरेबमोजिम निजी क्षेत्रले आफ्नो भूमिका निर्वाह गर्दै आएको छ । सरकारको विकास सम्वन्धी सोच, नीति र योजना बमोजिम लक्ष्य तथा उद्देश्य हासिल गर्न लगानी मैत्री वातावरण अभिवृद्धि

गरी देशको आर्थिक सामाजिक विकासमा सहयोग र सहकार्य गर्न निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ । राज्यद्धारा निर्धारित ऐन, कानून एवम्  मापदण्डको परिधिभित्र रही व्यक्ति, समुह, निजी संघसस्थाहरू र कम्पनीहरूले स्वस्थ प्रतिस्पर्धात्मक तवरवाट वस्तु तथा सेवाको उत्पादन एवम् आपूर्ति गरी आर्थिक क्षेत्रलाई गतिशीलता प्रदान गर्ने गर्दछन । देशमा उद्योग, कलकारखाना, व्यापार व्यवसाय प्रवर्द्धन गर्ने कार्यमा सरकारसँग सहकार्य गर्दै विकास निर्माणको कार्यलाई गति दिने कार्यमा निजी क्षेत्रको सार्थक उपस्थिति रहने हुदा आर्थिक विकासको सहयात्रीको रूपमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहन्छ । बजार क्षेत्रको प्रमुख कर्ताको रूपमा निजी उद्यमीहरू हुने भएकाले यसलाई बजारको पर्यायको रूपमा पनि लिने गरिन्छ । निजी क्षेत्रले उपभोक्तालाई ईश्वर र सरकारलाई अभिभावक ठान्दछ । तसर्थ उसैको चाहना अनुरूपको वस्तु तथा सेवाको उत्पादन र वितरणका कार्यमा निजी क्षेत्र क्रियाशील रहन्छ । निजी क्षेत्रले आफ्ना ग्राहकको चाहनाप्रति तत्काल प्रतिक्रिया जनाउछ र बजार सङ्केतका आधारमा आफू परिचालित हुन्छ । साथै आफूसँग रहेको स्रोत साधनलाई कुशलता पूर्वक परिचालन मार्फत ग्राहकलाई सन्तुष्टि प्रदान गरी आर्थिक प्रतिफल प्राप्त गर्ने कार्यमा क्रियाशिल रहन्छ । जसका आधारमा निजी क्षेत्र विकासको रणनीतिक साझेदार पात्र बन्ने सामर्थ्यमा अग्रसर देखिदै आएको छ । शान्ति, स्थिरता र सुशासन प्रवर्द्धन विकासको सार हो यसका लागि आर्थिक तथा रोजगारीका अवसर सिर्जना गरी जीवनस्तर उठाउनु आवश्यक छ । जुन भूमिकामा राज्यका लागि आर्थिक अवसर र नागरिकका लगि रोजगारीको सिर्जना गरी निजी क्षेत्र खरो रूपमा उत्रिएको छ । साथै निजी क्षेत्र अर्थतन्त्रको उर्जा हो, यसले समाजमा रहेका अवसरहरूको खोजि गर्दै सम्भावना र क्षमताको उत्पादन गर्दछ । निजी क्षेत्रले प्रतिस्पर्धी बजारका माध्यमद्वरा उद्यमशीलता विकास मार्फत रोजगारी सिर्जना, लगानीका क्षेत्रहरूमा आकर्षण र प्रविधि हस्तान्तरण, सेवा प्रवाह, विकासमा साझेदारी, वातावरण तथा स्रोत संरक्षण जस्ता कार्यमार्फत आर्थिक विकास र सुशासनमा योगदान पु¥याउँदै आएको छ ।

निजी क्षेत्र आर्थिक वृद्धि र रोजगारी सृजनाको प्रमुख संवाहक भए पनि यसको पहुँच ऐच्छिक हुन्छ । मूल्य सङ्केत नभएको सेवा/स्थानमा निजी जान चाहदैन । आर्थिक कुशलता देखाउन सके पनि यसले सामाजिक न्याय र लोककल्याणकारिता प्रति त्यति ध्यान दिएको पाइदैन । वस्तु तथा सेवाको छिटोछरितो तवरमा उत्पादन गरी बजार क्षेत्रमा आफ्नो सार्थक उपस्थिति जनाए पनि त्यसको समन्यायिक वितरणमा यसले खासै ध्यान दिएको पाइदैन । निजी क्षेत्रको बजार बिशेषता सक्षमलाई सेवा पुऱ्याउने ध्येय देखिदै आएको पाइन्छ । त्यसैले संस्थागत सामाजिक जिम्मेवारी निर्वाह गराउन पनि सरकारले यस माथि नियमन गर्नुपर्ने हुन्छ । निजी क्षेत्र रोजगारी सिर्जना र औद्योगिक विकासको प्रमुख माध्यमका रूपमा स्थापित भएको छ । जुन मुलुक आर्थिक विकासमा तीव्रत्तर गतिमा छ त्यो राज्यको सवल सुशासन र निजी क्षेत्रको सक्रिय सहभागितामा मात्र सम्भव भएको हो भन्ने देखिन्छ । बिसौं शताब्दीको सुरूदेखि विश्वभरि प्रभाव जमाउन सफल लोककल्याणकारी राज्यको अवधारणालाई पुर्नवोध गर्न थालिएपछि सत्तरीको दशक देखि निजी क्षेत्रको भूमिका क्रमश विस्तार गर्ने दार्शनिक आधार खडा भयो । नेपालमा उदारीकरणको प्रयास आठौं योजना देखि निजी क्षेत्रको विकासका लागि राज्यले अनुकुल वातावरण बनाएपछि भएको थियो । आठौं योजनाले दिगो विकासका लागि गैरराज्य क्षेत्रको क्षमता उपयोग गर्ने रणनीति अवलम्वन गऱ्यो । त्यसपछि नै विकासमा निजी क्षेत्रको सार्थक उपस्थिति कायम गराउनका लागि क्षेत्रगत नीति तथा कार्यक्रम

ल्याउन सुरू भएको पाइन्छ । कुन कुन क्षेत्रमा निजी क्षेत्र तथा अन्य गैरराज्य क्षेत्रलाई परिचालित गर्ने भन्ने स्पष्टताका साथ घोषणा गरिएका नीतिहरूले एकातर्फ सरकारको बोझ घटाउन पुग्यो भने अर्कोतर्फ आफ्ना सम्भावनाका उद्यम व्यवसायमा निजी क्षेत्र उत्साहका साथ अघि बढयो । आठौँ योजनापछिका आवधिक योजनाले निजी क्षेत्रले गुणस्तरीय वस्तु तथा सेवा उत्पादन, सहज र सुलभ आपूर्ति व्यवस्थापन, गुणस्तरीय पूर्वाधार निर्माण, आयात व्यवस्थापन, निर्यात प्रवर्द्धन तथा उत्पादनशील र मर्यादित रोजगारी सिर्जना गर्नमा निजी क्षेत्रको उपस्थितिमा क्रियाशील रहने जोड गरेको छ । साथै कार्यनीतिहरू उदारीकरणको अवधारणा अनुरूप नै निजी क्षेत्र परिचालनका लागि लक्षित हुदै आएका छन । यसवाट पनि निजी क्षेत्र माथि सरकारले रणनीतिक भूमिकाको अपेक्षा सहित महत्व स्पष्ट हुन्छ ।

नेपालको संविधानको धारा ५१ (घ) अर्थ, उद्योग र वाणिज्य सम्वन्धी नीतिमा अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिदै उपलब्ध साधन र स्रोतको अधिकत्तम परिचालन गरी आर्थिक समृद्वि हासिल गर्ने, आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेही र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वागीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने व्यवस्था गरेको छ । निजी क्षेत्रको कार्य भूमिका राज्यको दर्शन, सरकारले लिएको नीति, निर्धारण गरेको प्राथमिकता एवम् निजी क्षेत्रको क्षमतामा समेत आधारित हुन्छ । तर निजी क्षेत्रको चाख र क्षमताले साथ दिएन भने त्यो काम पनि राज्यले नै गर्नुपर्ने हुन्छ । किनकी राज्य नै नागरिकको हित प्रवर्द्धन गर्ने अन्तिम दायित्व बोकेको अभिभावकिय संस्था हो । नेपालमा आठौँ योजना अघि निजी क्षेत्रले सामान्य व्यापार ब्यवसायहरू मात्र सञ्चालन गर्दै आएको थियो । राज्यको भूमिका नागरिकको जनजीविकाका सबै क्षेत्रहरूमा विस्तारित थियो । त्यस बखत निजी क्षेत्रले ठूलो लगानी गर्नु सरकारी दर्शन र निजी क्षेत्रको क्षमता दुबै आधारमा सम्भव थिएन तर साठीको दशकमा आएको नयाँ दक्षिणपन्थी आन्दोलनले विश्वभर नै सरकारको भूमिकामा परिमार्जनको आवश्यकता महसुस गराएको थियो । पञ्चायती व्यवस्थाका समयमा सबै प्रकारका आर्थिक समस्याको समाधान राज्यसंयन्त्रबाटै गरिनु पर्दछ भन्ने राज्यवादी दर्शनका कारण उदारीकरणको सन्दर्भमा नेपालका नीतिहरू त्यति प्रभावित थिएनन् । वि. स. २०४६ को ऐतिहासिक जनआन्दोलनपछि स्थापित प्रजातान्त्रिक सरकारले भने उदारिकरणका मुद्धामा आफुलाई केद्रित गरेपछि सरकारी र गैरसरकारी क्षेत्र बिच भूमिका विनियोजन गर्ने क्रम सुरू भयो । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा गठित उच्चस्तरीय प्रशासन सुधार आयोग २०४८ ले राष्ट्रिय विकासका सन्दर्भमा सरकार, निजी क्षेत्र र सामुदायिक निकायहरूलाई भूमिका स्पष्ट विभाजन सहितको सुझाव नेपाल सरकारलाई दिएको थियो । त्यो नै निजी क्षेत्र विकासको सन्र्दभमा नीति सन्र्दभ बन्न पुग्यो । सरकार आफैले लगानी गरी प्रदान गर्ने व्यापार औद्योगिक सेवाहरू जस्तै पाठ्यपुस्तक, यातायात, सुचना प्रविधि, सञ्चार स्वास्थ्य र सरसफई लगायतका कार्यमा राज्यको सार्थक उपस्थिति रहेता पनि सो क्षेत्रमा निजी क्षेत्रको पनि उत्साहित रूपमा उपस्थिति रहेको देखिन्छ ।

**निष्कर्ष:**

सारमा भन्दा आर्थिक विकासको सशक्त संवाहकको रूपमा रहेको निजी क्षेत्रले नियमित/आकस्मिक सेवा प्रवाह देखि विकास निर्माणका कार्यहरूमा सरकारको सहयात्रीको रूपमा कार्य गर्दै आएता पनि स्वदेशी तथा वैदेशिक लगानी अभिवृद्धि गर्दै द्विपक्षीय तथा बहुपक्षीय प्रतिबद्धता तथा सम्झौताको यथेष्ठ कार्यन्वयन

नहुनु, नीतिगत अस्पष्टता, लगानीमैत्री वातावरणको अभाव, राजनैतिक अस्थिरता, दक्ष श्रमशक्तिको अभाव, आन्तरिक द्वन्द, बन्द हडताल, चन्दा, कमजोर प्रतिस्पर्धा, पारदर्शिता, जवाफदेहिता, सामाजिक जिम्मेवारीको कमी आदि कारणहरूले गर्दा निजी क्षेत्रले आर्थिक विकासको क्षेत्रमा समय सापेक्ष उपलब्धी हासिल गर्न सकिरहेको छैन । त्यसर्थ राज्यले दीर्घकालीन सोचमा आधारित स्पष्ट नीति नियमहरू बनाई निजी क्षेत्रसँग रहेको पुँजी, प्रविधि र दक्षतालाई प्रभावकारी रूपमा परिचालन गर्न सकेमा गुणस्तरीय वस्तु तथा सेवा माथि नगरिकहरूको सहज पहुच कायम हुने र देशमा विकासको दर र दायराले पूर्णता पाउदै देश समृद्धिको बाटो तर्फ अगाडि बढदै अन्तत सरकारले परिकल्पना गरेको "समृद्ध नेपाल : सुखी नेपाली" भन्ने नाराले पूर्णता पाउने अपेक्षा राख्न सकिन्छ ।

**सन्दर्भ सामाग्रीहरुः**


१) नेपालको संविधान

२) चालु आवधिक योजना

३) आर्थिक सर्बेक्षण

४ विभिन्न समयमा प्रकाशित लेखहरू

# हुलाक गतिविधि

# हल्कारा उत्प्रेरक प्रशिक्षण कार्यक्रम ६९ औ सत्र

**मिति: २०७७।०९।२३ गते देखि २८ गते सम्म**

**मुकाम: हुलाक प्रशिक्षण केन्द्र**

**सहभागिको नामावली**

| सि.नं. | प्र.प. नं. | पद | नाम/थर | कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४५०७ | हल्कारा | खेमनाथ तिमसिना | जिल्ला हुलाक कार्यालय मकवानपुर | |
| २ | ४५०८ | हल्कारा | विशाल कुमार कार्की | जिल्ला हुलाक कार्यालय मकवानपुर | |
| ३ | ४५०९ | का.स. | महेन्द्र कुमार क्षेत्री | जिल्ला हुलाक कार्यालय मकवानपुर | |
| ४ | ४५१० | हल्कारा | सरस्वती भण्डारी थापा | जिल्ला हुलाक कार्यालय चितवन | |
| ५ | ४५११ | हल्कारा | तारा देवी पौडेल | जिल्ला हुलाक कार्यालय चितवन | |
| ६ | ४५१२ | हल्कारा | देवकी कार्की खड्का | जिल्ला हुलाक कार्यालय सिन्धुली | |
| ७ | ४५१३ | हल्कारा | निकेश थापा | जिल्ला हुलाक कार्यालय सिन्धुली | |
| ८ | ४५१४ | हल्कारा | सम्झना थापा | जिल्ला हुलाक कार्यालय सिन्धुली | |
| ९ | ४५१५ | हल्कारा | करुणा महत | जिल्ला हुलाक कार्यालय सिन्धुपाल्चोक | |
| १० | ४५१६ | हल्कारा | अभिषेक घले | जिल्ला हुलाक कार्यालय सिन्धुपाल्चोक | |
| ११ | ४५१७ | हल्कारा | राम बहादुर पाण्डे | जिल्ला हुलाक कार्यालय नुवाकोट | |
| १२ | ४५१८ | हल्कारा | दुर्गा ढकाल उप्रेती | जिल्ला हुलाक कार्यालय नुवाकोट | |
| १३ | ४५१९ | हल्कारा | दिपक कार्की | जिल्ला हुलाक कार्यालय दोलखा | |
| १४ | ४५२० | हल्कारा | सुस्मिता रिमाल | जिल्ला हुलाक कार्यालय दोलखा | |
| १५ | ४५२१ | हल्कारा | जयन्ती भण्डारी | जिल्ला हुलाक कार्यालय काभ्रेपलान्चोक | |
| १६ | ४५२२ | हल्कारा | लक्ष्मी सापकोटा | जिल्ला हुलाक कार्यालय काभ्रेपलान्चोक | |
| १७ | ४५२३ | हल्कारा | उषा किरण बराल | जिल्ला हुलाक कार्यालय ललितपुर | |
| १८ | ४५२४ | हल्कारा | ज्ञानी पल्ली | जिल्ला हुलाक कार्यालय ललितपुर | |
| १९ | ४५२५ | हल्कारा | राजकुमार श्रेष्ठ | जिल्ला हुलाक कार्यालय धादिङ | |
| २० | ४५२६ | हल्कारा | नमुना थापा | जिल्ला हुलाक कार्यालय धादिङ | |

# काउन्टर तथा डाँक ब्यवस्थापन प्रशिक्षण कार्यक्रम २४ औं सत्र

**मिति: २०७७।१०।१२ गते देखि १७ गते सम्म**

**मुकाम: हुलाक प्रशिक्षण केन्द्र**

**सहभागिको नामावली**

| सि.नं. | प्र.प. नं. | पद | नाम/थर | कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४५२७ | ना .सु. | संजय शाह | जिल्ला हुलाक कार्यालय सिन्धुपाल्चोक | |
| २ | ४५२८ | ना.सु | अचुतम सापकोटा | जिल्ला हुलाक कार्यालय पर्सा | |
| ३ | ४५२९ | खरिदार | रेश्मा लामिछाने घिमिरे | जिल्ला हुलाक कार्यालय रसुवा | |
| ४ | ४५३० | खरिदार | बिमल बास्तोला | जिल्ला हुलाक कार्यालय चितवन | |
| ५ | ४५३१ | खरिदार | कबिता आचार्य | जिल्ला हुलाक कार्यालय मकवानपुर | |
| ६ | ४५३२ | खरिदार | युवराज तिमल्सिना | जिल्ला हुलाक कार्यालय सिन्धुली | |
| ७ | ४५३३ | खरिदार | तेज विक्रम कार्की | जिल्ला हुलाक कार्यालय भक्तपुर | |
| ८ | ४५३४ | खरिदार | शशिकान्त कुशवाहा | जिल्ला हुलाक कार्यालय बारा | |
| ९ | ४५३५ | खरिदार | कमल जंग दर्लामी | जिल्ला हुलाक कार्यालय रामेछाप | |
| १० | ४५३६ | खरिदार | पुण्य प्रसाद घिमिरे | जिल्ला हुलाक कार्यालय दोलखा | |
| ११ | ४५३७ | खरिदार | नवराज रिमाल | जिल्ला हुलाक कार्यालय नुवाकोट | |
| १२ | ४५३८ | खरिदार | सरोज कुमार उपाध्याय | जिल्ला हुलाक कार्यालय रौतहट | |
| १३ | ४५३९ | खरिदार | विष्णु प्रसाद नेपाल | जिल्ला हुलाक कार्यालय नवलपरासी | |
| १४ | ४५४० | खरिदार | सिर्जना भट्टराई | गो.हु.का डिल्लीबजार | |
| १५ | ४५४१ | खरिदार | नरेश सिंह बुढाथोकी | गो.हु.का डिल्लीबजार | |
| १६ | ४५४२ | खरिदार | रमा पौड्याल | जिल्ला हुलाक कार्यालय ललितपुर | |
| १७ | ४५४३ | खरिदार | कुमार बस्नेत | जिल्ला हुलाक कार्यालय काभ्रेपलान्चोक | |
| १८ | ४५४४ | खरिदार | श्याम प्रसाद ढुंगेल | जिल्ला हुलाक कार्यालय धादिङ | |
| १९ | ४५४५ | हल्कारा | प्रदिप गुरूङ | जिल्ला हुलाक कार्यालय ओखलढुंगा | |

# सफ्टवेयर तथा सूचना प्रविधि तालिम तेस्रो सत्र

मितिः २०७७।१०।१८ गते देखि २३ गते सम्म

मुकामः हुलाक प्रशिक्षण केन्द

सहभागिको नामावली

| सि.नं. | प्र प न | पद | नाम/थर | कार्यालय |
|---|---|---|---|---|
| १ | ४५४६ | ना .सु. | तारा पोखेल ढकाल | हुलाक निर्देशनालय पोखरा |
| २ | ४५४७ | ना.सु | नगेन्द्र आले मगर | जिल्ला हुलाक कार्यालय गोर्खा |
| ३ | ४५४८ | ना.सु. | भोजराज धमला | जिल्ला हुलाक कार्यालय सर्लाही |
| ४ | ४५४९ | ना.सु. | खडानन्द मरासिनी | जिल्ला हुलाक कार्यालय स्याङजा |
| ५ | ४५५० | ना.सु | मान बहादुर ओली | जिल्ला हुलाक कार्यालय दाङ |
| ६ | ४५५१ | ना .सु. | काशी राम अधिकारी | जिल्ला हुलाक कार्यालय रूपन्देही |
| ७ | ४५५२ | खरिदार | हर्ष बहादुर पुन | जिल्ला हुलाक कार्यालय बाग्लुङ |
| ८ | ४५५३ | खरिदार | सुर्य बहादुर साउद | जिल्ला हुलाक कार्यालय डडेल्धुरा |
| ९ | ४५५४ | खरिदार | सर्मिला श्रेष्ठ | जिल्ला हुलाक कार्यालय झापा |
| १० | ४५५५ | खरिदार | इन्द्र बहादुर चिदी | जिल्ला हुलाक कार्यालय पाल्पा |
| ११ | ४५५६ | खरिदार | महेश कुमार गौतम | जिल्ला हुलाक कार्यालय पर्वत |
| १२ | ४५५७ | खरिदार | इन्द्र प्रसाद शर्मा | जिल्ला हुलाक कार्यालय म्याग्दी |
| १३ | ४५५८ | खरिदार | सूर्य प्रसाद सोती | जिल्ला हुलाक कार्यालय लमजुङ |
| १४ | ४५५९ | खरिदार | मञ्जु सुवेदि घिमिरे | जिल्ला हुलाक कार्यालय गुल्मी |
| १५ | ४५६० | खरिदार | विनोद कुमार साह | जिल्ला हुलाक कार्यालय सप्तरी |
| १६ | ४५६१ | खरिदार | रजनी तुम्बाहाम्फे | जिल्ला हुलाक कार्यालय सुनसरी |
| १७ | ४५६२ | खरिदार | केशव प्रसाद फुल्देल | जिल्ला हुलाक कार्यालय कपिलवस्तु |
| १८ | ४५६३ | खरिदार | कोपिला कोइराला | जिल्ला हुलाक कार्यालय सिराहा |
| १९ | ४५६४ | खरिदार | चित्रा कुमारी ढुंगाना | जिल्ला हुलाक कार्यालय कैलाली |
| २० | ४५६५ | खरिदार | विनोद निरौला | हुलाक निर्देशनालय विराटनगर |

# हल्कारा उत्प्रेरक प्रशिक्षण कार्यक्रम, ७० औ सत्र

मितिः २०७७।११।०९ गते देखि १४ गते सम्म

मुकामः धनगढी, कैलाली

सहभागिको नामावली

| सि.नं. | प्र.प. नं. | पद | नाम/थर | कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४५६६ | हल्कारा | शारदा देवी उप्रेती | जिल्ला हुलाक कार्यालय, कैलाली | |
| २ | ४५६७ | हल्कारा | बसन्त सापकोटा | जिल्ला हुलाक कार्यालय, कैलाली | |
| ३ | ४५६८ | हल्कारा | सुरेस राज अवस्थी | जिल्ला हुलाक कार्यालय ,डडेल्धुरा | |
| ४ | ४५६९ | हल्कारा | योगेन्द्र बहादुर बुढाऐर | जिल्ला हुलाक कार्यालय, डडेल्धुरा | |
| ५ | ४५७० | हल्कारा | मान बहादुर साउद | हुलाक निर्देशनालय,दिपायल | |
| ६ | ४५७१ | हल्कारा | नवराज कठायत | हुलाक निर्देशनालय,दिपायल | |
| ७ | ४५७२ | हल्कारा | पदम सिंह धामी | जिल्ला हुलाक कार्यालय,दार्चुला | |
| ८ | ४५७३ | हल्कारा | नारायण दत्त बडु | जिल्ला हुलाक कार्यालय, दार्चुला | |
| ९ | ४५७४ | हल्कारा | परशुराम चौंधरी | जिल्ला हुलाक कार्यालय, बर्दिया | |
| १० | ४५७५ | हल्कारा | भिम बहादुर खड्का | जिल्ला हुलाक कार्यालय, बर्दिया | |
| ११ | ४५७६ | हल्कारा | श्याम बहादुर अएडी | जिल्ला हुलाक कार्यालय, बझाङ | |
| १२ | ४५७७ | हल्कारा | ऐन बहादुर मण्डेल | जिल्ला हुलाक कार्यालय, बझाङ | |
| १३ | ४५७८ | हल्कारा | ठग्गी राना | जिल्ला हुलाक कार्यालय, कंञ्चनपुर | |
| १४ | ४५७९ | हल्कारा | विरेन्द्र विष्ट | जिल्ला हुलाक कार्यालय, कंञ्चनपुर | |
| १५ | ४५८० | हल्कारा | लक्ष्मी महरा( खत्री) | जिल्ला हुलाक कार्यालय, बैतडी | |
| १६ | ४५८१ | हल्कारा | बिमला लोहनी | जिल्ला हुलाक कार्यालय, बैतडी | |
| १७ | ४५८२ | हल्कारा | नेत्रराज संज्याल | जिल्ला हुलाक कार्यालय, बाजुरा | |
| १८ | ४५८३ | हल्कारा | जंग बहादुर मल्ल | जिल्ला हुलाक कार्यालय, बाजुरा | |
| १९ | ४५८४ | हल्कारा | साबित्री कडेल | जिल्ला हुलाक कार्यालय, बाँके | |
| २० | ४५८५ | हल्कारा | मन बस्नेत (भण्डारी) | जिल्ला हुलाक कार्यालय, बाँके | |
| २१ | ४५८६ | हल्कारा | दिल बहादुर साउद | जिल्ला हुलाक कार्यालय, अछाम | |
| २२ | ४५८७ | हल्कारा | नृप बहादुर साउद | जिल्ला हुलाक कार्यालय, अछाम | |

# काउन्टर तथा डाक व्यवस्थापन प्रशिक्षण कार्यक्रम- २५औ सत्र-२०७७

मितिः २०७७/१२/०८ गते देखि १३ गते सम्म

मुकामः पोखरा ,कास्कि

सहभागिको नामावली

| सि.नं. | प्र.प. नं. | पद | नाम/थर | कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४५८८ | खरिदार. | ज्योती कुमारी काफ्ले | हुलाक निर्देशनालय, पोखरा | |
| २ | ४५८९ | खरिदार | संगिता पौडेल | हुलाक निर्देशनालय, पोखरा | |
| ३ | ४५९० | हल्कारा | अनिल रायमाझी | जिल्ला हुलाक कार्याल, अर्घाखाची | |
| ४ | ४५९१ | खरिदार | राम प्रसाद पन्थी | जिल्ला हुलाक कार्यालय, रुपन्देही | |
| ५ | ४५९२ | खरिदार | चिनक कुमाल | जिल्ला हुलाक कार्यालय, रुपन्देही | |
| ६ | ४५९३ | खरिदार | तेजेन्द्र बस्नेत | जिल्ला हुलाक कार्यालय, कपिलवस्तु | |
| ७ | ४५९४ | खरिदार | केशव प्रसाद फुल्देल | जिल्ला हुलाक कार्यालय, कपिलवस्तु | |
| ८ | ४५९५ | खरिदार | विष्णु प्रसाद पोखेल | जिल्ला हुलाक कार्यालय, नवलपरासी | |
| ९ | ४५९६ | खरिदार | हेम प्रसाद पाण्डे | जिल्ला हुलाक कार्यालय, नवलपरासी | |
| १० | ४५९७ | खरिदार | सूर्य पोखरेल | जिल्ला हुलाक कार्यालय, म्याग्दी | |
| ११ | ४५९८ | खरिदार | राहुल विश्वकर्मा | जिल्ला हुलाक कार्यालय, स्याङजा | |
| १२ | ४५९९ | ना. सु. | रमेशराज ढकाल | जिल्ला हुलाक कार्यालय, स्याङजा | |
| १३ | ४६०० | खरिदार | सूर्य प्रसाद सोती | जिल्ला हुलाक कार्यालय, लमजुङ | |
| १४ | ४६०१ | खरिदार | हर्ष बहादर पुन | जिल्ला हुलाक कार्यालय, बाग्लुङ | |
| १५ | ४६०२ | ना.सु. | विष्णु प्रसाद शर्मा | जिल्ला हुलाक कार्यालय, बाग्लुङ | |
| १६ | ४६०३ | खरिदार | ओम प्रकाश न्यौपाने | जिल्ला हुलाक कार्यालय, पाल्पा | |
| १७ | ४५६०४ | खरिदार | रमेश ढकाल | जिल्ला हुलाक कार्यालय, पाल्पा | |
| १८ | ४६०५ | खरिदार | अनिल गुरूङ | जिल्ला हुलाक कार्यालय, गोर्खा | |
| १९ | ४६०६ | खरिदार | सुजन बहादुर थापा | जिल्ला हुलाक कार्यालय, पर्वत | |
| २० | ४६०७ | हल्कारा | नानु रेग्मी | जिल्ला हुलाक कार्यालय, पर्वत | |
| २१ | ४६०८ | खरिदार | कमल ढकाल | जिल्ला हुलाक कार्यालय, मुस्ताङ | |
| २२ | ४६०९ | हुलाकी | अमृता रानाभाट | जिल्ला हुलाक कार्यालय, तनहुँ | |
| २३ | ४६१० | खरिदार | निशा राई | जिल्ला हुलाक कार्यालय, तनहुँ | |
| २४ | ४६११ | खरिदार | प्रेम बहादुर राना | जिल्ला हुलाक कार्यालय, गुल्मी | |

# हुलाकी पुनर्ताजगी प्रशिक्षण कार्यक्रम - २०७७ प्रथम सत्र

**मितिः २०७७/१२/२२ गते देखि २७ गते सम्म**

**मुकामः गाईघाट, उदयपुर**

**सहभागिको नामावली**

| सि.नं. | प्र.प. नं. | पद | नाम/थर | कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४६१२ | हुलाकी | कृष्ण बहादुर कार्की | जिल्ला हुलाक कार्याल, सुनसरी | |
| २ | ४६१३ | हुलाकी | जनार्दन आचार्य | जिल्ला हुलाक कार्याल, सुनसरी | |
| ३ | ४६१४ | हुलाकी | खड्ग बहादुर पुरी | जिल्ला हुलाक कार्याल, उदयपुर | |
| ४ | ४६१५ | हुलाकी | मिना कुमारी चौधरी | जिल्ला हुलाक कार्यालय, उदयपुर | |
| ५ | ४६१६ | हुलाकी | हस्त बहादुर राई | जिल्ला हुलाक कार्यालय, धनकुटा | |
| ६ | ४६१७ | हुलाकी | टंक बहादुर थापा | जिल्ला हुलाक कार्यालय, धनकुटा | |
| ७ | ४६१८ | हुलाकी | चेत बहादुर जोगी | जिल्ला हुलाक कार्यालय, ओखलढुंगा | |
| ८ | ४६१९ | हुलाकी | लक्ष्मण बहादुर खडाका | जिल्ला हुलाक कार्यालय, ओखलढुंगा | |
| ९ | ४६२० | हुलाकी | राम अनुज कुमार कर्ण | जिल्ला हुलाक कार्यालय, सिरहा | |
| १० | ४६२१ | हुलाकी | भरत कुमार यादव | जिल्ला हुलाक कार्यालय, सिरहा | |
| ११ | ४६२२ | हुलाकी | इन्द्र जित हजारी | जिल्ला हुलाक कार्यालय, सर्लाही | |
| १२ | ४६२३ | हुलाकी | केशव प्रसाद पोखरेल | जिल्ला हुलाक कार्यालय, सर्लाही | |
| १३ | ४६२४ | हुलाकी | वैधनाथ ठाकुर | हुलाक निर्देशनालय, बिराटनगर | |
| १४ | ४६२५ | हुलाकी | फणिन्द्र प्रसाद ढुंगाना | हुलाक निर्देशनालय, बिराटनगर | |
| १५ | ४६२६ | हुलाकी | लालधारी यादव | जिल्ला हुलाक कार्यालय, धनुषा | |
| १६ | ४६२७ | हुलाकी | ओम प्रकाश यादव | जिल्ला हुलाक कार्यालय, धनुषा | |
| १७ | ४५६२८ | हुलाकी | डम्बर बहादुर माझी | जिल्ला हुलाक कार्यालय, सोलुखुम्वु | |
| १८ | ४६२९ | हुलाकी | सुक बहादुर तामाङ् | जिल्ला हुलाक कार्यालय, सोलुखुम्वु | |
| १९ | ४६३० | हुलाकी | मोहन झा | जिल्ला हुलाक कार्यालय, महोत्तरी | |
| २० | ४६३१ | हुलाकी | आनन्द कुमार झा | जिल्ला हुलाक कार्यालय, महोत्तरी | |
| २१ | ४६३२ | हुलाकी | गणेश बहादुर थिंङ | जिल्ला हुलाक कार्यालय, सिन्धुली | |
| २२ | ४६३३ | हुलाकी | मइते सिं थिङ | जिल्ला हुलाक कार्यालय, सिन्धुली | |
| २३ | ४६३४ | हुलाकी | यमुना आचार्य | जिल्ला हुलाक कार्यालय, खोटाङ | |
| २४ | ४६३५ | हुलाकी | बावुराम आचार्य | जिल्ला हुलाक कार्यालय, खोटाङ | |
| २५ | ४६३६ | हुलाकी | रामदेव यादव | जिल्ला हुलाक कार्यालय, सप्तरी | |
| २६ | ४६३७ | हुलाकी | भुप नारायण शाह | जिल्ला हुलाक कार्यालय, सप्तरी | |

# हुलाक कार्यालयका टेलिफोन नम्बरहरू

| | | | | | |
|---|---|---|---|---|---|
| १ | हुलाक सेवा विभाग-बबरमहल | ०१-४२२४११६ | २७ | हु.से..नि वीरेन्द्रनगर | ० ८३-५२०१७५ |
| २ | हुलाक सेवा विभाग-बबरमहल | ०१-४२२४११७ | २८ | हु.से..नि . पोखरा | ० ६१-४५५८८६ |
| ३ | हुलाक सेवा विभाग-बबरमहल | ०१-४२२९३२१ | २९ | हु.से..नि पोखरा | ० ६१-४५६६५० |
| ४ | "" "" फ्याक्स | ०१-४२२४१४३ | ३० | हु.से..नि . पोखरा | ० ६१-४६५२३५ |
| ५ | "" "" लेखा शाखा | ०१-४२५४८४१ | ३१ | जि.हु.का., पर्सा | ० ५१-५२३२५ ९ |
| ६ | फिलाटेलिक तथा हुलाक टिकट व्यवस्थापपन कार्यालय-बबर महल | ०१-४२४१८९५, | ३२ | जि.हु.का., पर्सा (फ्याक्स) | ० ५१-५२३२४६ |
| ७ | "" "" फ्याक्स | ०१-४२४६५५३ | ३३ | जि.हु.का., बारा | ० ५३-५५००४५ |
| ८ | "" "" डिल्लीबजार | ०१-५७१३८२२ | ३४ | हु.नि., दिपायल | ०९ ४-४४०१४ ९ |
| ९ | गोश्वारा हुलाक कार्यालय डिल्लीबजार-कल सेन्टर | ०१-४४१९५९७ | ३५ | हु.नि.,दिपायल (फ्याक्स) | ०९ ४-४४०४५२ |
| १० | "" "" कार्यालय प्रमुख | ०१-४४४३९०९ | ३६ | जि.हु.का., ताप्लेजुङ | ० २४-४६०१२३ |
| ११ | "" "" लेखा शाखा | ०१-४४२१५९४ | ३७ | जि.हु.का., पाँचथर | ० २४-५२०१०४ |
| १२ | गोश्वारा हुलाक कार्यालय डिल्लीबजार- साना प्याकेट | ०१ -४४३७८ ९८ | ३८ | जि.हु.का., इलाम | ० २७-५२००५ ० |
| १३ | "" "" इएमएस | ०१-४४३०८०३ | ३९ | जि.हु.का., इलाम (फयाक्स) | ० २७-५२०४५५ |
| १४ | "" "" डिल्लीबजार | ०१-४४४३९१४ | ४० | जि.हु.का., इलाम | ० २७-५२०००५ |
| १५ | "" "" अनुसन्धान | ०१-४४३२८९१ | ४१ | जि.हु.का., झापा (प्रमुख) | ० २३-४५५७७ ९ |
| १६ | "" "" प्रशासन | ०१-४४१२९२४, | ४२ | जि.हु.का., झापा (बचत बैक) | ० २३-५२००२६ |
| १७ | "" "" प्रशासन | ०१-४४२९१२४ | ४३ | जि.हु.का., झापा (PCO) | ० २३-५२०७२६ |
| १८ | हुलाक प्रशिक्षण केन्द्र बबरमहल (कार्यलय प्रमुख) | ०१ -४२६२७७ ० | ४४ | जि.हु.का., तेह्रथुम | ० २६-४६०१२४ |
| १९ | हुलाक प्रशिक्षण केन्द्र बबरमहल | ०१-४२६२५७९, | ४५ | जि.हु.का., धनकुटा | ० २६-५२०१५८ |
| २० | हुलाक प्रशिक्षण केन्द्र बबरमहल | ०१-४२६३११२ | ४६ | जि.हु.का., धनकुटा (फ्याक्स) | ० २६-५२०१५८ |
| २१ | केन्द्रिय धनादेश कार्यालय बबरमहल कार्यालय प्रमुख | ०१ -४२२७५४२ | ४७ | जि.हु.का., सुनसरी | ० २५-५२ ०१०० |
| २२ | "" "" बबरमहल | ०१-४२४२९०१६ | ४८ | जि.हु.का., सुनसरी (फ्याक्स) | ० २५-५२६९२६ |
| २३ | गोश्वारा हु. का. (त्रि.अ.वि.) | ०१-४४७००२० | ४९ | जि.हु.का., भोजपुर | ० २९-४२०११६ |
| २४ | हु.से..नि विराटनगर | ०२१-५२२६६५ | ५० | जि.हु.का., संखुवासभा | ० २९-५६०१५२ |
| २५ | .हु.से..नि. विराटनगर (फ्याक्स) | ०२१-५२४७९० | ५१ | जि.हु.का., सप्तरी | ० ३१-५२००६७ |
| २६ | हु.से..नि . वीरेन्द्रनगर (फ्याक्स) | ०८३-५२०२३४ | ५२ | जि.हु.का. सिराहा | ० ३३-५२ ००१८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५३ | जि.हु.का., उदयपुर | ०३५-४२०१३९ | ९० | जि.हु.का., नवलपरासी | ० ७८-५२०१४ १ |
| ५४ | जि.हु.का., खोटाङ | ०३६-४२०१०९ | ९१ | जि.हु.का., कपिलवस्तु | ० ७६-५६०१९३ |
| ५५ | जि.हु.का., सोलुखुम्बु | ०३८-६२०११३ | ९२ | जि.हु.का., अर्घाखाँची | ० ७७-४२ ०१०८ |
| ५६ | जि.हु.का., ओखलढुङ्गा | ०३७-५२०११३ | ९३ | जि.हु.का., रोल्पा | ० ८६-४४०१२४ |
| ५७ | जि.हु.का., धनुषा | ०४१-४२०१६२ | ९४ | जि.हु.का., रूकुम | ० ८८-५३०१२३ |
| ५८ | जि.हु.का., महोत्तरी | ०४४-५२००४० | ९५ | जि.हु.का., जाजरकोट | ०८९ -४३००८३ |
| ५९ | जि.हु.का., सर्लाही | ०४६-५२०१६१ | ९६ | जि.हु.का., जाजरकोट (फ्याक्स) | ०८९ -४३०२२६ |
| ६० | जि.हु.का., सिन्धुली | ०४७-५२०१२१ | ९७ | जि.हु.का., दैलेख | ०८९ -४२०१४ ९ |
| ६१ | जि.हु.का., दोलखा | ०४९-४२११८० | ९८ | जि.हु.का., बाँके | ०८१ -५२०२५३ |
| ६२ | जि.हु.का., प्युठान | ०८६-४२०००६ | ९९ | जि.हु.का., बर्दिया | ० ८४-४२ ०११८ |
| ६३ | जि.हु.का., दाङ | ०८२-५६००२४ | १०० | जि.हु.का., डोल्पा | ० ८७-५५००७५ |
| ६४ | जि.हु.का., सल्यान | ०८८-५२००११ | १०१ | जि.हु.का., मुगु | ० ८७-४६००४५ |
| ६५ | जि.हु.का., रौतहट | ०५५-५२०१७४ | १०२ | जि.हु.का., कालिकोट | ० ८७-४४ ०१०९ |
| ६६ | जि.हु.का., चितवन | ०५६-५९६२६१ | १०३ | जि.हु.का., जुम्ला | ० ८७-५२००२६ |
| ६७ | जि.हु.का., मकवानपुर | ०५७-५२०३३३ | १०४ | जि.हु.का., हुम्ला | ० ८७-६८००१६ |
| ६८ | जि.हु.का., मकवानपुर | ०५७-५२१७३२ | १०५ | जि.हु.का., कैलाली | ०९१ -५२११५२ |
| ६९ | जि.हु.का., मकवानपुर (PCO) | ०५७-५२००८८ | १०६ | जि.हु.का., अछाम | ०९ ७-६२०१६ ९ |
| ७० | जि.हु.का., रसुवा | ०१०-५४०१४५ | १०७ | जि.हु.का., बझाङ | ०९ २-४२१०५२ |
| ७१ | जि.हु.का., नुवाकोट | ०१०-५६००९५ | १०८ | जि.हु.का., बाजुरा | ०९ ७-५४१०४६ |
| ७२ | जि.हु.का., सिन्धुपाल्चोक | ०११-६२०११६ | १०९ | जि.हु.का., दार्चुला | ०९ ३-४२०१२ ० |
| ७३ | जि.हु.का., काभ्रेपलाञ्चोक | ०११-४९०१७० | ११० | जि.हु.का., बैतडी | ०९ ५-५२०१३८ |
| ७४ | जि.हु.का., धादिङ्ग | ०१०-५२०११४ | १११ | जि.हु.का., डडेल्धुरा | ०९ ६-४२०१४ १ |
| ७५ | जि.हु.का., ललितपुर | ०१-५५२२१३४ | ११२ | जि.हु.का., कञ्चनपुर | ०९९ -५२१२४६ |
| ७६ | जि.हु.का., भक्तपुर | ०१-६६१४१५३ | ११३ | जि.हु.का., कञ्चनपुर | ०९९ -५२०७७ ९ |
| ७७ | जि.हु.का., स्याङ्जा | ०६३-४२०१०३ | ११४ | जि.हु.का., रामेछाप | ० ४८५४००३५ |
| ७८ | जि.हु.का., गोरखा | ०६४-४२०११२ | ११५ | इ.हु.का., दमक | ० २३-५८०२२५ |
| ७९ | जि.हु.का., मनाङ | ०६६-४४०२३५ | ११६ | इ.हु.का., इनरूवा | ० २५-५६०१५७ |
| ८० | जि.हु.का., तनहु | ०६५-५६०११३ | ११७ | इ.हु.का., बुटबल | ० ७१-५४००५ ९ |
| ८१ | जि.हु.का., लमजुङ | ०६६-५२०११३ | ११८ | इ.हु.का., सिलगढी | ०९ ४-४२०१०२ |
| ८२ | जि.हु.का., पर्वत | ०६७-४२०१०८ | ११९ | इ.हु.का., तुलसीपुर | ० ८२-५२०३३८ |
| ८३ | जि.हु.का., वाग्लुङ | ०६८-५२०१५९ | १२० | इ.हु.का., इटहरी | ० २५-५८०१४६ |
| ८४ | जि.हु.का., म्याग्दी | ०६९-५२०२२२ | १२१ | इ.हु.का., इटहरी (PCO) | ० २५-५८३५५५ |
| ८५ | जि.हु.का., मुस्ताङ | ० ६९-४४००२२ | | | |
| ८६ | जि.हु.का., गुल्मी | ० ७९-५२०१८२ | | | |
| ८७ | जि.हु.का., रूपन्देही | ० ७१-५२०१६ ९ | | | |
| ८८ | जि.हु.का., पाल्पा | ० ७५-५२०१४६ | | | |
| ८९ | जि.हु.का., नवलपरासी | ० ७८-५२१०३ १ | | | |




हुलाक टिकट प्रकाशनको प्रथम दिवसीय आवरण टाँचा लगाउदै
संचार तथा सूचना प्रविधि मन्त्री माननिय श्री पार्वत गुरूङ




हुलाक टिकट प्रकाशनको प्रथम दिवसीय आवरण टाँचा लगाउदै संचार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्री हरी प्रसाद बस्याल



हुलाक टिकट प्रकाशनको प्रथम दिवसीय आवरण टाँचा लगाउदै
महानिर्देशक श्री आभा श्रेष्ठ कर्ण




सहभागीहरूलाई प्रमाण पत्र वितरण गर्दै मुख्य प्रशिक्षक श्री सीता रेग्मी